**सम्पादकीय**
गौरवशाली अतीतः चुनौतीपूर्ण वर्तमान २
**प्रतिक्रिया/जनअभियान**
जनअभियान जारी – **परशुराम मेघी गुरुङ** ३
**आवरण**
जनआन्दोलनको कार्यभारः शान्ति र संविधान – **प्रदीप ज्ञवाली** ५
**विचार**
प्रतिस्पर्धा होइन, संयुक्त जवाफदेही – **मदन भण्डारी** ८
दलहरूबीच विभाजन बढाउँदै षड्यन्त्र – **कमरेड पुष्पलाल** ९
**पार्टी स्थापना विशेष**
नेपाल कम्युनिस्ट पार्टीको स्थापना – **सूर्य थापा** ११
छ दशकमा देखिएका प्रवृत्ति र शिक्षा – **बेदुराम भुसाल** १४
**पार्टी जीवन**
पार्टीको पुनःनिर्माणमा देखिएका समस्याहरू – **अशोककुमार राई** १६
**गठन/पुनःगठन**
जिल्ला अधिवेशन जारी १८
नयाँ जिम्मेवारी १९
कोसी अञ्चलमा नयाँ क्षेत्रीय नेतृत्व २०
**सम्मेलन**
राष्ट्रिय जनसांस्कृतिक मञ्च, नेपाल महासङ्घ भएपछि – **विजय सुब्बा** २३
**अर्थ/योजना**
अर्थतन्त्रका चुनौती र अविलम्ब खोज्नुपर्ने समाधान – **भरतमोहन अधिकारी** २५
**विश्लेषण**
संविधान निर्माणको क्रममा देखापरेका चुनौतीहरू – **सपना प्रधान मल्ल** २९
**विश्व**
सच्चा कम्युनिस्ट ! – **राजेन्द्र स्थापित** ३४
**ऐतिहासिक व्यक्तित्व**
अनुरकणीय कमरेड बलराम उपाध्याय – **गोविन्द ज्ञवाली** ३६
**शब्द-शब्द** ३८
**श्रद्धाञ्जलि**
कोइरालाको निधनमा शोक ३९
**मोफसल**
रोल्पामा कम्युनिस्ट आन्दोलन – **गोकुल घर्तीमगर** ४०
**माओवादी ज्यादती**
धादिङका सहिदहरू सम्झेर ... – **गङ्गालाल तुलाधर** ४५
**जिल्ला नेतृत्व**
मानबहादुर जिसी, अध्यक्ष- कास्की ४७
**नयाँ पुस्तक समीक्षा**
त्रिदेशीय सम्बन्धको झलक – **युवराज कार्की** ५०
**महिला**
२०४६ अघिको महिला आन्दोलन – **कमला पराजुली** ५१
**प्रेरक घटना**
जनक्रान्तिसामू राजाले घुँडा टेकेको दिन – **योगेश भट्टराई** ५४

# गौरवशाली अतीतः चुनौतीपूर्ण वर्तमान

सर्वप्रथम केन्द्रीय प्रचार विभागको प्रमुखका रूपमा म 'नवयुग'का सबै पाठक र शुभेच्छुकहरूमा हार्दिक अभिवादन गर्दछु । र, नयाँ वर्ष २०६७ को उपलक्ष्यमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

नेपाली कम्युनिस्ट आन्दोलनले ६१ वर्ष लामो यात्रा पूरा गरेको छ । कोलकाताको श्यामबजारस्थित एउटा साँघुरो कोठामा नेपालबाट निर्वासित अग्रजहरूबाट स्थापना भएको नेपाल कम्युनिस्ट पार्टी लामो यात्रापश्चात् यो बिन्दुमा आइपुग्दा समाजको अग्रगतिको मुख्य संवाहक बन्नसक्नु गौरवको विषय हो ।

नेपालका प्रत्येक अग्रगामी परिवर्तनमा कम्युनिस्ट आन्दोलनको प्रभावशाली भूमिका रहँदै आएको छ । सात सालको परिवर्तनमा सहयोगी शक्ति रहेको यो आन्दोलन छत्तीस सालको आन्दोलनको मुख्य उत्प्रेरक थियो । छयालीस सालमा आन्दोलनको सहनेतृत्व गरेको कम्युनिस्ट आन्दोलन युगान्तकारी ०६२/६३ को आन्दोलनको मुख्य संवाहक र निर्णायक शक्ति थियो । पार्टीको भूमिका आन्दोलनको सहयोगीबाट नेतृत्वकर्ताको रूपमा विस्तार भएसँगै आन्दोलनको अन्तर्वस्तुमा पनि गुणात्मक परिवर्तन हुँदै आएको छ । कम्युनिस्ट पार्टीको सहयोगी भूमिका रहेको सात सालको परिवर्तन सामन्त वर्गको एउटा वंश शासनलाई समाप्त गर्ने कुरामा मात्रै सीमित थियो भने कम्युनिस्ट पार्टीको सहनेतृत्व रहेको छयालीस सालको आन्दोलन जनतालाई अधिकारसम्पन्न गर्ने र निरङ्कुश शासन प्रणालीलाई समाप्त पार्ने कुरामा निकै अग्रगामी बन्नसक्यो । शान्तिपूर्ण जनक्रान्तिको विशेषता बोकेको विगत जनआन्दोलनमा कम्युनिस्ट पार्टीको निर्णायक भूमिका रहेकै कारण आज हामी सामाजिक-आर्थिक रूपान्तरणको सम्भावनाको पूर्वसन्ध्यामा छौं ।

छ दशक लामो यात्रा पूरा गरेर यहाँ आइपुग्दा नेपाली कम्युनिस्ट आन्दोलन सुरुआती दिनका जडसूत्रीय मान्यता, यान्त्रिक अन्धानुकरण र बुझ्नै गाह्रो हुने 'जार्गन' हरूको आधिक्यजस्ता कमजोरीबाट मुक्त भएर आज आफ्नै विशिष्टताका साथ स्थापित भएको छ । हामीले मार्क्सवादको सिर्जनात्मक प्रयोग गर्ने सन्दर्भमा महत्वपूर्ण प्रगति गरेका छौं । मार्क्सवादलाई जडता, सूत्र र यान्त्रिकतामा बुझ्ने प्रवृत्ति निकै कमजोर भएको छ र गतिशीलता, विज्ञान र पद्धतिको रूपमा आत्मसात गर्ने धार बलियो बन्दै गएको छ । कम्युनिस्ट आन्दोलनको लोकतान्त्रीकरण र सिर्जनात्मक क्रान्तिकारीकरणको विशेषता बोकेको जनताको वहुदलीय जनवाद आज नेपाली कम्युनिस्ट आन्दोलनको नेतृत्वदायी विचार बन्न सफल हुनु यसैको परिचायक हो ।

आज पनि नेपाली कम्युनिस्ट आन्दोलन उग्रवामपन्थी अतिवाद र दक्षिणपन्थी अवसरवादको प्रभावबाट मुक्त हुनसकेको छैन । हाम्रो सन्दर्भमा उग्रवामपन्थता आन्दोलनको निर्णायक विजयको बाटोमा मुख्य तगारो बनिरहेको छ । प्राप्त उपलब्धि संस्थागत गर्न नचाहने, परिवर्तनका सीमालाई बेवास्ता गर्दै सधैंभरि हिंसा र 'विद्रोह'को पक्षपोषण गर्ने, आन्दोलनका सहयात्रीहरूलाई एक्ल्याउँदै दक्षिणपन्थी शक्तिलाई सघाउने, जातीय-क्षेत्रीय संवेदनशीलतामाथि खेल्दै वर्गीय राजनीति र विचारधारालाई ओझेलमा पार्ने, विभिन्न बखेडा झिक्दै संविधान निर्माण एवम् शान्ति प्रक्रियामा व्यवधान सिर्जना गर्ने र बेलाबेलामा सामाजिक फासीवादी चरित्र प्रदर्शन गर्ने सोच र शैली यतिबेला लोकतान्त्रिक आन्दोलनका निम्ति गम्भीर चुनौती बनेको छ । माओवादीको लोकतान्त्रिक रूपान्तरण हुँदा राजनीतिक शक्तिसन्तुलनमा गुणात्मक परिवर्तन आउनसक्थ्यो । तर, उसको उग्रवामपन्थता र हिंसामोहले दक्षिणपन्थीहरूलाई शक्तिसञ्चय र पुनरागमनका निम्ति आधार प्रदान गरिरहेको छ । कम्युनिस्ट आन्दोलनको सफलताका लागि उग्रवामपन्थी मान्यताको प्रतिवादर र त्यसको रूपान्तरण अनिवार्य पूर्वसर्त हो ।

भर्त्सना, विरोध र गालीले मात्रै उग्रवामपन्थलाई खण्डित, पराजित र रूपान्तरित गर्न सकिँदैन । दक्षिणपन्थी रुझान बोकेर उग्रवामपन्थ परास्त हुँदैन । प्रतिक्रियात्मक शैलीले मात्रै विकल्प खडा हुँदैन । हामीले आफ्ना मान्यता, विचार र व्यवहारलाई सही धरातलमा उभ्याउँदै लोकतान्त्रिक क्रान्तिकारी विकल्पको रूपमा स्थापित गर्नुपर्छ ।

विगतका साठी वर्षमा नेपाली समाजमा व्यापक परिवर्तन भएको छ । समयक्रममा कतिपय मूल्य, मान्यता र नीति असान्दर्भिक भएका छन् । जीवनले हाम्रासामु नयाँ प्रश्नहरू तेस्याइदिएको छ तर हामीसँग भएका कतिपय उत्तर नयाँ प्रश्नको जवाफ दिन पर्याप्त छैनन् । आधा शताब्दीमा भएका तीव्र आर्थिक-सामाजिक-सांस्कृतिक परिवर्तन, राजनीतिक उतारचढाव, विज्ञान-प्रविधिमा भएका कल्पनातीत प्रगति आदिले हाम्रा सामाजिक सम्बन्धमा नयाँ बदलाव आएको छ । वर्गसंरचनामा परिवर्तन आएको छ । परम्परागत शोषणलाई मिहीन, सूक्ष्य र जटिल शोषणका तौरतरिकाले विस्थापित गरेको छ । राज्य, दल र अन्य राजनीतिक संरचनाहरूको भूमिका बदलिएको छ । क्रान्ति, आन्दोलन, सङ्गठन, सङ्घर्ष, राज्यसत्ताका विषयमा नयाँ प्रश्न अगाडि आएका छन् । यी प्रश्नको जवाफ दिएर मात्रै हामी अगाडि बढ्न र लक्ष्य प्राप्त गर्नसक्छौं ।

नेपाली कम्युनिस्ट आन्दोलनको अतीत गौरवपूर्ण छ । निरङ्कुशतन्त्रलाई पराजित गर्न मात्र होइन, आन्दोलनलाई सामन्तवादको अन्त्यको तहसम्म विस्तार गर्न, यसलाई जनताका सरोकार र सामाजिक न्यायका मुद्दासँग जोड्न, राष्ट्रियतालाई केन्द्र भागमा स्थापित गर्न र आन्दोलनलाई समाजवादउन्मुख बनाउन कम्युनिस्ट पार्टीले निर्णायक भूमिका खेलेको छ । कम्युनिस्ट आन्दोलनकै बढ्दो भूमिकाका कारण आज लोकतान्त्रिक आन्दोलन सामान्य राजनीतिक सुधारको आन्दोलनबाट सामाजिक-आर्थिक-सांस्कृतिक रूपान्तरणको आन्दोलनसम्म स्तरोन्नत भएको छ । समाजको शान्तिपूर्ण रूपान्तरण र कम्युनिस्ट आन्दोलनलाई लोकतान्त्रीकरण गर्ने सम्बन्धमा जनताको बहुदलीय जनवादले अगाडि सारेका मान्यताहरूको सच्चाइ झन्झन् पुष्टि हुँदै गएका छन् । केही समयअगाडि देखि सुरु भएको विश्वव्यापी आर्थिक सङ्कटले पनि पुँजीवादका सीमाहरूलाई उदाङ्गो पार्दै समाजवादको सान्दर्भिकतालाई पुनःपुष्टि गरेको छ । यी सबै विषय हाम्रा निम्ति गौरवका विषय हुन् ।

कम्युनिस्ट आन्दोलनको वर्तमान चुनौती र सम्भावनाले भरिएको छ । उग्रवामपन्थको व्यापक उपस्थिति, पार्टीको आकारमा आएको सङ्कुचन, पार्टी एकतामा आँच आउने गरी देखापर्ने आन्तरिक समस्याहरूको व्यवस्थापनमा उत्पन्न समस्या, पार्टीको जुझारुपन, छवि र जनाधारमा उत्पन्न समस्याजस्ता विषयहरू चुनौतीका रूपमा देखापरेका छन् । कम्युनिस्ट आन्दोलनप्रतिको

*जनताको अपार विश्वासलाई सम्मान गर्दै चुनौतीलाई चिर्न सकियो भने कम्युनिस्ट आन्दोलन आगामी दिनमा नेपाली राजनीतिको निर्विवाद नेतृत्वदायी शक्तिका रूपमा स्थापित हुनेछ ।*

# जनअभियान जारी

## ❑ परशु मेघी गुरुङ

राजतन्त्रविरोधी जनक्रान्तिका कार्यनीतिक लक्ष्य प्राप्तिका लागि सामन्ती, प्रतिगामी तथा यथास्थितिवादी शक्तिहरूका अनेकन भ्रम, षड्यन्त्र र व्यवधानहरूलाई पराजित गर्दै नयाँ संविधान निर्माण गरेर मात्र ०६२/०६३ को शान्तिपूर्ण जनक्रान्तिका उपलब्धिहरूको रक्षा गर्न सकिन्छ । सङ्घीय लोकतान्त्रिक गणतन्त्र संस्थागत हुन्छ र नयाँ संविधानको आधारमा मुलुकको आर्थिक-सामाजिक रूपान्तरणका अग्रगामी काम गर्दै सामन्तवादका अनेकन रूपहरूलाई उन्मूलन गर्ने र प्रगतिशील भूमिसुधार गर्ने कार्यक्रम लागू गर्न सकिन्छ । त्यसैले शान्ति र नयाँ संविधान निर्माणको काममा नै जनताको शक्तिलाई केन्द्रित गरेर आठौं महाधिवेशनले 'लोकतान्त्रिक संविधान निर्माण गरौं, सामन्तवादको अन्त्य गरौं !' भन्ने मूल कार्यनीतिक नारा अगाडि सारेको छ ।

तर, आज संविधान निर्माणको काममा जुन अलमल, अन्योल र गत्यावरोध देखिएको छ, त्यसलाई चाँडोभन्दा चाँडो हटाउँदै संविधान निर्माणको प्रक्रियालाई अर्जुनदृष्टिका साथ अगाडि बढाउनु जरुरी छ । संविधान निर्माण र शान्तिप्रक्रियालाई सार्थक निष्कर्षमा पुऱ्याउने र राज्यको प्रगतिशील पुनःसंरचनाको कामलाई अन्तिम टुङ्गोमा पुऱ्याउने कामलाई सँगसँगै सम्पादन गर्नुपर्नेछ । यी काम केबल राष्ट्रिय सहमतिको आधारमा मात्रै गर्न सकिन्छ । सिङ्गो राष्ट्र सहमतिका साथ एकढिक्का भएर अघि बढ्दा नै राष्ट्रिय एकता अखण्डित र सुदृढ हुनसक्तछ । तर, आज यो राष्ट्रिय आवश्यकता पूरा गर्न आम जनताको अनिवार्य एकतामा भाँजो हाल्ने, संविधान निर्माणको कामलाई अलमलमा फसाउने तथा दिग्भ्रमित पार्ने सामन्ती, प्रतिगामी तथा यथास्थितिवादी तत्वहरूले अनेकन रूप र प्रवृत्तिका जनक्रान्तिका संवाहक शक्तिहरूबीच विवाद बढाउने, फेसो ठोक्ने र सहमति हुन नदिने काम भइरहेका छन् । त्यसैले, संविधान निर्माणको कामलाई गति दिँदै जनताको आन्दोलनको तात्कालिक कार्यनीतिक लक्ष्य पूरा गर्न विभिन्न वर्ग, तह र तप्काका जनताको व्यापक एकता र जनदबाब सिर्जना गर्न सकियोस् भन्ने उद्देश्यका साथ नेकपा (एमाले) केन्द्रीय कमिटीको तेस्रो बैठकले निर्णय गरी शान्ति, संविधान र राष्ट्रिय एकताका लागि एमाले अभियान सञ्चालन गरिरहेको छ ।

पार्टीले यस अभियानको सञ्चालनलाई प्राथमिक महत्व दिँदै अभियान परिचालन कमिटीको निर्माण गरेको छ । उक्त कमिटीले देशव्यापी रूपमा अभियानका कार्यक्रमहरू संचालनको कार्यसूची तय गरी गतिविधिहरू तीव्र पार्न निर्देश गरेको छ र सिङ्गो पार्टी त्यसै उद्देश्यका साथ अगाडि बढिरहेको छ । सबै अञ्चलले यस अभियानसम्बन्धी प्रचार तथा अध्ययनसामग्रीको माग गरिरहेको र अभियान व्यवस्थित गर्ने जारी छ । अभियानका क्रममा निम्न कामहरू भइरहेका छन् :

**मेची** : अभियानको अनुगमनमा रहनुभएका कमरेड प्रदीप नेपालको आतिथ्यमा बैठक बसी चारवटै जिल्लामा अभियानको कार्यक्रम कार्यतालिकाअनुसार नै सञ्चालन गर्ने योजना बनेको छ । प्रत्येक जिल्लाले अभियानको कामसँगै सङ्गठन पुनःनिर्माण र पुनःगठनको योजनासमेत सँगै लाने र निर्वाचन क्षेत्रमा शाखा कमिटीहरूको अधिवेशन गर्ने योजनासमेत धमाधम कार्यान्वयन भइरहेको छ । वैशाख मसान्तभित्र जिल्ला सदरमुकाममा आमसभा गर्ने कार्यक्रम बनेको छ । त्यसैक्रममा इलामले चैत २७ गते रत्नकुमार बान्तवा स्मृति दिवस पारेर जिल्लास्तरीय सभाको आयोजना गरेको छ । झापामा अञ्चलस्तरीय कार्यक्रमको रूपमा हातेमालो कार्यक्रम सञ्चालन गर्ने योजना बनेको छ । र, सबै जिल्लाहरूमा हस्ताक्षर सङ्कलनको कार्य अगाडि बढिरहेको छ ।

**महाकाली** : चारवटै जिल्लाको अभियान सञ्चालनका निम्ति जिल्ला कमिटीहरूका बैठक सम्पन्न भइसकेका छन् । कञ्चनपुरमा अनेकि महासङ्घको जिल्ला सम्मेलनसँगै जिल्लास्तरीय आमसभाहरूको कार्यक्रम तय भएका छन् । दार्चुलामा चैत २७ र २८ गते जिल्लास्तरीय प्रशिक्षण तथा चैत २९ गते जिल्लास्तरीय आमसभाको कार्यक्रम सम्पन्न भएको छ । डडेल्धुरा र बैतडी जिल्लाले पनि जिल्लास्तरीय भेला प्रशिक्षण कार्यक्रमसहित अभियान सञ्चालनको कार्ययोजना बनाई काम गरिरहेका छन् भने हस्ताक्षर सङ्कलनको काम पनि जारी छ ।

**नारायणी** : चितवन, मकवानपुर, रौतहट र बारामा जिल्लास्तरीय भेला र प्रशिक्षण सम्पन्न भइसकेका छन् । र, गाउँस्तरमा अभियानको काम अगाडि बढिरहेको छ । मई दिवसको अवसर पारेर वैशाख १८ गते अञ्चलस्तरीय आमसभा हेटौंडामा गर्ने कार्यक्रम तय भएको छ । हस्ताक्षर सङ्कलन कार्यक्रम चलिरहेको छ ।

**गण्डकी** : अञ्चल कमिटीको बैठकले सबै जिल्लामा अभियान सञ्चालनको कार्यक्रम तय गरेको छ । सबै जिल्लामा जिल्लास्तरीय भेला र सभा गर्ने तथा **वैशाख ११ गते पोखरामा अञ्चलस्तरीय जनसभा** गर्ने योजनाअनुरूप काम भइरहेको छ । अञ्चलस्तरीय सभाका लागि ३३ सदस्यीय तयारी समितिले काम गरिरहेको छ । पर्चा वितरण र हस्ताक्षर सङ्कलनको काम सँगसँगै भइरहेको छ ।

**राप्ती** : रुकुम, सल्यान र दाङ जिल्ला कमिटीहरूका बैठक बसी अभियानसम्बन्धी कार्यक्रम र योजना बनेका छन् । रोल्पामा जिल्ला कमिटीको बैठक र रुकुममा जिल्ला अधिवेशन तथा जिल्लास्तरीय आमसभा भएपछि काम अझ अघि बढ्नेछ । अभियानसम्बन्धी पर्चा वितरण र हस्ताक्षर सङ्कलनको काम भइरहेको छ ।

**भेरी** : अञ्चल कमिटीको बैठक बसी अञ्चलका सबै जिल्लाहरूमा अभियानको कार्यक्रम तोकिएको कार्यतालिकाअनुसार गाउँस्तरसम्म गर्ने योजना बनेको छ । दैलेखमा चैत १३, १४ र १५ गते भेला प्रशिक्षण सम्पन्न भएको छ । सुर्खेतमा चैत १६ र १७ गते भेला सम्पन्न गरिएको छ । पर्चा वितरण र हस्ताक्षर सङ्कलनको काम सबै जिल्लामा जारी छ । जिल्लास्तरीय आमसभा बाँकेमा वैशाख २४ गते, बर्दियाको राजापुरमा वैशाख २६ गते दैलेखको दुल्लुमा वैशाख ३० गते र जाजरकोट-खलङ्गामा जेठ ३ गते गर्ने योजना रहेको छ । अञ्चलस्तरीय सभा **वैशाख २८ गते सुर्खेत**मा गरिनेछ ।

**वागमती** : सबै जिल्लाका जिल्लास्तरीय बैठकहरू सम्पन्न भइसकेका छन् । अभियान सँगसँगै क्षेत्रीय तथा गाउँका शाखा अधिवेशनहरूसमेत सम्पन्न गर्ने योजना तय भएको छ । तदनुरूप रामेछाप, दोलखा, सिन्धुपाल्चोक र काभ्रे जिल्लामा क्षेत्रीय अधिवेशनहरू भइसकेका छन् । र, शाखा अधिवेशनहरू धमाधम भइरहेका छन् । धादिङमा ५० वटा गाउँ अधिवेशन सम्पन्न भइसकेका छन् भने नुवाकोटमा पनि गाउँ अधिवेशन चलिरहेका छन् ।

**लुम्बिनी** : चैत ५ गते कमरेड भरतमोहन अधिकारीको आतिथ्यमा अञ्चल कमिटीको बैठक बसी सबै जिल्लामा अभियान सञ्चालनको कार्ययोजना बनेको छ । जिल्लास्तरीय सभा सबै जिल्लामा गर्ने योजनाका साथ मिति तय भइसकेका छन् भने पाल्पा, नवलपरासी र अर्घाखाँचीले वैशाखभित्रै जिल्लास्तरीय सभा गर्ने योजना रहेको छ । अन्य जिल्लामा जिल्ला तथा गाउँस्तरसम्म अभियान सञ्चालन गर्ने योजना तय गरिएको छ । **वैशाख २५ गते अञ्चलस्तरीय सभा बुटवल**मा गर्ने योजना रहेको छ ।

**कर्णाली** : कर्णाली अञ्चलका सबै जिल्लामा अभियान सञ्चालनको कार्ययोजनाअनुरूप अभियानको काम सञ्चालन भइरहेको छ । कालीकोट, जुम्ला र हुम्लामा जिल्लास्तरीय भेला सम्पन्न भएका छन् । मुगु र डोल्पामा पनि जिल्लास्तरीय भेला गर्ने कार्ययोजना रहेको छ । जिल्लास्तरमा ज्ञापनपत्र बुझाउने काम सबै जिल्लामा सम्पन्न भएको छ । र, हस्ताक्षर सङ्कलनको काम भइरहेको छ ।

**कोसी** : कोसी अञ्चलका छवटै जिल्लामा अभियानको योजनाका साथ कार्यक्रम गाउँस्तरसम्म सञ्चालन भइरहेको छ । **अञ्चलस्तरीय आमसभा जेठ १ गते इटहरी**मा गर्ने योजनाका साथ काम भइरहेको छ ।

**सगरमाथा** : ६ वटै जिल्लामा अभियानको काम गाउँस्तरसम्म पुऱ्याउने योजनाका साथ काम भइरहेको छ । वैशाखभित्रै जिल्लास्तरीय आमसभा गर्ने योजना रहेको छ ।

**धवलागिरि** : सबै जिल्लामा अभियानको कार्यक्रम सञ्चालन भइरहेको छ । **अञ्चलस्तरीय आमसभा बाग्लुङमा वैशाख १८ गते** गर्ने योजना रहेको छ । हस्ताक्षर सङ्कलन र पर्चा वितरणको काम भइरहेका छन् ।

**जनकपुर** : सबै जिल्लामा अभियान अगाडि बढाउने निर्देशन भइसकेको छ । सिन्धुलीमा जिल्ला अधिवेशन सँगसँगै चैत २६ गते जिल्लास्तरीय सभा भएको छ ।

**उपत्यका** : तीनवटै जिल्लामा अभियानका गतिविधिहरू कार्ययोजनाका साथ अगाडि बढेका छन् । जेठ ३ गते मदन-आश्रित स्मृति दिवसका दिन काठमाडौंमा बृहद् आमसभा गर्ने योजना रहेको छ ।

**सेती** : सेती अञ्चलका सबै जिल्लामा अभियान गाउँस्तरसम्म पुऱ्याउने योजनाअनुरूप काम अघि बढिरहेको छ । ❐

# 'प्रतिगामी षड्यन्त्र असफल पार्ने सङ्कल्प'

नेपाली काङ्ग्रेस संविधानसभा-संसदीय दलको कार्यालयमा २०६६ चैत १८ गते नेपाली काङ्ग्रेसका कार्यवाहक सभापति श्री सुशील कोइरालाको अध्यक्षतामा बसेको उच्चस्तरीय राजनीतिक संयन्त्रको बैठकले निम्नलिखित निर्णय गरेको छ :

१. नेपाली जनताले विगत ६० वर्षदेखि गर्दै आएका जनआन्दोलन र जनक्रान्तिको परिणामस्वरूप नेपाल सङ्घीय लोकतान्त्रिक गणतन्त्रको बाटोमा अगाडि बढिसकेको छ । हामी राजनीतिक दलहरू शान्ति प्रक्रिया पूरा गरेर नयाँ संविधान निर्माण गर्ने कुरामा दृढ छौं । तर यता केही दिनदेखि धर्मनिरपेक्षता, सङ्घीयता र गणतन्त्रजस्ता ऐतिहासिक उपलब्धिका विरुद्ध सुनियोजित रूपमा भइरहेका शृङ्खलाबद्ध प्रहारप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ । लोकतान्त्रिक एवम् अग्रगामी परिवर्तनलाई उल्ट्याउन चाहने केही प्रतिगामी तत्वहरूद्वारा भइरहेको दुष्प्रयत्नलाई हामी तीव्र निन्दा एवम् भर्त्सना गर्दै उक्त दिवास्वप्नलाई कहिल्यै पूरा हुन नदिने दृढता प्रकट गर्दछौं । नेपाली जनताले प्राप्त गरेका यी उपलब्धिहरूलाई खोस्न चाहने र निर्धारित समयभित्र शान्ति र संविधान निर्माण प्रक्रियालाई सफल

हुन नदिने सबै प्रकारका प्रतिगामी षड्यन्त्रहरूलाई एकताबद्ध भएर असफल पार्ने दृढ सङ्कल्प गर्दछौं र सम्पूर्ण नेपाली जनसमुदायलाई यस्ता षड्यन्त्रविरुद्ध एकजुट हुन हामी हार्दिक अपिल गर्दछौं ।

२. नेपालको अन्तरिम संविधान २०६३ को धारा १३८ मा रहेको राज्य पुनःसंरचनासम्बन्धी व्यवस्था, राज्यको पुनःसंरचना तथा राज्यशक्तिको बाँडफाँड समितिको प्रतिवेदन एवम् सो समितिले गरेको प्राविधिक सहयोगको अपेक्षा तथा समितिको प्रतिवेदनउपर संविधानसभामा भएको छलफल र सभाले गरेको अपेक्षासमेतलाई ध्यान दिई एक उच्चस्तरीय राज्य पुनःसंरचना आयोग गठन गर्ने नीतिगत निर्णय गरियो । आयोग गठनसम्बन्धी ठोस निर्णय र शान्ति प्रक्रियालाई पूर्णता दिई जेठ १४ गतेभित्रै संविधान जारी गर्ने विषयमा अर्को बैठकमा थप निर्णय गरिनेछ ।

| | | |
|---|---|---|
| **पुष्पकमल दाहाल प्रचण्ड** | **झलनाथ खनाल** | **सुशील कोइराला** |
| एकीकृत नेकपा (माओवादी) | नेकपा (एमाले) | नेपाली काङ्ग्रेस |

# जनआन्दोलनको कार्यभार: शान्ति र संविधान

❐ **प्रदीप ज्ञवाली**

ऐतिहासिक जनआन्दोलन २०६२/६३ को चौथो वर्षगाँठ मनाइरहँदा यतिबेला हामी त्यो महान् आन्दोलनका विशेषताहरूलाई सम्झना गरिरहेका छौं । त्यसले प्रारम्भ गरेको नेपाली समाजको रूपान्तरणको प्रक्रियाको वस्तुनिष्ठ समीक्षा गर्दै त्यसका सम्भावना र चुनौतीको विश्लेषण गरिरहेका छौं र आन्दोलनका बाँकी कार्यभारलाई पूरा गर्न सम्पन्न गर्नुपर्ने कामहरूको सूत्रीकरण पनि गरिरहेका छौं ।

**जनआन्दोलनको सन्दर्भ र विशेषता**

आफ्ना केही महत्वपूर्ण विशेषताहरूका कारण ऐतिहासिक जनआन्दोलन ०६२/६३ साँचो अर्थमा ऐतिहासिक, अनुपम र युगान्तकारी थियो । जनसहभागिताका हिसाबले त्यो अहिलेसम्मका आन्दोलनमध्ये सबैभन्दा विशाल थियो, जसमा ५० लाखभन्दा बढी आन्दोलनकारीहरू सडकमा उत्रेका थिए । जनसहभागिताका हिसाबले दुनियाँकै सन्दर्भमा त्यो एक्काईसौं शताब्दीको आरम्भको विशिष्ट परिघटना थियो । उपलब्धिको अर्थमा पनि त्यो महान् थियो, जसले १९ दिनको अल्पअवधिमै निरङ्कुश राजतन्त्रलाई घुँडा टेक्न बाध्य बनाएको थियो । त्यसको अर्को महत्वपूर्ण विशेषता के थियो भने त्यसले हिंसाको बलमा मात्रै राजनीतिक परिवर्तन सम्भव छ भन्ने उग्रवामपन्थी मान्यतालाई व्यर्थ प्रमाणित गर्दै समाजको शान्तिपूर्ण रूपान्तरणको नयाँ दृष्टान्त प्रस्तुत गरेको थियो । जनताको सचेत, सङ्गठित र सक्रिय सहभागितामा समाजको शान्तिपूर्ण रूपान्तरण गर्न सकिन्छ भन्ने मान्यताको सफल प्रयोग थियो त्यो आन्दोलन ।

नेपाली राजनीतिमा विगतका आन्दोलनहरूको आफ्नै विशिष्ट महत्व, योगदान र स्थान छ । सात सालको आन्दोलनमार्फत एक सय चारवर्षे जहानियाँ राणाशासनको अन्त्य भएर नेपाल खुला नागरिक राज्यमा रूपान्तरित भएको थियो । तर, त्यो परिवर्तन समाजको सामाजिक-आर्थिक-सांस्कृतिक रूपान्तरणको तहसम्म विकसित हुन सकेन । आन्दोलनमा कम्युनिस्ट पार्टीको भूमिका नेतृत्वदायी नभई सहयोगी मात्रै हुनु, वर्गीय सीमाको कारण आन्दोलनको नेतृत्वकर्ता नेपाली काङ्ग्रेसबाट सामन्तवादविरोधी निर्णायक सङ्घर्ष गर्ने कुरा असम्भव हुनु, आन्दोलनकारी राजनीतिक शक्तिबीच मतभिन्नता बढ्दै जानु र जनताको चेतना तुलनात्मक रूपमा कमजोर हुनुजस्ता कारणले नेपालको पहिलो राजनीतिक क्रान्तिका उपलब्धि संस्थागत हुन सकेनन् । प्रजातान्त्रिक शक्तिबीचका अन्तरविरोधहरूमा खेल्दै र अन्तर्राष्ट्रिय एवम् क्षेत्रीय शक्तिहरूबीचका द्वन्द्वको पनि लाभ उठाउँदै राजा महेन्द्रले ०१७ सालमा तानाशाही शासन लाद्न सफल भए ।

०३५/३६ को आन्दोलन निरङ्कुश पञ्चायती तानाशाहीलाई जगैदेखि हल्लाउने सन्दर्भमा विशिष्ट र ऐतिहासिक महत्वको थियो । तर, राजनीतिक पार्टीहरूको नेतृत्वदायी भूमिकाको अभाव र अन्य सीमाहरूका कारण त्यसले पनि

निर्णायक सफलता प्राप्त गर्न सकेन । यद्यपि, निरङ्कुश व्यवस्थाको आधार खल्बल्याउन र नेपाली समाजमा लोकतान्त्रिक चेतना विस्तार गर्न त्यसले खेलेको भूमिका सदैव स्मरणीय रहनेछ ।

०४६ सालको आन्दोलन आफ्ना केही विशिष्टताहरूका कारण निकै महत्वपूर्ण थियो । संयुक्त वाममोर्चा र नेपाली काङ्ग्रेसको संयुक्त नेतृत्व रहेको त्यस आन्दोलनले पहिलोपल्ट नेपाली जनतालाई संवैधानिक रूपमा सार्वभौम तुल्याएको थियो । बहुदलीय प्रजातन्त्र, विधिको शासन र आवधिक निर्वाचनजस्ता केही महत्वपूर्ण उपलब्धि प्राप्त भएका थिए । समाजको शान्तिपूर्ण रूपान्तरणका सन्दर्भमा त्यो आन्दोलन पनि महत्वपूर्ण दृष्टान्त थियो ।

तर, इतिहासका केही भुलहरू फेरि दोहोरिए । बुर्जुवा सुधारवादी र क्रान्तिकारी जनवादी शक्तिबीचको सहकार्य र सहनेतृत्वबाट सफल त्यस आन्दोलनका उपलब्धिको रक्षाका निम्ति ती शक्तिहरूबीचको एकता अनिवार्य थियो, तर त्यसो हुन सकेन । आन्दोलनको लगत्तै पछिदेखि नेपाली काङ्ग्रेसको एउटा हिस्सा उग्रकम्युनिस्टविरोधी अभियानमा उत्रियो, जसले कम्युनिस्टहरूमा तीव्र प्रतिक्रिया जन्माउनु स्वाभाविकै थियो । फलतः प्रजातन्त्रलाई संस्थागत र सुदृढ गर्ने ऐतिहासिक अभिभारालाई उपेक्षा गर्दै काङग्रेस र कम्युनिस्टबीच विनासकारी द्वन्द्व सुरु भयो । यसको लाभ दरबारिया शक्तिहरूले पर्याप्त मात्रामा उठाए । राजनीतिक क्षेत्रमा प्राप्त उपलब्धिलाई सामाजिक-आर्थिक तहसम्म विस्तार गर्न सकिएन । बरु आँखा चिम्लेर पछ्याइएका उदारीकरण, निजीकरण र खुलाबजार अर्थतन्त्रका नीतिहरू, एमाले सरकारद्वारा सुरु गरिएका लोककल्याणकारी कार्यक्रममा खडा गरिएको अवरोध एवम् संसदीय राजनीतिमा भित्रिएका विकृतिले गर्दा प्रजातन्त्र जनताबाट टाढिँदै गयो, त्यसप्रति जनताको मोहभङ्ग हुँदै गयो । परिणामतः उग्रवामपन्थले फैलिने र राजाले प्रतिगामी कदममार्फत उपलब्धिलाई खोस्ने मौका पाए । 'प्रतिगमन'लाई सच्याउने र राजालाई पछि फर्काएर राजतन्त्रसँगको सहअस्तित्वलाई निरन्तरता दिने प्रजातान्त्रिक शक्तिहरूको सम्झौतावादी सोच अर्थहीन ठहरियो । राजाले त्यो कमजोरीबाट लाभ उठाउँदै माघ १९ मा 'कु' गरे ।

त्यसै बिन्दुबाट नेपालको लोकतान्त्रिक आन्दोलनले नयाँ मोड लियो । इतिहासबाट शिक्षा लिंदै प्रजातान्त्रिक शक्तिहरू फेरि एक ठाउँमा उभिए । तात्कालीन सात दलको सहकार्य उदार प्रजातान्त्रिक र क्रान्तिकारी लोकतान्त्रिक शक्तिबीचको एकताको नयाँ दृष्टान्त थियो । त्यसले हिंसात्मक बाटोबाट राज्यसत्ता कब्जा गर्ने कार्यदिशामा अगाडि बढिरहेको माओवादीलाई पनि शान्तिपूर्ण आन्दोलनमा आउन दबाब र आधार तयार गरिदियो । राजतन्त्रसँग निषेधको कार्यनीति अख्तियार गरियो, यद्यपि नेपाली काङ्ग्रेसलगायत कतिपय शक्ति ठूलो जनदबाबपछि मात्रै गणतन्त्रमा पुग्न तयार भए । नयाँ अन्तर्वस्तुबिनाको पुरानै 'प्रजातन्त्र'मा फर्कन जनता मञ्जुर थिएनन् । त्यसैले राजतन्त्रको अन्त्य र गणतन्त्रको स्थापना, सामाजिक न्याय र समावेशी सारसहितको नयाँ लोकतान्त्रिक प्रणाली, एकात्मक/केन्द्रीकृत राज्यसंरचनाको अन्त्य गर्दै सङ्घीयतामार्फत उपेक्षित-उत्पीडित समुदायमाथिको विभेदको समाप्ति तथा हिंसात्मक द्वन्द्वको अन्त्य गर्दै दिगो शान्तिको स्थापना जस्ता नयाँ अन्तर्वस्तुसहित आन्दोलनको नयाँ लक्ष्य निर्धारित गरियो । पूर्ण लोकतन्त्र, दिगो शान्ति र सामाजिक न्यायका मुद्दा एक ठाउँमा गाँसिएपछि साँचो अर्थमा जनआन्दोलनको थालनी भयो ।

**आन्दोलनका विशेषता र सीमा**

आन्दोलनको मुख्य विशेषतामध्ये एक थियो- उदार प्रजातन्त्रमा विश्वास गर्ने नेपाली काङ्ग्रेस, क्रान्तिकारी लोकतान्त्रिक धारको प्रतिनिधि पार्टी एमाले र हिंसात्मक सङ्घर्षको हिमायती माओवादीबीचको सहकार्य । यो सहकार्य निर्माणमा हाम्रो पार्टीले अथक प्रयत्न र गम्भीर पहल गरेको थियो । त्यो सहकार्यमार्फत संसदीय राजनीतिमा रहेका दलहरू संविधानसभामा जान र गणतन्त्र स्थापना गर्न तयार भए भने माओवादी हिंसात्मक बाटो परित्याग गर्दै शान्तिपूर्ण नयाँ धारमा समाहित हुन र प्रतिस्पर्धात्मक लोकतान्त्रिक व्यवस्थालाई आत्मसात् गर्न तयार भयो । यसरी माओवादीको लोकतान्त्रीकरण र अन्य दलहरूको अग्रगामीकरणको जगमा ०६२/६३ को जनआन्दोलन सम्पन्न भएको थियो । आन्दोलनमा नागरिक समाज, पेसाकर्मी र सञ्चारमाध्यमहरूको पनि महत्वपूर्ण सहभागिता थियो । सात दल र माओवादी दुवैले विगतका कमजोरी दोहोरिन नदिने प्रतिबद्धता व्यक्त गरेका थिए ।

शान्तिपूर्ण जनआन्दोलनले क्रमशः शान्तिपूर्ण विद्रोहको स्वरूप ग्रहण गऱ्यो । यद्यपि, आज पनि नेपाली समाजको सामाजिक-आर्थिक संरचना गुणात्मक रूपमा फेरिएको छैन । त्यसैले त्यसलाई आमूल परिवर्तनको सामर्थ्यसहितको क्रान्ति भनेर बुझ्नु र अहिलेको अवस्थालाई क्रान्ति पूरा भएको अर्थमा विश्लेषण गर्नु त्रुटिपूर्ण हुनेछ । तर, आन्दोलनले क्रमशः शान्तिपूर्ण क्रान्तिका विशेषताहरू ग्रहण गर्दै गयो र परिवर्तनको कति फराकिला आधारहरू तयार गऱ्यो भने, जारी परिवर्तनको प्रक्रियालाई पूर्णतामा पुऱ्याउन सकियो भने नेपाली समाजबाट सामन्तवादलाई अन्त्य गर्ने र समाजवादउन्मुख लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्ने सम्भावनाहरू प्रखर बनेर देखापरेका छन् । परम्परागत पुँजीवादी गणतन्त्रभन्दा प्रगतिशील अन्तर्वस्तुसहितको तर जनताको बहुदलीय जनवादी व्यवस्थाभन्दा तलको एउटा सङ्क्रमणकालीन समाज व्यवस्था स्थापना गर्नसक्ने आधार तयार भएको छ । यसो हुनसक्यो भने शान्तिपूर्ण प्रतिस्पर्धाको माध्यमबाट जनताको बहुदलीय जनवाद स्थापना गर्न र समाजवादमा सङ्क्रमण गर्नसकिने प्रबल सम्भावना प्रकट हुनेछ । हामीले उक्त आन्दोलनका विशेषता, चरित्र र सीमालाई सही ढङ्गले बुझ्नु र तदनुरूप आफ्ना नीतिहरूलाई निरूपित गर्नु आवश्यक छ ।

**प्राप्त उपलब्धि**

विगत चार वर्षमा ऐतिहासिक महत्वका उपलब्धि प्राप्त भएका छन् । जनआन्दोलनबाट निरङ्कुश राजतन्त्र पराजित भयो । प्रतिनिधिसभाको घोषणापत्रले जनताको विजयलाई संस्थागत गऱ्यो । त्यसपछि सुरु भएको शान्ति प्रक्रिया विस्तृत

शान्ति सम्झौतामा हस्ताक्षरमार्फत दशवर्षे हिंसात्मक युद्धको अन्त्य तथा माओवादी विद्रोहीहरूको संसद् तथा सरकारमा सहभागितामा विकसित भयो। बिनाकुनै बाह्य मध्यस्थता या सहयोग, नेपाली भूमिमै र नेपाली राजनीतिकर्मीहरूकै पहलकदमीमा सम्पन्न शान्ति प्रक्रिया विशिष्ट महत्वको थियो। नेपाली जनताले १० वर्षदेखि प्रतीक्षा गरिरहेको संविधानसभाको निर्वाचन सम्पन्न भयो र आज संसारमै दृष्टान्त प्रस्तुत गर्नसकिने खालको समावेशी संविधानसभा जनताको पक्षमा संविधान निर्माण गर्न क्रियाशील छ। संविधानसभाको पहिलो बैठकद्वारा हामीले सङ्घीय लोकतान्त्रिक गणतन्त्रको विधिवत् स्थापना गरेका छौं। राज्यका हरेक अङ्गमा महिलाहरूको कम्तीमा एक तिहाइ सहभागिता सुनिश्चित गर्ने संसदीय सङ्कल्प, नेपाललाई छुवाछुतमुक्त राष्ट्र बनाउने प्रतिनिधिसभाको उद्घोष, आदिवासी-जनजातिका अधिकारलाई स्थापित गर्ने आईएलओ अभिसन्धि १६९ को अनुमोदन, मधेसी, मुस्लिम र सीमान्तीकृत समुदायको आत्मसम्मानलाई स्थापित गर्ने कतिपय नीति र निर्णयहरूजस्ता कुराहरू यसबीचका महत्वपूर्ण उपलब्धि हुन्।

यी उपलब्धि त्यतिबेला मात्रै संस्थागत र सुदृढ हुन सक्छन्, जतिबेला हामी नयाँ संविधानमार्फत यिनीहरूलाई औपचारिक र विधिसम्मत बनाउनसक्छौं र शान्ति प्रक्रियालाई पूर्णता दिएर दिगो शान्ति र राजनीतिक स्थायित्व कायम गर्नसक्छौं। नयाँ संविधानमा संस्थागत नहुँदासम्म यी उपलब्धिहरू तदर्थ अवस्थामै रहन्छन्। यिनीहरू कमजोर हुने या खोसिने सम्भावना जीवितै रहन्छ। त्यसैले नयाँ संविधानको निर्माण र शान्ति प्रक्रियाको पूर्णता प्रतिबद्धताको कार्यान्वयनको सामान्य विधि मात्र होइन, आन्दोलनका उपलब्धिलाई संस्थागत गर्ने अर्थात् शान्तिपूर्ण क्रान्तिको प्रक्रियालाई कार्यान्वयन गर्ने विषय पनि हो।

**चुनौतीहरू**

केही समययता यस प्रक्रियामा गम्भीर व्यवधान आएको छ। संविधानसभा निर्वाचनपछि सबैभन्दा ठूलो दलको हैसियतमा स्थापित भएको माओवादीमा खतरनाक दम्भ मात्र पलाएन, उसले स्थितिको गलत विश्लेषणसमेत गऱ्यो। राजतन्त्र अन्त्य भएपछि अबको प्रधान अन्तरविरोध बदलिएको छ र अब त्यो संसद्वादी शक्तिहरूसँग सङ्केन्द्रित भएको छ भन्ने निष्कर्षका आधारमा माओवादीले आन्दोलनकारी सहयात्रीलाई निषेध गर्ने नीति अख्तियार गऱ्यो। सुरुमा गिरिजाप्रसाद कोइराला र पछि माधवकुमार नेपाललाई राष्ट्रपति निर्वाचनका सन्दर्भमा दिएको धोका त्यसको ज्वलन्त उदाहरण थियो। यद्यपि, माओवादी आफ्ना गलत र अहङ्कारी नीतिका निम्ति दण्डित पनि भयो  र एमालेको सदासयताका कारण सरकारको नेतृत्व गर्ने अवसर पनि पायो। तर, माओवादी इतिहासबाट शिक्षा लिन, सहकार्यलाई निरन्तरता दिन र आफ्नो अधिनायकवादी सोच एवम् हिंसात्मक धङधडीलाई परित्याग गर्न असफल भयो। यसरी माओवादी आफ्नै नेतृत्वमा संविधान बनाउने ऐतिहासिक अवसरबाट बञ्चित भयो।

माओवादी आज पनि इतिहासबाट शिक्षा लिन तयार देखिँदैन। आफ्नो असफलतापछि गठन भएको वर्तमान सरकारमै सम्मिलित भएर संविधान निर्माण र शान्ति प्रक्रियामा जिम्मेवार भूमिका खेल्नु त टाढाको कुरा, रचनात्मक प्रतिपक्षको हैसियतले सरकारसँग गुणदोषको आधारमा समर्थन र विरोधको सम्बन्ध कायम गर्दै मुख्य मिसनमा सघाउन पनि ऊ तयार भएन। सरकार परिवर्तनमा  देशीविदेशी षड्यन्त्रको काल्पनिक कथा बुन्दै र सरकारको वैधतालाई पनि चुनौती दिँदै ऊ सुरुदेखि नै सदन अवरोध गर्दै, सडकमा विरोध कायम राख्दै, अन्य पार्टीहरूभित्रको अन्तरविरोधमा खेल्दै र बाह्य शक्तिहरूलाई रिझाउँदै सत्तामा फर्कने सबै उपायहरूको प्रयोगमा लाग्यो। तर, सबैतिरबाट असफलतामात्रै हात लागेको माओवादी आज कुण्ठाग्रस्त, क्षुब्ध, आक्रोशित र दिग्भ्रमित अवस्थामा छ। आफ्नो नेतृत्वको सरकार नबन्दासम्म शान्ति प्रक्रिया र संविधान निर्माणलाई निष्कर्षमा पुग्न नदिने माओवादी हठ र 'जनविद्रोह', 'सत्ताकब्जा' र अर्को युद्धको धम्कीले शान्ति प्रक्रियालाई अवरुद्ध गरिरहेको छ।

माओवादीका कतिपय संविधानसम्बन्धी मान्यता जनआकाङ्क्षाविपरीत छन्। बहुलवादलाई अस्वीकार गर्ने, निश्चित दलहरूबीच मात्रै प्रतिस्पर्धा हुने निर्देशित लोकतन्त्र र प्रतिपक्षरहित शासन प्रणालीको पक्षपोषण गर्ने, नियन्त्रित न्यायपालिकाको पैरवी गर्ने, जातीय आधारमा राज्यको पुनःसंरचना र जातीय अग्राधिकारसहितका सङ्घीय इकाइ गठन गर्ने र जातीय आधारमा गरिने 'बहुसदस्य निर्वाचन क्षेत्र' निर्वाचन प्रणालीको प्रस्तावजस्ता मान्यता लोकतान्त्रिक संविधान निर्माणका पक्षमा छैनन्।

जुन अनुपातमा आज शान्ति प्रक्रिया र संविधान निर्माणमा व्यवधान सिर्जना भएको छ, त्यही अनुपातमा समाजमा नयाँ जटिलता, चुनौती र जोखिमहरू बढ्नथालेका छन्। आन्दोलनबाट फ्याँकिएका प्रतिगामी शक्तिहरू फेरि सल्बलाउन थालेका छन्। पूर्वराजा ज्ञानेन्द्रको अन्तर्वार्ता, कृष्णप्रसाद भट्टराईको वक्तव्य, आन्दोलनविरोधी कित्तामा उभिएका कतिपय नेताहरूको फूर्तिफार्ती र तीव्र बन्न थालेको धार्मिक अतिवाद यसका दृष्टान्त हुन्। समाजमा गैरराजनीतिक र गैरपार्टी पक्षहरूको गतिविधि र आयतन बढ्न थालेको छ, पार्टीहरूको प्रभाव क्षेत्र खुम्चिन थालेको छ। जातीय, क्षेत्रीय, सांस्कृतिक र  धार्मिक तनावका पूर्वसङ्केत देखिन थालेका छन्। सामाजिक सद्भावका तन्तु खल्बलिन थालेका छन्। जनतामा विस्तारै असन्तुष्टि, निराशा र आक्रोश बढ्दो छ। अवाञ्छित बाह्य चासो र चलखेल पनि बढ्न थालेको छ।

मुलुक उग्रवामपन्थी र दक्षिणपन्थी अतिवादको कित्तामा ध्रुवीकृत हुने खतरा उत्पन्न भएको छ। संविधान बन्न नसके जेठ १४ पछि राजनीतिक शून्यता पैदा हुने, सबै वैधानिक संस्थाहरू समाप्त हुने र त्यस स्थितिमा हिंसाको औचित्य पुष्टि हुने तर्कमा उग्रवामपन्थी र घोर दक्षिणपन्थी शक्ति आश्चर्यजनक रूपमा एक ठाउँ उभिएका छन्। नवस्थापित गणतन्त्रका लागि यो गम्भीर चुनौती हो।

**अबको बाटो**

हामी आज त्यो ठाउँमा आइपुगेका छौं, जहाँ सम्भावना पनि प्रचुर छन् र चुनौती पनि गम्भीर छन् । आउने केही महिनाहरूले नेपालको भविष्य निर्धारित गर्नेछन्- निर्धारित समयमा संविधान बन्छ कि संविधानसभा असफलताको दिशातिर धकेलिँदै जान्छ ? संविधान लोकतान्त्रिक मूल्यसहितको र अग्रगामी बन्छ कि यथास्थितिवाद र उग्रवादका कारण त्यो समस्याको कारक बन्नजान्छ ? दिगो शान्ति स्थापना हुन्छ कि मुलुक फेरि द्वन्द्वको दुष्चक्रमा फस्छ ? लोकतन्त्र सुदृढ हुन्छ कि फेरि नयाँ आवरणमा अधिनायकवाद जन्मिन्छ ? मुलुक राजनीतिक स्थिरतातिर उन्मुख हुन्छ कि अराजकता र अस्थिरताले आक्रान्त हुन्छ ? राष्ट्रिय एकता र सामाजिक सद्भाव सुदृढ हुन्छ कि सामाजिक तनाव र विखण्डनका प्रवृत्ति बलियो हुँदै जान्छन् ?

उपरोक्त सम्भावनालाई सफल पार्ने र उल्लिखित चुनौतीलाई सामना गर्ने एकमात्र उपाय हो- राजनीतिक शक्तिहरूबीचको एकतालाई अझ सुदृढ र बलियो बनाउनु । मुख्य राजनीतिक दलको बीचमा उच्चस्तरको समझदारीबिना न संविधान बन्नसक्छ न त शान्ति प्रक्रिया नै निष्कर्षमा पुग्नसक्छ । त्यसैले कुनै पनि नाममा मुख्य शक्तिलाई बाहिर धकेल्ने या ध्रुवीकरणको प्रयास गर्ने कुराले शान्ति प्रक्रिया र संविधान निर्माणमा अवरोध मात्रै सिर्जना गर्छ ।

निर्धारित समयमा संविधान निर्माण हुनसकेन भने मुलुकलाई अराजकतातिर धकेल्ने र अस्थिरताभित्रबाट 'विद्रोह'को आधार सिर्जना गर्नखोज्ने उग्रवामपन्थी प्रवृत्तिलाई टेवा पुग्छ । त्यसरी नै यसले आन्दोलनका उपलब्धिलाई उल्ट्याउन र मुलुकलाई पछि फर्काउन चाहने दक्षिणपन्थीहरूलाई सघाउ पुग्छ । उनीहरू जेठ १४ पछिको राजनीतिक शून्यता र अस्थिरताको पर्खाइमा छन् । हाम्रो समग्र ध्यान निर्धारित समयमै संविधान निर्माण गर्ने कुरामा केन्द्रित हुनुपर्छ । त्यसो हुन नसके पनि कम्तीमा प्रारम्भिक मस्यौदा तयार गरी जनतामाझ जाने र उनीहरूको अभिमत लिएर आन्दोलनका अभिभारा पूरा गर्न लाग्नुपर्छ । संविधान निर्माणको कामलाई अलपत्र पारेर मुलुकलाई अतिवादी दिशामा धकेल्ने काम गर्नुहुँदैन ।

संविधान जारी हुनुपूर्व शान्ति प्रक्रियाले पूर्णता पाउनु अनिवार्य छ । नयाँ संविधान बन्दुकको छायामुनि जारी हुन सक्दैन र नयाँ संविधानमा समानान्तर सुरक्षा शक्तिको उपस्थितिलाई कायम राख्दै द्वन्द्वलाई निरन्तरता दिन सकिँदैन भन्ने कुरा पार्टीले स्पष्ट शब्दमा अगाडि सारिसकेको छ । संविधान जारी हुनुअगावै शान्ति प्रक्रियालाई निष्कर्षमा पुर्‍याउन माओवादी सकारात्मक बन्नैपर्छ । 'संविधानको अन्तर्वस्तु हेरेर मात्रै लडाकु समायोजन गर्ने', 'नयाँ संविधानमा सुरक्षानीति स्पष्ट भएपछि मात्रै शान्ति प्रक्रियालाई पूर्णता दिनसकिने', 'आफूहरूलाई नि:शस्त्र पारेर संविधान जारी नगर्ने षड्यन्त्र हुन थालेको' आदि बाहनाका साथ माओवादीले यस सन्दर्भमा देखाएको दोहोरो चरित्र आलोचनायोग्य छ ।

संविधान र शान्ति प्रक्रियाका लागि सरकारको भूमिका सहयोगी र सहजकर्ता मात्रै हो । तर, माओवादीले यतिबेला सरकार परिवर्तनको प्रश्नलाई केन्द्रबिन्दु बनाएर मुख्य कार्यसूचीबाट ध्यान विकेन्द्रित गरिरहेको छ । केन्द्रीय कमिटीको तेस्रो बैठकले निर्णय गरिसकेको छ, यो समय सरकार गठन र विघटनको खेलमा लाग्ने समय होइन । यति हुँदाहुँदै पनि माओवादीले आफूलाई नि:शस्त्र नागरिक राजनीतिक पार्टीमा रूपान्तरित गरेको र विगतका सहमतिको इमानदारितापूर्ण परिपालना गर्दै विश्वासको वातावरण सिर्जना गरेको खण्डमा राष्ट्रिय सहमतिको सरकारलगायत सबै विषयमा खुला छलफल गर्न र नयाँ सहमतिमा पुग्न पार्टी तयार रहेको कुरा बैठकले पारित गरिसकेको छ । सशस्त्र द्वन्द्वको उत्कर्षमा पनि सहमति र शान्तिका लागि त्यस्तो जोखिमपूर्ण पहलकदमी गर्ने एमाले र उसको नेतृत्वमा बनेको वर्तमान सरकारलाई सहमतिको बाधक देख्नु दृष्टिदोष मात्रै हो । सरकारका विभिन्न कमजोरी रहेका छन् तर यही सरकारलाई नै सहमतिको बाधक र शान्ति प्रक्रिया र संविधान लेखनको अवरोध ठान्ने कुरा पूर्वाग्रह मात्रै ठहरिन्छ । समस्या मूलत: माओवादी अतिवादमा छ भन्ने कुरालाई आत्मसात् गर्नसकियो भने मात्रै सहमतिका निम्ति ठोस र सार्थक पहल गर्न सकिन्छ । त्यसैले संविधान निर्माण, शान्ति प्रक्रियाको पूर्णता, सामाजिक-आर्थिक रूपान्तरण र राष्ट्रिय एकतालाई केन्द्रबिन्दुमा राखेर अगाडि बढ्नुपर्छ ।

सहमति निर्माणका लागि मुख्य भूमिका नेकपा (एमाले)ले खेल्नुपर्छ । हाम्रो पार्टी शान्ति प्रक्रियाको मुख्य पहलकर्ता र ऐतिहासिक जनआन्दोलनको मुख्य 'आर्किटेक्ट' एवम् प्रमुख संवाहक शक्ति थियो । लोकतान्त्रिक गणतन्त्रको कार्यनीति पारित गरेर अरू पार्टीलाई यो दिशामा अगाडि आउन उत्प्रेरित गर्ने पार्टी पनि एमाले नै थियो । आज पनि मुलुकलाई अतिवादतिर जान नदिन, राजनीतिक ध्रुवीकरणको हानीकारक प्रयासलाई विफल पार्न र शान्ति तथा संविधान निर्माणको मुख्य अभिभारातिर डोहोर्‍याउने जिम्मेवार भूमिका पार्टीले नै खेल्नुपर्छ । ❐

# प्रतिस्पर्धा होइन, संयुक्त जवाफदेही

**❐ मदन भण्डारी**

*(संयुक्त वाममोर्चा र नेपाली काङ्ग्रेसले नेतृत्व गरेको संयुक्त जनआन्दोलनले नै पञ्चायती निरङ्कुशता धराशायी भयो । त्यसपछि पनि आन्दोलनकारी शक्तिहरूबीच संयुक्त जवाफदेही र सहकार्य जरुरत थियो । क्रमश: दलहरूबीचकै प्रतिस्पर्धा र टक्करलाई बढाउँदै उपयोग गर्दै निरङ्कुशतावादी शक्ति बलियो बन्नसक्यो । आन्दोलनकारी शक्तिबीच संयुक्त जवाफदेहीमा जोड दिँदै जननेता मदन भण्डारीले गर्नुभएको विश्लेषणको एक अङ्श -* **सम्पादक** *।)*

०४६ सालको संयुक्त प्रजातान्त्रिक आन्दोलनले केही महत्वपूर्ण सफलताहरू प्राप्त गऱ्यो। देशको राजनीतिक वातावरणमा केही परिवर्तन आयो, नयाँ राजनीतिक परिवेशमा राजनीतिक शक्तिहरूको बीचमा विघटन, पुनःगठन र ध्रुवीकरणको सिलसिला तीव्र भयो। राजनीतिक पार्टीहरूको वर्गीय संरचना ज्यादा सुस्पष्ट हुँदै गयो। वर्गहरूबीचको सामाजिक अन्तरसम्बन्धमा नयाँ संयोजन स्थापित हुँदैछ। यसबेलाको राष्ट्रिय राजनीतिक स्थितिको मूल्याङ्कन कसरी गर्ने ? पार्टीको तत्कालिक कार्यनीति र ठोस कामहरूहरूलाई निश्चित गर्नका निम्ति यो एउटा महत्वपूर्ण सवाल हो।

कुनै पनि कुराको महत्व र मूल्याङ्कन सापेक्ष हुन्छ। वर्तमान स्थितिको यथार्थ जानकारीका निम्ति विगतलाई थयोचित रूपमा याद गर्नु आवश्यक हुन्छ। बितेका ३० वर्षहरूमा राजाको सक्रिय नेतृत्वमा निर्दलीय पञ्चायती व्यवस्थाको नाममा निरङ्कुश राजतन्त्रको ठाडो तानाशाही लादिएको थियो। जमिनदार वर्ग र दलाल नोकरशाही पुँजीपति वर्गका अनुदारवादी कट्टरपन्थी निरङ्कुश राजतन्त्रवादी तत्वहरूले निर्दलीय पञ्चायती ढाँचामा सङ्गठित भएर शासन चलाएका थिए। त्यो ठूलो जमिनदार वर्ग र ठूलो पुँजीपति वर्गको निरङ्कुशतावादी प्रवृतिको शासन थियो। मजदुर, किसान र अन्य सबै वर्ग तहका आम जनताहरू तथा जमिनदार वर्ग र ठूलो पुँजीपति वर्गकै पनि प्रजातान्त्रिक सुधारको पक्ष लिने पंक्तिलाई समेत निर्ममतापूर्वक दमन गरिएको थियो। राजनीतिक शक्तिसन्तुलन निरङ्कुशतन्त्र र निर्दलीयतावादको पक्षमा कायम राख्न र राजनीतिक व्यवस्थामा निरङ्कुशतावादी प्रवृत्तिको एकाधिकार जोगाइराख्नका निम्ति खुला रूपमा राजसत्तात्मक हिंसात्मक बल प्रयोग हुँदै आएको थियो। ०४६ सालको जनआन्दोलनले यो शक्तिसन्तुलनलाई तोडेको छ। अब निर्दलीय पञ्चायती एकाधिकारवाद समाप्त भएको छ। निरङ्कुशतन्त्र निर्दलीयतावादी कट्टरपन्थी तत्वहरूको एकलौटी शासन समाप्त भएको छ।

यो संयुक्त जनआन्दोलन सम्पूर्ण रूपमा एउटा वर्गको विरुद्ध अर्को वर्ग वा वर्गहरूको आन्दोलन थिएन। राजनीतिक शासन प्रणालीमा हावी भएको निरङ्कुशतावादी प्रवृत्तिको विरुद्ध प्रजातान्त्रिक आन्दोलन थियो। जमिनदार वर्ग र दलाल नोकरशाही पुँजीपति वर्गको सुधारवादी पंक्तिसहित सबै वर्ग र तहका आमजनताको संयुक्त आन्दोलन थियो। सामन्तवाद र साम्राज्यवादको स्वार्थरक्षा गर्ने निरङ्कुशतावादी शासनव्यवस्थाको पक्षमा रहेको शक्ति सन्तुलनलाई एक्लै तोड्ने ढङ्गले मजदुर-किसानहरूको वर्गसङ्घर्ष विकसित भइसकेको थिएन। त्यसकारण सर्वहारावादी, निम्न पुँजीवादी, जनवादी र सुधारवादी शक्तिहरूको बीच मोर्चा बनाउनु र संयुक्त रूपमा आन्दोलन गर्नु आवश्यक भएको थियो। त्यसैले निरङ्कुशतावदी शासन प्रणालीको स्वरूपलाई हटाउने र प्रजातान्त्रिक प्रणाली स्थापना गर्ने सवालमा एकजुट भएर आन्दोलन भयो। आज शासन प्रणालीको पुरानो स्वरूप टुटेको छ। आन्दोलनमा वामपन्थी तथा जनवादी शक्तिहरूले खेलेको महत्वपूर्ण भूमिकाको कारणले जनताको आन्दोलन ३० वर्षदेखि राज्यव्यवस्थामा एकलौटी नेतृत्व कब्जा गरी आएको निरङ्कुशतन्त्रलाई समाप्त पार्ने तहमा माथि उठेको छ।

आन्दोलनमा जनताले ठूलो सङ्ख्यामा बलिदान दिनुपऱ्यो। हजारौंको सङ्ख्यामा आन्दोलनकारीहरू हताहत भएका छन्। निरङ्कुशतन्त्र र निर्दलीय पञ्चायती व्यवस्थालाई बचाउनका निम्ति राजाको सरकारले बितेका ३० वर्षमा हजारौं जनताको हत्या गरेको छ। यसपटकको आन्दोलनलाई पनि दमन र हिंसाद्वारा नै समाप्त पार्न राजाको सरकारले यथासम्भव कोसिस गरेको थियो। चैत २४ गतेको हत्या ३० वर्षमा सबभन्दा निन्दनीय, नाङ्गो र जघन्य हत्याको नमुना हो। व्यापक अन्तर्राष्ट्रिय समर्थन र आमजनताको सहभागिता भएको जनआन्दोलनलाई हत्या र दमनले परास्त गर्न सकेन। त्यसयता राजाद्वारा हिंसात्मक दमन गर्ने नीतिलाई अस्थायी रूपमा स्थगित गरिएको छ र छुट एवम् सुधारहरूमार्फत आफ्नो सत्ता टिकाउने प्रयत्न भइरहको छ। आन्दोलनले दमनलाई चिर्दै जनउभारको रूप ग्रहण गरेपछि मात्र राजाद्वारा सुधार र परिवर्तनको घोषणाहरू हुनथाले। आन्दोलनले राजतन्त्रको विरुद्ध जनविद्रोहको स्वरूप लिन थालेपछि मात्र आन्दोलनकारीहरूसँग वार्ता र सम्झौता गर्न राजा तयार भए। चैत २६ गतेको सम्झौताद्वारा पञ्चायतलाई जोगाउन राजाद्वारा अन्तिम कोसिस भएको थियो। चैत २६ को सम्झौताको महत्व केमा थियो भने त्यसले एकातिर संविधानबाट निर्दलीयता हटाउने र दलहरूमाथिको प्रतिबन्ध फुकुवा गर्ने काम गरेका थियो। यसले राजनीतिक पार्टीहरूलाई वैध र खुलारूपमा काम गर्नसक्ने स्थिति बनाएको थियो। केवल सडकबाट हिंसात्मक रूप ग्रहण गर्दै अघि बढ्न लागेको सङ्घर्षलाई टेबुलमा पुऱ्याएको थियो। राजासँग संवादको ढोका खोलेको थियो। र, अब सडक र टेबुल दुवै ठाउँमा चलाइने सङ्घर्षले अपेक्षाकृत शान्तिपूर्ण रूपबाट पञ्चायतलाई समाप्त पार्नसक्ने स्थिति उत्पन्न गरेको थियो। सम्झौताको कमजोरी के थियो भने त्यसले सङ्घर्ष र बलिदानको तुलनामा अत्यन्त न्यून र कमजोर कुराहरूमै आन्दोलन रोक्ने वचन दिएको थियो। त्यसबेला आन्दोलनकारी वार्ताकारहरूको पक्षबाट पञ्चायती व्यवस्था र पञ्चायती संविधानको पूर्ण अन्त्य गर्ने विषयमा दृढतापूर्वक अडान कायम गर्न सकेको भए ती कुराहरू पूरा गराउन सकिने थियो र त्यसपछि अहिलेजस्तो जटिल स्थितिको सामना गर्नु परेका छ, त्यसबाट आन्दोलनलाई मुक्त गरी नयाँ ढङ्गले अघि बढ्न सम्भव हुने थियो। जनताले २६ गतेको सम्झौताका सकारात्मक पक्षलाई समर्थन र उपयोग गर्दै नकारात्मक पक्षलाई विरोध र अस्वीकार गर्दै पञ्चायतको अन्त्य गर्ने सङ्घर्षलाई लगातार जारी राखे। परिणामस्वरूप वैशाखको पहिलो हप्तामा पुगेर पञ्चायती व्यवस्थाको अन्त्य भएको छ र अनुदारवादी, कट्टरपन्थी तत्वहरू सङ्गठित हुने पुरानो राजनीतिक ढाँचा भत्किएको छ। जनताको कठोर सङ्घर्षपछि तर राजासँग समझदारी र सम्झौता गरेर अहिले जमिनदार वर्ग र दलाल नोकरशाही पुँजीपतिवर्गको अनुदारवादी कट्टरपन्थी राजनीति परास्त भएको छ। तर, अझै निरङ्कुशतन्त्र समाप्त भइसकेको छैन।

पुरानो ढाँचा भत्किएको र नयाँ व्यवस्थित नभइसकेको वर्तमान स्थिति तीव्रतम सङ्क्रमणको तनावले भरिएको स्थिति हो । हिजोको सत्तासीन वर्गलाई नै अपदस्त गरी नयाँ वर्ग एक्लै सत्तासीन भएको छैन तर पुरानो प्रवृत्ति र ढाँचालाई परास्त गरी नयाँ प्रवृत्ति र ढाँचा सत्तासीन भएको छ । शोषक वर्गको एकलौटीलाई तोडेर विभिन्न वर्गहरूको संलग्नता कायम भएको छ । परिवर्तित स्थितिलाई पूर्ण रूपमा आफ्नो पक्षमा बनाउन राजनीतिक शक्तिहरूबीच नयाँ-नयाँ चालहरू सुरु भएका छन् । सबैखाले राजनीतिक शक्तिकेन्द्रहरू आआफ्नो पक्षमा शक्तिसन्तुलन कायम गर्न जोडतोडका साथ लागेका छन् । सर्वहारावादी राजनीतिक शक्तिले पनि वर्गसङ्घर्ष र सडकको आन्दोलनलाई जोडदार बनाउँदै सत्तामा आफ्नो हस्तक्षेपलाई मजबुत बनाउन यथासक्य आफ्नो कोसिस केन्द्रित गर्नु जरुरी छ  चैत २६ गतेको सम्झौतापछि राजासँग संवाद स्थापित भएको छ र शान्ति तथा समझदारीका साथ वार्ताद्वारा तात्कालिक राजनीतिक समस्याहरू समाधान गर्ने एउटा सम्भावना उपस्थित भएको छ । वैशाख ३ गतेको शाही घोषणा र ६ गतेको बहुदलीय अन्तरिम सरकारको गठनपछि सत्तामा माथिबाट हस्तक्षेप गर्ने प्रक्रिया पनि अघि बढ्दैछ । अझैसम्म राजाकै हातमा देशको सम्पूर्ण संवैधानिक अधिकार केन्द्रित रहेको भए पनि मुलुकको दैनिक शासन-प्रशासन सञ्चालन गर्न सरकारमा राजनीतिक पार्टीहरू पुगेका छन् । आआफ्नो स्थिति र हैसियतलाई प्रयोग गर्दै आफ्नो पक्षमा शक्ति सुदृढ बनाउन तीव्रतम प्रतिद्वन्द्विता चलिरहेको छ । एकातिर पुरानो निरङ्कुशतावादी प्रवृत्तिलाई पूर्ण रूपमा समाप्त पारिएको छैन र त्यसप्रति आन्दोलनकारी शक्तिको संयुक्त जवाफदेही पनि बाँकी छ भने अर्कातिर तिनीहरूकै बीच नयाँ ढङ्गले प्रतिस्पर्धा पनि सुरु भइसकेको छ । यसलाई रोकेर होइन, संयुक्त जवाफदेहीलाई ठीक ढङ्गले बोकेर प्रतिस्पर्धामा पनि स्वस्थ्य ढङ्गले खरो उत्रिँदै कुनै पनि पार्टीले जनताको विश्वास जित्न सक्नेछ ।❒

# दलहरूबीच विभाजन बढाउँदै षड्यन्त्र

## ❒ कमरेड पुष्पलाल

*(जहाँनियाँ राणा शासनविरुद्ध ००७ को ऐतिहासिक परिवर्तनपश्चात् मुलुकको राजनीति घोषित रूपमा संविधानसभाको चुनाव गर्न अग्रसर हुनसकेन । बरु राजा त्रिभुवन र महेन्द्रले संविधानसभाको चुनाव नगर्ने षड्यन्त्र गरे र सफल पनि भए । परिवर्तनपछि दलहरूबीचको असमझदारी र विभाजनमा खेल्दै अन्ततः राजाले संविधानसभाकै चुनाव गर्न सके । कमरेड पुष्पलालको विश्लेषणः नेपाली जनआन्दोलन एक समीक्षाबाट-* **सम्पादक** ।)

००७ सालपछि प्रजातान्त्रिक पार्टीहरूले राजदरबारको षड्यन्त्रको विरुद्ध जनआन्दोलन निर्माण गर्ने नीति छोडी दरबारिया राजनीतिमा प्रवेश गर्ने नीति अपनाए । मातृकाले त वर्तमान परिस्थितिमा प्रजातन्त्रका निम्ति नेपाल योग्य नै छैन भनी प्रचार गर्नथाले । यस्तो स्थितिमा पनि नेपाल कम्युनिस्ट पार्टीले आफ्नो कार्यक्रम र नीतिअनुसार जनआन्दोलन निर्माण गर्दै जाने बाटो लियो । यसका निम्ति पार्टीको पहलकदमी र नेतृत्वमा सङ्गठित भएका समाजका विभिन्न वर्ग र वर्गस्तरहरूलाई उनीहरूकै मागको आधारमा सङ्घर्षमा उतार्ने काम यसले गर्‍यो । यी सङ्गठनहरू आआफ्ना वर्गीय मागपत्रहरू पेस गर्दै घोषित तिथिमितिमै संविधानसभाको चुनाव गराउने राजनीतिक सङ्घर्षमा उत्रे । नेपालका मुख्यमुख्य स्थानमा किसानका गौरवपूर्ण सङ्घर्षहरू भए। विद्यार्थी आन्दोलन पनि बढ्न थाल्यो। राज्यभरका न्यून वैतनिक कर्मचारीहरू बढी तलब र राम्रो सुविधाको निम्ति हड्तालमा उत्रे । परिणामस्वरूप सरकारको केन्द्रीय सचिवालय र अन्य अड्डाअदालतहरू हप्तौंसम्म ठप्प भए । सामन्ती शोषण, सरकारको अत्याचार तथा विदेशी हस्तक्षेपको विरुद्ध सांस्कृतिक क्षेत्रका कार्यकर्ताहरू पनि पछि परेनन् । यस सङ्घर्षको लहरबाट राणाशाहीको विरोधमा सैनिक सङ्घर्षमा उत्रेको मुक्तिसेना पनि अछुतो रहेन। यस मुक्तिसेनाले खुला रूपमा विद्रोह गर्‍यो। फलस्वरूप फौजी हेडक्वार्टर, केन्द्रीय सचिवालय, रेडियो नेपाल स्टेसन, बैङ्क तथा अन्य सरकारी अड्डाहरू मुक्तिसेनाका कब्जाभित्र परे । दिल्ली सम्झौताको विरोध गरेबापत् थुनामा राखिएका मध्यनेपालको मर्चवार क्षेत्रको नेपाली काङ्ग्रेसका एक प्रमुख नेता श्री केआई सिंह कैदबाट मुक्त गरिए । कैदबाट मुक्त हुनेबित्तिकै श्री केआई सिंहले गोर्खा परिषद्बाहेकका अरू पार्टीको एक राजनीतिक सम्मेलन गर्ने र अन्तरिम अवधिका निम्ति उक्त सम्मेलनद्वारा छानिएको र उक्त सम्मेलनप्रति नै उत्तरदायी हुने एक संयुक्त मन्त्रिमण्डल गठन गर्ने माग गरे ।

माथिका कुराबाट एक महत्वपूर्ण निष्कर्ष निस्कन्छ, त्यो हो सबै राजनीतिक पार्टीहरू जनआन्दोलनतिर पीठ फर्काई राजदरबारतिर धाई शक्तिमा जाने बाटो अपनाइरहेको बेला केवल नेपाल कम्युनिस्ट पार्टीले जनआन्दोलन निर्माण गर्ने पहलकदमी लिएको हुनाले यस पार्टीको नेपाली जनआन्दोलनमा नेतृत्वदायी भूमिका स्पष्ट हुन्छ । यसरी नेपालमा एकातिर नेपाली कम्युनिस्ट पार्टीको बढ्दो प्रभाव र अर्कोतिर नेपाली काङ्ग्रेसको घट्दो प्रभावलाई देखी अङ्ग्रेज-अमेरिकी साम्राज्यवादी र भारतीय एकाधिकार पुँजीवादीहरू सतर्क भई नेपालसम्बन्धी आआफ्नो नीतिमा परिवर्तन गर्न थाले ।

राणा-काङ्ग्रेसको संयुक्त मन्त्रिमण्डलको अन्त्यसम्म अङ्ग्रेज-अमेरिकी साम्राज्यवादले राणाहरूलाई नै आफ्नो समर्थन जनाएका थिए । नेपाल प्रवेशको उनीहरूको सामाजिक आधार राणाहरू थिए । भारतीय एकाधिकार पुँजीवादले राजदरबार र नेपाली काङ्ग्रेसका प्रतिक्रियावादी तथा सुधारवादी नेताहरूलाई समर्थन जनाई नेपाल प्रवेशको मुख्य आधार उनीहरूलाई बनाएको थिए । यस कुराले अङ्ग्रेज-अमेरिकी साम्राज्यवाद र भारतीय एकाधिकार पुँजीवादको बीचमा अन्तर्विरोध पैदा गरेको थियो । नेपालप्रति उनीहरूको कस्तो भावना छ भन्ने कुरालाई भण्डाफोर गर्न नेपाल कम्युनिस्ट पार्टीले यस अन्तर्विरोधलाई उपयोग गर्नथाल्यो । यस कुरालाई बुझी नेपाली जनताका यी दुस्मन शक्तिहरूले नेपालसम्बन्धी आआफ्नो नीतिमा परिवर्तन गरे । नेपालमा बढ्दो कम्युनिस्ट आन्दोलनलाई आफ्नो मुख्य तारो बनाउनका निम्ति आपसको अन्तर्विरोध कम गर्न उनीहरूलाई आवश्यकता भएको हो । फलतः उनीहरू नेपालका सामन्त र पुँजीवादी शक्तिको बीचमा सामञ्जस्य कायम गर्ने कोसिसमा लागे । त्यसपछि नेपाली काङ्ग्रेसले एकातिर समाजवाद ल्याउने घोषणा गर्‍यो भने अर्कातिर 'जमिन जोत्नेको' नारालाई हटाई 'जमिनको हदबन्दी'को नीति अपनायो । नेपाली काङ्ग्रेसको यो नीति नेपालमा बढ्दो समाजवादी भावनालाई आफ्नो पक्षमा तान्ने र अर्कातिर सामन्तसँग सम्झौताको आधार तयार गर्ने दाउ थियो । यसबाट स्पष्ट हुन्छ कि नेपाली काङ्ग्रेस पनि जनआन्दोलनको बाटो छोडी षड्यन्त्रकारी दरबारिया राजनीतिमा प्रवेश गर्‍यो ।

अङ्ग्रेज-अमेरिकी साम्राज्यवाद र भारतीय एकाधिकार पुँजीवादको दृष्टिमा दक्षिणपूर्व एसियामा कम्युनिस्ट विचारलाई दबाउन नेपालको पनि एक महत्वपूर्ण स्थान हुन आएको छ । यसकारण कम्युनिस्टविरोधी शक्तिहरूलाई सहयोग पुर्‍याउने कुरामा उनीहरू वचनबद्ध छन् । यो पनि स्वाभाविकै कुरा हो कि उनीहरूले आफ्ना गुमस्ताहरू नेपाली सामन्त र पुँजीवादी वर्गको माथिल्लो तहमा नै पाउँछन् र उनीहरूलाई अन्तर्राष्ट्रिय प्रतिक्रियावादले जनआन्दोलनलाई दबाउनका निम्ति हरतरहको मद्दत गर्दछ । यसरी उनीहरूको बीचमा आपसी सद्भावना र सहयोगको आधार देखिन्छ ।

राणाशाहीको अन्त्यपछि सामन्त र पुँजीपति तथा अङ्ग्रेज-अमेरिकी साम्राज्यवाद र भारतीय एकाधिकार पुँजीवादको बीचमा मिलनको बिन्दु कम्युनिस्ट पार्टीको विरोध थियो । यसको मतलब उनीहरूको आपसी अन्तर्विरोध बेलामौकामा उभडेर सतहमा आउँदैन भन्ने होइन, कहिलेकहिले उक्त अन्तर्विरोधले गहन रूप पनि धारण गर्दछ । सात सालको क्रान्तिको तत्काल पछि राजाले सामन्ती शक्तिलाई आफ्नो पक्षमा तानी संविधानसभाको चुनाव टाल्ने र नगराउने षड्यन्त्र गर्दा पुँजीवादी शक्तिहरूले यसको विरोध गर्ने नीति अपनाएका थिए । पछि नेपाल कम्युनिस्ट पार्टीको नेतृत्वमा जनआन्दोलन, त्यसमा पनि विद्यार्थी र किसान आन्दोलन बढ्न थालेपछि पुँजीवादी शक्तिहरू राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रतिक्रियावादसँग गठबन्धन बढाउनथाले । यसरी समय बित्नाको साथै नेपालका पुँजीवादी पार्टीहरू एकपछि अर्को गरी संविधानसभाको चुनाव नगराउने शाही षड्यन्त्रमा सरिक हुनथाले ।

समाजमा वर्गसङ्घर्ष चर्केपछि त्यसको प्रतिबिम्ब कम्युनिस्ट पार्टीमा पनि पर्दछ भन्ने कुरा नेपाल कम्युनिस्ट पार्टीमा पनि द्वितीय महाधिवेशनपछि स्पष्ट रूपमा देखिन थाल्दछ । सन् १९५७ को जुन महिनामा नेपाल कम्युनिस्ट पार्टीको द्वितीय महाधिवेशन काठमाडौंमा खुलारूपले सुरु भयो । यसले संविधानसभाको चुनावका निम्ति सङ्घर्ष गर्ने कार्यनीति ठूलो विवादपछि पास गर्‍यो । तर, पार्टीमा गुप्त रूपले सङ्गठित संशोधनवादी तथा राजावादी माझीगुट त्यस फैसलाको विपरीत शाही षड्यन्त्रमा सरिक हुनपुग्यो । त्यस गद्दार गुटले आफ्नो नीति यस तर्कको साथ प्रकाशमा ल्याउन थाल्यो कि राजा संविधानसभाको त कुरै छोडौं, संसद्को चुनावसम्म पनि नगराउने पक्षमा जाँदैछन् । अतः सर्वमान्य प्रश्नलाई छोडी संसद्कै चुनावका निम्ति सबैसँग एकताको आधार खोज्नुपर्छ ।

एकातिर पार्टीको नेतृत्वमा विकसित जनआन्दोलन, त्यसमा पनि खासगरी किसान र विद्यार्थी आन्दोलनलाई छोड्ने र अर्कोतिर संविधानसभाको चुनाव नगराउने षड्यन्त्रको खुला रूपमा साझेदार हुनपुग्ने गद्दार माझीगुटको नीतिले गर्दा देशको जनवादी आन्दोलनमा कम्युनिस्ट पार्टीको बढ्दो भूमिकालाई समाप्त गरिदियो । त्यतिमात्र होइन, यसले गर्दा विदेशी साम्राज्यवादी शक्तिको इसारामा संविधानसभाको चुनाव पन्छाउने कुरामा सामन्त र पुँजीवादी शक्तिका बीचमा जुन तालमेल हुँदै थियो, त्यसमा पर्दा हाल्ने काम गद्दार माझीगुटको नीतिले गर्‍यो । त्यसपछि नेपाली काङ्ग्रेसका अध्यक्ष श्री बीपी कोइरालाले एक प्रेस विज्ञप्ति जारी गरी यो घोषणा गरे कि नेपाली काङ्ग्रेस पनि संविधानसभाको पक्षमा नभई संसद्को नै चुनावको पक्षमा छ । फलस्वरूप राजाले संविधानसभाको चुनाव नगराउने आफ्नो षड्यन्त्रलाई साकार गर्ने मौका पाए र संसद्को चुनावका निम्ति तिथिमितिको घोषणा गरे । यसरी सातसालको क्रान्तिपछि नेपालको सामन्ती, पुँजीवादी र मजदुर वर्गको बीचमा भएको सङ्घर्षमा उछिन्न सामन्तवर्ग सफल भयो । ❐

# नेपाल कम्युनिस्ट पार्टीको स्थापना

## वैशाख १० गते दिउँसो २:०० बजे

**❐ सूर्य थापा**

२२ अप्रिल १९४९ को दिन, दिउँसो दुई बज्नै आँटेको थियो । कोलकाताको श्यामबजार इलाकास्थित नवीन सरकार लेनको २८ नम्बर घरको दोस्रो तल्लामा रहेको कोठामा चार नेपालीहरु उपस्थित थिए । आलोककुमार बनर्जीको त्यस घरमा नै नेपाल कम्युनिस्ट पार्टी स्थापनाको तयारी थियो । पुष्पलाल श्रेष्ठले अन्य तीनजनालाई त्यहाँ पुऱ्याउनुभएको थियो । खासमा भारतीय कम्युनिस्ट पार्टीका सदस्य पङ्कजकुमारको डेरा थियो त्यो । घरको कोठा सानो भएकाले हफ्पी गर्मीको अनुभूति भइरहेको थियो । त्यहाँ एक-एकवटा अण्डा र चिया खाइसकेपछि पुष्पलालले हस्तलिखित घोषणापत्र (कम्युनिस्ट घोषणापत्रको नेपाली अनुवाद) दुईपटक पढेर सुनाउनुभयो । अरु तीनजनाले त्यसमा समर्थन जनाउँदै पारित गरेको घोषणा भयो । सँगै पहिलो पर्चा थियो । त्यसलाई पनि पढेर सुनाइयो र पारित गरियो । अनि नेपालमा कम्युनिस्ट पार्टी स्थापनाको विधिवत् घोषणा भयो ।

पाँचजना नेपालीद्वारा ६१ वर्षअघि स्थापित नेपाल कम्युनिस्ट पार्टी यतिबेला मुलुकको राष्ट्रिय राजनीतिमा सबभन्दा बलियो ताकत बनेको छ । मूलतः कम्युनिस्ट पार्टीको नेतृत्वकारी भूमिकाकै कारण मुलुकमा शताब्दियौं लामो राजतन्त्र धरासायी भएर सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको छ र मुलुकमा दिगो शान्ति एवम् नयाँ संविधान निर्माणको काम अघि बढिरहेको छ ।

०६४ पुस चार र पाँचगते कोलकातास्थित त्यही घरमा पुग्दा नेपाल कम्युनिस्ट पार्टी स्थापना भएको यहीं हो भनेर पत्याउन नै मुस्किल पर्ने अवस्था थियो । किनभने, साँघुरो गल्लीमा अवस्थित बनर्जीको त्यो घर वि.सं. २००८ सालमै उनले बेचिसकेका र उत्तर प्रदेशका रघुनाथ साह गुप्ताले खरिद गरेका रहेछन् । गुप्ताको पनि त्यहाँ तीन पुस्ता बित्नलागेको रहेछ । हाल उनका नाति अमित गुप्ता त्यहाँ बसिरहेको थाहा भयो । खासमा उनी राजनीतिक रुपमा असचेत व्यक्ति रहेको र नेपाल र नेपाल कम्युनिस्ट पार्टीको बारेमा खासै थाहा नभएको अवस्थामा देखिन्थे । यद्यपि, ०६२ सालमा नरबहादुर कर्माचार्य, गिरिराजमणि पोखरेल र कमानसिंह लामा त्यस घरमा पुग्दा छिमेकी ९५ वर्षीय गोपाल मुखर्जीबाट अमितलाई आफ्नो घरमा नेपाल कम्युनिस्ट पार्टी स्थापना भएको भन्ने थाहा भएको थियो । नेपाल कम्युनिस्ट पार्टीले जसरी नेपाली क्रान्तिलाई विजयको बिन्दुमा पुऱ्याउनसकेको छैन, बरु विभिन्न समूहमा विभाजित छ, यसकै प्रतिछायाँ पार्टी स्थापना भएको घरमा पनि देख्न सकिन्छ । किनभने, ६० वर्षको अवधिमा त्यस घरले रङरोगनसमेत पाउनसकेको पाइँदैन । एक युगसम्म जस्ताको तस्तै रहनु त्यसको मौलिक विशेषता बनेको छ ।

**पार्टी स्थापनाअघिको परिवेश**

नेपाल कम्युनिस्ट पार्टी स्थापनाअघि पुष्पलाल नेपाली राष्ट्रिय काङ्ग्रेसको कार्यालय सचिवसमेत हुनुहुन्थ्यो । '६५ दुग्धविनायक'स्थित केन्द्रीय कार्यालयमा साप्ताहिक विचारगोष्ठी सञ्चालन गर्ने क्रममा पहिलो दिन 'नागरिक तथा राजनीतिक अधिकार' भन्ने विषय राखिएको थियो । त्यस सम्बन्धमा केही बुँदा टिपोट गर्न डा. डिल्लीरमण रेग्मीसँग सोध्दा पुष्पलालले जवाफ पाउनुभयो, 'यो बुझ्न ठूलो दिमाग हुनुपर्छ, बीए-एमए हुनुपर्छ ।' त्यसपछि उहाँ हरिश्चन्द्र कलेजमा आईए पढ्न भर्नासमेत हुनुभयो तर राजनीतिक दौडधुपका कारण औपचारिक पढाइ छाड्न र स्वअध्ययनमा केन्द्रित हुन बाध्य हुनुभयो । पुष्पलालले पछि मार्क्स-एङ्गेल्सद्वारा लिखित 'कम्युनिस्ट घोषणापत्र' र लेनिनको 'गाउँका गरिब किसान' पढेर नागरिक तथा राजनीतिक अधिकारबारे बुझ्नुभयो ।

मार्क्स स्वयम्ले 'नोट्स अन इन्डिया'मा 'जङ्गबहादुर राणालाई अङ्ग्रेजी साम्राज्यवादको पाल्तु कुकुर' भन्ने उल्लेख गर्नुभएको छ भने एङ्गेल्सले 'परिवार, निजी सम्पत्ति र राज्यको उत्पत्ति' मा मगर जातिमा आदिम साम्यवादी समाज थियो भन्ने चर्चा गर्नुभएको छ ।

नेपालमा मार्क्सवादको प्रचार-प्रसार र कम्युनिस्ट विचारधाराको प्रवेश मूलतः वि.सं. १९९७ पछि भएको पाइन्छ । टङ्कप्रसाद आचार्यले पुष्पलालसँग नेपाली कम्युनिस्ट आन्दोलनको इतिहास लेख्दा पहिलो कम्युनिस्ट दशरथ चन्द हो भनी लेख्नुपर्ने सुझाव दिनुभएको पाइन्छ । दशरथ चन्दले 'राल्फ फक्स'को 'कम्युनिस्ट' नामक पुस्तक पढेर त्यसबाट प्रेरणा लिएको जानकारीसमेत टङ्कप्रसादले गराउनुभएको थियो । वास्तवमा दशरथ चन्द र गङ्गालालमा कम्युनिस्ट विचारको प्रभाव रहेको थियो । उहाँहरू दुवैजना असाध्यै मिल्ने साथी हुनुहुन्थ्यो ।

बनारस अध्ययनको क्रममा सुरुमा बीपी कोइराला र गिरिजाप्रसाद कोइराला मार्क्सवादी विचारबाट प्रभावित हुनुहुन्थ्यो । तर, पछि नेपाली राष्ट्रिय काङ्ग्रेस र नेपाली काङ्ग्रेसको नेता हुनुभयो । वि.सं. १९९८ मा मार्क्सवादी विचारबाट प्रभावितहरुले उपत्यकामा 'अखिल नेपाल वर्ग महासभा'को गठन गरेका थिए तर त्यसको खासै सक्रियता रहेन । वि.सं. १९९५ तिर बनारसमा पढ्न जानुभएका मनमोहन अधिकारी वि.सं. १९९९ तिर भारत छोडो आन्दोलनमा सक्रिय बन्नुभयो र बनारसमा जेल पर्नुभयो । उहाँ त्यहीं कम्युनिस्ट भएर निस्कनुभयो र भारतीय कम्युनिस्ट पार्टीको बनारस जिल्ला कमिटीअन्तर्गत रहेर काम पनि गर्नुभयो । साथै, दरभङ्गालगायतका क्षेत्रमा समेत उहाँ सक्रिय रहनुभयो । वि.सं. २००४ मा पाटनमा गठन भएको 'विश्व भ्रातृसङ्घ'मा पनि कम्युनिस्ट विचारधाराको प्रभाव थियो । त्यसपछि गठन भएको 'नेपाल प्रजातन्त्र सङ्घ'ले सर्वप्रथम 'लालसलाम' र 'कमरेड'जस्ता शब्दावलीको प्रयोग थालेको थियो । त्यसको परेड गीत- 'पहाड, पर्वत, खोला-नाला, जग्गा-जमिन सबको .... अब क्रान्ति गरौं' रहेको थियो । पुष्पलालले सर्वप्रथम सूर्यबहादुर भारद्वाजबाट गोर्कीको बहुचर्चित उपन्यास 'आमा' प्राप्त गरी पढ्नुभयो, त्यसपछि उहाँलाई क्रमिक रुपमा कम्युनिस्ट विचारले प्रभावित गरेको थियो ।

२००५ फागुनमा नेपाली राष्ट्रिय काङ्ग्रेस (रेग्मी समूह)को राजनीतिक सम्मेलनमा नेपालको राष्ट्रिय झन्डालाई नै पार्टीको झन्डाका रुपमा झन्डोत्तोलन गर्ने निर्णय भएपछि पुष्पलाल असन्तुष्ट हुनुभयो । त्यतिखेर उहाँको विचारमा

'नेपालको झन्डा राणाहरुको झण्डा थियो ।' उहाँकै विरोधका कारण त्यसो गरिएन । तर, पुष्पलाल पार्टीबाट टाढा हुन थाल्नुभयो र तरुण नेपाल मोर्चा गठनको मनस्थितिमा पुग्नुभयो । त्यसैक्रममा अर्थात् २००५ को पुसमा कोलकातास्थित वालिङ्गटन पार्कमा भाकपाद्वारा आयोजित आमसभामा भाग लिन जानुभयो । त्यहीं दार्जिलिङका गणेशलाल सुब्बा र रत्नलाल ब्राह्मण (माइलाबाजे) सँग उहाँको भेट भयो ।

त्यसैबीचमा एक दिन उहाँको सुवर्णशमशेरसँग भेट भयो । सहिद गङ्गालालका भाइसमेत रहनुभएका युवा पुष्पलालसँग सुवर्णले उहाँलगायत चारजना नेपाली युवालाई गुरिल्ला तालिमका लागि बर्मा पठाउने गरी छानिएको जानकारी दिनुभयो । पुष्पलालले आफू कम्युनिस्ट रहेको, कम्युनिस्ट घोषणापत्रको नेपालीमा अनुवाद गरिसकेको तर छापिन नसकेको बताउँदै यदि कम्युनिस्ट घोषणापत्र छापिने शर्तमा भए आफू बर्मा जाने जवाफ दिनुभयो । तर, त्यसपछि सुवर्णशमशेरले पुष्पलाललाई गुरिल्ला तालिमका लागि भनेर कहिल्यै सम्पर्क गर्नुभएन । पछि उद्योगपति जुद्धबहादुर श्रेष्ठको तीन सय रुपियाँ सहयोगमा २००५ साल चैत २३ तदनुरुप ५ अप्रिलका दिन कम्युनिस्ट घोषणापत्रको नेपाली अनुवाद छापियो । त्यसको भूमिकामा पुष्पलालले उल्लेख गर्नुभएको छ, 'यो घोषणापत्र मजदुर वर्गको सर्वप्रथम र जगत्‌विख्यात साहित्य हो । अवश्यमेव पनि नेपालका राणा, राजा, जमिनदार, पुँजीपति र तिनका दलाल संस्था र सङ्गठनहरुले यसको घोर आलोचना गर्नेछन् ।'

हुन त गङ्गालाल श्रेष्ठ हलुवाई २००५ सालतिरै आफूले नेपाल 'लाल कम्युनिस्ट पार्टी' गठन गरेको बताउनुहुन्थ्यो । तर, रत्नलाल ब्राह्मणले भारतीय कम्युनिस्ट नेता नृपेन्द्र चक्रवर्तीसँग भेट गराइदिएपछि नेपाल कम्युनिस्ट पार्टी स्थापनाका निम्ति पुष्पलाल बढी अग्रसर रहनुभयो । नृपेन्द्र चक्रवर्तीकै सल्लाहमा पुष्पलाल पार्टी स्थापनाका दस्तावेज तयारी गर्न जुटिरहनुभएका बखत पुष्पलालको गङ्गालाल श्रेष्ठ हलुवाई र सुन्दरराज चालिसेसँग भेट भयो । स्वभावका हिसाबले गङ्गालाल श्रेष्ठ हलुवाई अलिक उग्र र व्यक्तिवादी प्रकारको हुनुहुन्थ्यो । उहाँहरुले नेपालमा कम्युनिस्ट पार्टी होइन, कोरियामा जस्तै श्रमिक पार्टी खोल्ने सुझाव मात्र दिनुभएन, जोड नै गर्नुभयो । गणेशलाल सुब्बाको पनि 'छुट्टै कम्युनिस्ट पार्टी होइन, नेपाली राष्ट्रिय काङ्ग्रेसभित्र मजदुर-किसान सङ्गठन खोली वामपन्थी दलका रुपमा काम गर्दै जाने र उपयुक्त समयमा पार्टी गठन गर्ने' सल्लाह थियो । त्यसैअनुरुप पुष्पलालले डा. डिल्लीरमण रेग्मीलाई नै कम्युनिस्ट पार्टी खोल्न भनी पत्र लेख्नुभयो तर रेग्मीले अस्वीकार गरेपछि उहाँ पार्टी स्थापनाको उद्देश्यका साथ सम्भव भएसम्म धेरै व्यक्तिहरुसँग सल्लाहमा जुट्नुभयो । निरञ्जनगोविन्द वैद्यसँग पुष्पलालले गर्नुभएको सल्लाह, परामर्श र विभिन्न भेटघाट आदिको परिणाम थियो- नेपाल कम्युनिस्ट पार्टीको स्थापना ।

**कोलकाताः नेपाली राजनीतिक दलहरुको उद्‌गमस्थल**

भारतको राजधानी त्यतिञ्जेल कोलकाता नै थियो । फलस्वरुप नेपालका व्यापारी र विद्यार्थीहरुसमेत त्यहीं केन्द्रित हुन्थे । वास्तवमा नेपालका राजनीतिक दलहरुमध्ये राणा शाहीको दमनसँगै लुक्दै-छिप्दै र त्यसलाई छिचोल्दै नेपाली राष्ट्रिय काङ्ग्रेस (२००३), नेपाल प्रजातन्त्र काङ्ग्रेस (२००५), नेपाल कम्युनिस्ट पार्टी (२००६) र नेपाली काङ्ग्रेस (२००६) कोलकातामै स्थापना भएका थिए ।

जहाँसम्म नेपाल कम्युनिस्ट पार्टी स्थापनाको सन्दर्भ हो, पुष्पलालले सक्दो भेटघाट र सरसल्लाहपछि एकदिन नृपेन्द्र चक्रवर्तीसँग केही रकम सहयोगको अनुरोध गर्नुभयो । जवाफमा चक्रवर्तीको भनाइ थियो, 'हेर पुष्प ! केही हजारको प्रश्न हाम्रा निम्ति कुनै ठूलो कुरा होइन । हामीले दियौं भने फिर्ता लिंदैनौं । तर, एउटा कुरा याद गर ! यदि नेपाली जनता तिम्रो पार्टीलाई हुर्काउन र बढाउन असक्षम छन् भने कम्युनिस्ट पार्टीको गठन गर्नु निरर्थक छ ।' त्यतिखेर पुष्पलाललाई आर्थिक समस्या रहनु स्वाभाविकै थियो । तर, नृपेन्द्र चक्रवर्तीको भनाइले उहाँ गम्भीर बन्नुभयो र घोत्लिएर सोचविचार गरी जवाफमा भन्नुभयो, 'तपाईंको कुरा मलाई अति नै घत् लाग्यो, यसले मलाई जीवनपर्यन्त निर्देश गर्नेछ ।'

पुष्पलालका शब्दमा- त्यसपछि २२ अप्रिल १९४९ का दिन कोलकाताको श्यामबजार इलाकाको नवीन सरकार लेनस्थित २८ नं. घरमा एक बैठक बस्यो । त्यसमा पुष्पलाल, निरञ्जनगोविन्द वैद्य, नारायणविलाश जोशी र नरबहादुर कर्माचार्य चारजना उपस्थित थिए । त्यसैबीच काठमाडौंबाट दुर्गादेवी पनि आइपुगेकी हुनाले तिन (मोतीदेवी)लाई पनि संस्थापक सदस्यका रुपमा लिने भन्ने कुरा भएअनुसार पार्टीको सङ्गठन समितिमा थपियो । यस सङ्गठन समितिले पुष्पलाललाई पार्टीको महामन्त्री पदमा नियुक्ति गऱ्यो र उनलाई केन्द्रीय रुपमा सङ्गठन गर्ने अभिभारा दियो । त्यसपछि निरञ्जनगोविन्द वैद्यलाई बारा, पर्सा र रौतहटमा पार्टी सङ्गठन गर्ने जिम्मा दिइयो । कारण उनले सन् '४७ मा वीरगञ्ज इलाकामा भएको सत्याग्रहमा नेतृत्वदायी भूमिका खेलेका थिए । नारायणविलाश र दुर्गादेवीलाई काठमाडौं उपत्यकाको जिम्मा दिइयो । नरबहादुरलाई विराटनगर जोगबनीमा मजदुरबीच काम गर्ने जिम्मा दिइयो ।

पार्टी स्थापनाको दुई दिनपछि अप्रिल २४ का दिन नेपाल कम्युनिस्ट पार्टीको अपिल जारी भयो । उक्त अपिलमा भनिएको छ, '.... एकातिर नागरिक अधिकार लिई छाड्छौं भन्ने नारा बुलन्द गर्ने सयौं भाइहरु राणाको जेलमा सडिरहेका छन् । अर्कातिर धेरै दिनदेखि कुरेको विधान २००६ सालको सुरुमा राणा सरकारले घोषणा गऱ्यो । र, नागरिक स्वतन्त्रताको विषयमा ऐन, कानुन, नियमावली जारी भयो । यो घोषणा हाम्रा वीर सहिदहरुको स्मृतिमा ठूलो अपमान हो । .... अतः हाम्रा प्रत्येक नरनारीले यस घोषणालाई लत्याई कोतपर्वले होइन, क्रान्तिकारी तरिकाले राणाशाहीको तख्ता उल्टाउनेछौं भन्ने प्रतिज्ञा गर्नुपरेको छ ।'

**कम्युनिस्ट पार्टीको विस्तार**

अपिल प्रकाशनपछि कोलकातामा पुष्पलालको हिक्मतसिंह भण्डारीसँग भेट भयो, उहाँ त्यहीं विद्यार्थी हुनुहुन्थ्यो । त्यसपछि हिक्मत सिंह, रामबाबु कार्की, प्रयागलाल, शम्शेर चाँद र केशरजङ्ग रायमाझी सम्मिलित 'मार्क्सवादी अध्ययन मण्डल'को गठन गरियो । त्यतिखेर बङ्गालमा कम्युनिस्ट पार्टीमाथि प्रतिबन्ध रहेकाले त्यसको नाम परिवर्तन गरेर 'नेपाली प्रगतिशील अध्ययन मण्डल' राखियो । त्यसले आफ्ना शाखाहरु दरभङ्गा, दार्जिलिङ, बनारस, गोरखपुर र लखनउसम्म विस्तार गर्‍यो । त्यसैक्रममा काठमाडौंबाट गौरीभक्त प्रधान पुग्नुभयो । उहाँमार्फत नै तुलसीलाल अमात्य नेपाली काङ्ग्रेसबाट राजीनामा दिएर कम्युनिस्ट पार्टीको सम्पर्कमा पुग्नुभएको थियो ।

नरबहादुर कर्माचार्यमार्फत मनमोहन अधिकारीले कोलकातामै पुगेर पुष्पलाललाई भेट्नुभयो । आपसी कुराकानी र सल्लाहबमोजिम उहाँ पूर्वतिरै पार्टी र मजदुरको सङ्गठन गर्ने जिम्मा लिई विराटनगरतर्फ लाग्नुभयो । पूर्वी नेपालकै डीपी अधिकारी कोलकातामा पढ्दै हुनुहुन्थ्यो । उहाँले नेपाली काङ्ग्रेस छाडेर पार्टीसँग सम्पर्क गर्नुभयो । उहाँमार्फत पूर्वका धेरै व्यक्तिहरु पार्टीको सम्पर्कमा आए । खासगरी, नेपाली राष्ट्रिय काङ्ग्रेसका संस्थापक डीएन प्रधान पनि कम्युनिस्ट पार्टीमा सामेल हुनुभयो । पछि उहाँकै नेतृत्व र डीपी अधिकारी मन्त्री रहेको 'गैरनेपाल शान्ति समिति' गठन भयो । सुदूरपश्चिमको तराई (नयाँ मुलुक)बाट बाबुकृष्ण शर्मा पार्टीको सम्पर्कमा आउनुभयो । यसरी पाँचजनाले स्थापित गरेको नेपाल कम्युनिस्ट पार्टी नेपालीहरु बसोबास गरिरहेका भारतका प्रमुख सहरका साथै पूर्व, पश्चिम र सुदूरपश्चिमसम्म विस्तार भयो ।

यसरी जहाँनियाँ राणाशासनको अन्त्य गर्ने एउटै उद्घोषका साथ कोलकातामा स्थापित नेपाली काङ्ग्रेस र नेपाल कम्युनिस्ट पार्टी त्यसपछि निरन्तर अघिपछि, बराबरी वा समानान्तरजस्तै खुला-भूमिगत, हिंसात्मक-अहिंसात्मक सङ्घर्षका साथ अलग-अलग र संयुक्त रुपमा समेत निरन्तर अघि बढे र परिवर्तनको प्रक्रियाका सहयात्री बने ।

२००३ साल माघ १२ र १३ गते कोलकाताको भवानीपुरस्थित खाल्सा हाइस्कुलमा सम्मेलन गरी सर्वप्रथम नेपाली राष्ट्रिय काङ्ग्रेस स्थापना भएको थियो । उक्त सम्मेलनमा भारतीय समाजवादी नेता डा. राममनोहर लोहिया आउने तय भएकोमा बङ्गाल सरकारले धारा १४४ लागू गरेको हुँदा सम्भव भएन । तत्पश्चात् डा. डिल्लीरमण रेग्मीले झन्डोत्तोलन गरेर सम्मेलनको उद्घाटन गर्नुभएको थियो । विश्वेश्वरप्रसाद कोइरालाले सभापतित्व र डीएन प्रधानले स्वागत गर्नुभएको सम्मेलनबाट स्थापित नेपाली राष्ट्रिय काङ्ग्रेसका दुईवटा उद्देश्य थिए- अहिंसात्मक साधनद्वारा जनताको सहयोगले उत्तरदायी शासनको स्थापना गर्नु र भारतीय स्वतन्त्रता सङ्ग्रामलाई पनि सहयोग गर्नु । तर, डा. रेग्मी र बीपीबीचको विवादका कारण यो पार्टी विभाजित हुनपुग्यो र दुईवटा अलग-अलग समूह बने ।

२००५ साउन १ गते कोलकाताको स्कुल स्ट्रिटमा भएको भेलाको निर्णयअनुरुप ३० दिनपछि ३१ साउनका दिन नेपाल प्रजातन्त्र काङ्ग्रेसको स्थापना भयो । २००५ कै पुस १७ गते टाइगर सिनेमा हलमा भएको बैठकले महेन्द्रविक्रम शाहलाई पार्टीको अध्यक्ष चयन गर्‍यो । र, माघ २ गते गुवाहिटीमा पार्टीको सम्मेलन सम्पन्न भयो ।

नेपाली राष्ट्रिय काङ्ग्रेस (बीपी) र नेपाल प्रजातन्त्र काङ्ग्रेसले २००६ साल चैत १४ गते संयुक्त वक्तव्य जारी गरे र १३ दिनपछि चैत २७ गते बिहान ९ बजे टाइगर सिनेमा हलमा बृहद् सम्मेलनको आयोजना गरे । चौरङ्गीस्थित महावीरशमशेरको उक्त सिनेमा हलमा भएको सम्मेलनमा करिब तीन सयजना प्रतिनिधिहरुले भाग लिए र दुई पार्टीबीच एकीकरण गरी नेपाली काङ्ग्रेसको गठन गरे । नवगठित नेपाली काङ्ग्रेसको सम्मेलनद्वारा पारित राजनीतिक प्रस्तावमा उल्लेख गरियो, 'अब गरिने आन्दोलन कुनै सुधारको मागका लागि नभई नेपालमा जनताको सरकार कायम गराउने उद्देश्यले गरिनेछ । गर कि मरको सिद्धान्तमा अटल रहेर श्री ५ महाराजाधिराजको वैधानिक नायकत्वमा जनताको शासन स्थापित गर्नलाई यस संस्थाद्वारा छिट्टै प्रारम्भ गरिने आन्दोलनमा भाग लिन प्रत्येक नेपालीलाई आह्वान गर्दछौं ।' यसरी नेपाल कम्युनिस्ट पार्टी स्थापना भएको करिब एकवर्ष पछि कोलकातामै नेपाली काङ्ग्रेस बनेको देखिन्छ । ❐

# छ दशकमा देखिएका प्रवृत्ति र शिक्षा

## ❐ वेदुराम भुसाल

'नागरिक स्वतन्त्रता सम्पूर्ण वर्गलाई आवश्यक छ, अतः क्रान्तिकारी नागरिक स्वतन्त्रता समिति बनाऊ !' भन्ने नाराका साथ २००६ वैशाख १० मा विधिवत् रूपले अस्तित्वमा आएको नेपाली कम्युनिस्ट आन्दोलन अब ६१ वर्ष पूरा गरेर ६२ वर्षमा प्रवेश गरेको छ । ६० वर्षको दौरानमा यस आन्दोलनले अनेकौं प्रकारका उतारचढावहरू व्यहोरेको छ, अनेकौं उकालीओरालीहरू पार गरेको छ । यस अवधिमा अनेकौं प्रकारका वैचारिक एवम् व्यावहारिक प्रवृत्तिहरू प्रकट भएका छन् र ती प्रवृत्तिका कारण कहिले सकारात्मक उपलब्धि हासिल भएका छन् भने कहिले नकारात्मक परिणाम पनि हात लागेका छन् ।

छ दशकको इतिहासका पानाहरूलाई दृष्टिगत गरी अति सामान्य निष्कर्ष निकाल्नुपर्दा यस अवधिमा मूलतः तीन प्रकारका प्रवृत्तिहरू प्रकट भएको मान्न सकिन्छ : (१) उग्रवामपन्थी प्रवृत्ति (२) दक्षिणपन्थी प्रवृत्ति र (३) लोकतान्त्रिक क्रान्तिकारी प्रवृत्ति ।

पार्टीको स्थापनाकालमा लोकतान्त्रिक क्रान्तिकारी रुझान वा धार प्रबल रहेको देखिन्छ । यस लेखको सुरुमा उद्धृत नारा समेटिएको पहिलो पर्चा, 'सर्वसाधारण जनताका लागि पूर्ण प्रजातान्त्रिक अधिकारहरू' भन्ने नारासहितको पहिलो घोषणापत्र र ००८ मा सम्पन्न प्रथम सम्मेलनबाट पारित कार्यक्रममा लोकतान्त्रिक क्रान्तिकारी धारको बाहुल्यता देखिन्छ । ०१० सालमा सम्पन्न प्रथम महाधिवेशनबाट पारित कार्यक्रमको प्रवृत्ति केही नरम खालको रहेको र त्यसपछि नेतृत्वमा दक्षिणपन्थ हावी भएको देखिन्छ । दोस्रो सम्मेलन (०१२) मा र दोस्रो महाधिवेशन (०१४) मा नीति निर्णयमा दक्षिणपन्थविरुद्धको लडाइँ सफल भएको तर नेतृत्व निर्माणमा दक्षिणपन्थ नै हाबी भएको देखिन्छ । ०१५ को प्रथम आमचुनावमा भाग लिने कि नलिने भन्ने विवाद भए पनि अन्ततः पार्टी निर्वाचनमा सहभागी हुन्छ र प्रतिनिधिसभाका एक सय ९ मध्ये ४ स्थानमा विजय प्राप्त गर्दछ । ०१७ सालमा राजा महेन्द्रले सैनिक शक्तिको आडमा निर्वाचित संसद् र सरकार विघटन गरी सम्पूर्ण राज्यशक्ति आफ्नो हातमा लिएपछि कम्युनिस्ट आन्दोलनमा ठूलो विवाद उत्पन्न हुन्छ । पार्टीका तत्कालीन प्रमुख नेता केशरजङ्ग रायमाझी र उनको डफ्फाले राजाको कदमलाई समर्थन गरेपछि पार्टीमा एक प्रकारको सङ्कट नै उत्पन्न हुन्छ । तत्काल भारतको दरभङ्गामा बसेको पार्टीको प्लेनमले सङ्कटको समाधान दिन सक्दैन । पार्टीभित्र उत्पन्न विवादलाई टुङ्ग्याएर नयाँ नीति-कार्यक्रमका साथ अगाडि बढ्ने उद्देश्यले आयोजना गरिएको तेस्रो महाधिवेशन (०१९) र त्यसबाट पारित निर्णयहरूले पनि पार्टीमा उत्पन्न समस्याको समाधान गर्न सक्तैनन् । त्यसपछि नेपाली कम्युनिस्ट आन्दोलनमा धेरै किसिमका धारहरू देखापर्छन् । एउटा रायमाझीले नेतृत्व गरेको संसदीय व्यवस्थाका निम्ति सङ्घर्ष गर्ने भन्ने र राजतन्त्रलाई समर्थन गर्ने धार, अर्को तुलसीलाल अमात्यले नेतृत्व गरेको राष्ट्रिय प्रजातन्त्रको कार्यक्रम तथा सार्वभौमसत्तासम्पन्न संसद्का निम्ति सङ्घर्ष गर्नुपर्छ भन्ने कार्यनीति लिएको धार, तेस्रो पुष्पलालले नेतृत्व गरेको नयाँ जनवादी कार्यक्रम र संयुक्त राष्ट्रिय जनआन्दोलनको कार्यनीति लिएको धार, चौथो मोहनविक्रम सिंहले नेतृत्व गरेको देशभक्त र जनतान्त्रिक शक्तिहरूको सरकार निर्माण गर्ने कार्यक्रम लिएको धार । यी मुख्य धारहरूका अतिरिक्त मनमोहन अधिकारीलाई नेता मान्ने र देशभित्रै खुला रूपमा रहेर शान्तिपूर्ण गतिविधि गर्नुपर्दछ भन्ने धारसमेत प्रकट भयो ।

मुलुकको विशिष्ट परिस्थितिमा नेपालको कम्युनिस्ट आन्दोलनमा उल्लिखित धारहरू प्रकट भएका थिए । त्यसका अतिरिक्त स्टालिनको निधनपछि अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा देखापरेको महाविवादले नेपाली कम्युनिस्ट आन्दोलनलाई पनि प्रभावित गर्‍यो । त्यही विवादबाट प्रभावित भएर यहाँ पनि एउटा चिनियाँ कम्युनिस्ट पार्टीको दृष्टिकोणलाई समर्थन गर्ने धार र अर्को रुसी कम्युनिस्ट पार्टीको दृष्टिकोणलाई समर्थन गर्ने धार देखापरे । रायमाझी र तुलसीलाल अमात्यले नेतृत्व गरेका धारले रुसी लाइनको पक्षपोषण गरे भने बाँकी धारहरूमा चिनियाँ लाइनको समर्थन गर्ने प्रवृत्ति देखियो । यी दुई धारका बीचमा चर्को मतभेद रह्यो भने अर्कोतर्फ रुससमर्थक दुई धारका बीचमा पनि र चीनसमर्थक धारहरूका बीचमा पनि चर्का मतभेद एवम् विवादहरू रहन गए । त्यतिमात्रै होइन उल्लेख गरिएका पाँचवटा धारहरूभित्र अनेकौं उपधारहरू प्रकट हुने र उपविभाजनसमेत हुने कार्य बढेर गयो । नेपालको कम्युनिस्ट आन्दोलन २० भन्दा बढी समूहमा विभाजित भयो । यसरी २० को दशक नेपाली कम्युनिस्ट आन्दोलनको इतिहासमा विभाजनको दशक बन्यो ।

माथिका पाँच धारमध्ये रायमाझी धारमा उपविभाजन भई मानन्धर समूह र बर्मा समूहसमेत देखापरे । तुलसीलाल धारबाट कुनै छुट्टै उपसमूह ननिस्के पनि उक्त समूह क्रमशः खिइँदै गयो । पुष्पलाल धारबाट रोहित समूह, मुक्तिमोर्चा समूह, सर्वहारावादी श्रमिक सङ्गठन समूह, गण्डकीको माले समूह, बर्रे सङ्घर्ष समूह आदि उपसमूह प्रकट भए । मोहनविक्रमको धारबाट सन्देश समूह, विद्रोही एकता केन्द्र समूह, चौथो महाधिवेशन समूह, मशाल समूह, विद्रोही मसाल समूह आदि उपसमूहहरू प्रकट भए । मनमोहन धारबाट झापा जिल्ला कमिटी, मोरङ जिल्ला कमिटी र पूर्वको रातो झन्डा आदि उपसमूह प्रकट भए । यो विभाजनको क्रमसँगै नेपाली कम्युनिस्ट आन्दोलनमा उग्रवामपन्थले विधिवत रूपमा प्रवेश गर्‍यो । चीनमा 'सर्वहारा सांस्कृतिक क्रान्ति'को नामबाट चलाइएको अति उग्र एवम् अराजक क्रियाकलाप र भारतमा 'वर्गशत्रु खतम'को नामबाट चलाइएको व्यक्तिहत्याको राजनीतिबाट प्रभावित भएर नेपालमा पनि व्यक्तिहत्याको राजनीति र विभिन्न खालका सशस्त्र गतिविधि हुनथाले । साथै, आन्दोलनमा नयाँखालको पहलकदमीको पनि सुरुआत भयो । नयाँ क्रान्तिकारी पार्टीको निर्माण गर्ने प्रयत्नहरू समेत अगाडि बढ्नथाले । विभिन्न ससाना समूहहरू एकआपसमा एकताबद्ध हुँदै नयाँ समूह निर्माण गरेर अगाडि बढ्नेक्रम सुरु भयो । त्यसैक्रममा भएको नेकपा (माले)को निर्माण र विकास बढी सशक्त हुनपुग्यो । त्यसबाट एउटा नयाँ धारको जन्मसमेत भयो । त्यसले माथि उल्लेख गरिएकामध्ये कैयन उपसमूहहरूलाई एकताबद्ध गराउँदै लाने काम गर्‍यो । त्यस कार्यले गर्दा ०३० र ०४० को दशक नेपाली कम्युनिस्ट आन्दोलनको एकताको दशक भयो भनेर भन्न मिल्ने अवस्थाको सिर्जना भयो । त्यस धारमा विगतका कामको गम्भीर समीक्षा गरेर नयाँ निष्कर्ष निकाल्ने र ती नयाँ निष्कर्षको कार्यान्वयनबाट नयाँ सफलता प्राप्त गर्ने विशिष्ट खालको प्रवृत्ति

देखियो। त्यस प्रवृत्तिले थप प्रगतिका निम्ति बाटो प्रशस्त गरिदियो। माले धार विगतका उग्रवामपन्थी चिन्तन र व्यवहारबाट मुक्त हुँदै सही एवम् सन्तुलित क्रान्तिकारी चिन्तन र व्यवहार अँगालेर अगाडि बढ्यो। यसरी अगाडि बढ्दा एउटा नयाँ शक्तिको विकास भयो। त्यसले पञ्चायती निरङ्कुशतन्त्रका विरुद्ध संयुक्त आन्दोलनमा जाने नीति लिएपछि संयुक्त वाममोर्चा निर्माण गर्ने आधार तयार भयो। वाममोर्चा बनेपछि पञ्चायतविरोधी बुर्जुवा शक्ति (नेपाली काङ्ग्रेस)सँग मिलेर संयुक्त आन्दोलन सञ्चालन गर्न सम्भव भयो। त्यही संयुक्त आन्दोलनले पञ्चायती व्यवस्थालाई उखेलेर फ्याँकिदियो।

०४६ को आन्दोलनको सफलतासँगै नेपालको कम्युनिस्ट आन्दोलनमा फेरि अर्को उग्रवामपन्थी प्रवृत्ति प्रकट भयो। 'साम्राज्यवादी बहुदल' भन्दै बहुदलीय व्यवस्थाको विरोध गर्ने र त्यसका विरुद्ध 'सशस्त्र सङ्घर्ष' सञ्चालन गर्ने सोचका साथ एउटा धार अगाडि बढ्यो। चीनको कम्युनिस्ट पार्टीले त्यहाँ 'सर्वहारा सांस्कृतिक क्रान्ति'को नामबाट भएका क्रियाकलापलाई उग्रवामपन्थी, अराजक र ध्वंसात्मक भनी समीक्षा गरेपछि विभिन्न मुलुकका केही कम्युनिस्ट समूहहरूले त्यस कार्यलाई चीनमा प्रतिक्रान्ति भएको भन्ने ठम्याए। त्यही निष्कर्षमा नेपालको एउटा कम्युनिस्ट समूह तत्कालीन नेकपा (चौम) पनि पुग्यो। उक्त निष्कर्षमा पुगेको त्यस समूहभित्र अनेकौं मतभेदहरू उत्पन्न भए र विभाजनका घटनाहरू पनि भए। त्यही समूहभित्रको विभाजन र त्यसबाट बनेका उपसमूहहरूको एकताबाट नेकपा (माओवादी)को जन्म भयो, जसले अति उग्र एवम् अराजक गतिविधिका साथ व्यक्तिहत्या, लुटपाट र भौतिक संरचनासमेत ध्वंस गर्ने, हिंसात्मक र ध्वंसात्मक क्रियाकलाप चलाउन थाल्यो। करिब १२ वर्षसम्म त्यस किसिमका क्रियाकलाप सञ्चालन गरेपछि उक्त समूह फेरि शान्तिपूर्ण राजनीतिक क्रियाकलाप गर्ने बाटोमा फर्किएको छ।

उल्लिखित प्रवृत्ति नेपाली कम्युनिस्ट आन्दोलनको ६० वर्षमा प्रकट भएका मुख्य विचार एवम् व्यवहारगत प्रवृत्ति हुन्। यी प्रवृत्तिका आधारमा नेपालको कम्युनिस्ट आन्दोलन कसरी विकसित हुँदै आयो भन्ने कुराको आँकलन गर्न सकिन्छ। अति सङ्क्षिप्त रूपमा के भन्न सकिन्छ भने नेपालको कम्युनिस्ट आन्दोलन सुरुमा लोकतान्त्रिक मूल्यमान्यतासहितको कम्युनिस्ट आन्दोलनका रूपमा अगाडि बढ्न खोज्यो। अलि बढी लोकतान्त्रिक हुने नाममा यो आन्दोलन दक्षिणपन्थी धारमा लतारिन पुग्यो। त्यस दक्षिणपन्थका विरुद्धको सङ्घर्ष र प्रतिक्रियावादी दमनका विरुद्धको प्रतिरोध सङ्घर्षका क्रममा यस आन्दोलनको ठूलो हिस्साले उग्रवामपन्थी प्रवृत्ति ग्रहण गर्नपुग्यो। त्यस उग्रवामपन्थी प्रवृत्ति बोक्ने धारभित्रको इमानदार प्रयत्नले आन्दोलनलाई फेरि लोकतान्त्रिक मूल्यमान्यतासहितको एउटा सच्चा क्रान्तिकारी शक्तिका रूपमा स्थापित गऱ्यो। मुलुकमा बहुदलीय पुँजीवादी शासन व्यवस्थाको स्थापनापछि प्रकट भएको उग्रवामपन्थी समूहसमेत व्यवहारबाट अनुभव हासिल गर्दै लोकतान्त्रिक मूल्यमान्यतालाई अँगाल्नेतर्फ अग्रसर भइरहेको छ। यसरी नेपालको कम्युनिस्ट आन्दोलनमा बुर्जुवा शक्तिको सहायक वा सहयोगी शक्तिमात्र बन्न खोज्ने दक्षिणपन्थी प्रवृत्ति तथा अलोकतान्त्रिक, अधिनायकवादी एवम् सर्वसात्तावादी शक्ति बन्न चाहने उग्रवामपन्थी प्रवृत्ति दुवै मूलतः असफल सावित भएका छन्। र, यहाँ लोकतान्त्रिक मूल्यमान्यतासहितको कम्युनिस्ट आन्दोलनमात्रै सफल हुनसक्छ भन्ने मान्यता मूलतः स्थापित भएको छ। बन्दुकको माध्यमबाट, हिंसाको माध्यमबाट, बलको माध्यमबाट सत्ता कब्जा गर्ने वा शक्ति हत्याउने मान्यता मूलतः असफल भएको छ र विचारको माध्यमबाट जनताको मन जितेर जनअभिमतद्वारा राज्यको नेतृत्व लिई त्यसको प्रयोग गरेर समाज परिवर्तन गर्दै जाने मान्यता मूल रूपमा स्थापित र सही सावित भएको छ। यही पछिल्लो मान्यताको भविष्य उज्वल छ भन्ने पनि स्पष्ट भएको छ। यही सही धारबाट यहाँको कम्युनिस्ट आन्दोलनलाई अझ बढी सशक्त बनाउँदै लैजानका निम्ति मिहिनेत गर्नुपर्ने देखिएको छ।

६० वर्षको दौरानमा प्रकट भएका विभिन्नखाले प्रवृत्ति र तिनको सफलता एवम् असफलताको लेखाजोखा गरी सही शिक्षा ग्रहण गर्ने र प्राप्त शिक्षाका आधारमा नयाँ योजना बनाएर अगाडि बढ्ने हो भने नेपालको कम्युनिस्ट आन्दोलन थप सफलताहरू हासिल गर्दै अगाडि बढ्न सक्दछ भन्ने कुरामा द्विविधारहित ढङ्गले विश्वास गर्न सकिन्छ। तदनुरूप अगाडि बढेमा हाम्रो भविष्य सुनिश्चित छ र नेपाली समाजको आमूल परिवर्तन पनि सुनिश्चित छ।

❒

# पार्टीको पुनःनिर्माणमा देखिएका समस्याहरू

❒ अशोककुमार राई

२०६५ साल फागुन ५-१४ मा सम्पन्न आठौं महाधिवेशनले पार्टी निर्माणका सम्बन्धमा हामीलाई मार्गनिर्देश गरेको छ। महाधिवेशनले राजनीतिक कार्यदिशाका साथसाथै त्यसलाई कार्यान्वयनमा लाने सङ्गठनात्मक कार्यदिशा पनि तय गरेको छ। महाधिवेशनले 'हामीले पार्टीलाई वैचारिक, सङ्गठनात्मक र कार्यशैलीका क्षेत्रमा पुनःगठन गर्ने कुरा अघि ल्याइसकेका छौं' (पृष्ठ- २१२) भनेको छ। पार्टीको लोकतान्त्रीकरण गर्ने सिलसिलामा आयोजकहरू पनि निर्वाचित भएर मात्रै प्रतिनिधि बन्न पाउने, निर्वाचन प्रक्रियाबाट नै कमिटी गठन हुने, पदाधिकारी अधिवेशनबाटै निर्वाचित हुने, सबै उमेर समूहका साथै समावेशी आधारमा कमिटीहरू बनाउनुपर्ने आदि धेरै कुराहरूका बारेमा महाधिवेशनले दूरगामी असर पार्ने निर्णयहरू गरेको छ। यसलाई ठीक ढङ्गले बुझेर लागू गरेमा पार्टी सुदृढ, प्रभावशाली र सफल हुँदै जानेछ। गलत ढङ्गले बुझेमा वा गलत ढङ्गले लागू गरेमा पार्टीलाई हानी गर्ने र पार्टी असफल हुँदै जाने अवस्था पनि सिर्जना हुन्छ। तसर्थ, यही पृष्ठभूमिमा बसेर नै पार्टीको चालू सङ्गठनात्मक पुनःगठनलाई हेर्नुपर्ने हुन्छ।

**सङ्गठनात्मक पुनःगठनको थालनी**

आठौं केन्द्रीय कमिटीको दोस्रो बैठकले माथि उल्लिखित महाधिवेशनको मार्गदर्शनलाई कार्यान्वयन गर्न छ महिनाभित्रै सम्पूर्ण जिल्ला कमिटीहरूको अधिवेशन गरिसक्नुपर्ने निर्णय गऱ्यो। त्यसका लागि आवश्यक परेमा आयोजक कमिटी बनाउने वा सङ्गठन कमिटी बनाउनसक्ने व्यवस्थासहितको निर्देशन जारी गरियो। महाधिवेशनको भावनाअनुरूप बहुपदीय ढाँचामा प्रवेश गर्नुपर्ने, पदाधिकारीसहित कमिटी अधिवेशनबाटै निर्वाचित हुनुपर्ने, महाधिवेशनको सन्देश देशभर पुऱ्याउनुपर्ने र पार्टीमा चहलपहल र क्रियाशीलता ल्याउनुपर्नेसमेतका कुरालाई ध्यान दिएर नै यो निर्णय गरिएको थियो।

निर्णय कार्यान्वयन गर्ने सिलसिलामा कयौं जिल्लामा तुरुन्त अधिवेशनहरू आयोजना भए। कैयौंमा आयोजक कमिटी बनाएर मिति तोकियो र केही जिल्लाहरूमा भने विवाद उत्पन्न भई समानान्तर कमिटी बनाउनेसम्मका काम भए। पार्टी निर्णय चित्त नबुझ्दा त्यसका विरुद्ध फरक मतमात्र होइन समानान्तर कमिटीसमेत बनाइएको दुःखद परिदृश्य देखापऱ्यो। पार्टी विभाजन धेरै भए पनि, गुटबन्दीपूर्ण अवस्थाहरू धेरै आए पनि पार्टीभित्रै रहने तर समानान्तर कमिटी चलाउने स्थिति देखापर्नु पार्टीको निम्ति गम्भीर चिन्ताको विषय हो। त्यस्ता जिल्लाहरूमा पार्टीका विरुद्ध नानाथरि गतिविधिहरू भए, जसबाट कार्यकर्ताहरू अन्योलमा पर्ने, निराश हुने र कतिपय पलायनसम्म हुने अवस्था उत्पन्न भयो र देशव्यापी रूपमा पार्टीलाई त्यसको नकारात्मक प्रभाव नै पर्नगयो। तीमध्येका जिल्लाहरूमा अझैसम्म पनि जिल्ला अधिवेशन हुनसकेका छैनन्।

**जिल्ला अधिवेशनहरूको आयोजना**

भौगोलिक जिल्ला कमिटीहरूमध्ये हालसम्म ६४ जिल्लामा अधिवेशनहरू सम्पन्न भइसकेका छन्। विशेष जिल्ला कमिटी र प्रवासका विशेष जिल्ला कमिटीहरूका अधिवेशन पनि सम्पन्न भइसकेका छन्। तिनीहरूका बारेमा सरसर्ती हेर्दा निम्न समस्या देखापर्दछन् :

अधिवेशनको आयोजना गर्नुपूर्व सर्वप्रथम गर्नेपर्ने काम सदस्यता नवीकरण हो। सदस्यताको सङ्ख्या निश्चित नभईकन प्रतिनिधि सङ्ख्या र त्यसको निर्वाचकमण्डल तोक्ने अनुपात छुट्याउनै सकिन्न। अर्थात् प्रतिनिधित्व र उम्मेदवारीको मापदण्ड निर्धारण गर्नै सकिन्न तर यही प्राथमिक महत्वको काम भने अधिकांश जिल्ला कमिटीहरूबाट भएन। महाधिवेशनका बेलामा तयार भएको अभिलेखलाई नवीकरण नै नगरी जिल्ला अधिवेशनहरू आयोजना भए। यसले हाम्रो पार्टीको सदस्यतासम्बन्धी अवस्था र जिल्ला कमिटीहरूको कमिटी सञ्चालनको बुझाइ वा गम्भीरतामा रहेको समस्यालाई प्रदर्शन गर्दछ।

हाम्रो पार्टीमा सदस्यता दिने कुरा कति सतही बन्दै गएको छ भन्ने कुरा आठौं महाधिवेशनको राजनीतिक प्रतिवेदनमा यसप्रकार उल्लेख गरिएको छ, 'पार्टी सदस्यता प्राप्त गर्ने कुरा आफैंमा एउटा गौरवपूर्ण कुरा हुन्छ र हुनुपर्छ। तर, हाम्रो पार्टीमा पार्टी सदस्यता दिने वा लिने कुरा बडो सस्तो बन्दै गएको छ। यो एउटा क्रान्तिकारी पार्टीको सदस्य बन्ने तरिका होइन। यस्तो तरिका खास व्यक्तिले आफ्ना निम्ति मतदाता जम्मा गर्ने तरिका मात्रै हो। पार्टी सदस्यता वितरणमा देखापरेको यो गम्भीर दक्षिणपन्थी विचलन हो। यो विचलनबाट पार्टीलाई मुक्त गर्नुपर्छ।'

सदस्यता वितरण गर्दा गर्नुपर्ने पूर्वतयारीहरूमा ध्यान नदिनु र गलत व्यक्तिलाई गलत ढङ्गले सदस्यता बाँड्नु पार्टीको मूल आधारमा नै प्रहार गर्नु हो भने समय-समयमा नवीकरण नगर्नु भनेको अशुद्धि वा प्रदूषणहरूलाई नकेलाउनु हो। पार्टीको सदस्यता एकपटक जाँच पास गरेपछि दिइने प्रमाणपत्रजस्तो होइन। यो त कम्युनिस्ट बन्ने प्रक्रियामा सामेल हुने कुरा हो जुन प्रक्रिया आजीवन चलिरहन्छ। कम्युनिस्ट बन्नलायक काम गर्न चुकेका वा छाडेका दिन सदस्यता पनि समाप्त हुन्छ। तसर्थ, सदस्यता नवीकरण अधिवेशनका लागि मात्र होइन, पार्टीको स्वस्थ जीवनका लागि पनि नियमित रूपमा चलाउनुपर्ने प्रक्रिया हो। यसपटक त्यस प्रक्रियामा थोरै जिल्लाहरू सुव्यवस्थित रूपमा सामेल भएका छन्। यसको तात्पर्य हो- नवीकरणको महत्व नबुझ्नु, नवीकरण गर्न झन्झट मान्नु र यो नगरे पनि हुन्छ भनी गम्भीर नहुनु। पार्टीमा विद्यमान यो एउटा हानिकारक प्रवृत्ति हो। नवीकरण गरिहाल्दा पनि आफ्ना मनपर्ने, आफ्ना समर्थकको मात्र गर्ने वा प्रत्येक सदस्यलाई महत्व बुझाएर नवीकरण नगराई केवल प्रतिनिधि संख्या थप्न मात्रै नवीकरण गराउने, व्यक्तिलाई पत्तो नदिई वा व्यक्तिको अवस्था के छ भनी पत्तो नै नलगाई कसैले व्यक्तिगत रूपमा वा जिल्ला कमिटीले आफैं पैसा तिरेर सङ्गठन विभागमार्फत अभिलेख कायम गराउने तरिका पनि व्यापक बन्दै गएको छ, यसले पार्टीलाई कमजोर बनाउँछ। सदस्यता कसलाई दिने, किन दिने, कसरी दिने भन्नेबारेमा प्रस्ट नहुनु, सदस्यता पाएकाहरूको सकारात्मक-नकारात्मक

विकासको तथ्य नराख्नु, मूल्याङ्कन नगर्नु, पार्टीमा छ कि छाडिसक्यो थाहा नपाउनु र बरु उल्टै एकमुष्ट रूपमा नवीकरण गर्नु पार्टीलाई समाप्त पार्ने तरिका हो । यस्तो तरिकालाई गम्भीरतापूर्वक सच्याउनु र हटाउनुपर्छ ।

नियमावली तयार भइनसकेको कारण जिल्ला अधिवेशनमा प्रतिनिधि सङ्ख्या, प्रतिनिधिका लागि आवश्यक मानदण्ड, चुन्ने अनुपात सबै कुरा जिल्ला कमिटी वा आयोजकलाई नै अधिकार दिइएकोमा प्रयोग गर्दा प्रत्येक जिल्लामा भिन्न प्रयोग भएको र कतिपयमा गम्भीर विवाद उत्पन्न भई समानान्तर अधिवेशनसम्म हुन गएको अवस्था देखियो । यो अवस्थालाई रोक्नका लागि प्रतिनिधि चुन्ने, चुनिने मानदण्ड र प्रक्रियाका बारेमा पनि नियमावलीमा नै प्रस्ट व्यवस्था हुनु वाञ्छनीय देखिएको छ । प्रयोगको विविधता र त्यसमा उत्पन्न हुने विवादले पार्टीलाई हानी गरेको देखिएको छ । यसपटक सम्पन्न जिल्ला अधिवेशनहरूमा सामान्यतया ठूलो सङ्ख्यामा प्रतिनिधित्व गराइएको छ । ठूलो सहभागितालाई व्यवस्थापन गर्न नसक्दा पनि समस्याहरू देखापरेका छन् । त्यसैले, व्यवस्थापन गर्न लायक संस्था कति हुन् भन्नेतर्फ पनि आगामी दिनमा ध्यान दिनु उपयुक्त हुन्छ ।

सामान्यतया जिल्ला अधिवेशनहरूमा खुला र बन्दसत्र गरी दुई किसिमका कार्यक्रमहरू सञ्चालन गर्ने गरेको पाइन्छ । अझ खुलासत्रमा आमसभा पनि गर्ने चलन बढेको छ । यसो गर्दा शुभकामना मन्तव्य दिनेहरूको लामो नामसूची राख्ने, अझै विविध राजनीतिक दलका तर्फबाट शुभकामना मन्तव्य दिन बोलाउने र तिनले बोल्दा लामो भाषण गर्ने, कतिपय अवस्थामा अरू वक्ताले उनकै खण्डन गर्नुपर्ने र शुभकामना दिनेहरूकै जुहारी चलेर रमाइलो हुने र अक्सर गरी मुख्य अतिथि बोल्ने बेलामा खाली चौरलाई सम्बोधन गर्नुपर्ने स्थिति परम्पराकै रूपमा हुर्किएको छ । यो परम्परालाई सुधार्नु जरुरी छ । कसैले दिएको शुभकामनाका भरमा पार्टी उँभो लाग्नेवाला छैन । मुख्य वक्ताले बोल्नुपर्ने मुख्य कुरै जनताले सुन्न नपाएपछि पार्टीको कुरा जनतामा पुग्न सक्दैन । तसर्थ, विविध पार्टी र जनवर्गीय सङ्गठनलाई शुभकामनाको समय दिएर आमजनताको समय खर्च गराउने परम्परालाई बदल्नु जरुरी छ । खुलासभामा अन्तर्राष्ट्रिय गीत गाउने चलनलाई पनि परिवर्तन गरेर राष्ट्रिय गीत गाउने चलन चलाउनु उपयुक्त हो । अन्तर्राष्ट्रिय गीत बन्दसत्रमा गाउनु युक्तिसङ्गत हुन्छ । हामीले कार्यक्रम र वक्ता व्यवस्थापन गर्ने कलाको विकास गर्नुपर्छ । नेता थुपार्दैमा कार्यक्रमको गरिमा र उपयोगिता बढ्दैन भन्ने बुझ्नुपर्छ ।

**नेतृत्व चयन**

विधान सम्पादन भइनसकेको, सम्पादित विधान अशुद्धियुक्त रहेको, शुद्धीपत्र तयार गर्न ढिला भएको, विधानको टुङ्गो नलागी नियमावली नबन्ने भएकाले विधान र नियमावलीको अभावमा धेरै अप्ठ्यारो भएको आदि यसपटकका जिल्ला अधिवेशनहरूको यथार्थ हो । निर्वाचनकै प्रक्रियाबाट पदाधिकारी र सदस्यहरूको छनोट गर्नुपर्ने तर केन्द्रीय निर्वाचन आयोग र निर्वाचन नियमावली नभएको कामचलाउ रूपमा अधिवेशनले नै निर्वाचन आयोग बनाउनुपर्ने र तत्काल कार्यविधि बनाई काम गर्नुपर्ने अप्ठ्यारो सधैंझैं यसपटक पनि कायमै रह्यो । यसपटक पदाधिकारी र सदस्यहरूमा खुला, भूगोल र समावेशी गरी तीन क्षेत्रबाट छान्नुपर्ने व्यवस्थाले निर्वाचनलाई जटिल र कठिनाइ बनाइदिएको पनि आम अनुभव रहेको छ ।

नेतृत्व चयनमा तीन प्रकारका प्रवृत्तिहरू देखिए । कमिटी सिङ्गै सहमतिपूर्वक निर्वाचित हुने, आंशिक सहमतिद्वारा र आंशिक निर्वाचित हुने र पूरै प्यानल बनाएर सूचीबद्ध रूपमा मत माग्ने । यी तीनैवटा तरिकाबाट नेतृत्व चयन हुँदा उत्पन्न प्रभावहरूको गम्भीरतापूर्वक अध्ययन र समीक्षा गरी आगामी दिनका लागि शिक्षा लिनु जरुरी छ । तर, बुझ्नुपर्ने कुरा के हो भने द्वन्द्ववाद सापेक्षतावाद पनि हो । दुनियाँमा हरेक कुराको अस्तित्व गुण वा दोषको सापेक्षतामा नै निश्चित हुन्छ । लोकतन्त्र पनि देश, काल, परिस्थितिसापेक्ष नै हुन्छ । त्यसैले, निर्वाचनलाई मात्र निरपेक्ष रूपमा लोकतान्त्रिक प्रक्रिया मान्न सकिन्न । निर्वाचन प्रक्रियाको उद्देश्य भनेको सहमति बन्न नसक्दा सर्वमान्य विधिबाट सहमत गराउने हो । असहमतहरूलाई सहमत गराउने निर्वाचन प्रक्रियाको उपयोगिता हो । त्यसलाई गलत ढङ्गले प्रयोग गरियो भने सहमति होइन विवाद र विमति बढाएर विघटनकारी अवस्था पनि उत्पन्न हुनसक्दछ । त्यसैकारण सबैको विश्वासप्राप्त, निष्पक्ष र सक्षम निर्वाचन आयोग पहिलो आवश्यकता हो । पारदर्शी प्रक्रियाको प्रत्याभूति दिनेखालका वैज्ञानिक/नियम-कानुन दोस्रो आवश्यकता हो । पारदर्शी प्रक्रियाको प्रत्याभूति दिने खालकालाई स्वीकार गर्ने तत्परता तेस्रो आवश्यकता हो । प्रतिस्पर्धाको प्रक्रिया स्वस्थ हुने कुराको प्रत्याभूति गर्नु चौथो आवश्यकता हो । कुन तहको चुनावमा सहभागी हुन केकस्तो योग्यता हुनुपर्ने हो भन्ने कुरा पाँचौं आवश्यकता हो । यी कुराहरू नभएर केवल निर्वाचनको कुरा गर्नु निरर्थक हुन्छ । यसपटक निर्वाचनको क्रममा ठाउँठाउँमा गम्भीर अस्वस्थताहरू देखापरेका छन् । विकृत पुँजीवादी तरिका प्रयोग गर्ने, फर्जी मत खसाउने, मतगणनामा धाँधली गर्ने, घिनलाग्दो ढङ्गले आश्वासन दिने तथा लोभलालच गर्ने, अझ अगाडि बढेर रुपियाँ-पैसाको प्रयोग गर्नेजस्ता प्रवृत्तिहरू पनि कतिपय ठाउँमा देखापरेको सुनियो । यो कम्युनिस्ट पार्टी सिध्याउने, यसलाई पुँजीवादी पार्टीमा पतन गराउने कुराको थालनी हो । यसलाई सम्पूर्ण पार्टी सदस्य र नेताहरूले अस्वीकार गर्नुपर्दछ र हुर्किन-बढ्न दिनुहुँदैन । यस्ता अस्वस्थ प्रवृत्तिहरूका कारण कतिपय जिल्लामा निर्वाचन कार्य रोकिएका पनि छन् । त्यसले पार्टीमा निराशा छाएको छ भने समानान्तर कमिटी पनि जन्मिएका छन् । तसर्थ, निर्वाचन प्रक्रियाका सम्बन्धमा पनि पार्टीले गम्भीरतापूर्वक विचार गर्नु र वैज्ञानिक निष्कर्षमा पुग्नु जरुरी छ ।

**निष्कर्ष**

आठौं महाधिवेशनले मार्गदर्शन गरेझैं सङ्गठनात्मक पुनःगठनका साथमा वैचारिक पुनःगठनलाई पनि सँगसँगै लान सकेमात्रै पार्टी सही गन्तव्यतिर जानसक्छ । विचारमा प्रस्ट नभएका वा गलत विचार भएका वा गुटबन्दीले आँखा बन्द

भएका मानिसहरूको जमात कमिटीगत ढाँचामा बस्दैमा पार्टी बन्दैन । हाम्रोजस्तो मुलुकमा विचारधारात्मक रूपले सर्वहारा वर्गीय पार्टी बनाउनुपर्ने हो । अन्यथा, कम्युनिस्ट पार्टी मध्यमवर्ग र निम्न पुँजीपति वर्गको हालीमुहाली चल्ने पार्टीमा रूपान्तरित हुन्छ । पार्टीमा देखिएका अराजकता र गुटबन्दीको वर्गीय स्रोत यही नै हो । यसका विरुद्ध निर्ममतापूर्वक सङ्घर्ष नगरी पार्टी बनाउन सम्भव छैन । हामीले जिल्ला अधिवेशनबाट जिल्ला कमिटीहरू बनायौं, अब यिनीहरूलाई सही विचारले शिक्षित गर्नु, सही तरिकाले क्रियाशील पार्नु र परिचालित गर्नु जरुरी छ । कार्यशैली पनि विचारसँगै सम्बन्धित कुरा हो । सही विचार, सही कार्यशैली सही परिणाम । सिद्धान्त, सङ्गठन र सङ्घर्ष कमरेड पुष्पलालले भन्ने गर्नुभएको तीन 'स'को सूत्रलाई पक्रिएर अगाडि बढ्यौं भने पार्टी सजग, सबल र सफल हुनसक्तछ । ❐

# जिल्ला अधिवेशन जारी

***नेकपा (एमाले) यतिबेला आठौं महाधिवेशनद्वारा पारित विधानअनुरूप जिल्ला-जिल्लामा अधिवेशन आयोजना गरी पार्टीलाई तल्लो तहसम्म बहुपदीय संरचनामा रूपान्तरण गर्न जुटिरहेको छ । यसक्रममा निम्न जिल्ला अधिवेशन सम्पन्न भएका छन्:***

## ललितपुरमा मधुसूदन पौडेल

नेकपा (एमाले), ललितपुरको छैटौं जिल्ला अधिवेशनले मधुसूदन पौडेललाई अध्यक्षमा निर्वाचित गरेको छ । अधिवेशनको २०६६ चैत ७ गते पार्टी अध्यक्ष कमरेड झलनाथ खनालले उद्घाटन गर्नुभएको थियो । सो अवसरमा पोलिटब्युरो सदस्य रघुजी पन्त, केन्द्रीय सदस्य एवम् उपत्यका संयोजक राजेन्द्र श्रेष्ठ, केन्द्रीय सदस्य एवम् ललितपुरका केन्द्रीय प्रतिनिधि सुशीला नेपाललगायतका वक्ताहरूले सम्बोधन गर्नुभएको थियो । २ सय ५० जना प्रतिनिधिहरूको सहभागिता रहेको उक्त अधिवेशन उद्घाटन समारोहअघि बाजागाजा र झाँकीसहितको जुलुस लगनखेल, पुल्चोक, मङ्गलबजार हुँदै पुनः लगनखेलमा पुगेर सभामा परिणत भएको थियो ।

निर्वाचित ४३ सदस्यीय जिल्ला कमिटीमा हरिकृष्ण व्यञ्जनकार उपाध्यक्ष, श्यामकृष्ण सिलवाल सचिव र उत्तम लामा उपसचिव रहनुभएको छ । कमिटीका सदस्यहरूमा मिठाराम केसी, ब्रह्मानन्द श्रेष्ठ, नवराज घिमिरे, गम्भीरकुमार राणा, पुरुषोत्तम आचार्य, गणेश आचार्य, श्रीराम आचार्य, विश्वलाल श्रेष्ठ, केदार केसी, चिरञ्जीवी आचार्य, ज्ञानेन्द्र शाक्य, हरिगोविन्द श्रेष्ठ, रामेश्वर श्रेष्ठ, गोविन्दमान व्यञ्जनकार, स्वयम्भूराज डङ्गोल, दामोदर खड्का, अग्निप्रसाद सापकोटा, दिनेश कार्की, मोहन मलेकु, मधुकर तुलाधर, तारा सञ्जेल, रमा कार्की, विमला दुलाल, सुमुखी श्रेष्ठ, मेदिनी पौडेल, इनु शर्मा, रमा आचार्य, देवकी श्रेष्ठ, बिना बिष्ट, राजेन्द्र थापामगर, राम सिंह, राजेन्द्र श्रेष्ठ, उषा बज्राचार्य, रामबहादुर स्याङ्तान, रणबहादुर दर्लामी, शेरबहादुर तामाङ, कुमाल नेपाली, दीपेन्द्र रस्तेल र मैना अछामी चुनिनुभएको छ ।

## भक्तपुरमा राजेन्द्र राजथला

नेकपा (एमाले), भक्तपुरको छैटौं जिल्ला अधिवेशनले राजेन्द्र राजथलालाई अध्यक्षमा निर्वाचित गरेको छ । अधिवेशनको उद्घाटन २०६६ चैत २१ गते पार्टी अध्यक्ष कमरेड झलनाथ खनालले गर्नुभएको थियो । उक्त अवसरमा पोलिटब्युरो सदस्य एवम् सामान्य प्रशासनमन्त्री रवीन्द्र श्रेष्ठ, उपत्यका समन्वय कमिटीका संयोजक एवम् केन्द्रीय सदस्य राजेन्द्र श्रेष्ठ, पूर्वजिल्लासचिव राजेन्द्र राजथलालगायतले सम्बोधन गर्नुभएको थियो ।

निवर्तमान जिल्ला संयोजक सोम मिश्रको अध्यक्षतामा सम्पन्न उद्घाटनसभामा बालमुकुन्द सुवालले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो भने कार्यक्रमको सञ्चालन कृष्णबहादुर ध्वजूले गर्नुभएको थियो ।

अधिवेशनले ५३ सदस्यीय जिल्ला कमिटीको निर्वाचित गरेको छ । जसको उपाध्यक्षमा रामबहादुर श्रेष्ठ, सचिवमा वचन देउजा र उपसचिवमा हरिशरण लामिछाने निर्वाचित हुनुभएको छ । कमिटीका सदस्यहरूमा शशिजङ्ग थापा, ध्रुवराज बिष्ट, अनिरुद्र न्यौपाने, तारामान जोशी, दामोदर दङ्गाल, शम्भुप्रसाद दाहाल, अनिल श्रेष्ठ, गौरव चौलागाईं, बुद्धिकुमार घोंं, वासुदेव थापा, सरस्वती बाटी, जुना बस्नेत, विमला बस्नेत, शान्ति भट्ट, शारदा थापा, प्रेम लामा, शारदा थापामगर, जयराम थापा, दिनेश न्यौपाने, नहकुलप्रसाद लामिछाने, मन्दरा मिश्र, कृष्णहरि महत, रामबहादुर थापा, हेमराज गौतम, सरिता कुँवर, बाबुरत्न देउला, रञ्जु नापित, मदनसुन्दर श्रेष्ठ, इन्द्रलक्ष्मी श्रेष्ठ, गीता अञ्जान, चित्रबहादुर अछामी, प्रद्युम्न त्रिखाती, दुर्गा मिजार, बालकृष्ण श्रेष्ठ, मदनलाल महर्जन र मोहनवीर श्रेष्ठ निर्वाचित हुनुभएको छ ।

त्यस्तै, वैकल्पिक सदस्यहरूमा रमेश उखा श्रेष्ठ, रजतम उपाध्याय, भगवान खड्का, बद्रीबहादुर थापामगर, दिलिप बस्नेत, दीपेन्द्र थापा, नारायणबहादुर नायभा, विष्णुप्रसाद सुवाल, गोकुल लामिछाने, उर्जा देउला, लक्ष्मी अवाल, सुमित्रा न्यौपाने र लक्ष्मी श्रेष्ठ चयन हुनुभएको छ ।

## सिन्धुलीमा कमलजङ्ग राई

नेकपा (एमाले) सिन्धुलीको पाँचौं जिल्ला अधिवेशनले कमलजङ्ग राई दनुवारको अध्यक्षतामा ५३ सदस्यीय नयाँ नेतृत्व सर्वसम्मतिले चयन गरेको छ। पार्टी अध्यक्ष झलनाथ खनालले २०६६ चैत २६ गते सदरमुकाम सिन्धुलीमाढीमा उद्घाटन गर्नुभएको अधिवेशनले २७ गते नयाँ नेतृत्व चयन गरेको थियो। अधिवेशनको उद्घाटनमा पोलिटब्युरो सदस्य एवम् जनकपुर अञ्चल संयोजक रामचन्द्र झा, केन्द्रीय सदस्य एवम् जनकपुर अञ्चल सहसंयोजक केशव देवकोटा र वैकल्पिक केन्द्रीय सदस्य एवम् सभासद् विषमलाल अधिकारी दनुवारलगायतका वक्ताहरूले बोल्नुभएको थियो।

कमिटीको उपाध्यक्षमा लक्ष्मण कार्की, सचिवमा प्रल्हादकुमार पोखरेल र उपसचिवमा सुकुमाया तामाङ छानिनुभएको छ। जिल्ला कमिटीका सदस्यहरूमा रामप्रसाद भण्डारी, रेखराज अधिकारी, कर्णबहादुर कार्की, धर्मनन्द घिमिरे, कर्णबहादुर आले, टुक्तबहादुर पुलामी, नारायण बराल, शङ्कर बर्मा, कालध्वज घिसिङ, सूर्य पाखिन, गोविन्दलाल माझी, महेन्द्रदेव श्रेष्ठ, धनबहादुर कार्की, अर्जुन प्रधान, रमेश देवकोटा, कुलमणि आचार्य, प्रदीप कटुवाल, खड्ग खत्री, रामकृष्ण श्रेष्ठ, रामप्रसाद गौतम, फाल्गुनी शर्मा, जितबहादुर परियार, जगदीश्वर तोलङ्गे, सन्त परियार, बिन्दा परियार, निरकुमारी चालिसे, रमा शर्मा, मिथिला प्याकुरेल, पदमकुमारी घिमिरे, कमला पोखरेल, तुलामाया कार्की, इच्छाकुमारी विक, छिरिङ लामा, खड्ग बसु, देवप्रसाद अधिकारी, शान्ता पाखिन, बुद्धि श्रेष्ठ र बिलबहादुर बम्जन रहनुभएको छ।

यस्तै, वैकल्पिक सदस्यहरूमा टङ्कविक्रम थापा, छत्रबहादुर दाहाल, हेमबहादुर श्रेष्ठ, टङ्कमाया सुनुवार, भीमबहादुर विक, शिव थापा, पार्वती सुनुवार, रामप्रसाद बराल, केशव फुयाँल, ऋतु कार्की र महेश्वर कार्की हुनुहुन्छ। जिल्ला कमिटीको चैत २८ गते सम्पन्न पहिलो बैठकले निवर्तमान जिल्ला संयोजक गणेशकुमार पहाडीसहित कौशल कोइराला, भोजराज ढुङ्गेल, गोविन्द लुङ्गेली, विनोद खड्का र रामकुमार उप्रेतीलाई सदस्यमा मनोनित गरेको छ।

# मुगुमा गोपालबहादुर बम

नेकपा (एमाले) मुगुको छैटौं जिल्ला अधिवेशनले गोपालबहादुर बम अध्यक्ष रहनुभएको ६७ सदस्यीय नयाँ जिल्ला कमिटी सर्वसम्मतिले चयन गरेको छ। २०६६ चैत २७ गते गमगढीस्थित महाकाली उच्चमाध्यमिक विद्यालयको प्राङ्गणमा पार्टी उपाध्यक्ष अशोककुमार राईले अधिवेशनको उद्घाटन गर्नुभएको थियो। करिब पाँच हजार जनसमुदायको उपस्थितिमा सम्पन्न सो कार्यक्रममा वैकल्पिक केन्द्रीय सदस्य एवम् कर्णाली अञ्चल संयोजक गोरखबहादुर बोगटी, अञ्चल सचिव चन्द्रबहादुर शाही, सभासद् सोनाम छेजुङ लामालगायतले बोल्नुभएको थियो।

जिल्ला कमिटीको उपाध्यक्ष अमरराज शाही, सचिव कालीबहादुर नेपाली र सहसचिव बरुनाथ योगी छानिनुभएको छ। जिल्ला कमिटीका सदस्यहरूमा दर्जबहादुर भाम, धर्मबहादुर शाही, कर्णशीला मल्ल, कृपाराम सावद, जीतबहादुर मल्ल, पूर्णबहादुर रोकाया, डम्बर रावल, बलराम साहनी, हीरा टमटा, जयबहादुर रावत, सोनामछेजुङ लामा, फन्जोक लामा, गुरुछेमाङ लामा, ग्याम्जो लामा, सोनाम लामा, प्रेम लामा, असल सेजुवाल, गोरे ऐडी, बउडे भाम, कृष्णबहादुर मल्ल, भीमचन्द्र हमाल, लालसिंह नेपाली, रङ्गबहादुर मल्ल, श्यामबहादुर शाही, छक्क बिष्ट, दानबहादुर बूढा, तिलकबहादुर शाही, कृष्णबहादुर बोमी, भैरवबहादुर रावल, कुलचन्द्र जैसी, चौला रोकाया, गुरुशरण जैसी, चन्द्र बूढा, राजबहादुर शाही, जङ्ग लावट, ज्ञानसिंह रोकाया, कविता गिरी, दलकृष्ण कार्की, रत्नसिंह बिष्ट, धनसिंह कार्की, विष्णुमाया शाही, तारादेवी मल्ल, कुञ्जोमा कुमाई, सुन्तला रोकाया, पानसिंह नेपाली, रण नेपाली, जसिमल भियाल र लालसिंह नेपाली रहनुभएको छ।

त्यस्तै, वैकल्पिक सदस्यहरूमा सुरेशबहादुर शाही, पारसमणि मल्ल, सर्प बुमी, मञ्जन शाही, लालबहादुर रावत, नरकला भाम, भोगीसरा मल्ल, तारा मल्ल, पदमबहादुर मल्ल, झुमानसिंह कुमाई, सिद्धरी कार्की, कृष्णबहादुर शाही, रत्न बानियाँ र ज्ञानसिंह बुढा रहनुभएको छ। ३ सय ९९ प्रतिनिधिको उपस्थिति रहेको अधिवेशन चैत ३० गते सम्पन्न भएको थियो। अधिवेशनले जिल्ला कमिटीका निवर्तमान संयोजक मोहन बानियाँलाई राष्ट्रिय प्रतिनिधि परिषद्को सदस्य चयन गरेको छ।

# रुकुममा ठगेन्द्रप्रकाश पुरी

नेकपा (एमाले) रुकुमको छैटौं जिल्ला अधिवेशनले ठगेन्द्रप्रकाश पुरीको अध्यक्षतामा ५५ सदस्यीय नयाँ नेतृत्व सर्वसम्मतिले चयन गरेको छ। २०६६ चैत ३१ गते सदरमुकाम मुसीकोटमा पार्टी अध्यक्ष झलनाथ खनालले उद्घाटन गर्नुभएको अधिवेशनलाई पार्टी सचिव युवराज ज्ञवाली, पोलिटब्युरो सदस्य एवं राप्ती अञ्चल संयोजक प्रकाश ज्वाला, वैकल्पिक केन्द्रीय सदस्य गोकुल घर्तीलगायतका वक्ताहरूले सम्बोधन गर्नुभएको थियो।

अधिवेशनले देवी वली उपाध्यक्ष, विमलकुमार पुन सचिव र हरिप्रसाद शर्मालाई उपसचिव चयन गरेको छ। जिल्ला कमिटीका सदस्यहरूमा मोहनलाल खत्री, गोपाल रेउले, पशुपति खड्का, मस्त समाल, भीउमान घर्ती, तीर्था गौतम, दलबहादुर विक, तुलवीर विष्ट, वीरबहादुर राना, तिलकबहादुर मल्ल, दीपाराम उपाध्याय, विद्यापती रिजाल, चन्द्रबहादुर विक, खड्गबहादुर बस्त्राकार, धनबहादुर विक, डबलसिंह विक, कल्याणी खड्का, निर्मला मल्ल, सीता शर्मा, आशा स्वर्णकार, ज्योतिका रोका, हिरा जैसी, यमुनाकुमारी मल्ल, गणेशकुमारी मल्ल, मीना पुन, दलराज घर्तीमगर, मतिराम घर्तीमगर, डम्बरबहादुर पुनमगर, रामबहादुर पुनमगर, हेमराज श्रेष्ठ, विनोद पुन, बसन्त गौतम, मनबहादुर केसी, कलबहादुर खड्का, गणेश केसी, नन्दराम देवकोटा, हेमराज पुन, माधवप्रसाद गौतम, नारायण शाह र सुरजकुमार परियार

हुनुहुन्छ । यस्तै वैकल्पिक सदस्यहरूमा नरेन्द्र साह, लालबहादुर बोहरा, प्रताप खड्का, चन्द्रबहादुर खत्री, यज्ञबहादुर चन्द र धनराज खड्का रहनुभएको छ भने चार स्थान रिक्त राखिएको छ । अधिवेशनको तयारीका क्रममा निवर्तमान जिल्ला संयोजक नन्दलाल शर्मालाई सदरमुकाम र खारा गाउँ कमिटीका अध्यक्ष मोहनविक्रम खड्कालाई सिम्रुतुमा माओवादीले साङ्घातिक आक्रमण गरी घाइते तुल्याएकाले उपचारार्थ काठमाडौंस्थित मोडल अस्पतालमा भर्ना गर्नुपरेको थियो । अधिवेशनले उक्त हमलाको निन्दा गरेको छ । पार्टी जिल्ला प्राङ्गणमा भएको अधिवेशनको बन्दसत्रले क्षेत्र नं. १ बाट खेममान खड्का र क्षेत्र नं. २ बाट शेरबहादुर केसीलाई राष्ट्रिय प्रतिनिधि परिषद्को सदस्यमा निर्वाचित गरेको छ ।

# नयाँ जिम्मेवारी

**केन्द्रीय सल्लाहकार परिषद्**

केन्द्रीय कमिटीको कूल सदस्य संख्याको ५० प्रतिशतमा नबढ्ने गरी केन्द्रीय सल्लाहकार परिषद् गठन गर्ने पार्टी विधानको व्यवस्थाबमोजिम र तेस्रो केन्द्रय कमिटीको म्यान्डेटबमोजिम पार्टी स्थायी कमिटीले ५८ जनाको सल्लाहकार परिषद् गठन गर्ने निर्णय गरेको छ । जसमा एक तिहाई महिला सदस्यातहरू हुनुहुनेछ । हाललाई सल्लाहकार परिषद्मा निम्न कमरेडहरू रहनुहुनेछ :

१. मोदनाथ प्रश्रित, २. सिद्धिलाल सिंह, ३. गोपाल शाक्य, ४. त्रिलोचन ढकाल, ५. केदार न्यौपाने, ६. युवराज कार्की, ७. गोविन्द कोइराला, ८. शान्ता मानवी, ९. घनेन्द्र बस्नेत, १०. देवराज घिमिरे, ११. सुरेश कार्की, १२. हेमराज राई, १३. रणध्वज कन्दङ्वा, १४. भीम आचार्य, १५. पुरुषोत्तम पौडेल, १६. रामजी शर्मा, १७. अगम बान्तवा, १८. महेश चौधरी, १९. केशवलाल श्रेष्ठ, २०. भोजराज जोशी, २१. उमेश उपाध्याय, २२. खड्गबहादुर बूढा, २३. वामदेव शर्मा, २४. विश्वकान्त मैनाली, २५. जीवन घिमिरे, २६. विश्वेश्वरा दाहाल, २७. गोमा देवकोटा, २८. उद्धव पोखरेल, २९. गोपाल थपलिया, ३०. शीतल झा, ३१. गोपाल गुरागाईं, ३२. हर्कमान तामाङ, ३३. हस्तबहादुर पुन, ३४. केशव ज्ञवाली, ३५. माया ज्ञवाली, ३६. रामलाल काफ्ले, ३७. टेकु नेपाली, ३८. प्रेमनारायण पौडेल, ३९. शारदा सुवेदी, ४०. सुशीला श्रेष्ठ, ४१. भीमनिधि घिमिरे, ४२. मनकुमार गौतम, ४३. गणेशदास उलक, ४४. निर्मल सुवेदी, ४५. देवेन्द्र घिमिरे, ४६. बाबुराम गौतम र ४७. लीला श्रेष्ठ सुब्बा ।

**ज्येष्ठ कम्युनिस्ट मञ्च**

१. मोहनचन्द्र अधिकारी, २. गौरीभक्त प्रधान, ३. लक्ष्मीभक्त उपाध्याय, ४. नरबहादुर खाँड, ५. रामचन्द्र अधिकारी, ६. सुब्बा लामा, ७. सोहन चौधरी, ८. देवी बराल, ९. ओजराज भट्टराई, १०. नेत्र गौतम, ११. नवराज जोशी, १२. दीपबहादुर श्रेष्ठ, १३. वीरबहादुर सिंह, १४. विष्णु घिमिरे १५. खिमलाल पोखरेल, १६. उत्तम महत, १७. गोविन्द ज्ञवाली, १८. शालिकराम भण्डारी, १९. मटुकलाल सदा मुसहर, २०. हरि ज्ञवाली, २१. रिपुमर्दन अधिकारी र २२. वसन्त गौचन ।

**केन्द्रीय विभागमा जिम्मेवारी हेरफेर र मनोनयन**

केन्द्रीय कमिटीले पार्टी स्थायी कमिटीको ०६६ असारको निर्णय अनुमोदन गर्नुका साथै जिम्मेवारी हेरफेर र थप सदस्य मनोनयन पनि गरेको छ :

**मोर्चा संयोजन** : अशोककुमार राई प्रमुख, **सङ्गठन विभाग** प्रमुख ईश्वर पोखरेल, **समावेशीकरण तथा सामाजिक सुरक्षा विभाग** प्रमुख उर्मिला अर्याल, **सङ्घीय मामिला तथा संस्कृति विभाग** प्रमुख परशुमेघी गुरुङ । **अर्थ, योजना तथा अनुसन्धान विभाग** सदस्यहरू केशरबहादुर साउद, डा. हीराबहादुर महर्जन, वाईबी थापा, ज्ञानेन्द्र कार्की, डा. चन्द्रमणि अधिकारी, डा. महेश दाहाल, सुरेन्द्रराज भट्टराई, डा. केशव खड्का, डा. प्रभा हमाल, डिल्ली उप्रेती र जुद्धबहादुर गुरुङ । **आर्थिक विभाग** सदस्यहरू वासु गिरी र लक्ष्मीदास मानन्धर । **उद्योग तथा श्रमसम्बन्ध विभाग** सदस्यहरू शिवप्रसाद जैसी र श्यामप्रसाद गिरी । **कानुन तथा निर्वाचन विभाग** प्रमुख अग्नि खरेल तथा सदस्यहरू हरि उप्रेती, इन्द्र खरेल, श्रीमण गौतम, गोविन्द शर्मा 'बन्दी', टीकाराम भट्टराई, सानुराज पोखरेल, मिलन राई, रमेश बडाल, यमुना भट्टराई, निलम पौडेल, गीता मैनाली, शिव रिजाल, वामदेव ज्ञवाली र नारायण देवकोटा । **पार्टी स्कुल विभाग** प्रमुख बेदुराम भुसाल, उपप्रमुख घनश्याम भुसाल तथा सदस्यहरू परशु मेघी गुरुङ, देवी ज्ञवाली, सत्यनारायण मण्डल, अजम्बर राई काङबाङ, डा. बालचन्द्र मिश्र, पुरुषोत्तम न्यौपाने, रामचन्द्र नेपाल, डम्बर खतिवडा र ईश्वरी रिजाल (विश्वकर्मा) । **प्रचार विभाग** प्रमुख प्रदीप ज्ञवाली तथा सदस्यहरू गगन बिष्ट, मीनबहादुर शाही, रेवन्त झा, बी अधिकारी र विष्णु रिजाल । **प्राकृतिक स्रोत व्यवस्थापन विभाग** सदस्यहरू आनन्द पोखरेल र सुनिल राई । **राज्यव्यवस्था विभाग** सदस्यहरू मोहन केसी, खगेन्द्र चुँडाल, राजेन्द्र राई र डा. उपेन्द्र कोइराला । **विदेश विभाग** प्रमुख केपी शर्मा ओली तथा सदस्यहरू विष्णु रिमाल, तुलबहादुर गुरुङ, सुरेश कार्की, दियराज पाण्डे, केशव पाण्डे, सुजिता शाक्य, रवीन्द्र अधिकारी, अजयक्रान्ति शाक्य, युवराज बाँस्कोटा, यादव शर्मा, राजन भट्टराई, नारद वाग्ले, मिलन तुलाधर, हिक्मत कार्की, भेषराज अधिकारी, मेनका पोखरेल र कृष्णचन्द्र शर्मा । **शिक्षा तथा मानवस्रोत विभाग** प्रमुख महेन्द्रबहादुर पाण्डे, सदस्यहरू सुन्दरश्यामभक्त माथेमा, विश्वेश्वरमान श्रेष्ठ, भोला पोखरेल, प्रकाशमान श्रेष्ठ, सत्यनारायण शाह, पुरुषरत्न बज्राचार्य, चैतन्य शर्मा, जगत् उपाध्याय, भोजबहादुर शाह, बाबुराम

अधिकारी, रमाकान्त सापकोटा, इन्दिरा श्रेष्ठ, शर्मिला कार्की, खेम खरेल, कृष्ण ढकाल र बाबुराम थापा । **संविधानसभा-संसदीय विभाग** प्रमुख विष्णु पौडेल, सदस्यहरू प्रदीप ज्ञवाली, रामचन्द्र झा, पृथ्वी सुब्बा गुरुङ, विष्णु रिमाल, छविलाल विश्वकर्मा, अग्नि खरेल, बिन्दा पाण्डे, लालबाबु पण्डित, भीम आचार्य, रामनाथ ढकाल र शान्ता चौधरी । **स्थानीय विकास तथा भौतिक संरचना विभाग** प्रमुख गोकर्ण बिष्ट तथा सदस्यहरू जयन्ती राई, कृष्णप्रसाद सापकोटा, महिन सुब्बा, भीम केसी, कृष्णप्रसाद जैसी, भोजप्रसाद श्रेष्ठ, सुशील ज्ञवाली, शान्त प्रधान, डोरमणि पौडेल, नवराज गेलाल, शङ्कर सुवेदी, परशुराम उपाध्याय, डा. प्रेम शर्मा, हरिकुमार श्रेष्ठ, विदुर मैनाली, टीकाराम रिजाल र त्रिरत्न बज्राचार्य । **स्वास्थ्य, जनसंख्या तथा वातावरण विभाग** प्रमुख कृष्णगोपाल श्रेष्ठ तथा सदस्यहरू डा. गोपाल खनाल, डा. मुकुन्द पन्थी, डा. गुप्तबहादुर श्रेष्ठ, डा. श्याम रेग्मी, डा. गणेशबहादुर गुरुङ, डा. सोनाम उपाध्याय, डा. राजकिशोर शाह, डा. वशिष्टप्रसाद रिजाल, भक्तिमान सुब्बा, अप्सरा पाण्डे, सरला रेग्मी, राधा सिलवाल, लक्ष्मी केसी, लक्ष्मी राई (परियार), तारा पोखरेल, काशीनाथ रिमाल, मेदिनीराज काफ्ले, डा. शोभाकान्त ढकाल, डा. देवान राई, डा. झलक शर्मा गौतम, डा. बुद्धिमान श्रेष्ठ र डा. ईश्वरी रिजाल ।

**भौगोलिक क्षेत्र/फाँटहरू तथा सरोकारवाला संस्थाहरू** : तुलबहादुर गुरुङ, केन्द्रीय प्रतिनिधि- स्याङ्जा, गोकर्ण बिष्ट- विद्यार्थी, अजम्बर राई- युवा ।

**प्रवास क्षेत्र** : अरूण नेपाल- युरोप, श्रीप्रसाद साह- खाडी/मध्यपूर्व साथै दक्षिणी-पूर्वी एसिया (जापान, हङकङ र अस्ट्रेलियासमेत)मा पार्टी काम हेर्ने जिम्मेवारी अनन्त पौडेल र अमेरिका/क्यानडाको जिम्मेवारी डा. भीष्म अधिकारीलाई दिइएको छ ।

*(स्थायी कमिटीको २०६६ असार २६ को निर्णयअनुसार गठित केन्द्रीय सचिवालय, विभिन्न विभाग र तिनका सदस्यहरूको नामावली 'नवयुग' भदौ, २०६६ मा प्रकाशित भइसकेको हुँदा यहाँ पुनः प्रकाशन गरिएको छैन ।- सम्पादक)*

# कोसी अञ्चलमा नयाँ क्षेत्रीय नेतृत्व

*(नेकपा (एमाले)को आठौं राष्ट्रिय महाधिवेशनपश्चात् नयाँ विधानको व्यवस्थाबमोजिम सुरु भएको सङ्गठनात्मक पुनःगठन प्रक्रिया व्यापक रूपमा अघि बढेको छ । केही जिल्लामा बाहेक जिल्ला अधिवेशनहरू प्रायः सम्पन्न भएका छन् भने क्षेत्रीय र गाउँ अधिवेशनहरू पनि धमाधम भइरहेका छन् । पार्टीको नयाँ विधानले क्षेत्रीय समन्वय कमिटीलाई अधिकारसम्पन्न र कार्यकारी बनाएको सन्दर्भमा देशभरि निर्वाचित नयाँ नेतृत्वको भूमिका र जिम्मेवारी अझ गहन बनेको छ । तसर्थ, 'नवयुग'का आगामी अङ्कहरूमा निरन्तरता दिने गरी यसपालि कोसी अञ्चलभरिका क्षेत्रीय समन्वय कमिटीको अधिवेशनले चुनेका नयाँ नेतृत्वको विवरण प्रस्तुत गरिएको छ । -* **सम्पादक**)

## मोरङ

### क्षेत्र नं. १

**राष्ट्रिय प्रतिनिधि परिषद् सदस्यः** बलबहादुर घिसिङ

अध्यक्ष मेघराज कट्टेल, उपाध्यक्ष नरेश श्रेष्ठ, सचिव विश्वनाथ राय, सहसचिव छत्र बराईली र सदस्यहरूमा रमेश धिमाल, तारा अधिकारी, प्रगेन्द्रप्रसाद ढकाल, केशव पोखरेल, तेजबहादुर कार्की, टीकाराम खाती, सीता पौडेल, महानन्द भट्टराई, पोया भण्डारी, गोपाल सुन्दास, चन्द्रकला भण्डारी, प्रेमलाल दास, वेदनिधि पोखरेल, मीना शर्मा, जिमा रन्निमा, सलिम मियाँ, पुण्य दाहाल, सुनिता सुवेदी, ओम यादव, दानबहादुर बुढाथोकी, हर्क राई, विष्णु कँडेल, रुद्रकुमारी पोखरेल, राजेन्द्रप्रसाद राजवंशी, नुर आलम, लजिम उद्दिम मियाँ, दिनेश मण्डल, चन्द्र थेवे, शान्तिराम बराल, शिवनारायण राजवंशी, नन्दलाल राजवंशी, खगेन्द्र भण्डारी, अरवलाल सिंह, जितलाल मण्डल ।

### क्षेत्र नं. २

**राष्ट्रिय प्रतिनिधि परिषद् सदस्यः** रामकुमार बस्नेत

अध्यक्ष पेमप्रसाद दाहाल, उपाध्यक्ष गोपालबहादुर थापा, सचिव भोलाप्रसाद अधिकारी, सहसचिव टेकबहादुर भट्टराई र सदस्यहरूमा यदुनाथ वाग्ले, डम्बर चेम्जोङ, रत्नबहादुर बस्नेत, रमेश दाहाल, कृष्णकुमाारी विक, धनमाया गुरुङ, गोपाल लकान्द्री, कर्ण परियार, सुरेश कार्की, भूपप्रसाद बास्तोला, खडानन्द घिमिरे, सुभाष सापकोटा, गोपालबहादुर कार्की, राजकुमारी इङनाम, सुन्दरसिंह घिसिङ, सियादेवी ठाकुर, खगेन्द्रबहादुर थापा, पदमबहादुर थापा, कपिलमणि ढकाल, देवेन्द्र बनेम, शोभादेवी ग्लान, भद्रमान विक, रामचन्द्र ढकाल, धनबहादुर राई, युवराज कार्की, चन्द्रकला शिवाकोटी, कृष्णप्रसाद श्रेष्ठ, रमेश ढकाल, निस्रादेवी तामाङ र जीवनकुमार राई ।

### क्षेत्र नं. ३

**राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य** : भीम बस्नेत

अध्यक्ष गङ्गा इस्वो, उपाध्यक्ष बच्चुलाल चौधरी, सचिव अजय शर्मा, उपसचिव गोवर्धन मुडियारी र सदस्यहरूमा दिवाकर शर्मा, राजेश बस्नेत, नरबहादुर श्रेष्ठ, टेकबहादुर बिष्ट, पदमकाजी थापा, गङ्गाराम भारती, कुमार आचार्य, हिमलाल पाठक, मोहनलाल माझी, सीता घिमिरे, धर्मराज राई, लुना शर्मा, भूपाल बस्नेत, जेबी थुलुङ, शिव काफ्ले, मनोज विश्वास, देवेन्द्र दहाल, जेबी कोइराला, राधिका कोइराला, धनबहादुर शिवा, बमबिक्रम राई, शङ्कर गुरुङ, अर्जुन राई, गुल्टेन यादव, लक्ष्मी कार्की, सुरेन्द्र भट्टराई, राजन पोखरेल, मनोज धिमाल, ताराहाङ राई, धिरोज श्रेष्ठ, प्रेम कार्की, निर्मला कटुवाल, रखिलाल चौधरी, बलराम घिमिरे र खुसीलाल चौधरी ।

**क्षेत्र नं. ४**

**राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य** : श्याम ताजपुरिया

अध्यक्ष इर्जालाल राजवंशी, उपाध्यक्ष वसनदेव मण्डल, सचिव कृष्णप्रसाद दाहाल, सहसचिव महेन्द्रप्रसाद दास र सदस्यहरूमा अरूणकुमार साह, उपासीदेवी राजवंशी, चम्पादेवी पासवान, पर्वतीदेवी मण्डल, पञ्चलाल मण्डल, विश्वनाथ सिंह, रामवती वहरदार, प्रितिलाल सरदार, नेतादेवी श्रेष्ठ, लालबहादुर श्रेष्ठ, ईन्द्रदेव दास, ओमबहादुर दास, गीतादेवी दास, गङ्गाराम पोखरेल, जगरनाथ साह, पुरुषोत्तम सुवेदी, भरतप्रसाद राजवंशी, सुरेशकुमार कोइराला, चैतन्यदेव दास, तुलसीराम पाठक, बमबहादुर राई, मदन सेढाइँ, मनिराम विश्वास, गायत्रीप्रसाद गौतम, चन्द्रकला साह, टोमबहादुर काफ्ले, नुरजाहाँ बेगम र नुर महम्मद मिया ।

**क्षेत्र नं. ५**

**राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य** : राजेश सुब्बा

अध्यक्ष वीरेन्द्र यादव, उपाध्यक्ष जुवेर आलम, सचिव खड्ग राई, उपसचिव भानु लुइँटेल (महिला), राजन कँडेल, भोला बराल, तीर्थराज घिमिरे, वासुदेव दुलाल, सुरेन्द्र तुलाधर, राजु श्रेष्ठ, बाबुलाल साह, हीराकाजी श्रेष्ठ, काङ्ग्रेस राजवंशी, सरयुगप्रसाद सिंह, गफार अन्सारी, मनान अन्सारी, रामदेव महथा, धर्मेन्द्र राजवंशी, ज्ञानबहादुर राई, राजकुमार विश्वास, बिर्जु खत्वे, मुनेश्वर यादव, मो. मसुद आलम, केदार घिमिरे, किशोर धमला, प्रदीप शाही, खिमी दाहाल, उमा थापामगर, वसन्तीदेवी यादव, शान्ति पुलामी, सुनिता श्रेष्ठ, वन्दना कुर्मी र सीता दाहाल ।

**क्षेत्र नं. ६**

**राष्ट्रिय प्रतिनिधि परिषद् सदस्यः** जीवन घिमिरे

अध्यक्ष सोमप्रसाद पौडेल, उपाध्यक्ष मुक्तिनारायण राजवंशी, सचिव दामोदर तिवारी, उपसचिव उमेश विक र सदस्यहरूमा नारायण माझी, रोसन बञ्जारा, कृष्णकुमार माझी, कमल कार्की, ठमिलाल सरदार, रोहित रेग्मी, राजेश श्रेष्ठ, विनोदकुमार राउत, टङ्कप्रसाद पोखरेल, देशबन्धु ढकाल, माधव वाग्ले, केपी नेउपाने, कौशिल्या बञ्जारा, भारती तिम्सिना, सविता थापा, जनुका ओझा, शीला दीक्षित कार्की, लक्ष्मी केसी, सरिता भट्टराई, लक्ष्मी राई, भगवती ढुङ्गेल, जिमर मुडियारी, राम ठाकुर, राजकिशोर चौधरी, रियज्जुद्दिन मियाँ, भीम नेपाली, जोगेन्द्र साह, गोपाल गौतम, इन्द्र निरौला, दिनकर मण्डल, शिवनारायण यादव, गोपीनाथ ज्ञवाली, किशोर आचार्य, योगेशराज भण्डारी, कमलप्रसाद गौतम, पशुपति लुइँटेल, तोयानाथ घिमिरे, प्रयाग नेउपाने, खेमराज तिम्सिना, राजकुमार देव, विनोद कामत, शिव आचार्य र खेमप्रसाद आचार्य ।

**क्षेत्र नं. ७**

**राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य** : गणेश केसी

अध्यक्ष राजन केसी, उपाध्यक्ष बैजु विश्वास, सचिव मकर बुढाथोकी, उपसचिव पर्मिला राउत र सदस्यहरूमा मीनकुमार आचार्य, राधा अधिकारी, भानु कोइराला, गोविन्द पोखरेल, जयकुमार श्रेष्ठ, सुनिल खतिवडा, किशोर भट्टराई, प्रेम गुरुङ, चण्डी रेग्मी, कृष्ण कार्की, निरबहादुर थापा, उदय मण्डल, सत्यनारायण सरदार, कुलप्रसाद रेग्मी, मनोजविक्रम शाही, लीलादेवी रिजाल, तुलसी बिष्ट, रेणु केसी, अरूणा थापामगर, मेनुका दाहाल, शारदा पौडेल, इन्दिरा बराल, सूर्यनारायण भगत, श्यामसुन्दर कामत, भीम अधिकारी, षडानन्द रिजाल, मनोज भगत, विक्रम मगराती, कौशल खान, कमल चौधरी, रामनारायण राई र ध्यानचन्द चौधरी ।

**क्षेत्र नं. ८**

**राष्ट्रिय प्रतिनिधि परिषद् सदस्यः** चन्द्रबहादुर गुरुङ

अध्यक्ष राजकुमार ओझा, उपाध्यक्ष जीवन राई, सचिव कविराज घिमिरे, सहसचिव देवकुमार नेपाल र सदस्यहरूमा तुलसीजङ्ग कार्की, राजेन्द्र कार्की, वीरबहादुर खनाल, गणेशप्रसाद गुरागाईं, पुण्यप्रसाद ढकाल, नन्दकुमार सुवेदी, पुण्यलाल चौधरी, हरिबहादुर बस्नेत, राजेन्द्र सिराल, बबुराम आचार्य, ज्ञानेन्द्र ओझा, देवी सिटौला, लालबहादुर कार्की, लीलाकान्त घिमिरे, चन्द्रमाया राई, तिलक राई, खेमराज राई, उमेश उप्रेती, चन्द्रमणि गुरागाईं, सन्तोष बान्तवा, चन्द्रमणि भट्टराई, इन्द्रप्रसाद भट्टराई, पुष्पा तामाङ, विन्ध्या श्रेष्ठ, राजकिशोरसिंह खवास, पूर्णप्रसाद ढकाल, सावित्रा अधिकारी, विष्णु भट्टराई, दुर्गा पोखरेल, विष्णु गुरागाईं, जयलाल चौधरी, रामनारायण चौधरी, राजकुमार राई, कयेस मियाँ, दोर्ण शिवा, तारा शाक्य र रामबहादुर राई ।

**क्षेत्र नं. ९**

**राष्ट्रिय प्रतिनिधि परिषद् सदस्यः** डिल्ली शर्मा अधिकारी

अध्यक्ष उपेन्द्र घिमिरे, उपाध्यक्ष अग्निप्रसाद भट्टराई, सचिव दिपेश राई, उपसचिव पुष्प ढकाल र सदस्यहरूमा सर्सु गुरुङ, कृष्ण प्रधान, गङ्गाप्रसाद बास्तोला, यज्ञप्रसाद दाहाल, घनश्याम भण्डारी, रामबहादुर खड्का, अमर धिमाल, लक्ष्मीनारायण धिमाल, शान्ता थापा, शेरमान तामाङ, भगीरथ अर्याल, हरिप्रसाद धिमाल, नरेन्द्रराज घिमिरे, खगेन्द्रराज भण्डारी, यमनाथ निरौला, नरेन्द्र ढुङगेल, कमलप्रसाद बोहरा, इमनाथ पोखरेल, कृष्णप्रसाद लुइँटेल, जयसागर राई, नरेश आचार्य, कृष्णमाया राई, हेमबहादुर ठकुरी, बन्धु निरौला, लालबहादुर नेपाली, गङ्गाराम दर्जी, हरिमाया विक, रुद्र तामाङ, मनबहादुर मगर, नरेन्द्र लिङ्देन, अर्जुन श्रेष्ठ, मिलन किराती, रेनुका प्याकुरेल, शोभा खड्का, खिन्द्र राई, कौशिल्या लिम्बू र सिर्जना शर्मा ।

**सुनसरी**

**क्षेत्र नं. १**

**राष्ट्रिय प्रतिनिधि परिषद् सदस्यः** मनोजकुमार मेयाङ्वो

अध्यक्ष इन्द्रबहादुर राई, उपाध्यक्ष तीर्थ मास्के, सचिव इन्द्रदीप पोखरेल, उपसचिव नरेशकुमार इवराम र सदस्यहरूमा रेवतरमण राई, रामबहादुर बिष्ट, भुवनराज मोक्तान, जयन्त गौतम, दिलकुमार लिम्बू, विजय डाँगी, कृष्णप्रसाद सुवेदी, विद्या पोखरेल, गीता सुवेदी, दुर्गामाया लिम्बू, मैया तामाङ, इन्द्रकुमारी राई, निर्मला राई, गीता पाखिन, विपिन सुब्बा, मानभगत चाम्लिङ, हस्त गुरुङ, तोया नेउपाने, पूर्णप्रसाद राई, गङ्गा धमला, नेत्रप्रसाद काफ्ले, विनोद विक, लहरू जिमी, केशरसिंह महरा, कृष्ण परियार, पूर्णबहादुर लिम्बू, अवइन्द्र निरौला, अशोक केसी, कौशिल्या राई, किशोर सुब्बा, मुकुल कायस्थ, हर्कबहादुर कटुवाल र धनबहादुर बिष्ट ।

**क्षेत्र नं. २**

**राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य सदस्य** : सर्वध्वज साँवा

अध्यक्ष लोकनाथ भट्टराई, उपाध्यक्ष बन्नुलाल चौधरी, , सचिव लेकेन्द्र सञ्जेल, सहसचिव गायत्री लम्साल र सदस्यहरूमा रामप्रसाद भट्टराई (क), श्रीप्रसाद नेपाल, धनप्रसाद सुवेदी, रामप्रसाद भट्टराई (ख), ठमनाथ लम्साल, रामकुमारी विक, खेमनाथ काफ्ले, गणेश खत्री, दुखीलाल चौधरी, लेखनाथ भट्टराई, उमेश पौडेल, जितेन्द्र बस्नेत, महेश सुवेदी, चुमुकनारायण चौधरी, दलेन्द्र खड्का, रामसेवक चौधरी, जुगतनारायण चौधरी, अनन्तराम चौधरी, रमेशप्रसाद चौधरी, थिरबहादुर गुरुङ, देवराज गुरागाईं, रुद्रप्रसाद उप्रेती, गणेशप्रसाद बुढाथोकी, प्रकाश निरौला, गोमादेवी सिंह, इन्दिरा ढकाल, सिर्जना नेपाली, छेदनी चौधरी, दुर्गा नेपाल, धर्मराज रणपहेली, जहादी सरदार, विनोदकुमार झा, सचेन्द्र साह, मणिप्रसाद राई र हरिशङ्कर चौधरी ।

**क्षेत्र नं. ३**

**राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य** : बालेश्वर चौधरी

अध्यक्ष शिवहरि घिमिरे, उपाध्यक्ष तैयब मियाँ, सचिव खड्गनारायण उराव, सहसचिव गोपाल कटुवाल र सदस्यहरूमा उमेश अधिकारी, बुद्धिमान उराव, प्रकाश चौधरी, रमेशबाबु थापा, भक्त विक, फूलचन्द चौधरी, गोविन्द नेपाल, महेन्द्र बुढाथोकी, सन्त थपलिया, भरतनारायण थारू, जगत भट्टराई, महम्मद इब्राहिम, सावित्री खातुन, मनकुमारी चौधरी, नन्दा सिंह, असर्फी चौधरी, हरिचन्द चौधरी, कैलु चौधरी, हर्नु ऋषिदेव, गिरिधरप्रसाद चौधरी, ज्ञानचन चौधरी, तिलकराम चौधरी, राजकुमार साह, भूपाल विक, नवराज बास्तोला, अविद मियाँ र सजनलाल चौधरी ।

**क्षेत्र नं. ४**

**राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य** : खेमराज पोखरेल

अध्यक्ष हरिनारायण चौधरी, उपाध्यक्ष ताहिर अन्सारी, सचिव विदुर सुवेदी, सहसचिव वीरेन्द्र यादव र सदस्यहरूमा सुमित्रा महैता, विष्णुदेवी चौधरी, सतियादेवी खत्वे, शान्ता पोखरेल, राजकुमार परियार, दानालाल सरदार, बाबुराम ओझा, गोपाल निरौला, मनोजकुमार मण्डल, नारायण आचार्य, शम्भुप्रसाद यादव, हरिनारायण मण्डल, ब्रह्मदेव लौगी, भूपेन्द्र घिमिरे, ऊताउल अन्सारी, दिनेश कोइराला, किसन साह, चन्द्रदेव सरदार, कुसेश्वर राम, सुल्तान मियाँ, विश्वेश्वर साह, शिवशङ्कर मेहता, महेश्वरी यादव, महादेव मेहता, सरिलाल चौधरी, भेषराज पोखरेल, केशव सुवेदी, घुरन चौधरी, राजेन्द्रकुमार भट्टराई, जमुना पाखरेल, इन्दिरा पराजुली र कालिका तिम्सिना ।

**क्षेत्र नं. ५**

**राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य** : किरण कार्की

अध्यक्ष साधुलाल यादव, उपाध्यक्ष नसिम अन्सारी, सचिव रामकुमार प्रसाईं, सहसचिव रामखेलौन साह र सदस्यहरूमा राजेन्द्रप्रसाद यादव, दाउद अन्सारी, सत्यनारायण मेहता, विनोद मेहता, गोपाल यादव, जलाल अन्सारी, शिवनन्दन यादव, रामाधीश अधिकारी, रामशरण यादव, कमलेश्वर खेरवार, हरिप्रसाद आचार्य, कमलेश्वरीप्रसाद यादव, कामेश्वर कोडघिया, युनुस मियाँ, पार्वतीदेवी उराव, लक्ष्मी नेपाल, लालवती राम, बाबुनन्दन मण्डल, बुद्धिलाल उराव, शुकदेव सदा, समसुल अन्सारी, वसिर अन्सारी, तरानन्द मटियक, जयकृष्ण पाठक, रामानन्द सदा, अजाद कुसियत, रामनारायण यादव र शोभालाल मण्डल ।

**क्षेत्र नं. ६**

**राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य** : विष्णुप्रसाद भट्टराई

अध्यक्ष लक्ष्मण चौधरी, उपाध्यक्ष पोषराज भट्टराई, सचिव युवराज बस्नेत, उपसचिव भेषराज कार्की र सदस्यहरूमा प्रेम राई, होमप्रसाद गौतम, केशव नेउपाने, गुरूप्रसाद दाहाल, होमकुमारी श्रेष्ठ, अम्मरबहादुर दर्जी, टङ्क काफ्ले, नरेन्द्र कटुवाल, हरि श्रेष्ठ, सरोज अन्सारी, बीएल चौधरी, रामनारायण चौधरी, पूर्णलाल चौधरी, विष्णु अधिकारी, कमला थापा, मीना कार्की, ज्ञानबहादुर कटुवाल, हरिबहादुर पौडेल, बबिता भट्टराई, सोमनी सदा र हर्कबहादुर श्रेष्ठ ।

**संखुवासभा**

**क्षेत्र नं. १**

**राष्ट्रिय प्रतिनिधि परिषद् सदस्यः** मुरारीप्रसाद खतिवडा

अध्यक्ष जितबहादुर घिमिरे, उपाध्यक्ष दुर्गाकिरण राई, सचिव वाङदावी भोटे, सहसचिव लेखनाथ बुढाथोकी र सदस्यहरूमा ईश्वर श्रेष्ठ, दिव्यराज श्रेष्ठ, भोला निरौला, पुष्पलाल कालाखेती, दिलबहादुर राई (ख), अमृतबहादुर राई, गणेशकुमार तामाङ, भक्तबहादुर गुरुङ, ताम्रिङ भोटे, नरभूपाल राई, हेमकुमार तामाङ, पेक्मा भोटे, रमेश श्रेष्ठ, विनोद सुब्बा गुरुङ, लक्ष्मी घिमिरे, सीता घिमिरे, सुमना विक र प्रेमकुमार दर्नाल ।

**क्षेत्र नं. २**

**राष्ट्रिय प्रतिनिधि परिषद् सदस्यः** तुलसीप्रसाद न्यौपाने

अध्यक्ष कृणकुमार तामाङ, उपाध्यक्ष सुमना श्रेष्ठ, सचिव भीमप्रसाद भट्टराई, सहसचिव छत्रबहादुर नेउपाने र सदस्यहरूमा ललबहादुर खड्का, कृष्णबहादुर कँडेल, रामचन्द्र पौडेल, दिनेश खाती, सुनिता दाहाल, धनकुमार तामाङ, गोविन्दमान तामाङ, अमृका शेर्पा, केशरबहादुर तामाङ, केशव श्रेष्ठ, चित्रकुमारी श्रेष्ठ, टङ्कप्रसाद भट्टराई, तुलसी जिमी, दुर्गाबहादुर श्रेष्ठ, निमा शेर्पा, फौदसिंह नेउपाने, वीरबहादुर लिम्बू, मदनबहादुर खत्री, रत्नबहादुर खड्का, ललितबहादुर कटुवाल, शङ्करप्रसाद खनाल, श्यामबहादुर पौडेल, सेमन्त अधिकारी, सिंहबहादुर लिम्बू, सुनिता गुरुङ र हरिबहादुर खवास ।

**भोजपुर**

**क्षेत्र नं. १**

**राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य** : सुरेन्द्र उदास

अध्यक्ष देवीराम चम्लागाईं, उपाध्यक्ष शान्तिबहादुर अधिकारी, सचिव किशोर किरात, सहसचिव अम्बर भुजेल र सदस्यहरूमा दौलतकुमार राई, अनिता राई, कुमार कटुवाल, टेकनाथ गौतम, सीता आचार्य, गीता राई, भेषकुमार तामाङ, इन्दिरा घले, भोगेन्द्र उदास, मानबहादुर शङ्कर, सुनिल राई, प्रसन्नकुमार राई, गोपाल दर्जी, हरिप्रसाद प्रधान, तारा प्रधान, कृष्णकला राई, कुलबहादुर घले, जितेन्द्र थापा, धनप्रसाद ओझा, यादवकुमार पाण्डे, रामजी राई र पदमप्रसाद घिमिरे ।

**क्षेत्र नं. २**

**राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य** : प्रेमकुमार राई

अध्यक्ष दिव्यध्वज राई, उपाध्यक्ष चन्द्रमा राई, सचिव नरायण निरौला, सहसचिव केशरबहादुर राई र सदस्यहरूमा नारद राई, गणेशबहादुर खत्री, शुक्रदेव राई, प्रेमबहादुर राई, बलराम राई, गर्जमान राई, चन्द्र थापा, लालहीरा राई, भरत ताम्रकार, राजबहादुर राई, विनोद राई, अम्बर राई, सूर्यबहादुर राई, भीमलाल तामाङ, बिन्दा मगराती, बिर्खबहादुर विक, दीपा राई, कल्पना मगर, लक्ष्मी राई, रविन शिवा र थिरबहादुर विक ।

**धनकुटा**

**क्षेत्र नं. १**

**राष्ट्रिय प्रतिनिधि परिषद् सदस्यः** टीकाराम चेम्जोङ

अध्यक्ष रूपलाल राई, उपाध्यक्ष रामबहादुर श्रेष्ठ, सचिव खजिन्द्र राई, सहसचिव टेकप्रसाद भण्डारी र सदस्यहरूमा अमितल्हो तमाङ, गङ्गाप्रसाद नेउपाने, तीर्थ गदाल, हरि बास्तोला, मइनराज राई, विनय राई, नरेन्द्र पोखरेल, गौरी अत्रीभुजेत, नारायण घिमिरे, नरेन्द्र ब्लोन, छत्रकुमारी राई, भुवनबहादुर लिम्बू, मुना राई, हरि राई, कमला कोइराला, भरत गिरी, खड्गबहादुर लिम्बू, छलमाया राई, कर्णबहादुर पुलामी, कुलमान राई, सरु रानामगर, झलकमान राई, मनोज राई, सूर्य दवाडी र राजेन्द्र रुचाल ।

**क्षेत्र नं. २**

**राष्ट्रिय प्रतिनिधि परिषद् सदस्यः** चन्द्रबहादुर बस्नेत

अध्यक्ष रुद्र तुम्बा, उपाध्यक्ष नरेन्द्र स्यङ्बो, सचिव शेरबहादर लिम्बू, सहसचिव गणेश थापा र सदस्यहरूमा ठगेन्द्र तामाङ, भोजबहादुर विक, रमादेवी पौडेल, दधिराम तिम्सिना, गोविन्द खत्री, राजेन्द्र राई, विष्णुबहादुर भुजेल, रामबहादुर खड्का, कोमल सुवेदी, भुपालसिंह थापा, चन्द्र चोङवाङ, रुक्मिला भण्डारी, शिवकुमार श्रेष्ठ, शानबहादुर राई, पदम मिजाली, कृष्ण भट्टराई, कृष्णकुमार श्रेष्ठ, कुलबहादुर सुन्दास, खगेन्द्र श्रीपाली, दुर्गाबहादुर थापा, डोलमाया खपाङ्गी, दलबहादुर तोलाङ्गी, इन्द्रबहादुर बस्नेत, शेरबहादुर थापा, तिलक चापागाईं, अम्बिका खड्का, पूर्णबहादुर गुरुङ, लोकबहादुर राई, देवप्रसाद दाहाल, कृष्ण भण्डारी, मञ्जु अधिकारी र देवीमाया बस्नेत । ❒

# राष्ट्रिय जनसांस्कृतिक मञ्च, नेपाल महासङ्घ भएपछि

❒ **विजय सुब्बा**

तत्कालीन नेकपा (माले)ले २०४४ साल पुस १९ गते काठमाडौंमा राष्ट्रिय जनसांस्कृतिक मञ्च, नेपाल (राजसामञ्च, नेपाल)को स्थापना गरेको थियो । त्यसबेला कुनै पनि राजनीतिक दलहरूले समग्र स्रष्टाहरूलाई समेटेर यस क्षेत्रमा पार्टी कामको निर्माण र विस्तारका लागि जनसङ्गठन निर्माण गरेको थिएन । नेकपा (माले)ले त्यसअघि तत्कालीन अवस्थामा सङ्गीतकर्मीहरूमाझ सङ्कल्प परिवार निर्माण गरेको थियो भने ०३५/३६ को राष्ट्रव्यापी आन्दोलनपछि प्रगतिशील लेखक कलाकार सङ्घ नामक वामपन्थी विचार बोकेका लेखक र कलाकारहरूको संयुक्त मोर्चामा बसेर काम गरिरहेको थियो ।

राष्ट्रिय जनसांस्कृतिक मञ्च, नेपालको स्थापनाभन्दा दुई दिनअघि मात्र प्रगतिशील लेखक-कलाकार सङ्घको राष्ट्रिय सम्मेलन नेपाल कानुन क्याम्पस, काठमाडौंमा सम्पन्न भएको थियो । र, त्यसैबखत देशभरिबाट काठमाडौंमा आएका नेकपा (माले) समर्थक लेखक-कलाकारहरूलाई गोप्यताका कारण सीमित संख्यामा जुटाएर ताहाचल क्याम्पसमा त्यस मञ्चको केन्द्रीय तदर्थ समिति गठन गरिएको थियो । त्यस समितिमा रहनुभएका संस्थापक केन्द्रीय नेतृत्व यसप्रकार थियो :

मोदनाथ प्रश्रित अध्यक्ष, रघुजी पन्त उपाध्यक्ष र सदस्यहरू- जेबी टुहुरे, रामचन्द्र भट्टराई, रामप्रसाद प्रदीप, प्रचण्डबहादुर बुढाथोकी, रविलाल अधिकारी, विजय सुब्बा, विष्णु प्रभात, नारायण ढकाल, त्रिरत्न शाक्य, श्यामलाल दिवाकर, मोहन श्रेष्ठ र रेख ब्लोन ।

स्थापनाकालमा नै राष्ट्रिय जनसांस्कृतिक मञ्च, नेपालले साहित्य, कला र संस्कृतिका विभिन्न क्षेत्रमा काम गर्ने सबै स्रष्टामाझ आफूलाई विस्तार गर्ने उद्देश्य र कार्यक्रमहरू राखेको थियो । सामन्तवाद र साम्राज्यवादका विरुद्ध जुझ्दै नयाँ जनवादी संस्कृति निर्माणको मूल उद्देश्य बोकेको सो सङ्गठनले आफ्नो कामलाई देशव्यापी रूपमा फैलाउन सफल भएको थियो । ०४४ सालको पुस १७ मा सम्पन्न प्रगतिशी लेखक-कलाकार सङ्घ (प्रलेक सङ्घ)ले राष्ट्रिय सम्मेलनबाट कलाकार पंक्तिलाई छुट्याएर आफूलाई प्रगतिशील लेखक सङ्घ (प्रलेस) मात्र बनायो । त्यसप्रति कलाकारहरूले व्यापक विरोध पनि गरे । परिणामतः कलाकारहरूको संयुक्त मोर्चा आजसम्म बनेको छैन । यसरी लेखकहरूको छुट्टै सङ्गठन बनेपछि पार्टीसमर्थक लेखकहरू प्रलेसमा नै रहे भने कलाकारहरूलाई राजसामञ्च, नेपालले प्राथमिकताका साथ परिचालन गर्दै आयो । आफ्नो विधानमा सिर्जनाका विविध विधा र क्षेत्रमा काम गर्ने देखिए पनि राजसामञ्चले कलाकार (सङ्गीतकर्मी)हरूलाई मात्र परिचालन गरिरह्यो ।

०४६ सालको परिवर्तनपछि पार्टी खुला भयो । पार्टीमा व्यापक जनताको पङ्क्ति आबद्ध हुनथाल्यो । त्यससँगै राजसामञ्च, नेपालले पनि आफ्नो सङ्गठनभित्र आबद्ध हुन चाहने सङ्गीतकर्मीहरूको ठूलो समूह प्राप्त गऱ्यो । ०४७ को प्रथम राष्ट्रिय सम्मेलनदेखि चौथो राष्ट्रिय सम्मेलनसम्म मञ्चले विविध विधामा छुट्टाछुट्टै सङ्गठन निर्माण गर्नेबारेमा सोचेन । चौथो केन्द्रीय समितिले त्यसबारेमा सामान्य चर्चासम्म गर्न थालेको थियो तर त्यसलाई मूर्त रूप दिनेतर्फ ध्यान दिएन । मञ्चको पाँचौं राष्ट्रिय सम्मेलनले महासङ्घमा जाने कामको थालनी गरेको थियो । हाल कायम रहेका विभिन्न सातवटा घटक सङ्गठनहरूको आधार निर्माण गर्नका लागि निम्नानुसार सातजना विधागत उपाध्यक्षहरूको व्यवस्था गरिएको थियो ।

रामकृष्ण दुवाल- सङ्गीत, अमर गिरी- साहित्य, शान्तकुमार राई- ललितकला, रमेशरञ्जन झा- नाट्य, श्याम सापकोटा- चलचित्र, गोपाल ठाकुर- भाषा तथा लोकसाहित्य र भिक्टर प्रधान- सामाजिक-सांस्कृतिक अध्ययन ।

यसरी विविध विधागत काम सुरु गरिएको थियो । त्यसैको जगमा उभिएर मञ्चको ०६५ पुस १९-२२ मा सम्पन्न छैटौं राष्ट्रिय सम्मेलनले आफ्नो नाम परिवर्तन गरी राष्ट्रिय जनसांस्कृतिक महासङ्घ, नेपाल (राजसामहासङ्घ, नेपाल) बनायो । सोही सम्मेलनले आबद्ध सङ्गठनहरूको नाम जनसङ्गीत मञ्च, नेपाल, जनसाहित्यक मञ्च, नेपाल, जननाट्य मञ्च, नेपाल, नेपाल ललितकला मञ्च, सामाजिक-सांस्कृतिक अध्ययन मञ्च, नेपाल, भाषा तथा लोकसाहित्य मञ्च, नेपाल र जनपक्षीय चलचित्रकर्मी सङ्घ नेपाल राखेको थियो । र, विभिन्न समयमा विधागत भेला गरी यी सङ्गठनका केन्द्रीय तदर्थ समितिहरू निर्माण गरिएको थियो ।

यसरी औपचारिक रूपमा नेकपा (एमाले)को एउटा जनसङ्गठन राष्ट्रिय जनसांस्कृतिक मञ्च, नेपाल राष्ट्रिय जनसांस्कृतिक महासङ्घ, नेपालका रूपमा परिणत भई महासङ्घ भएको थियो ।

महासङ्घको निर्णयानुसार भर्खरै ०६६ चैत २१ देखि २७ सम्म घटक सङ्गठनहरूको सप्ताहव्यापी प्रथम राष्ट्रिय सम्मेलन सम्पन्न गरिएको छ । जनपक्षीय चलचित्रकर्मी सङ्घ, नेपालको राष्ट्रिय सम्मेलन पहिले नै सम्पन्न भइसकेकाले चैत २१ गते त्यसबाहेकका ६ वटै सङ्गठनहरूको प्रथम राष्ट्रिय सम्मेलन एकैपटक संयुक्त रूपमा उद्घाटन गरिएको थियो । त्यसपछि २२ देखि २७ गतेसम्म क्रमशः जनसङ्गीत मञ्च, सामाजिक-सांस्कृतिक अध्ययन मञ्च, नेपाल ललितकला मञ्च, जननाट्य मञ्च, भाषा तथा लोकसाहित्य मञ्च र जनसाहित्यिक मञ्च, नेपालका बन्दसत्रहरू सम्पन्न गरिएका छन् । भाषा तथा लोकसाहित्य मञ्च र जनसाहित्यिक मञ्चका बन्दसत्रमा कार्यपत्रहरू पनि प्रस्तुत भई छलफलमा ल्याइएको थियो । जनसङ्गीत मञ्च र जनसाहित्यिक मञ्चको बन्दसत्रलाई प्रशिक्षणमूलक बनाइएको थियो ।

महासङ्घमा आबद्ध सङ्गठनहरूको प्रथम राष्ट्रिय सम्मेलनले निम्नानुसारका केन्द्रीय नेतृत्व निर्माण गरेको छ :

**१. जनसङ्गीत मञ्च, नेपाल (प्रथम केन्द्रीय समिति)**

उदय श्रेष्ठ अध्यक्ष, उद्योग राई उपाध्यक्ष, नारायण जर्घा महासचिव, अशोक राई सचिव, पर्वत श्रेष्ठ कोषाध्यक्ष र सदस्यहरूमा हरिकृष्ण श्रेष्ठ, बेलबहादुर परियार, मानबहादुर नेपाली, हरि थापा (किरण थापा), मोहन विश्वकर्मा, दीपकिशोर लिङ्गदम, दानबहादुर शाही, माधव बिष्ट, प्रकाश रसाइली, जसराज राई, सैलेन्द्र खतिवडा, कालुराम जिरेल, अमला थापामगर, प्रदीप थापा, राजेन्द्र हमाल, सन्तकुमार विश्वकर्मा, पुष्पा शाही, हीरा बोहरा, कृष्ण भण्डारी, माधवप्रसाद घर्ती, सूर्यप्रसाद पाण्डे, सावित्रा विश्वकर्मा, शुभचन्द्र सुवेदी, गगनबहादुर सिंह, हरिप्रसाद भुसाल, नारायण परियार, रत्ना प्रधान, सोछा यादव, बिन्देश्वर सहनी, जीवन परियार, भरत नेपाली, सुनिता परियार, अमृत खाती, सरिता विश्वकर्मा, अञ्जु आचले, माया थापा, गीता थापा, वन्दना मैनाली, सारदा थापा, शुभमाया कपाली, सानु पहाडी, बन्दना दुलाल, सिर्जना खनाल, दीपा राई, राजेन्द्र कार्की, रोहित सुवेदी, भीमबहादुर थापा, जीतेन्द्र चौधरी, बुद्ध लामा र चन्दु गोर्खाली ।

**२. सामाजिक-सांस्कृतिक अध्ययन मञ्च, नेपाल (प्रथम केन्द्रीय समिति)**

भिक्टर प्रधान अध्यक्ष, डा. गितु गिरी उपाध्यक्ष, धनबहादुर कुँवर सचिव, राममणि ढुङ्गेल कोषाध्यक्ष र सदस्यहरूमा डा. अर्जुन बराल, महेश भट्ट, माधव खनाल, बुद्धिराम शर्मा, ईश्वर खत्री, रामराजा रिजाल, बेलबहादुर सुनार, सरोज कोइराला, सुनकुमारी गुरुङ, रामप्रसाद ज्ञवाली, डा. बालचन्द्र मिश्र, केशव खड्का, देवी भट्टराई, सूर्यशरण रेग्मी, लक्ष्मी बस्याल, डा. शिवमाया तुम्बाहाम्फे, थुमा पौडेल, जीवन खरेल, शालिकराम सिग्देल र सुमन्त घिमिरे ।

**३. नेपाल ललितकला अध्ययन मञ्च, नेपाल (प्रथम केन्द्रीय समिति)**

शान्तकुमार राई अध्यक्ष, नरेशसुन्दर सैंजू उपाध्यक्ष (वरिष्ठ), जीवनाथ पोखरेल उपाध्यक्ष (पूर्वाञ्चल), बुद्धि गुरुङ उपाध्यक्ष (गण्डकी), गणेशकुमार जिसी उपाध्यक्ष (धवलागिरि), यामबहादुर थापा उपाध्यक्ष (लुम्बिनी), जीवन राजोपाध्याय महासचिव, लालकाजी लामा सचिव, सुषमा राजभण्डारी कोषाध्यक्ष र सदस्यहरूमा सुरेन्द्र प्रधान, सूर्यबहादुर बस्नेत, जुपिटर प्रधान, सनत पहाडी, महेन्द्र राई, शान्त राहडी मगर, विपना महर्जन, मञ्जु साउला, अर्जुन न्यौपाने, मनबहादुर गुरुङ, इशान परियार, सूर्य बराइली, प्रकाश पौडेल, राजन काफ्ले, भुवन थापा, आदम खड्का, दीपेन्द्रमान बनेपाली, भावना गोल्डी, सुष्मा जोशी र रत्नकाजी शाक्य ।

**४. जननाट्य मञ्च, नेपाल (प्रथम केन्द्रीय समिति)**

विष्णुभक्त फुयाँल अध्यक्ष, कृष्णभक्त महर्जन उपाध्यक्ष, बैकुण्ठ भण्डारी महासचिव, जेबी घले मगर सचिव, अनिता ताम्राकार कोषाध्यक्ष र सदस्यहरूमा केशव रिमाल, इन्द्रबहादुर शाही ठकुरी, मीना देवकोटा, थुसुङ्ग घिसिङ, रामनाथ खनाल, चूडामणि पौडेल, महेश गिरी, सुमागी हुमागाईं, कविता ठोकर, महेन्द्र थापामगर, बबिता खनाल शर्मा, नियाच अहमत खान, नरेन्द्रकुमार ओली, उर्मिला घर्ती, लोकेन्द्र लेखक, दीपक चौधरी, प्रकाश पौडेल, विष्णु ढुङ्गाना, सुदर्शन बजगाईं, जानुका खड्का ।

**५. भाषा तथा लोकसाहित्य मञ्च, नेपाल (प्रथम केन्द्रीय समिति)**

गोपाल ठाकुर अध्यक्ष, पारस भण्डारी उपाध्यक्ष, दावा शेर्पा महासचिव, भीम गौतम सचिव, सुलोचना सापकोटा कोषाध्यक्ष र सदस्यहरूमा डा. दानबहादुर रेग्मी, कृष्णप्रसाद पराजुली, कर्ण खतिवडा, गगनदेव महतो, वली सुब्बा, राधिका गुरागाईं, रचना पौडेल, धर्मराज अधिकारी, अमर खड्का, दीपेन्द्र खत्री, राजेन्द्र तामाङ, दुर्गाप्रसाद दाहाल, सूर्यप्रसाद जमरकट्टेल, बलराम लामिछाने, विश्वराज खतिवडा, नुतन राई र कृष्णप्रसाद न्याउपाने ।

**६. जनसाहित्यिक मञ्च, नेपाल प्रथम केन्द्रीय समिति**

डा. जीवेन्द्रदेव गिरी अध्यक्ष, डा. बद्रीविशाल पोखरेल, पद्मप्रसाद शर्मा, बुँद राना, सुलोचना मानन्धर र कमला पराजुली उपाध्यक्ष, रमेश पोखरेल महासचिव, गायत्री बिष्ट सचिव, गोपालकुमार मैनाली कोषाध्यक्ष र सदस्यहरू तीला लेकाली, यशोदा अधिकारी, राजेश्वरी श्रेष्ठ, सरु आस्था, कविता पौडेल, विष्णुप्रभा उपाध्याय, जयन्ती स्पन्दन, ललिजन रावल, राजेन्द्र पौडेल, नकुल सिलवाल, टङ्क उप्रेती, रमेश उप्रेती, कसुम ज्ञवाली, श्याम रिमाल, भक्त कार्की, होम बास्तोला, भागवत आचार्य, गण्डकीपुत्र, उपेन्द्र सहनी, नवराज रिजाल, राजेन्द्र सङ्ग्रौला, तेजप्रसाद भण्डारी, जनार्दन बराल, उद्धव सापकोटा, डा. यादवप्रकाश लामिछाने, लक्ष्मण राई, डा. भोलानाथ पोखरेल, देवविक्रम राई, अमला

अधिकारी, जगन्नाथ आचार्य, किसानप्रेमी, नारायण परिश्रमी, भुवन देवकोटा, डिल्लीराज भट्टा, षडानन्द पौडेल, राजबहादुर खत्री, केदारप्रसाद आचार्य, प्रकाश सिलवाल, अच्युत पराजुली, पुष्करराज भट्ट, थानेश्वर लामिछाने, पद्मप्रसाद उपाध्याय, छविलाल सुवेदी, अब्दुल लतिफ सौँक, आरएम डङ्गोल र मुकुन्द प्रयास ।

उपर्युक्त आबद्ध सङ्गठनहरूका केही तदर्थ समितिहरू निर्माण हुनुअघि जिम्मामा रहनुभएका रामकृष्ण दुवाल, अमर गिरी र रमेशरञ्जन झालाई बिदा दिई क्रमशः उदय श्रेष्ठ, डा. जीवेन्द्रदेव गिरी र विष्णुभक्त फुयाँललाई जिम्मेवारीमा ल्याइएको थियो । जनपक्षीय चलचित्रकर्मी सङ्घ, नेपालको स्थापनाकालमा अध्यक्ष श्याम सापकोटा, त्यसपछि केपी पाठक र देशभक्त खनाल रहनुभएको थियो । सङ्घको दोस्रो राष्ट्रिय सम्मेलन (साधारणसभा)ले देशभक्त खनाललाई अध्यक्ष निर्वाचित गरेको छ । जसको वर्तमान केन्द्रीय समिति निम्नानुसार रहेको छ :

**जनपक्षीय चलचित्रकर्मी सङ्घ, नेपाल (दोस्रो केन्द्रीय समिति)**

देशभक्त खनाल अध्यक्ष, कविता आले उपाध्यक्ष, सपन घिमिरे महासचिव, प्रल्हाद पाण्डे सचिव, शुभेच्छा थापा कोषाध्यक्ष र सदस्यहरू राजन राई, सुदर्शन श्रेष्ठ, नीलहरि काफ्ले, प्रकाश भट्टराई, राजेन्द्र ढकाल र सविता अधिकारी ।

महासङ्घको आफ्नै वार्षिक कार्ययोजनाअनुसार निरन्तर रूपमा सङ्गठन निर्माण र विस्तारमा लागिरहेको यो सङ्गठन नेकपा (एमाले)को घोषित जनसङ्गठनका रूपमा स्थापित र सक्रिय छ । प्रचार-प्रसारमा आउनुभन्दा पनि जनवादी संस्कृतिको निर्माणमा अहोरात्र संलग्न यो सङ्गठन कामलाई महत्व दिन्छ र काममार्फत नै नेपाली जनतासमक्ष आफूलाई स्थापित गर्दै आएको छ । प्रथम राष्ट्रिय सम्मेलनमार्फत विधागत सङ्गठनहरूका काम भर्खर मात्र सुरु भएका कारण सधैं एकैपटक राष्ट्रिय सम्मेलनको दिन उपस्थित हुने स्रष्टाहरूको जमात यसपालि सातदिनमा फरक-फरक दिन उपस्थित हुनुपर्दा सम्मेलन स्थलमा विशेष रौनक नदेखिनुपर्थ्यो । तर, त्यसो भएन । ती सङ्गठनहरूका केहीलाई छाडेर सबै सङ्गठनका बन्दसत्रहरू भव्य रूपमा सम्पन्न भएका छन्/थिए । काम विस्तार भएका जिल्लाबाहेकका जिल्लाहरूबाट पनि सम्मेलनमा प्रतिनिधित्व भयो । विगतमा ६५ जिल्लाभन्दा माथि जिल्ला समितिहरू भएको यो सङ्गठन अब आफ्ना विधागत सङ्गठनहरूलाई देशैभरि निर्माण गर्ने अभियानमा लागेको छ । अबको एक वर्षभित्र यस महासङ्घले अत्यन्त प्रतिकूल र विकट जिल्लाबाहेक सम्पूर्ण जिल्लाहरूमा आफ्ना कुनै न कुनै आबद्ध सङ्गठनहरूलाई स्थापित गरिसकेको हुनेछ । अत्यन्त बौद्धिक, लगनशील, इमानदार र अनुभवी स्रष्टाहरूको नेतृत्व समूह र नेपालकै अग्रपंक्तिमा रहेका साहित्य, कला र संस्कृतिका अग्रज नेताहरू आनन्ददेव भट्ट, गोविन्द भट्ट, प्रा. राजेन्द्र सुवेदी तथा मोदनाथ प्रश्रितको अविभावकत्वमा यो महासङ्घ अविरल रूपमा नयाँ जनवादी संस्कृति निर्माणका लागि अघि बढिरहेको छ ।

नेपाल प्रज्ञाप्रतिष्ठानका वर्तमान उपकुलपति गङ्गाप्रसाद उप्रेती, प्राज्ञहरू बुँद राना, प्रा.डा. महादेव अवस्थी र सुलोचना मानन्धर यही महासङ्घका सल्लाहकार र नेताहरू हुनुहुन्छ भने पूर्वइन्चार्जहरू रघुजी पन्त र प्रदीप ज्ञवालीले सल्लाहकारका रूपमा रहेर महासङ्घलाई राजनीतिक दिशानिर्देश गरिरहनुभएको छ ।

पार्टीद्वारा सञ्चालित विभिन्न स्थानीय तथा राष्ट्रिय अभियानहरूमा जोडिएर यस महासङ्घले आफ्नो सांस्कृतिक अभियान चलाउँदै आएको छ । देशैभरि हरेक निर्वाचन र राजनीतिक कार्यक्रमहरूमा गीत, सङ्गीत र साहित्य प्रस्तुत गरिरहेका स्रष्टाहरू यही महासङ्घका कार्यकर्ताहरू हुन्, जुनसुकै पार्टी कमिटीमा रहेका पार्टी सदस्यहरू पार्टीका कार्यकर्ता हुन् भनेजस्तै । त्यसैले यसको साङ्गठनिक बल र जताततै रहेको उपस्थितिलाई व्यवस्थित गरेर पार्टी, क्रान्ति, देश र जनताको हितका निम्ति उपयोग गर्नुपर्ने ठूलो चुनौती महासङ्घको नेतृत्वसामु रहेको छ । ❒

# अर्थतन्त्रका चुनौती र अविलम्ब खोज्नुपर्ने समाधान

**❒ भरतमोहन अधिकारी**

विगत केही समयदेखिका आर्थिक सूचकहरूले अर्थतन्त्रमा गम्भीर प्रकृतिका समस्याहरू उत्पन्न भई नेपाली अर्थतन्त्र सङ्कटोन्मुख दिशामा घचेटिन थालेको छ । आर्थिक समस्याको अध्ययन गरी सुझाव दिन अर्थ मन्त्रालयले अन्तर्राष्ट्रिय मुद्राकोषलाई अनुरोधपत्र पठाएको थियो । अन्तर्राष्ट्रिय मुद्राकोषले अध्ययन गरी आफ्नो रायसुझाव पत्रकार सम्मलेन गरी सार्वजनिक गरेको छ । समस्याको विश्लेषण गरी सुझाव दिन नेपाल सरकारले २०६६ पुस ९ गते राष्ट्रिय योजना आयोगका तत्कालीन उपाध्यक्षको अध्यक्षतामा आर्थिक गतिविधि अनुगमन तथा सुझाव समितिको

गठन गऱ्यो । त्यस समितिले पनि आफ्नो पहिलो प्रतिवेदन नेपाल सरकारसमक्ष पेस गरिसकेको छ । ०६६ माघ ९ गते नेकपा (एमाले) आर्थिक विभागका तर्फबाट हामीले एक बृहद् अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेका थियौं । समस्या समाधानका लागि सरकारले केही कदम चालिसकेको छ । यद्यपि, समस्याको चुरोसम्म पुगेर त्यसअनुरूप मध्यकालीन र दीर्घकालीन उपाय अवलम्बन गर्न बाँकी नै छ । सबै अल्पकालीन उपायहरू पनि अझै कार्यान्वयनमा आउनसकेका छैनन् ।

विश्वव्यापी आर्थिक मन्दीमा समेत नेपालका दुई छिमेकी मुलुक चीन र भारतले उच्च आर्थिक वृद्धिदर हासिल गरिरहेका छन् । सन् ००९ मा चीनको आर्थिक वृद्धिदर ९.५ प्रतिशत र भारतको आर्थिक वृद्धिदर ८ प्रतिशत रहेको छ । तर, विगत लामो समयदेखि नेपालको आर्थिक वृद्धिदर दुई/तीन प्रतिशतमै सीमित रहेको छ । चालू आर्थिक बजेटमा मुलुकको आर्थिक वृद्धिदर ५.५ प्रतिशत हासिल गर्ने लक्ष्य राखिएको भए पनि यथार्थ वृद्धिदर ३ प्रतिशत रहने अन्तर्राष्ट्रिय मुद्राकोषको अनुमान छ । सरकारी तथ्याङ्क र आँकडामा गरिबी घटेर २५ प्रतिशत उल्लेख हुनथालेको छ । तर, वास्तविक जीवन र भोगाइमा गरिबी घटेको अनुभूति हुनसकेको छैन । गरिबीको मारले सामूहिक आत्महत्या गर्नुपरेका घटनासमेत सार्वजनिक भएका छन् । धनी-गरिब, गाउँ-सहर, पूर्व-पश्चिमबीच आर्थिक असमानताको खाडल झन्झन् बढ्दै गइरहेको छ । कुल जनसंख्याको झण्डै ८५ प्रतिशत जनता ग्रामीण क्षेत्रमा बसोबास गर्छन् । कुल घरपरिवारमध्ये ८० प्रतिशत घरपरिवारको मुख्य पेसा कृषि रहेको र कुल श्रमशक्तिमध्ये दुई तिहाइ श्रमशक्ति कृषि क्षेत्रमा संलग्न छ । तर, कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान एक तिहाइभन्दा कम छ । खेती लगाउने, गोडमेल गर्ने र भण्डारण गर्ने बेलाबाहेक कृषि क्षेत्रमा कुनै काम छैन । कर्णालीलगायत नेपालका कतिपय जिल्लामा भोकमरी र खाद्यसङ्कट छ । मंसिर-पुसमै पर्साका धान कुट्ने मिलहरूले भारतबाट धान खरिद गरी कुटाउनुपर्ने अवस्था सिर्जना भएको छ । हाम्रो कृषिक्षेत्रको उत्पादन र उत्पादकत्व दक्षिण एसियामै सबैभन्दा न्यून छ । वास्तवमा नेपालको कृषि राणाकालको अवस्थाभन्दा अझ खस्कन पुगेको छ । औद्योगिक उत्पादन पञ्चायतकालभन्दा अझ बिग्रेको छ । विगत दुई दशकअघि चिनी, साबुन, बिस्कुट, सिमेन्ट, साबुनलगायत केही सीमित औद्योगिक उत्पादनमा हामी झण्डैझण्डै आत्मनिर्भर थियौं । अब त्यो स्थिति पनि रहेन । मुलुकमा भएका धेरैजसो साना तथा घरेलु उद्योग समाप्तजस्तै भइसकेका छन् । विगतमा स्थापित मझौला र ठूला उद्योगसमेत बन्द भएका छन् । विगत एक दशकको अवधिमा मात्र सङ्गठित क्षेत्रमा स्थापित छ सयभन्दा बढी उद्योग बन्द भए । यसबाट दुई लाख कामदारले रोजगारी गुमाए । बेरोजगारी गम्भीर समस्या बन्नपुगेको छ । मुलुकमा रोजगारीका अवसरको अभावमा २० लाखभन्दा बढी युवाशक्ति कामका लागि विदेशिएका छन् । सरकारी खर्चको अधिकांश भाग अनुत्पादक क्षेत्रमा खर्च हुने गरेको छ । मुलुकको वास्तविक धरातललाई ध्यान नदिई अतिसंरक्षण र अतिउदारवादी आर्थिक नीतिले समस्या समाधानमा मद्दत गर्नुको साटो थप जटिलता सिर्जना गरेको यथार्थलाई नकार्न सकिन्न । उपरोक्त विविध कारणहरूले गर्दा नेपाली अर्थतन्त्र सङ्कुचनमा परेको छ । आर्थिक सङ्कुचन नै वर्तमान आर्थिक समस्याको मुल जड हो । अर्थतन्त्रमा देखिएका विद्यमान समस्याहरू यही मूल रोगका बाह्य लक्षण मात्र हुन् ।

अन्तर्राष्ट्रिय मुद्राकोषले नेपालको समग्र आर्थिक परिदृश्य चुनौतीपूर्ण रहेको जनाएको छ । योजना आयोगका उपाध्यक्षको अध्यक्षता गठित समितिले आफ्नो प्रथम प्रतिवेदनमा मुलुकका आर्थिक समस्याहरू थप जटिल हुँदै गएको र वित्तीय प्रणालीका कमीकमजोरी तथा बाह्य क्षेत्रमा देखापरेका असन्तुलनले आर्थिक सङ्कट निम्त्याउनसक्ने खतरा रहेको उल्लेख छ । एकदुई महिना शोधनान्तर घाटामा जानु ठूलो कुरा नभए पनि सात महिनाभन्दा बढी समयसम्मको लगातार घाटा चिन्ताको विषय हो । चालू आर्थिक वर्षको पहिलो सात महिनासम्म नेपालको समग्र शोधनान्तर स्थिति २१ अर्ब ८३ करोड रुपियाँ पुगेको छ । ०६६ माघ मसान्तमा कुल विदेशी विनिमय सञ्चिति ०६६ असारमसान्तको तलुनामा १३ प्रतिशतले घटेर २ सय ४२ अर्ब रूपैयाँमा झरेको छ । विदेशी विनिमयको विद्यमान सञ्चितिले केवल साढे छ महिनाको वस्तु आयात र सात महिनाको वस्तु तथा सेवा आयातलाई धान्नसक्ने अवस्था छ । निर्यात व्यापार अघिल्लो वर्षको तुलनामा १० प्रतिशतले घटेर ३५ अर्बमा सीमित रहेको छ भने आयात ४२ प्रतिशतले वृद्धि भई २ सय २२ अर्ब पुगेको छ । घट्दो निर्यात र उच्च आयात वृद्धिका कारण व्यापार घाटा ६० प्रतिशतले बढेर १ सय ८६ अर्ब नाघेको छ । प्रतिकूल मौसमका कारण यस वर्ष मुख्य बाली धानको उत्पादन ११ प्रतिशत र मकैको उत्पादन ४ प्रतिशतले घट्ने अनुमान छ । उर्जासङ्कट, मजदुर व्यवस्थापन विवाद, औद्योगिक क्षेत्रमा सुरक्षाको कमी र बन्द-हड्ताल आदिका कारण लगानीमैत्री वातावरण नहुँदा गैरकृषि क्षेत्रको उत्पादनसमेत सन्तोषजनक छैन । आन्तरिक उत्पादनमा आएको कमीले आयात घट्नसक्ने अवस्था देखिँदैन । गतवर्ष ६५.३ प्रतिशतको उल्लेखनीय वृद्धिको तुलनामा रेमिट्यान्स यस वर्षको पहिलो छ महिनामा १३ प्रतिशतले मात्र वृद्धि भएको छ । विगतमा जुन दरले रेमिट्यान्स बढ्दै आयो, त्यो अब सम्भव देखिँदैन । रेमिट्यान्स आप्रवाहको वृद्धिदर १० प्रतिशतको हाराहारीमा सीमित रहने अन्तर्राष्ट्रिय मुद्राकोषले जनाएको छ । आन्तरिक अर्थतन्त्र सङ्कुचनमा गइरहेको छ । आजसम्म रेमिट्यान्सले

आयात धान्दै आएको छ । तर, अब उच्चदरमा बढ्दो आयातलाई रेमिट्यान्सले धान्नसक्ने अवस्था छैन । विदेश भ्रमण, शिक्षा, विदेशस्थित दूतावासलगायतका खर्च धान्न ठूलो मात्रामा रकमको खाँचो पर्दछ । यी सबै कारणहरूले गर्दा आगामी दिनमा शोधनान्तर अवस्था अझ प्रतिकूल हुनसक्ने देखिन्छ । अर्थतन्त्र सङ्कुचन हुँदै जानु, रेमिट्यान्समा निर्भरता बढ्दै जानु र नेपाली अर्थतन्त्र परजीवी हुँदै जानु चिन्ताको विषय हो ।

सरकारी राजस्व ३४ प्रतिशतको उच्चदरले वृद्धि भएको छ । तर, सरकारको साधारण खर्च बेपत्ताले बढ्दै गएको छ भने विकास खर्च ज्यादै न्यून छ । सरकारी खर्चको ७० प्रतिशतभन्दा बढी अंश साधारण तथा अनुत्पादक क्षेत्रमा खर्च हुने गरेको छ । पुँजीगत खर्चको अंश एक तिहाइभन्दा कम छ । चालू आर्थिक वर्षको प्रथम छ महिनामा चालू खर्च ६१ अर्ब रूपैयाँ नाघेको छ । पुँजीगत खर्च १५ अर्ब पनि हुन सकेको छैन । विकास खर्च नहुँदा जनताले विकासको अनुभूति त गर्न पाएनन नै, त्यसले समग्र अर्थतन्त्रमा नकारात्मक प्रभाव पारिरहेको छ । गत वर्ष नै १३.२ प्रतिशतले बढेको मूल्यवृद्धि यस वर्षको पहिलो सात महिनामा १२ प्रतिशतले बढेको छ । यसबाट मूल्यवृद्धि आकासिँदै गएको छ । औसतमा मूल्यवृद्धि दुई अङ्कमा देखिएको भए पनि अधिकांश दैनिक खाद्यपदार्थको मूल्यवृद्धि उच्च छ । महँगीले सर्वसाधारण जनताको जीवनस्तर ज्यादै कष्टकर बनेको छ । तरलता मापक मानिने अन्तरबैङ्क ब्याजदर साउनसम्म १.४१ प्रतिशत रहेकोमा हाल १३ प्रतिशतसम्म पुगेको छ । राष्ट्रबैङ्कले तरलता प्रवाह बढाउन विभिन्न प्रयास गरिरहेको छ । घरजग्गा कर्जा नियन्त्रण गर्ने कदम चालिएको छ । तरलता समस्या अल्पकालीन भन्ने गरिए पनि लामो अवधिसम्म यसको समाधान हुनसकेको छैन । यसले उत्पादनशील क्षेत्रको लगानीमा समेत प्रतिकूल प्रभाव परिरहेको छ ।

नेपाल विश्वको एक गरिब, विपन्न र पछौटे मुलुक बन्नपुगेको छ । आर्थिक-सामाजिक विकासमा हामी दक्षिण एसियामा सबैभन्दा पछाडि परेका छौं । आर्थिक विकासका दृष्टिले विश्वका विकसित मुलुकहरूको तुलनामा शताब्दियौं र छिमेकी मुलुकहरूको तुलनामा हामी दशकौं पछि परेका छौं । प्रतिव्यक्ति आयलाई हेर्दा सन् १९६० मा श्रीलङ्का, १९७० मा पाकिस्तान, १९८० मा भारत र भुटान जुन अवस्थामा थिए, हामी अहिले पनि त्यही स्थानमा छौं । न्यून आर्थिक वृद्धि, बढ्दो गरिबी, बेरोजगारी, आर्थिक असमानता र क्षेत्रीय असन्तुलन, बढ्दो बजेटघाटा, वैदेशिक व्यापार असन्तुलन, उच्च मुद्रास्फिति, बढ्दो भुक्तानी असन्तुलन एवम् खस्कँदो विनिमयदरजस्ता संरचनात्मक कमजोरीहरू नेपाली अर्थतन्त्रको विशेषता रहँदै आएका छन् । मानिसको शरीर जति कमजोर हुन्छ, सामान्य रुघाखोकीबाट पनि ठूलो सङ्क्रमण हुने त्यति नै बढी खतरा रहन्छ । अर्थतन्त्र ज्यादै कमजोर अवस्थामा पुगेपछि सामान्य असन्तुलनले पनि अर्थतन्त्रमा निकै घातक परिणाम ल्याउनसक्छ । वर्तमान आर्थिक समस्या त्यस्तै खालको हो । सामान्य रोगको अवस्थामा केही ट्याब्लेट र एन्टिबायोटिकले निको हुन्छ, तर जब शरीरमा गम्भीर सङ्क्रमणका लक्षण देखिन्छन्, त्यसबखत सघन उपचारको खाँचो हुन्छ । नेपाली अर्थतन्त्र गम्भीर समस्याको दुस्चक्रबाट गुज्रिरहेकाले सघन उपचार सुरु गर्नु अत्यावश्यक भइसकेको छ ।

नेपाल सरकार सङ्घीय गणतन्त्र घोषणापछिको दोस्रो आवधिक योजनाका रूपमा १२ औं योजना र आर्थिक वर्ष ०६७/६८ को वार्षिक बजेट निर्माणमा जुटेको छ । अर्थतन्त्रमा देखिएका केही समस्या अल्पकालीन छन् । तर, दीर्घकालीन रोग मुख्य समस्या हो । अल्पकालीन समस्या हल गर्न बैङ्किङ क्षेत्रमा पर्याप्त मात्रामा तरलता अभिवृद्धि, उत्पादनमूलक उद्योगका लागि कम ब्याजदरमा कर्जा प्रवाह, कृषिक्षेत्रमा सस्तो-सुलभ कर्जा, निकासीमूलक उद्योगहरूलाई प्याकेज सुविधा, विलासी वस्तुहरूको आयातमा कटौती, लगानीमैत्री वातावरण निर्माणजस्ता उपायहरू अपनाउनुपर्दछ । दीर्घकालीन समस्याको समाधानका लागि नयाँ आवधिक योजना र आगामी बजेटमार्फत उपयुक्त नीति तथा कार्यक्रम अवलम्बन गर्नु जरुरी छ । मुलुकको आन्तरिक आर्थिक क्रियाकलापमा वृद्धि, उत्पादन, उत्पादकत्व अभिवृद्धि, पर्याप्त मात्रामा रोजगारीका अवसरहरूको सिर्जना हुने गरी मुलुकमा उपलब्ध स्रोतसाधनको अधिकतम् परिचालन अबको आर्थिक विकासको उद्देश्य हुनुपर्छ । तसर्थ, नयाँ तीन वर्षीय योजना र आगामी बजेटले निम्न कुराहरू समेट्नुपर्दछ ।

आजसम्म कृषि क्षेत्रमा गरिएका कामबाट हामी पूर्णतः असफल भएको तथ्य आत्मसात गरी नयाँ ढङ्गले कृषि क्षेत्रको विकास गर्ने प्रतिबद्धता गर्नुपर्ने बेला आएको छ । कृषिको आधुनिकीकरण र व्यावसायीकरण अब भाषण र नारामा होइन, व्यवहारमै कार्यान्वयन गर्नु जरुरी भएको छ । संविधानमा सामन्ती व्यवस्थाको अन्त्य गरिनेछ, वैज्ञानिक भूमिसुधार गरिनेछ, सुकम्बासी समास्या समाधान गरिनेछ भनेर प्रस्ट लेख्ने, त्यसअनुरूप आयोग पनि बन्ने तर काम र कार्यान्वयन चाहिँ नहुने दुर्भाग्यपूर्ण नियति दोहोरिनुहुँदैन । भारत सरकारले आफ्नो केन्द्रीय बजेट (सन् २०१०/११) मा कृषिक्रान्तिका लागि रोडम्यापसहित एकीकृत कृषि विकास कार्यक्रम अघि सारेको छ र कृषि उत्पादन वृद्धि, भण्डारणमा हुने क्षति न्यूनीकरण, किसानलाई कर्जा सहयोग र खाद्य प्रशोधन गर्ने चारखम्बे रणनीति तय गरेको छ । बिहार, छत्तीसगढ, झारखण्ड, पश्चिम बङ्गाल, उडिसालगायतका पूर्वी क्षेत्रमा हरितक्रान्ति विस्तारका लागि चार सय

करोड भारतीय रुपियाँ विनियोजन गरिएको छ । सुख्खा क्षेत्रका साठी हजार गाउँमा दलहन र तेलहन कार्यक्रमका लागि तीन सय करोड रकम छुट्टाइएको छ । वार्षिक ब्याजदर ७ प्रतिशत रहेकोमा नियमित रूपमा ब्याज तिर्ने किसानलाई यसपटक थप दुई प्रतिशत ब्याज छुट दिने व्यवस्था गरिएको छ । भारतको खाद्यान्न प्रशोधन गर्न १० मेगा पार्क निर्माण गरिसकेको छ भने थप ५ पार्क निर्माण गर्ने घोषणा गरिएको छ । यसबाहेक सुख्खाग्रस्त क्षेत्र र विशेष क्षेत्रको निर्माण गरिने सिंचाइ परियोजनामा लागतको ९० प्रतिशत अनुदान, महत्वपूर्ण कृषि उपजमा हरेक ऋतुमा न्यूनतम समर्थन मूल्यको घोषणा र सार्वजनिक तथा सहकारी संस्थाद्वारा खरिदको ग्यारेन्टी, ठूलो मात्रामा खाद्य अनुदान, डिजेल र विद्युत्मा अनुदानलगायत कृषि क्षेत्रमा सरकारले ठूलो लगानी गरिरहेको छ । यदि सीमापारि भारतीय किसानले पाएको सुविधासरह नेपाली किसानले सुविधा पाएनन् भने नेपालको कृषि क्षेत्रको विकास हुन कठिन छ । नेपाली अर्थतन्त्रको सङ्कुचनलाई हटाई फराकिलो पार्दै लैजाने काम कृषि र ग्रामीण क्षेत्रबाट सुरु गर्न सकिन्छ । यसले केही महिनामै प्रतिफल दिनथाल्छ । कृषि क्षेत्रको उत्पादन वृद्धि गर्न सिंचाइ सुविधाको विस्तार, कृषिमा पर्याप्त बजेटको व्यवस्था, संरचनात्मक परिवर्तनको दीर्घकालीन सोचसहित कृषिको व्यावसायीकरण, आधुनिकीकरणको कार्यक्रम कार्यान्वयन, सुलभ कर्जा, कृषि अनुदान, उन्नत बिउबिजनको व्यवस्था, रासायनिक, प्राङ्गारिक मल कारखानाको स्थापना, कृषि सडक, कृषि बजारको व्यवस्था र न्यूनतम समर्थन मूल्य आदिको व्यवस्था हुनु अपरिहार्य छ । साना कुलो, ग्रामीण सडक, विद्यालय, स्वास्थ्य चौकी, ग्रामीण विद्युतीकरणलगायत व्यापक जनसहभागिताका कार्यक्रम र त्यसका लागि आवश्यक बजेट विनियोजन गर्नुपर्दछ । स्थानीय विकास-निर्माणमा संविधानमा सहकारी क्षेत्रलाई आर्थिक विकासका एक खम्बा स्वीकार गरिएको छ । सहकारी ओठेभक्तिमा होइन, यस क्षेत्रका लागि साँच्चिकै उपयुक्त नीति, कार्यक्रम र बजेट विनियोजन गरिनुपर्दछ । आगामी बजेटमा कर्णाली क्षेत्रलगायत नेपालका विभिन्न भागमा जडिबुटी, फलफूल प्रशोधन, दूध, तरकारी, कृषि उत्पादन प्रशोधनजस्ता उत्पादन सहकारीको विकासका लागि सरकारले प्रस्ट कार्यक्रम, र आवश्यक बजेटसहित राष्ट्रिय अभियान अघि बढाउनुपर्दछ । यो ०६७/६८ को बजेटले 'गाउँगाउँमा सहकारी, घरघरमा रोजगारी' अभियानलाई तीव्रता दिनुपर्छ ।

नेकपा (एमाले)को नौमहिने सरकारका बखत आव ०५२/५३ को बजेटमा मैले 'नौ स' को कार्यक्रम प्रस्तुत गरेको थिएँ । 'नौ स' को कार्यक्रममा- स्थानीय सडक, स्वच्छ पिउने पानी, शिक्षा र साक्षरता, सुलभ स्वास्थ्य, सीपमुलक तालिम र रोजगारी, सामुदायिक वृक्षारोपण, साना जलविद्युत् विकासबाट ग्रामीण विकास र साना तथा घरेलु विकास गरी नौवटा विषय राखिएको थियो । ती विषयमा प्रत्येक वर्ष हरेक निर्वाचन क्षेत्रमा जनसहभागितको माध्यमबाट विकास निर्माण कार्यक्रम सञ्चालन गर्नेपर्ने भनेर नौ 'स' अवधारणा अवलम्बन गरिएको हो । त्यस कार्यक्रमको उद्देश्य गाउँमा लगानी बढाउने, गाउँका सबै क्षेत्रमा विकास गरी सक्षम, सुदृढ र आत्मनिर्भर राष्ट्रिय अर्थतन्त्रको बलियो जग खडा गर्ने नै थियो । 'आफ्नो गाउँ आफै बनाऔं' र 'नौ स' को कार्यक्रमलाई अभियानका रूपमा अगाडि बढाउनसकेको भए मुलुकको आन्तरिक अर्थतन्त्र छोटो समयमै मजबुत हुनसक्थ्यो । जुन उच्चदरमा चीन र भारतले आर्थिक वृद्धि हासिल गरेका छन् र त्यसभन्दा कम नेपालको हुँदैनथ्यो । चालू आर्थिक वर्षको बजेटले 'नौ स'को कार्यक्रमलाई निरन्तरता दिने घोषणा त गरेको छ । तर, बजेट आएको नौ महिना पूरा हुँदासमेत यस कार्यक्रमलाई लागू गर्ने कुनै कार्य हुनसकेको छैन । आव ०६७/६८ को बजेटले 'नौ स'को कार्यक्रमलाई लागू गर्ने गरी प्रस्ट नीति, कार्यक्रम र बजेट विनियोजन गर्नुपर्दछ र २ सय ४० वटै निर्वाचन क्षेत्रमा यो कार्यक्रम लागू गर्नुपर्छ । काठमाडौंमा राजनीतिक सहमति भएन भनेर विकास निर्माणमा गाउँको अधिकार कुनै हालतमा छिन्न पाइँदैन । गाउँको विकासका लागि पठाइएको रकम जुनसुकै अवस्थामा उपयोग गरिनुपर्दछ । स्थानीय निकायमा जनप्रतिनिधि नभए पनि त्यहाँ रहेको सबै राजनीतिक पार्टीहरूको सर्वदलीय संयन्त्रमार्फत गाउँको विकासका लागि पठाइएको रकम विकास कार्यक्रममा खर्च गर्नेछ ।

न्यून लगानी नेपाली अर्थतन्त्रको एक विशेषता रहँदै आएको छ । किनभने कुल उत्पादनको ९२ प्रतिशत उपभोग हुने गरेको छ । आगामी बजेटले व्यापक लगानी वृद्धिका लागि विशेष कार्यक्रम अघि बढाउनुपर्दछ । लगानी बढाउन आन्तरिक र बाह्य दुवै क्षेत्रको लगानी परिचालन गर्नु आवश्यक छ । आन्तरिक लगानीका स्रोतमा सरकारी लगानी, सङ्गठित निजी क्षेत्रको लगानी, सहकारी तथा सामुदायिक लगानी, असङ्गठित/व्यक्तिगत लगानी पर्दछन् भने बाह्य लगानीका स्रोतमा विदेशी अनुदान, कम ब्याजदरको विदेशी ऋण, प्रत्यक्ष वैदेशिक लगानी आदि पर्दछन् । लगानीका सबै स्रोतहरूको अधिकतम परिचालन गर्ने रणनीति अवलम्बन गर्नुपर्दछ । नयाँ वैदेशिक लगानी आउनुको सट्टा आएको लगानीसमेत फिर्ता हुनथालेको छ । वैदेशिक लगानी ल्याउने त भनिन्छ तर त्यसतर्फ सरकार संवेदनशील देखिँदैन । आन्तरिक तथा बाह्य क्षेत्रबाट ठूलो स्तरमा लगानी अभिवृद्धि गर्न उच्चस्तरीय लगानी बोर्ड स्थापना गर्नुपर्छ । तर, हाल व्यवस्थापिका-संसद्मा छलफलमा रहेको विधयेकअनुरूप लगानी बोर्ड गठन गर्ने हो भने त्यस्तो बोर्डले कुनै प्रभावकारी भूमिका खेल्न सक्दैन । त्यस्तो बोर्ड मन्त्रिपरिषद्को एउटा थप समितिजस्तो मात्रै बन्नेछ । लगानी बढाउन

कार्यकारी बोर्ड स्थापना गर्नुपर्छ । कार्यकारी भन्नुको अर्थ विभिन्न मन्त्रालय र विभागबाट गर्ने काम यसैले गर्ने भनेको होइन । विभिन्न निकायसँगको समन्वय र संयोजनमा मुलुकमा लगानी अभिवृद्धि गर्नु यसको मुख्य काम हो । प्रशासनिक झन्झट, जटिलता र निर्णय प्रक्रियाको ढिलाइ समाधान गर्न मात्रै सक्ने हो भने ठूलो मात्रामा लगानी वृद्धि हुनसक्छ । सरकारले आफ्नो कुल खर्चको कमसेकम ५० प्रतिशत रकम विकास खर्च गर्ने परिपाटी अवलम्बन गरी यस्तो अनुपात क्रमशः वृद्धि गर्दै ६० प्रतिशत रकम विकास कार्यमा लगाउनुपर्दछ । आगामी बजेटमार्फत प्रत्येक विकास क्षेत्रमा कम्तीमा एक-एक मेगाप्रोजेक्ट सुरु गर्नुपर्दछ । जब मुलुकमा लगानी वृद्धि हुन्छ तब आर्थिक क्रियाकलापमा वृद्धि, रोजगारीका थप अवसरको सिर्जना र जनताको जीवनस्तरमा सुधार हुँदै जान्छ ।

पूर्वाधार विकास आर्थिक वृद्धिको द्वार हो । विद्युत्, सडक, सञ्चार, खानेपानी, सिँचाइ, विद्यालय र अस्पतालजस्ता क्षेत्रमा गरिएको लगानीले रोजगारी बढाउने, कुल माग बढाउने, गरिबी निवारणमा समेत मद्दत पुग्ने स्थिति सिर्जना हुनजान्छ । तसर्थ, निश्चित समयमा न्यूनतम पूर्वाधार निर्माणको कार्य सम्पन्न गर्ने गरी कार्ययोजना सुरु गर्नुपर्दछ । सरकारको खर्च मुख्यतः पूर्वाधार निर्माणमा लगाउनुपर्दछ । पूर्वाधार विकासमा निजी र वैदेशिक लगानी परिचालन गर्ने प्रस्ट नीति र त्यसअनुरूपको प्रभावकारी कार्यान्वयन व्यवस्था गर्नुपर्दछ । जलस्रोतको धनी मुलुक भएर पनि दैनिक १४ घण्टाको लोडसेडिङ भोग्न जनता बाध्य छन् । भुटानजस्तो मुलुकले विद्युत् निर्यात गरी वार्षिक अर्बौं आम्दानी गरिरहेको छ । हामीकहाँ आन्तरिक उपयोगका लागिसमेत विद्युत् उत्पादन हुनसकेको छैन । उर्जा आर्थिक विकासको महत्वपूर्ण आधार भएकाले आन्तरिक माग परिपूर्ति गर्नुका साथै विद्युत् निर्यातसहितको मार्गचित्र तय गरी जलविद्युत् परियोजना निर्माण सम्पन्न गर्नुपर्दछ ।

आधुनिक अर्थतन्त्रमा औद्योगीकरण आर्थिक विकासको मुख्य आधार हो । उद्योगधन्दा र पर्यटन क्षेत्रको विकासबाट उच्च र दिगो आर्थिक विकास हासिल गर्न मद्दत पुग्छ । औद्योगीकरणका लागि उर्जा आपूर्तिको सुनिश्चितता, उद्योगी-श्रमिकमैत्री श्रमनीति, औद्योगिक सुरक्षाको प्रत्याभूति, बन्दहड्तालको अन्त्य, सरकारी नीतिगत निरन्तरता र सुनिश्चितताको प्रत्याभूति हुनु आवश्यक छ । सीमावर्ती भारतका विभिन्न प्रान्तहरूले सरकारबाट पाएको न्यूनतम सेवा, सुविधा र प्रोत्साहन हामीले दिन सकेनौं भने नेपालमा उद्योग क्षेत्रको विकास हुनै सक्दैन । औद्योगिक नीति वर्षौंसम्म मन्त्रिपरिषद्मा थन्केर बस्ने, उद्योग-वाणिज्यलगायत सम्बन्धित सरोकारवाला निकायले लगेको प्रस्ताव स्वीकृत र कार्यान्वयन हुन नसक्ने यो ज्यादै विडम्बनापूर्ण अवस्था हो । व्यापारघाटा कम गर्न आन्तरिक उत्पादनको वृद्धि र निर्यात प्रबर्द्धनको प्रभावकारी कार्यक्रम अविलम्ब लागू गर्नु जरुरी छ । विगतमा बैङ्क तथा वित्तीय संस्थाको नियमन र सुपरीवेक्षण नहुँदा बैङ्क तथा वित्तीय क्षेत्रमा समस्या देखिएको निश्चिय नै हो । तर, निक्षेप घटिरहेको र पुँजी पलायन भएको अवस्थामा थप कस्ने खालको मौद्रिक नीतिले समस्याको हल हुन सक्दैन । आज पनि ग्रामीण क्षेत्रका जनताले बैङ्किङ सुविधा पाउनसकेका छैनन् । यस्ता सबै पक्षहरूलाई ध्यानमा राखी सन्तुलित वित्त र मौद्रिक नीति अवलम्बन गरिनुपर्दछ ।

विगतमा रेमिट्यान्स रकमको सदुपयोग गर्नेतर्फ राज्यले ध्यान पुऱ्याउनसकेन । दाताहरूका कडा शर्तसहितको ऋण लिन तत्पर हुने तर मुलुकमा भित्रिँदै आएको रेमिट्यान्स रकम उत्पादन र उत्पादकत्व अभिवृद्धि हुने गरी परिचालन गर्न कुनै नीति/कार्यक्रम बनाउन नसक्ने परिपाटीको अब पूर्णतः अन्त्य हुनु जरुरी छ । वैदेशिक रोजगारीको अभिवृद्धि, श्रमिकलाई सीप र तालिमको व्यवस्थादेखि मुलुकमा भित्रिएको रकमको सदुपयोग र विदेशमा काम गरेका कामदारको सीप र क्षमताको उपयोगसम्म समेट्ने गरी विस्तृत कार्ययोजना निर्माण र कार्यान्वयन गर्नुपर्दछ । वैदेशिक काममा जाने श्रमिकहरूलाई सीप र तालिमको अनिवार्य व्यवस्था गरी कार्यान्वयन गर्नसक्ने हो भने त्यसबाट डेढ गुणा रेमिटान्स बढ्नसक्छ । आगामी बजेटमार्फत सीप र तालिमको व्यवस्था गर्न टेक्निकल स्कुल-केन्द्रको स्थापना र विकासका लागि व्यापक कार्यक्रम अघि बढाउनुपर्दछ ।

बन्द, हडताल र चक्काजामले आर्थिक विकासमा नकारात्मक असर पारिरहेको छ । पर्यटन वर्ष- २०११ सफल पार्नका लागि विभिन्न राजनीतिक पार्टीबाट जुन किसिमको प्रतिबद्धता सार्वजनिक भएको छ, त्यस्तो प्रतिबद्धता समग्र आर्थिक क्षेत्रको विकासका लागि नै आउनुपर्दछ । किनभने मुलुकको अर्थतन्त्र नाजुक अवस्थामा पुगिसकेको छ । यदि समस्या समाधानका लागि राजनीतिक पार्टीहरू अगाडि नबढ्ने हो भने देश आर्थिक रूपले असफल राष्ट्र हुने खतरा छ । शान्ति स्थापना र संविधान निर्माणको राष्ट्रिय कार्यभारमा केन्द्रित भएर अघि बढिरहेका यसबखत सबै राजनीतिक पार्टीहरूले आर्थिक विकासको मुद्दामा समेत संवेदनशील भई अविलम्ब लाग्नु जरुरी छ । अन्यथा, अर्थतन्त्रले भोग्नुपर्ने सङ्कट समाधानका प्रयत्नहरू निकै ढिलो र असफल हुन जानेछन् । ❐

# संविधान निर्माणको प्रक्रियामा देखापरेका चुनौतीहरू

❒ सपना प्रधान मल्ल

संविधानसभाको निर्वाचनपछि जनताले ठूलो आकाङ्क्षा र अपेक्षा राखेका थिए । उनीहरुले नयाा संविधान बन्ने र त्यसले सामाजिक, आर्थिक, कानुनी र राजनीतिक परिदृश्यहरु स्पष्ट पार्नेछ भन्ने विश्वास बोकेका थिए । देशमा शान्ति आउनेछ र विकास हुनेछ भन्ने प्रत्येक जनताको आशा थियो । राज्यको आवश्यकता पनि त त्यही हो । यिनै सपना राजनीतिक दलले आफ्नो संविधानसभाको चुनावी घोषणापत्र र अभिव्यक्तिमा प्रस्तुत गरेका हुन् । अब हामीमाथि थप अभिभारा आएको छ : ती सपनालाई संविधानमा रुपान्तरण गर्ने, शान्ति प्रक्रियालाई तार्किक निष्कर्षमा पुऱ्याउने र विकासलाई जीवन्त रुपमा अघि बढाउने ।

यस प्रक्रियामा संविधानसभालाई दुई किसिमका जिम्मेवारी दिइएको छ- एउटा संविधान निर्माण गर्ने र अर्को व्यवस्थापिका-संसद् अन्तर्गतका काम गर्ने । यहाँ संविधानसभाको प्रक्रिया र सामना गर्नुपरेका चुनौती तथा अवसरहरुमा केन्द्रित हुन खोजिएको छ । संविधानसभाले उठाएका सारभूत अधिकारका मुद्दा र संविधानवादको विषयमा अवधारणागत मान्यता र मूल्यमा रहेको अस्पष्टता, दलीय र वर्गीय अडानका विषय तथा प्रक्रियागत असहज र राजनीतिक चुनौतीका विषयलाई पनि विश्लेषण गर्न खोजिएको छ । साथै, संविधान निर्माणको प्रक्रियालाई सङ्क्षिप्त रुपमा जानकारी दिन खोजिएको छ । संविधानसभा र व्यवस्थापिका-संसद्लाई सुचारुरुपले सञ्चालन गर्न संविधानसभा कार्यविधि नियमावली-२०६५ तयार गरिएको थियो । त्यसअनुसार संविधान निर्माणमा सहजता ल्याउन १४ वटा विषयगत समितिहरु निर्माण गरिएको थियो, जो संविधानको विषयमा आधारित रहेका छन् :

**संविधान निर्माणको क्रममा रहेका समितिहरु**

१. **संवैधानिक समिति**

२. **विषयगत समिति**

- मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति
- अल्पसङ्ख्यक तथा सीमान्तकृत समुदायको हकअधिकार संरक्षण समिति
- राज्यको पुनःसंरचना तथा राज्यशक्तिको बाँडफाँड समिति
- व्यवस्थापिका अङ्गको स्वरुप निर्धारण समिति
- राज्यको शासकीय स्वरुप निर्धारण समिति
- न्यायप्रणालीसम्बन्धी समिति
- संवैधानिक निकायको संरचना निर्धारण समिति
- प्राकृतिक स्रोत, आर्थिक अधिकार तथा राजस्व बाँडफाँड समिति
- सांस्कृतिक तथा सामाजिक ऐक्यबद्धताको आधार निर्धारण समिति
- राष्ट्रिय हितको संरक्षण समिति

३. **प्रक्रियागत समिति**

- नागरिक समाज सम्बन्ध समिति
- जनमत संकलन तथा समन्वय समिति
- क्षमता अभिवृद्धि तथा स्रोत व्यवस्थापन समिति

४. **प्रतिवेदन समिति (पछि मात्र प्रक्रियामा गठन भएको समिति)**

विषयगत समितिको मूल काम तोकिएको शर्त बन्देजअनुरुप आआफ्नो विषयमा अवधारणा र प्रारम्भिक मस्यौदा तयार गर्ने, छलफल गरी सके सहमति नभए बहुमतबाट पारित गर्दै पूर्ण सभामा छलफलका लागि पेस गर्ने रहेको छ ।

संवैधानिक समितिको काम १० वटा विषयगत समितिले नसमेटेका विषयमा विषयगत समितिहरुले झैं अवधारणा र प्रारम्भिक मस्यौदा तयार गर्ने तथा सबै विषयगत समितिबाट आएका प्रतिवेदनहरुमाथि पूर्णसभामा छलफल भइसकेपछि पूर्णसभाबाट सामान्य बहुमतबाट पारित भई आएका निर्देशन र प्रतिवेदनहरुको आधारमा संविधानको एउटा खाका तयार गर्ने रहेको छ । उक्त खाकालाई जनसमक्ष पुऱ्याउने र जनताबाट आएका सरोकारहरु पूर्ण सभामा लैजाने, साथै पूर्ण सभाबाट आएको निर्देशनलाई संविधानको मूल खाकामा समाहित गरी संविधानको विधेयक तयार गर्ने, उक्त विधेयकलाई संविधानसभामा लैजाने काम पनि यही समितिले गर्नेछ ।

विषयगत समितिमा उठेका प्रश्नहरुसहित छलफलको टिपोट गर्न त्यसक्रममा देखिएका असहमतिको बीचमा समन्वय र सहमति खोजी गर्न प्रतिवेदन समितिको गठन गरिएको छ । प्रतिवेदन समितिले प्रत्येक विषयगत समितिको प्रतिवेदन पूर्ण सभामा लैजाने काम गरिरहेको छ र पूर्ण सभाबाट ती प्रतिवेदनहरु संवैधानिक समितिमा पठाउने क्रम जारी रहेको छ ।

**५. राजनीतिक संयन्त्र**

अनौपचारिक रुपमा हाल आएर संविधानसभाभित्र मुख्य दलका नेता रहेको छुट्टै संयन्त्र निर्माण भएको छ । उक्त संयन्त्रका तर्फबाट असहमतिका विषयमा सहमति जुटाउने प्रयास जारी रहेको छ ।

सम्पूर्ण शान्ति प्रक्रियालाई अगाडि बढाउन र संविधान निर्माण गर्ने प्रक्रियामा सहज वातावरण सिर्जना गर्न उच्चस्तरीय राजनीतिक संयन्त्र निर्माण गरिएको छ । सरकारको प्रमुख दायित्व राज्य सञ्चालन, सुशासन, शान्तिसुरक्षाबाहेक शान्ति प्रक्रियालाई अगाडि लैजानु र संविधान निर्माणको वातावरण तयार गर्नु पनि रहेको छ ।

**विवेकको मत वा पार्टी ह्विप सम्बन्धमा**

संविधान निर्माणका सम्पूर्ण प्रक्रिया, जनतासँग छलफल गरी जनतालाई सहभागी बनाइने प्रक्रिया, संविधान अनुमोदनको प्रक्रियालगायतका विषयमा कार्यविधि निर्धारणको क्रममा सबैभन्दा ठूलो चुनौती संविधान निर्माणको क्रममा पार्टी ह्विप लाग्छ वा लाग्दैन भन्ने विषयले चर्को बहसको रुप लियो । त्यसैको परिणाम कार्यविधि नियमावली अन्तिमरुपमा अनुमोदन गर्न नै करिब तीन महिनाको समय लाग्यो । संविधान निर्माणको क्रममा विवेकको मत चाहिने तर्क आयो । व्यवस्थापिका-संसद्मा पार्टी ह्विप लाग्ने भन्ने उल्लेख गरियो र संविधानसभाको हकमा मौन रहने भन्ने व्यवस्था गरियो । यो प्रावधानअनुरुपको मूल कारण वर्तमान संविधानसभामा सभासद्हरुको सहभागिता व्यक्तिगत आधारमा वा दलीय आधारमा मात्र सीमित नरही भूगोल, वर्ग, जात, जातीयता, धर्म आदिका आधारमा व्यक्तिगत अधिकार दाबीको सुनिश्चितता मात्रै नगरी संविधानमा समूहको अधिकार संरक्षण गर्ने आधारबाट संविधान निर्माण हुन गइरहेको परिप्रेक्ष्यमा सामूहिक अधिकारको संरक्षणका लागि विवेकको मतलाई सम्मान गर्नुपर्छ भन्ने अवधारणाबाट संविधानसभाको हकमा पार्टी ह्विपको विषयमा मौन रहने अवधारणाबाट नियमावली तयार गरियो ।

हुन त यो प्रावधानलाई प्राविधिक व्याख्याको विषयका रुपमा पनि अगाडि ल्याउने प्रयास भइरहेको छ । विशेषगरी गणतन्त्र कार्यान्वयन विधेयक- २०६६ अन्तर्गत दल परित्याग ऐन- २०५४ को संशोधनसँगै संविधानसभामा पार्टी ह्विप लाग्ने व्यवस्था ल्याइएको परिप्रेक्ष्यमा यो विशेष ऐनको प्रावधानअनुरुप पार्टी ह्विप नमानेमा कारबाही गर्नसकिने व्यवस्था ल्याइएको छ । त्यसले संवैधानिक कानुनका रुपमा रहेको कार्यविधि नियमावली र दल परित्याग ऐनबीच विरोधाभासको स्थिति सिर्जना भएर अन्योल उत्पन्न भएको छ । यसमा पनि स्पष्टता हुनु आवश्यक छ ।

यहाँनिर यो प्रश्न किन उठाइरहेकी छु भने ११ वटा समितिको प्रतिवेदनमा फरक मतहरु दर्ता भएका छन् । त्यति मात्र नभई समितिका प्रतिवेदनहरु अनुमोदन हुने क्रममा मतदान हुँदा केही व्यक्तिले समूहको आधारमा फरक पक्षमा पनि मतदान गरेका छन् । यो विषयमा स्पष्टता नभए भोलि संविधानसभाबाट संविधान पारित गर्दा सामान्य बहुमतबाट मात्र नभई दुई तिहाइ बहुमतले पारित गर्दा पार्टी ह्विप लाग्ने वा नलाग्ने भन्ने विषयमा स्पष्ट हुन आवश्यक छ । फेरि संविधानको विधेयक तयार भइसकेपछि संशोधन प्रस्ताव संविधानसभाका सदस्य आफैंले नै राख्नुपर्ने हुँदा त्यसक्रममा संशोधन प्रस्ताव कसरी राख्ने र कुन अवधारणाअन्तर्गत राख्ने भन्ने स्पष्ट हुन आवश्यक छ । यस परिप्रेक्ष्यमा पार्टीहरु आफैंले निर्वाचनमा प्रस्तुत गरेको घोषणापत्रभन्दा फरक अवधारणामा मत राखिराखेको अवस्था छ । फेरि सबैले बुझ्न र बुझाउनुपर्ने कुरा संविधान भनेको समझदारीको दस्तावेज हो । तर, आज संविधानको मस्यौदा असमझदारीको दस्तावेजका रुपमा अगाडि आइरहेको छ । संविधान एउटा दलको चुनावी घोषणापत्रमा मात्रै रुपान्तरण गर्ने दस्तावेज नभई सबै राजनीतिक दलका अवधारणाहरुलाई जनताको आकांक्षा र देशको आवश्यकतासँग सन्तुलन मिलाई शान्ति र विकासलाई मूलधारमा राखी सहमतिको भाषा खोजेर नयाँ सिद्धान्त र विश्वासको वातावरण विकास गर्नुपर्ने अवस्था आइसकेको छ । पार्टी ह्विपको विषयमा नियमावली मौन हुनु अवसर पनि हो तर समूह समूहका बीचको अधिकारमा सन्तुलन ल्याउनका लागि त्यो चुनौती पनि हुनसक्छ । यसैगरी राज्यको एउटा लक्ष्य किटान गरी त्यसको प्राप्तिमा अगाडि बढ्नका लागि पार्टी ह्विप नलाग्ने विषय अवसर हुनसक्छ तर दलीय अडानलाई कायम राख्नका लागि पार्टी ह्विप लाग्ने

निर्णयले सम्पूर्ण संविधानको निर्माण प्रक्रियामा अवरोध पनि खडा गर्नसक्छ । तसर्थ, यस विषयमा कुन अवधारणाबाट अगाडि बढ्ने हो भन्ने स्पष्ट हुनु अत्यन्त आवश्यक छ ।

**समितिको समावेशी संरचना र प्रतिवेदन अनुमोदनको वातावरण**

विषयगत समितिको संरचना समावेशी सिद्धान्तमा समेत आधारित भएर बनाइएको थियो । समावेशीको फाइदा पनि छ । सङ्ख्यात्मक सहभागिता हुँदाहुँदै पनि गुणात्मक सहभागिताको प्रश्न बारबार उठ्ने गरेको छ । विषयगत समितिको छलफलको प्रक्रियामा केही सभासद्हरुले आफ्नो वर्गीय अर्थात् समूहका अधिकारको अडान नछोड्ने र केही सभासद्ले राजनीतिक अडान नछाड्ने क्रमले पनि तोकिएको समयमा विषयगत समितिहरुले आफ्ना कामहरु पूरा गर्न सकेनन् । हुन त यस क्रममा पनि विषयगत समितिभित्र फरकमत राख्न सकिने र मतदान प्रक्रियाबाट अगाडि बढ्नसक्ने प्रक्रिया थियो, त्यसकारणले केही सहज भएको छ ।

**संविधान निर्माणको प्रक्रिया**

- विषयगत समितिको गठन
- जनतासँग छलफल
- विषयगत समितिबाट अवधारणा- प्रारम्भिक मस्यौदाको तयारी र अनुमोदन (सामान्य बहुमतबाट)
- पूर्ण सभामा छलफल
- प्रतिवेदन समितिमा छलफल र राजनीतिक सहमतिको प्रयास
- अनौपचारिक राजनीतिक संयन्त्रमा सहमतिको प्रयास
- पूर्ण सभाबाट सामान्य बहुमतबाट पारित र प्रतिवेदन तथा निर्देशनसहित संवैधानिक समितिमा पठाइने
- संवैधानिक समितिमा छलफल र खाकाको मस्यौदा
- खाकामा जनतासँग छलफल
- जनताका सरोकारमाथि पूर्ण सभामा छलफल र संवैधानिक समितिलाई निर्देशन
- संवैधानिक समितिबाट विधेयक तयारी
- अनुमोदनका लागि पूर्ण सभामा प्रस्तुत
- पूर्ण सभाबाट दुई तिहाइ बहुमतबाट अनुमोदन
- संविधानसभामा तत्काल कायम रहेको सम्पूर्ण सदस्यको कम्तीमा दुई तिहाइ बहुमतको सर्वसम्मतिका आधारमा पारित गर्ने
- सर्वसम्मति नभएमा राजनीतिक सहमति
- सर्वसम्मति नभएमा पुनः मतदान
- सहमति नभएमा जनमत (दुई तिहाइ बहुमत नभएमा र राजनीतिक सहमति नजुटेमा जनमतमा जान सकिने, राष्ट्रिय महत्वको विषयमा संविधानसभाको तत्काल कायम रहेको दुई तिहाई बहुमतबाट जनमतका लागि निर्णय गर्न सकिने ।)

**विषयगत समितिमा रहेका फरक मतहरु**

विषयगत समितिभित्र कमसेकम १० वटा विषयका प्रतिवेदनहरु सामान्य बहुमतबाट पारित भएको स्थिति हुँदाहुँदै एकातिर आफ्नो मत पारित नहुने दल वा व्यक्तिको असहजताको स्थिति देखापरिरहेको छ भने अर्कातिर राज्यको शासकीय स्वरुप निर्धारण समितिको प्रतिवेदन सामान्य बहुमतबाट पनि पारित भएको छैन ।

दलहरुबीच विशेषगरी सङ्घीयता, न्यायिक संरचना, राज्यको शासन प्रणाली, निर्वाचन प्रणाली र बहुलवादका विषयमा ठूलो असमझदारी र दूरी खडा रहेको छ । हामी थुप्रै विषयमा विभाजित छौं, वर्गका आधारमा, समूहका आधारमा, दलका आधारमा, दलभित्र समूह (लबी)का आधारमा । दलीय आधारमा न्यायपालिका सम्बन्धमा फरक दृष्टिकोण छ । निर्वाचन प्रणालीबारे पनि दलीय आधारमा फरक अडान छ, शासनप्रणालीमा दलीय आधारमै फरक अवधारणा छ । दलभित्र पनि फरकफरक अवधारणाहरु रहेका छन् । सङ्घीयतामा दल तथा समूहको आधारमा फरक अडान छन् । बहुलवादसम्बन्धी अडान दलअनुरुप छन् ।

**विषयगत चुनौतीहरु**

न्यायिक संरचना निर्माण गर्नुपर्ने समितिले विशेषगरी माओवादीको अवधारणाअन्तर्गत न्यायिक स्वतन्त्रताको अवधारणा र शक्ति पृथकीकरणबमोजिम न्यायिक संरचनाको प्रस्ताव नगरेको, न्यायपालिकाभित्र राजनीतिक हस्तक्षेप हुनसक्ने अवस्थाहरुले राजनीतिकरणको अवस्था रहेको र राजनीतिक विषयको व्याख्याको अधिकार पनि व्यवस्थापिका-

सदनलाई समेत हुनुपर्नेजस्ता प्रस्ताव गरेको छ । त्यसले आफै कानुन बनाउने र आफैं न्यायाधीश हुन पाउने गरी प्राकृतिक न्यायको सिद्धान्तलाई चुनौती दिएको छ । यसले न्यायिक क्षेत्रमा स्वतन्त्रता नियन्त्रणको स्थिति सिर्जना गर्नसक्छ ।

शासनप्रणालीको सन्दर्भमा प्रत्यक्ष निर्वाचित कार्यकारिणी अधिकारसहितको अध्यक्षात्मक प्रणालीमा आधारित राष्ट्रपतीय प्रणालीको अवधारणा, प्रत्यक्ष निर्वाचनप्रणालीमा आधारित प्रधानमन्त्री कार्यकारिणी प्रमुख हुने र आलङ्कारिक राष्ट्रपति हुने प्रणाली, सदनबाट प्रधानमन्त्री नियुक्ति गरी आलङ्कारिक राष्ट्रपति हुने संसदीय प्रणालीजस्ता फरक अवधारणा दलहरुबीच रहेको छ । यसमा एउटै अवधारणा हनु आवश्यक छ । निर्वाचन प्रणालीको सन्दर्भमा पनि प्रत्यक्ष निर्वाचनसहित समानुपातिक प्रणालीसमेतको आधारमा मिश्रित निर्वाचन प्रणाली र बहुसदस्य निर्वाचन प्रणालीमा आधारित पूर्ण समानुपातिक निर्वाचन प्रणाली प्रस्तावित रहेको सन्दर्भमा कुन चाहिं निर्वाचन प्रणालीमा सहमति बनाई संविधानको खाकालाई पूर्णता दिने हो भन्ने कुरामा स्पष्ट हुन आवश्यक छ ।

सङ्घीयताको लक्ष्य बृहत शान्ति सम्झौताले मात्र किटान गरेन कि अन्तरिम संविधान तथा प्रत्येक राजनीतिक दलले आआफ्ना चुनावी घोषणापत्रमा अगाडि ल्याए । तर, आज विषयगत समितिबाट सामान्य बहुमतले पारित भइसकेको प्रतिवेदनमा नै फरक अडानहरु देखापरिरहेका छन् । सङ्घीयतासागै डर र त्रासको स्थिति आउनसक्ने सम्भावनामाथि सबैको ध्यान गइरहेको छ । सङ्घीय प्रदेशहरुको निर्माणमा पहिचान र सामर्थ्यलाई आधार मानिएको भएता पनि त्यसभित्र आर्थिक स्रोत र साधनको सम्भावना, भौगोलिक अवस्था, जातीयताको पहिचान आदि रहे । ७ वटा राज्य जातीयताको आधारमा ५ वटा राज्य सामाजिक-सांस्कृतिक अवस्थाको आधारमा तथा २ वटा राज्य भौगोलिक क्षेत्र तथा पहिचानको आधारमा प्रस्तावित गरिएको छ । जातीयताको आधारमा मात्र राज्यको सीमा निर्धारण गर्दा विभाजनको स्थिति आउनसक्ने र त्यहाँभित्र अल्पसंख्यकको अधिकार संरक्षण हुन नसक्ने अवस्था आउनसक्ने स्थितिले पनि डर र त्रासको मानसिकता खडा भएको छ । यस स्थितिमा पुनःसंरचना आयोग निर्माण गरी त्यसले निर्धारण गरेको सिद्धान्तबमोजिम सङ्घीय राज्यका सीमाहरु निर्धारण गरी प्राविधिक सहयोगसहित राज्यक्षेत्र किटान गर्ने अवधारणामा राजनीतिक दलहरुले छलफल गरेका भए पनि यो अधिकार संविधानसभाको वा नेपाल सरकार कसको हुने ? संविधानसभाको अवधि सकिएपछि पनि प्रतिवेदन कुर्ने वा संविधानसभाको कार्यसँगै समितिको कामलाई गति दिई संविधानसँगै राज्य पुनःसंरचनाको निर्धारण गर्ने भन्ने विषयमा एउटै मत बनाउन आवश्यक छ । सङ्घीयताको अर्थ सुशासन मात्र होइन, साझा शासन हो । सङ्घीयताको अर्थ राज्यको अधिकारको सुनिश्चितता मात्र होइन, केन्द्रको अधिकारको सुनिश्चितता पनि हो र सङ्घीयताको अर्थ विविधताको मान्यता मात्र होइन, विविधताभित्र एकताको सुनिश्चितता पनि हो भनी बुझ्न/बुझाउन आवश्यक छ ।

बहुलवाद लोकतन्त्रको अत्यन्तै आवश्यक मूल्य र मान्यता हो जसले बहुधार्मिक, बहुसांस्कृतिक, बहुभाषिक र बहुक्षेत्रीय विविधताको मान्यतासँगै कानुनी बहुलवादको अवधारणालाई अगाडि सारेर सबैको सम्मानसँगै बहुदलीय व्यवस्थालाई अगाडि लैजाने मान्यता राख्दछ । यस विषयमा माओवादीको असहमतिको स्थिति रहेको हुँदा उच्चस्तरीय राजनीतिक संयन्त्र र अनौपचारिक राजनीतिक संयन्त्रले स्पष्टता ल्याउनु आवश्यक छ ।

मौलिक अधिकार समितिले ल्याएका प्रतिवेदनमा नागरिकताको विषय अत्यन्त विवादित र राज्यविहीनताको स्थिति सिर्जना गर्ने भाषासहित आएको छ । यस प्रतिवेदनले समानताको नाममा बाबु र आमा दुवै नेपाली नागरिक भए मात्र नेपालको वंशजको नागरिकता पाउने अन्यथा नेपालमा जन्मेर स्थायी बसोबास भएको अवस्थामा मात्र सन्तानले नागरिकता पाउने, त्यो पनि अङ्गीकृत नागरिकता मात्र, त्यसका लागि पनि १६ वर्ष कुर्नुपर्ने र त्यसपछि पनि नागरिकता दिने वा नदिने अधिकार नेपाल सरकारमा रहने स्थिति रहेको छ । वैवाहिक दम्पत्तिको आधारमा नेपालको नागरिकता लिन नेपालमा १५ वर्ष बसोबास गरेको हुनुपर्ने प्रावधानले पहिचानको अधिकार सुनिश्चित गर्न ठूलो बाधा-अड्चन खडा गरेको छ । नागरिकता त्यस्तो दस्तावेज हो, जसले व्यक्तिको राज्यसँग सम्बन्ध जोड्ने काम गर्दछ । त्यसैका आधारमा व्यक्तिको राजनीतिक स्थितिको सुनिश्चितता हुन्छ र थुप्रै अधिकारहरुको सिर्जना नागरिकता भएको आधारमा मात्रै हुन्छ । यस्तो अधिकारमा प्रस्तावित मस्यौदामा मानवअधिकार, राज्यविहीनताको सिर्जना नगर्ने वा परिवारको अधिकारको सुनिश्चितता गर्नुपर्ने दृष्टिकोणले हरिए बालकको अधिकारको दृष्टिकोणले पनि नहेरी बरु कठोर नीति लिने, जसको आधारमा जनसंख्या नियन्त्रण गर्ने भन्ने आधारबाट प्रभावित रहेको देखिन्छ । फेरि अङ्गीकृत र वंशजबीच विभेद गरिएको छ । वंशजमात्र राजनीतिक अधिकारको दाबी गर्न सक्षम रहेको अनुमान प्रस्तावित मस्यौदाले गरेको छ । यस्तो परिप्रेक्ष्यमा नागरिकताको अवधारणामा मधेसी र महिला अधिकारको दृष्टिकोणबाट पनि परिमार्जित हुनु आवश्यक छ ।

मौलिक अधिकार समितिको फरक मतमा मानवताविरुद्ध अपराध, युद्ध अपराध र जातिय नरसंहारसम्बन्धी अपराधमा भूतप्रभावी कानुन बनाएर सजाय गर्न सकिने प्रस्तावले 'रोम क्राइम कन्भेन्सन'जस्तो मानवताविरुद्धको अपराधसम्बन्धी महासन्धि अनुमोदनमा समेत चुनौती खडा गरेको छ भने सैद्धान्तिक रुपमा पनि दण्ड दिने विषयमा भूतप्रभावी कानुन बनाउने वा भविष्यप्रभावी कानुन बनाउने कुरामा स्पष्ट हुनु आवश्यक छ । मौलिक अधिकारको कार्यान्वयनमा सामाजिक, आर्थिक रुपान्तरणका विषयमा उपयुक्त उपाय अवलम्बन गरी कार्यान्वयन गर्नेजस्ता फितला शब्दहरु राखिएका छन् । अझ धेरै अधिकार त कानुन बनाएर लागू हुने व्यवस्था प्रस्तावित छ । मौलिक अधिकार र नीतिनिर्देशनको सिद्धान्तमा अधिकारहरु दोहोरो तरिकाले राखी मौलिक अधिकारलाई नै कमजोर बनाउने भाषा प्रस्तावित गरेको छ ।

प्रस्तावित मस्यौदामा आएको महिला अधिकार अन्तरिम संविधानमा पनि कमजोर खालको रहेको छ। विशेषगरी पैतृक सम्पत्तिको अधिकारमा छोरा र छोरीलाई समान अधिकार भनिए तापनि हालको प्रावधानले पुर्ख्यौली सम्पत्तिमा समानताको कुरा गरी बाबुआमाको सम्पत्तिबाट बहिष्करणको स्थिति सिर्जना गर्नखोजेको छ। प्रजनन स्वास्थ्यको हक महिला र पुरुषलाई समान दिई प्रजनन हक मात्र महिलालाई दिने प्रावधानले प्रजनन स्वास्थ्यको हकमा महिलालाई चाहिने विशेष व्यवस्थाबाट बञ्चित गर्नसक्ने अवस्था सिर्जना गरेको छ। महिला हिंसाविरुद्धको हक पनि निजी क्षेत्रमा समेत स्पष्ट उल्लेख हुनुपर्नेमा स्पष्ट भाषा प्रस्तावित छैन। समानुपातिक सहभागिता के हो भन्ने पनि स्पष्ट छैन। ३३ प्रतिशत वा जनसंख्यामा आधारित ५० प्रतिशत वा न्यूनतम ३३ प्रतिशत भन्ने पनि स्पष्ट हुन आवश्यक छ।

प्राकृतिक स्रोत, आर्थिक अधिकार तथा राजस्व बाँडफाँड समितिले मस्यौदामा सम्पत्तिको हदबन्दी कायम गर्दा क्षतिपूर्ति दिएर वा नदिएर अधिग्रहण गर्ने वा प्राप्त गर्ने विषयमा फरक मत रहेको छ।

अल्पसंख्यक तथा सीमान्तकृत समुदायको अधिकार संरक्षण गर्ने समितिले समावेशी र सशक्तीकरणको परिभाषा गर्नसकेको छैन। सीमान्तकृत समुदायको अधिकारको संरक्षण गर्न विशेष रणनीति प्रस्तावित पनि गर्नसकेको छैन। अल्पसङ्ख्यकको परिभाषा पनि कानुनद्वारा निर्धारित जनसंख्या भनी समूह किटान गरिएको छैन। यसमा बरु पछि कानुनबमोजिम थप गर्न सकिने समूह समेतलाई राख्न सकिने व्यवस्था प्रस्ताव गर्न सकिन्थ्यो। सीमान्तकृत समुदायको परिभाषामा पनि मानव विकास सूचकाङ्कको उल्लेख गरिएको छ। यस्ता प्रस्तावले संविधान परिदृश्य दिने दस्तावेज हुनुभन्दा जटिलताहरु उत्पन्न गर्न उद्यत् हुनसक्छ। किनभने विकास सूचकाङ्कले पनि वर्गभित्रको अन्तरस्थितिलाई हेर्नु आवश्यक छ।

व्यवस्थापिका एक सदनात्मक वा दुई सदानात्मक हुने र प्रत्याह्वान गर्ने वा नगर्ने विषयमा स्पष्टता हुनु आवश्यक छ। सांस्कृतिक ऐक्यबद्धताको आधार निर्धारण गर्दा भाषामा मातृभाषा र सरकारी कामकाजको भाषाका बीच स्पष्टताको आवश्यकता छ। संवैधानिक अङ्गहरु, कानुनअन्तर्गत खडा गर्ने निकाय तथा कार्यकारिणीको निर्णयअन्तर्गत स्थापना गरिएका निकायहरुको प्रकृति, निरन्तरताको आवश्यकता, स्वायत्तता र स्वतन्त्रताको प्रश्नबीच स्पष्टता ल्याई आयोगहरुको संख्या घटाउनुपर्ने विषयमा छलफल हुनु आवश्यक छ।

**प्रक्रियामा रहेका चुनौतीहरु**

हुन त संविधान निर्माणको प्रक्रियामा आज आएर ढिलाइ हुनुको कारण संविधानले समाहित गर्नुपर्ने विषयमा मात्रै विभाजित मानसिकता भएर होइन, दलहरु र नेताहरुको बीचमा तथा दलहरुभित्रसमेत आवश्यक रुपमा चुनौतीपूर्ण विषयमा पर्याप्त छलफलको अभाव विद्यमान छ। संविधानसभामा पनि प्राज्ञिक, व्यावहारिक र तार्किक बहसको साटो वर्गीय र दलगत बहस बढी भइरहेको छ।

संविधानसभामा महिला सहभागिता ३३ प्रतिशत रहेको, समितिका केही सभापति पनि महिला रहेको भए पनि विषयगत समितिहरुमा महिलाको सहभागितालाई न्यून गरी प्रक्रियागत समितिमा बढी सहभागी गराइएको छ। अर्कातिर संविधानसभामा तयार गरिएका संरचनाहरुमा विशेषगरी अनौपचारिक राजनीतिक संयन्त्रमा महिला सहभागिता नभएको र प्रतिवेदन समितिमा महिलाको सहभागिता एकदमै न्यून (१५ जनामा २ जना मात्र) रहेको भन्ने टिप्पणी आइरहेका छन्। हुनसक्छ, यो स्थिति निर्णायक राजनीतिक तहमा समेत महिला सङ्ख्या निकै नै कम भएर होला। यसले गर्दा निर्णायक तहमा महिला सहभागिताको सुनिश्चितता गर्न पूर्ण समानुपातिक सहभागिताको सुनिश्चिततालाई हेर्नुपर्ने अवस्था सिर्जना भएको छ।

संविधान निर्माण हुनुभन्दा पहिले सेना समायोजन वा संविधान निर्माणपछि सेना समायोजन भन्ने विषयमा भइरहेको राजनीतिक खिचातानीले पनि संविधान निर्माणको प्रक्रियालाई बाधा गरिरहेको छ। फेरि यसबीचमा शक्ति भागबण्डाको राजनीति र आफ्नै सरकार भए मात्र संविधान बन्छ भन्ने अडानले पनि सम्पूर्ण संविधान निर्माणको प्रक्रियामा अवरोधको स्थिति सिर्जना भएको छ। यसले सिङ्गो मुलुकलाई नै आक्रान्त बनाएको छ र राजनीतिक दलको प्रतिबद्धतामा अविश्वासको स्थिति सिर्जना गरेको छ। जनताहरु आक्रोशित छन्। यस्तो स्थितिमा आज हामी व्यक्तिभन्दा माथि समूह, समूहभन्दा माथि दल, दलभन्दा माथि राष्ट्रलाई राखी अगाडि बढ्न सकेनौं भने संविधान निर्माणको प्रक्रिया अगाडि बढ्न नसक्ने स्पष्ट छ। तोकिएको समयभित्र संविधान बन्ने लक्षण निकै नै मसिनो भएको छ। हिजोसम्म विश्वसमुदायमा नेपालले उदाहरण दिएको थियो चाहे त्यो जनआन्दोलनले नै होस्, चाहे सशस्त्र द्वन्द्वपछि शान्ति निर्माण प्रक्रियाले किन नहोस्। तर, आज हामीले देखाएको उपलब्धि र उदाहरणमा प्रश्न खडा भइरहेको अवस्था छ।

प्रतिवेदन समिति र अनौपचारिक राजनीतिक संयन्त्र पूर्ण समय कार्यरत हुनु आवश्यक छ। त्यसलाई समावेशी बनाउनु पनि त्यत्तिकै आवश्यक छ। पूर्ण सभाबाट प्रतिवेदनहरु पारित हुनासाथ संवैधानिक समिति पनि पूर्ण समय कार्यरत रहन आवश्यक छ। संविधानको एउटा खाका आइसकेपछि वा संविधानले समेट्ने असहमतिका विषयहरुमा सैद्धान्तिक मूल्यमान्यतामा अवधारणागत सहमति जनाएर मात्र समयावधि बढाउन खोज्नुपर्दछ, त्यो पनि जनतासँग

छलफलका लागि र अनुमोदन प्रक्रियालाई अगाडि लैजानका लागि । आखिर संविधानसभाबाट संविधान निर्माण गर्ने लक्ष्य त सबै राजनीतिक दलहरुको हो । कुनै विषयहरुमा असहमति छ भने वैकल्पिक भाषा लिएर जनताका सामुन्ने जाने विकल्प पनि अगाडि सार्न सकिन्छ । सरकारमा नहुँदैमा कुनै राजनीतिक दलको संविधान निर्माणको उत्तरदायित्व छैन भन्नसकिने अवस्था रहँदैन । सरकारको दायित्व त शान्ति प्रक्रियालाई अगाडि लैजाने र संविधान निर्माणको प्रक्रियामा स्रोत साधनको उपलब्धतामा सुनिश्चितता र सहज वातावरण सिर्जना गर्ने मात्र हो । यसर्थ, संविधान निर्माणका लागि संविधानसभाका प्रत्येक राजनीतिक दल पूर्णरुपमा जिम्मेवार छन् । संविधानसभाका प्रत्येक सदस्यहरु पनि पूर्णरुपमा जिम्मेवार छन् । संविधानसभा अक्षम-सभा हो भन्ने वातावरण सिर्जना नगर्न र संविधानसभा गठन भइसकेपछि पनि संविधान निर्माण गर्न नसकेको कालो इतिहास खडा नगर्न आज प्रत्येक सभासद् र प्रत्येक राजनीतिक दलहरुले सबैको सहमति जुटाउदै जनताको आकाङ्क्षा र आवश्यकताको सम्बोधन गरी समझदारीको दस्तावेज निर्माण गर्न एकजुट हुनु आवश्यक छ ।

संविधानमा सबै राम्रा र सबैले चाहेका कुरा नपर्न पनि सक्छन् । राज्य सञ्चालनका लागि राजनीतिक परिदृश्य तथा जनताको अधिकार सुनिश्चितताका लागि आधारभूत अधिकारहरु सुनिश्चित गर्दै लचिलो संविधान तयार गरी व्याख्या वा संशोधन तथा कानुन निर्माणद्वारा परिपक्वता दिदै जान आवश्यक छ । सबै राजनीतिक दललाई शान्ति र विकासको दृष्टिकोण दिन जनता र नागरिक समाजको दबाबको पनि आवश्यकता छ । आज ११ वटा विषयको प्रतिवेदनमध्ये तीनवटा प्रतिवेदन मात्रै संवैधानिक समितिसमक्ष पुगेको अवस्था छ ।

**संविधानको विधेयक पारित गर्ने तरिका**

- प्रारम्भिक मस्यौदा प्रस्तुतिको अनुमतिको सूचना
- मस्यौदामा सैद्धान्तिक सहमतिका लीाग प्रारम्भिक मस्यौदाको प्रस्तुति
- सैद्धान्तिक सहमतिपछि जनताको प्रतिक्रयाका लागि राजपत्रमा प्रकाशन
- जनमत सङ्कलन तथा समन्वय समितिबाट जनताको राय सङ्कलन
- राय सङ्कलन प्रतिवेदन पूर्ण सभामा प्रस्तुति
- पूर्ण सभाबाट निर्देशनसहित संवैधानिक समितिलाई निर्देश
- संवैधानिक समितिबाट परिमार्जन
- छलफलका लागि विधेयकको वितरण (छलफलको तीन दिनअगाडि नै)
- अध्यक्षले तोकेको मिति र समयमा विधेयकको सैद्धान्तिक पक्षमा छलफल
- विधेयकमा संशोधनको सूचना
- संशोधनसहितका धाराहरुमा छलफल
- सशोधन फिर्ता
- अनुसूचीमा छलफल
- प्रस्तावना र नामको प्रस्तुति
- प्रारम्भिक खाकामा जनताका सरोकार समाहित गरी संवैधानिक समितिका सभापति तथा निजले तोकेको समितिको सदस्यद्वारा विधेयकको प्रस्तुति
- विधेयक प्रस्तुतकर्ता सदस्यले संविधानको विधेयक प्रस्ताव पेस गर्ने,
- दुई तिहाइ बहुमतबाट विधेयकको अनुमोदन
- अनुभाषिक सुधार
- सबै सदस्यहरुको हस्ताक्षर र अध्यक्षद्वारा विधेयक प्रमाणीकरण
- राष्ट्रपतिद्वारा संविधानको घोषणा ।

हामी संविधान निर्माणको त्यस चरणमा आइसकेका छौं, जहाँ संविधान लेखनको ७० प्रतिशत काम सकिइसकेको छ । तर बाँकी ३० प्रतिशत काम कसरी सम्पन्न गर्ने भन्ने प्रश्न रहेको छ । यस अवस्थामा जनताले बुझ्नुपर्ने कुरा भनेको संवैधानिक समितिबाट खाका तयार भई छलफलका लागि जनसमक्ष आउँदा सहभागी भई आफ्नो सरोकारका विषय राख्नु आवश्यक छ । आफूले चाहेका विषयहरु नपरेको अवस्थामा तत्कालै संशोधन प्रस्ताव प्रस्तुत गर्ने समयसीमाअगाडि नै कुनै सभासद्लाई आफ्नो सरोकार राख्न लगाउनु आवश्यक छ ।

संविधान निर्माणको क्रममा दलीय राजनीति गर्नेभन्दा पनि द्वन्द्व रुपान्तरण, विकास र संविधान निर्माण नै सबैको लक्ष्य हुनुपर्छ । हिजो बृहद् शान्ति सम्झौता गर्दा होस् वा गणतन्त्रको घोषणा गर्दा, जसरी हामी एक भएका थियौं, आज

त्यसैको निरन्तरता आवश्यक छ । आफ्नो दलीय अवधारणा वा अडानभन्दा बढी देशलाई गति दिनसक्ने र जनताको हित सुरक्षित गर्ने साझा अवधारणामा नै सहमति खोज्नु आवश्यक छ । तब मात्रै संविधान एउटा दलविशेषको नभएर राष्ट्रको साझा सहमतिको दस्तावेज बन्नसक्छ र ऐतिहासिक जनक्रान्तिका उपलब्धिहरुलाई संस्थागत गरी मुलुकलाई दिगो शान्ति र समृद्धिको दिशामा अघि बढाउन सम्भव हुनेछ ।

❒

# सच्चा कम्युनिस्ट !

## ❒ राजेन्द्र स्थापित

सन् १९६७ मा सुरु गरिएको नक्सलवाडी आन्दोलनबाट यतिखेर भारतका दुई सय २० जिल्ला प्रभावित छन् । क्षेत्रफलको हिसाबले ४० प्रतिशत भूभाग र २० वटा राज्यमा यसको उपस्थिति छ । भारत सरकार आफैंले ९२ हजार वर्गकिलोमिटर क्षेत्रलाई 'लालइलाका' मानेको छ । खुफिया सङ्गठन 'र'ले सबैतिर गरी करिब २० हजार सशस्त्र सेना र ५० हजार मिलसिया यो आन्दोलनमा लागिराखेको सूचना सरकारलाई बुझाएको छ । 'र'ले दिएको यसै सूचनाको आडमा प्रधानमन्त्री मनमोहन सिंहले 'नक्सलवाडी आन्दोलन आन्तरिक सुरक्षाको क्षेत्रमा प्रमुख चुनौती भएको' अभिव्यक्ति दिइसकेका छन् । छत्तीसगढ, उडिसा, आन्ध्र प्रदेश, महाराष्ट्र, झारखण्ड, बिहार, उत्तर प्रदेश र पश्चिम बङ्गाल यो आन्दोलनका प्रमुख केन्द्र रहेका छन् ।

पश्चिम बङ्गालको एउटा सानो गाउँ नक्सलवाडीबाट सुरु गरिएको आन्दोलन भएकै कारण यसलाई नक्सलवाडी आन्दोलन भन्न थालिएको हो । किसान विद्रोहको रूपमा सुरु भएको यो आन्दोलनका अगुवा नेताहरू हुन्, चारु मजुमदार, कानु सन्याल र जङ्गल सन्थाल । चारुको हत्या सन् १९७२ को जुलाई २८ मा जेलमै भएको थियो । आदिवासी जनतामाझ राम्रो प्रभाव जमाउन सफल जङ्गल सन्थालको मृत्यु सन् १९८१ मा भइसकेको छ । कानुको पनि भर्खरै सन् २०१० को मार्च २३ मा नक्सलवाडीस्थित आफ्नै घरमा निधन भएको छ । उनी विगत केही समयदेखि फुसको छाना भएको छाप्रोमा बस्दै आइरहेका थिए । क्रान्तिमा लाग्न बिहेसमेत नगरेका उनलाई आफ्नै घरमा झुन्डिराखेको अवस्थामा गाउँलेले फेला पारेका थिए । उनको कोठामा पाइएको जुठो थालले आत्महत्या गर्नुअघि उनले खाना खाएको पुष्टि गरेको छ । कोठामा सानो परिमाणमा दाल, चामल, औषधि, पुस्तक र कालो रङको फ्रेममा सजाइएका विश्वकम्युनिस्ट आन्दोलनका हस्तीहरूको फोटा थिए । गाउँलेहरूका अनुसार उनी गरिबीको जीवन जिउँदै थिए । एक वर्षअघि हृदयघात भएपछि उनको स्वास्थ्यस्थिति नाजुक बन्नपुगेको थियो । विभिन्न रोगको सिकार बन्नथालेका उनी दैनिक ठूलो रकम औषधोपचारमा खर्च गर्न बाध्य थिए । रोगसँग लड्न र जीवन जिउन सेवन गर्नुपर्ने आवश्यक औषधिको जोहो गर्न कठिनाइ झेलिरहेका उनले आर्थिक सङ्कटकै कारण आत्महत्या गरेको हुनसक्ने गाउँलेहरूको ठम्याइ छ । गाउँलेहरूमाझ अदम्य साहसी क्रान्तिकारीका रूपमा इज्जत कमाएका उनले स्वास्थ्य उपचारका लागि सहयोग गर्ने गाउँलेहरूको प्रस्तावलाई समेत अस्वीकार गरेका थिए । आफ्नो पुरानो पार्टी तथा पश्चिम बङ्गालमा लगातार राज्य सरकार चलाउँदै आइरहेको भाकपा (मार्क्सवादी)ले स्वास्थ्य उपचारार्थ कोलकाता बोलाउँदासमेत उनले अस्वीकार गरेका थिए । उनले सरकारी सुविधामा उपचार नगर्ने अडान लिएका थिए । उनी नक्सलवाडी आन्दोलनलाई पछ्याउँदै गठन भएका माओवादी पार्टीहरूले पछिल्लो समयमा लिएको नीति र हिंसाको मार्गदेखि असन्तुष्ट थिए । स्मरणीय छ, चारु मजुमदारको 'व्यक्तिहत्या' नीतिका पनि उनी विरोधी थिए । उनले व्यक्तिहत्याबाट क्रान्ति सम्पन्न नहुने र त्यसलाई वर्गसङ्घर्ष मान्न नसकिने राय दिएका थिए ।

कानुको जन्म दार्जीलिङको सिलगुडीनजिकको गाउँ हात्तीघिसामा भएको हो । सन् १९२९ मा जन्मिएका कानुको परिवार मध्यमवर्गको थियो । उनले सिलगुडीको एसी कलेजबाट स्नातक गरेका थिए । उनी सुरुमा अविभाजित भारतीय कम्युनिस्ट पार्टीमा लागेका थिए । सन् '५० कै दशकमा कलेजमा अध्ययनरत रहँदा उनी कम्युनिस्ट आन्दोलनमा होमिएका थिए । जब सन् १९६४ मा भाकपा विभाजित भयो, उनी चारु मजुमदारसँगै गठित नयाँ भाकपा (मार्क्सवादी)मा आबद्ध भए । तर, भाकपा (मा) सम्मिलित पश्चिम बङ्गालको राज्य सरकारको प्रहरीले नक्सलवाडीका किसानमाथि गोली चलाएपछि उनले पार्टी परित्याग गरे । उनकै भनाइअनुसार '६० को दशकको सुरुमा भारत-पाकिस्तानबीच सीमा विवाद चल्यो । धेरैभन्दा धेरै कम्युनिस्टहरू भाकपाले लिएको नीति मान्न तयार भएनन् । उनीहरू भारतीय रक्षा कानुनअन्तर्गत पक्राउ परे । त्यसबीच भाकपाको विभाजन भयो । कम्युनिस्टहरू पक्राउ पर्ने क्रम १९६५ को भारत-पाकिस्तान सीमा

झडपको बेलासम्मै जारी रह्यो । त्यसैबीच चारु मजुमदारले सशस्त्र सङ्घर्षको कुरो उठाए । दक्षिणपन्थीविरुद्ध सङ्घर्ष गर्ने घोषणा गरे । त्यसै सेरोफेरोमा सन् १९६६ मा बालासोन चिया बगानका मजदुरले बोनसको माग राखी हड्ताल गरे । प्रहरीले गोली चलायो । वीरबहादुर प्रधान नाउँका मजदुर मारिए । त्यसपछि चारुले नक्सलवाडीमा सशस्त्र इकाई गठन गर्ने प्रस्ताव अघि सारे । तर, कानुले मानेनन् । चारुले निर्वाचन बहिस्कार गर्ने नारा अघि सारे, कानुले त्यो पनि मानेनन् । त्यसपछि चारुले किसान कमिटीहरू बनाई जमिन कब्जा गर्ने र गरिब किसानलाई वितरण गर्ने योजना अघि सारे । चारुको त्यो पछिल्लो योजना कानुको असहमतिबेगर किसानहरूमाझ लोकप्रिय बन्यो । किसानले अब खेतीयोग्य जमिन कब्जा गर्न सुरु गरे । राज्य सरकारका कम्युनिस्ट मन्त्रीद्वय हरेकृष्ण कोनार र सुकना डाकले विद्रोही किसानहरूलाई आत्मसमर्पण गर्न भने । त्यसैबीच, नक्सलवाडीमा प्रहरीले हस्तक्षेप गऱ्यो । र, ११ जना किसानलाई माऱ्यो । यो सन् १९६७ मे २५ को घटना थियो । त्यस घटनापछि चारु, कानु र जङ्गल सन्थालहरूको अगुवाइमा किसानहरूले हतियार उठाए । प्रहरी-किसान र किसान-जमिनदारवर्गबीच सशस्त्र भिडन्त भयो । किसानहरूको त्यही विद्रोहलाई जनवादी गणतन्त्र चीनले पनि समर्थन गरेपछि त्यसले नक्सलवाडी आन्दोलनको रूप लियो । सामान्य किसान आन्दोलन सशस्त्र किसान आन्दोलनमा परिणत भयो । र, त्यो सशस्त्र आन्दोलनलाई सङ्गठित रूपमा नेतृत्व प्रदान गर्न सन् १९६९ को अप्रिल २२ (लेनिनको जन्मदिन)का दिनमा भाकपा (माले)को गठन गरियो । यसका प्रमुख नेताहरू चारु, कानु र सरोजदत्त थिए । त्यसअघि नै सन् १९६७ मा चीनसमर्थित सङ्गठनको रूपमा अखिल भारतीय कम्युनिस्ट क्रान्तिकारीहरूको कमिटी (एआईसीसीसीआर) गठन गरिसकेको थियो । त्यसका नेता चारु र कानु थिए । त्यस सङ्गठनको प्रथम बैठक (१९६९ को नोभेम्बर) मा पश्चिम बङ्गाल, उत्तरप्रदेश, बिहार, मद्रास, मैसुर, केरला, उडिसा र पञ्जाबका कम्युनिस्टहरूको समेत सहभागिता रहेको थियो । पछि आन्ध्र  प्रदेश सङ्गठन समिति त्यसबाट निस्कासित भयो, जसका संयोजक थिए- तेजेश्वर राव ।

सन् १९७१ को अगस्त ५ मा सरोजदत्त प्रहरीबाट मारिए भने १९७२ को जुलाई १६ मा चारु पक्राउ परे । त्यसको तेह्रौं दिनमा एलिपोल केन्द्रीय कारागारमा उनको हत्या गरियो । हत्याको समय कानु आन्ध्र प्रदेशको सहर विसाखापतन जेलमा थिए । उनी आठ वर्षपछि सन् १९७७ मा मात्र रिहा भए । उनलाई भाकपा (मा)का नेता तथा पश्चिम बङ्गालका मुख्यमन्त्री ज्योति बसुको दबाबमा रिहा गरिएको थियो । बसुका अनुसार, सशस्त्र सङ्घर्षलाई नमान्ने शर्तमा उनलाई रिहा गरिएको थियो । जेलबाट छुटेपछि उनले ‘कम्युनिस्ट क्रान्तिकारीहरूको साङ्गठनिक कमिटी’ गठन गरे । सन् १९८५ मा उनको नेतृत्वमा रहेको उक्त सङ्गठन र अन्य पाँचवटा सङ्गठनबीच एकता भयो र कम्युनिस्ट अर्गनाइजेसन अफ इन्डिया (माले)को जन्म भयो । उनी त्यस पार्टीको महासचिव बने । कानुको त्यो पार्टी पछि आदिवासीबीच मात्र सीमित हुनपुग्यो । त्यसले निर्वाचनमा भाग पनि लियो । २००३ मा उक्त सङ्गठन र विखमको नेतृत्वमा रहेको भाकपा (माले) बीच एकता भयो । एकीकृत पार्टीको नाउँ भाकपा (माले) नै राखियो । र, पार्टीले जम्मु-कास्मिर, नागाल्यान्ड र मिजोरमका जनतालाई आत्मनिर्णयको अधिकार दिइनुपर्ने कुरा उठाउँदै आइरहेको छ । सन् २००४ मा भएको निर्वाचनमा पनि पार्टीले भाग लियो र लोकसभाका लागि पाँच जना र आन्ध्र प्रदेश विधानसभाका लागि एकजना उम्मेदवार उठायो ।

यतिखेर सो पार्टी विशेषतः पश्चिम बङ्गाल, आन्ध्र र झारखन्डमा सक्रिय रहेको छ । पार्टीको मुखपत्र ‘रेड स्टार’ हो ।

यतिखेर भारतमा भाकपा (माले)कै नाउँ भएका १४ वटा पार्टी अस्तित्वमा छन् । चारु र कानुको नेतृत्वमा गठन भएको अखिल भारतीय कम्युनिस्ट क्रान्तिकारीहरूको कमिटी तथा चारु, कानु, सरोज दत्तको नेतृत्वमा सन् १९६९ मा पुनःगठित पहिलो भाकपा

(माले)लाई ‘माउ पार्टी’ मान्ने मार्क्सवाद-लेनिनवाद, माओत्सेतुङ विचारधारा वा माओवादलाई मान्ने पार्टीहरूको सङ्ख्या १७ छ । चारुले उठाएको राजनीतिक मुद्दा आफ्नो मुद्दा भएको घोषणा गर्दै शान्तिपालले फेरि छुट्टै सङ्गठन ‘कोअर्डिनेसन कमिटी/भाकपा (माले)’ गठन गरेका छन् । पछिल्लो समयमा कानु भाकपा (माले)को महासचिव भए पनि आफ्नै गाउँमा आएर बस्न थालेका थिए । उनले आफ्नो जीवनको अन्तिम अन्तर्वार्तामा कम्युनिस्ट आन्दोलन र आफ्नै भूमिकालाई लिएर निराशाजनक अभिव्यक्ति दिएका थिए । उनको भनाइ थियो, ‘म आफैं पनि एकदम लोकप्रिय थिएँ तर मैले मेरो लोकप्रियता गुमाएँ । म बिरामी पनि भएँ । म अब जनताबीच सङ्गठनको काम गर्न सक्दिनँ ।’ उनले पश्चिम बङ्गालको लालगढमा माओवादीले गरेको आक्रमणलाई लिएर भनेका छन्, ‘लालगढ र नन्दीग्राममा माओवादीले गरेको कारबाहीले नक्सलवाडी आन्दोलनले उत्थान गरेको नीतिसित बिल्कुलै मेल खाँदैन ।’ कानुले पछिल्लो समयमा दार्जिलिङ, कालिम्पोङ र खर्साङका नेपालीले उठाउँदै आइरहेको स्वायत्तताको मागलाई जायज मान्न थालेका थिए । उनले त्यहाँका जनताको आत्मनिर्णयको अधिकारको सम्मान गरे पनि डुवर्सलाई समेत मिलाएर गोर्खाल्यान्ड बनाउने गोर्खा जनमुक्ति मोर्चाको मागलाई भने स्वीकारेका थिएनन् । उनी पछिल्लोपटक सन् २००६ को जनवरीमा पक्राउ परेका थिए । न्यु जलपाइगुडी रेलवे स्टेसनलाई अवरुद्ध पारेर दिल्ली जाने रेललाई चल्न नदिएपछि प्रहरीले उनलाई पक्राउ गरेको थियो । त्यसबेला उनी त्यस क्षेत्रका चियाबगानका मजदुरहरूको आन्दोलनलाई साथ दिँदै थिए । र, चियाबगान बन्द गरेपछि मजदुरहरू आन्दोलित थिए । ७० को दशकमा कोलकाताका महात्मा गान्धी र जतिन दास भनेर चिनिएका कानु ७८ वर्षका थिए । ❐

# अनुकरणीय कमरेड बलराम उपाध्याय

❒ गोविन्द ज्ञवाली

त्रिभुवन विश्वविद्यालयको स्थापना हुनुभन्दा पहिलेसम्म बनारस नेपाली विद्यार्थीहरूका लागि एक शैक्षिक केन्द्र थियो । संवत् २०१७ सालको पुस १ गते राजा महेन्द्रले जननिर्वाचित प्रधानमन्त्री बीपी कोइरालालाई अकारण जेलमा बन्द गरेर जनताका यावत् प्रजातान्त्रिक अधिकारहरू अपहरण गरेपछि बनारस राजनीतिक नेता एवम् कार्यकर्ताहरूको निर्वाचनको थलो पनि बन्नगयो । बनारसमा पढ्ने नेपाली विद्यार्थीहरूमा यस घटनाबाट शैक्षिक जागरण मात्र हैन, राजनीतिक जागरण पनि थपियो । नेपालको तत्कालीन राजनीतिक परिस्थिति सबैको चासोको विषय बन्यो । यसैको केन्द्रभूमिमा बहसहरू सुरु भए । राजनीतिक सरगर्मी बढ्दै गयो । नेपाली विद्यार्थीहरू जमघट हुनसक्ने मङ्गलागौरी, दूधविनायकजस्ता ठाउँहरूमा गोष्ठी र सभाहरूको आयोजना हुनथाल्यो । नेपाली विद्यार्थीहरूको त्यसबेलाको सङ्गठन नेपाली छात्रपरिषद्को सक्रियता बढ्दै गयो ।

त्यसबेला बलराम उपाध्याय यसै सक्रियताको बीचमा हुनुहुन्थ्यो । विद्यार्थीहरूका बीचको क्रान्तिकारी भावनाका उहाँ एक प्रतिनिधि व्यक्तित्व हुनुहुन्थ्यो । साथै, यसका एक प्रमुख सङ्गठक र नेतृत्वकर्ता पनि ।

यसै परिवेशमा मेरो बलराम उपाध्यायसँग सम्पर्क भयो । त्यसबेला म र मजस्ता अरू धेरै विद्यार्थीहरूले उहाँलाई बलराम उपाध्याय हैन, 'बलराम दाइ'का रूपमा अत्यन्त आत्मीयता र आदरका साथ सम्बोधन गर्दथ्यौं । केही वर्षपछि नेपाली छात्रपरिषद्को मुखपत्र 'छात्रप्रभा' मा 'स्वर्गमा हलचल' भन्ने शीर्षकमा एक व्यङ्ग्यात्मक शैलीको लेख प्रकाशन भयो । त्यसमा उहाँको नाम थियो- 'बराउति' । यसपछि मात्र हामीले थाहा पाएका थियौं- बलराम दाइ त बलराम उपाध्याय तिमिल्सिना पो हुनुहुँदोरहेछ । उहाँको जन्मथलो रहेछ, वर्तमान पर्यटकीय नगरी पोखराको निकटवर्ती ठाउँ- बाटुलेचौर ।

बलराम उपाध्यायको बालककाल त्यसै गाउँमा बित्यो । त्यसबेला अहिलेको जस्तो न त सुन्दरनगरी पोखरा थियो न त त्यहाँसम्म सजिलैसँग पुग्न सकिने बाटाहरू नै थिए । यी सबै नभए तापनि त्यसबेला पनि यसको उत्तरपट्टि माछापुच्छ्रेको मनोरम दृश्य अहिलेजस्तै आकर्षक थियो । फेवातालमा पर्ने यसको छाया अहिलेको भन्दा अझ सुन्दर थियो । त्यस सुन्दरताभित्र न त कुनै कोलाहल थियो न कुनै हलचल । यहाँ प्राकृतिक सुन्दरता थियो मानवनिर्मित सुन्दरताका वस्तुहरू नगण्य थिए । यस्ता वस्तुहरू थिए र धार्मिक उद्देश्यले रोपिएका वरपीपलका बोटहरू थिए, कुनै दिन धार्मिक विधिपूर्वक ती वरपीपलको बीचमा विवाह भएको थियो, वरवधुका रूपमा तिनीहरू सजिएका थिए, त्यहाँ सुन्दर चौतारीको पनि निर्माण भएको थियो । तर, त्यस शीतल छहारीमा बस्ने मानिसहरूको सङ्ख्या अहिलेको जस्तो थिएन, कम थियो ।

आफ्ना गाउँघरको त्यस सुन्दर तर गतिहीन शून्यताबकाट विरक्तिएर शिक्षाको खोजीमा हिंडेको एक शैक्षिक शरणार्थीको रूपमा पहाडका डाँडापाखा र तराईको समतल भूभागलाई पार गर्दै सीमावर्ती क्षेत्रका रेलमार्ग हुँदै बलराम उपाध्याय बनारस पुग्नुभएको थियो । संवत् २००७ सालको प्रजातान्त्रिक आन्दोलनमा भाग लिएर देशविदेशका बारेमा समेत केही ज्ञान पाएका आफ्ना काका मुक्तिनाथबाट बलराम उपाध्यायले बनारस र त्यहाँका संस्कृत विद्यालयहरूको बारेमा केही महत्वपूर्ण जानकारी पाउनुभएको थियो । त्यसैले उहाँलाई थाहा थियो, बनारस समस्त भारतको एक प्राचीन तीर्थस्थल हो । त्यहाँ यस्ता केही धार्मिक आश्रम र संस्कृतका विद्यालयहरू छन्, जसमा संस्कृत पढ्ने विद्यार्थीहरूका लागि निःशुल्क रूपमा बस्ने, खाने र पढ्ने व्यवस्था छ । बनारस पुगेपछि आफ्नो आर्थिक अवस्था कमजोर भएको हुनाले बलराम उपाध्याय यस्ता आश्रम र विद्यालयहरूको खोजीमा लाग्नुभयो । परिणामस्वरूप सतुवाबाबा नाम भएका एक साधुको आश्रममा पुग्नुभयो । उहाँको बालसुलभ निर्दोष ग्रामीण छविबाट सतुवाबाबा प्रभावित भए । उनले आफ्नो आश्रममा आश्रय मात्र दिएनन्, बस्ने, खाने र पढ्ने सुविधाका साथै आश्रमको हेरविचार गर्ने जिम्मेवारीसमेत दिए । बलराम उपाध्यायको कार्यतत्परता र जुनसुकै काम पनि सहजतापूर्वक सम्पन्न गर्ने सक्रियताबाट प्रभावित सतुवाबाबाले आफ्नो बृद्धावस्थालाई ध्यानमा राख्दै बलराम उपाध्यायलाई आफ्नो आश्रमका यावत् उत्तरदायित्व र अधिकारहरू सुम्पेर आफू निवृत्तिमार्गमा अगाडि बढ्ने आफ्नो मनसाय सुनाए ।

त्यसबेलासम्म बलराम उपाध्याय सतुवाबाबाको आश्रमको एक सुयोग्य विद्यार्थी मात्र नभएर विश्वराजनीतिका हलचलपूर्ण अवस्थाहरूको गम्भीर अध्येता र विश्लेषकको रूपमा समेत स्थापित भइसक्नुभएको थियो । द्वितीय विश्वयुद्धको विनासकारी आतङ्कपछि एसियामा बढ्दै गएको राष्ट्रियता, देशप्रेम र जनतन्त्रका आन्दोलनले उहाँलाई आकर्षित

गरिसकेका थिए । त्यसैले सतुवाबाबाको भवन, वैभव र सुविधापूर्ण जीवनशैलीले उहाँलाई आकर्षित गर्न सकेनन् । बाबाको मनसायलाई आफूले पूरा गर्न नसक्ने स्पष्ट अभिव्यक्तिका साथ उहाँले आश्रम परित्याग गर्नुभयो ।

आश्रम परित्यागपछि नेपाली विद्यार्थीहरूका बीचमा उहाँको सम्बन्ध प्रगाढ हुँदै गयो । भारतीय कम्युनिस्ट पार्टीका 'रुस्टम सैटिन' र सत्यनारायण सिंहजस्ता कर्मठ नेताहरूसँग उहाँका सम्बन्धहरू विस्तारित हुँदै गए । उनीहरूले आयोजना गरेका मार्क्सवादी दर्शन, अर्थशास्त्र, राजनीति र संस्कृतिका प्रशिक्षणहरूमा बलराम उपाध्यायको उपस्थिति बाक्लो हुँदै गयो । उहाँको पहल र प्रयत्नमा बनारसमा पढ्ने नेपाली विद्यार्थीहरूका बीचमा नेपाल कम्युनिस्ट पार्टीका प्रारम्भिक समितिहरू गठन भए । ती सबैको परिचालनका लागि बलराम उपाध्यायले विशेष समय दिनुपर्ने आवश्यकता हुनथाल्यो । त्यसपछि विद्यालयको नियमित अध्ययनलाई उहाँले निरन्तरता दिन सक्नुभएन । विद्यार्थीहरूका बीचमा बनेका प्रारम्भिक समितिहरू र आफ्ना शभेच्छुकहरूको आर्थिक व्यवस्थापनमा उहाँको जीवनक्रम अगाडि बढ्दै गयो । ती दिनहरूमा बलराम उपाध्याय केवल विद्यार्थीहरूको नेता मात्र हैन, पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म नेपाल कम्युनिस्ट पार्टीका सङ्गठनहरूका साथै भारत प्रवासका विद्यार्थीहरूमाझ कम्युनिस्ट पार्टीको प्रभाव विस्तार गर्ने एक प्रमुख सङ्गठकको रूपमा परिचित हुनुभयो ।

राजा महेन्द्रको निरङ्कुश कदमबाट पार्टीहरूमाथिको प्रतिबन्ध अत्यन्त कठोर बन्दै गएपछि बनारसको सङ्गठनको महत्व स्वाभाविक रूपमा बढ्न थाल्यो । नेपालभित्रका भूमिगत सङ्गठनहरूका बीचमा सम्पर्क स्थापित गर्न त्यसबेलाको यातायात व्यवस्थाले अत्यन्त कठिन थियो । नेपाली विद्यार्थीहरूको शैक्षिक केन्द्रका रूपमा रहेको बनारसबाट यस्तो सम्पर्क केही सरलताका साथ हुनसक्थ्यो । त्यस अवस्थाले त्यहाँको सङ्गठनमा क्रियाशील बलराम उपाध्यायको क्रियाशीलतालाई जोड्ने काम गऱ्यो । नेपाल कम्युनिस्ट पार्टीको तेस्रो महाधिवेशन भूमिगत रूपमा बनारसमा गर्नुपर्ने बाध्यताले जस्तो कठिन परिस्थितिमा पनि एकनाससँग दिनरात खट्नसक्ने बलराम उपाध्यायको सक्रियतालाई वृद्धि गर्ने काम गऱ्यो । पार्टी कार्यकर्ताहरूका बीचमा सबैसँग सहज रूपमा घुलमिल गर्नसक्ने उहाँको क्षमता, जाँगरिलोपन र धैर्यताको प्रशंसा हुँदै गयो । उहाँ सर्वसम्मतिबाट केन्द्रीय समितिमा निर्वाचितसमेत हुनुभयो ।

नेपाल कम्युनिस्ट पार्टीको दोस्रो महाधिवेशनका महासचिव डा. केशरजङ्ग रायमाझी र त्यसबेलाको बहुमत केन्द्रीय समिति राजतन्त्रको पक्षमा देखिँदै गएको थियो । बनारसमा सम्पन्न तेस्रो महाधिवेशनले नेपाल कम्युनिस्ट पार्टीलाई राजतन्त्रको विपक्षमा खडा गर्ने काम गऱ्यो । यो तेस्रो महाधिवेशनको सबैभन्दा ठूलो ऐतिहासिक काम थियो । यो नै त्यसको सबैभन्दा ठूलो सफलता थियो । पार्टीभित्रका आन्तरिक मतभेदहरूलाई समाधान गरेर पार्टीभित्रको अन्तरविरोधलाई व्यवस्थित गर्न नसक्नु यस महाधिवेशनको सबैभन्दा ठूलो कमजोरी थियो । यसै असफलताले गर्दा समयक्रममा पार्टीका आन्तरिक मतभेदहरू चुलिँदै गए र पार्टीमा विभाजनका रेखाहरू कोरिँदै गए ।

यी अन्तरविरोधहरूलाई समाधान गर्नेक्रममा बलराम उपाध्यायको निकटता पुष्पलालका विचारहरूसँग बढ्दै गयो । नेपाली जनआन्दोलनको वैज्ञानिक समीक्षापछि पुष्पलालले अगाडि सार्नुभएको संयुक्त जनआन्दोलनको कार्यनीति र नेपालको मौलिक विशेषताहरूलाई आत्मसात् गर्दै प्रस्तुत गरिएको नयाँ जनवादी कार्यक्रमको बलराम उपाध्याय प्रबल पक्षधर हुनुभयो । पुष्पलालको देहावसानपछि यसका समयानुकूल विश्लेषक र प्रयोगकर्ताका रूपमा हामीले उहाँलाई पायौं ।

संवत् ०३५ सालको साउन ७ गते नयाँदिल्लीको गोविन्दवल्लभ पन्त हस्पिटलमा पुष्पलालको देहावसान भयो । देहावसानको केही समयपछि 'शोकलाई साहसमा बदलौं' भन्ने नाराका साथ बलराम उपाध्यायको नेतृत्वमा दरभङ्गाको लहरियासराय भन्ने ठाउँमा हाम्रो सङ्कटकालीन सम्मेलनको आयोजना भयो । त्यस सम्मेलनका सम्पूर्ण सहभागीहरूले बलराम उपाध्यायलाई पार्टी महासचिवको पदभार लिन एकस्वरले अनुरोध गरे । तर, त्यस अनुरोधलाई अत्यन्त विनम्रताका साथ अस्वीकार गर्दै बलराम उपाध्यायले तत्कालका लागि महासचिवको पद खालि राख्ने र आफूले पार्टीको केन्द्रीय समितिको प्रवक्ताका रूपमा काम गर्ने आफ्नो प्रस्ताव प्रस्तुत गर्नुभयो । त्यस प्रस्तावको पक्षमा उहाँको तर्क थियो, अहिले नेपाल कम्युनिस्ट पार्टी विभिन्न समूहमा विभाजित छ । पार्टीका पुराना नेताहरू विभिन्न समूहमा छरिएका छन् । उनीहरूमा एकले अर्कोलाई अस्वीकार गर्ने प्रवृत्ति बढ्दै गएको छ । यस अवस्थाको अन्त्य गर्नका लागि यस प्रवृत्तिलाई कमजोर गर्नु जरुरी छ । संयुक्त जनआन्दोलनको निर्माण गर्ने कार्यनीतिलाई लागू गर्नका लागि पनि विभिन्न कम्युनिस्ट समूहका बीचको दूरी कम गर्नु अहिलेको हाम्रो प्रमुख कार्यभार हो । यस कार्यभारलाई पूरा गर्न हामीले महासचिवको पद खालि राखेर अरूसँग एकता वार्तालाई अगाडि बढाउनुपर्दछ ।

उहाँको त्यस तर्कसँग केन्द्रीय समिति सहमत भएपछि बलराम उपाध्याय केवल पार्टी प्रवक्ताका रूपमा क्रियाशील रहनुभयो । एकता वार्ताहरू प्रारम्भ भए । त्यसैको परिणामस्वरूप नेपाली कम्युनिस्ट आन्दोलनका मूर्धन्य नेता मनमोहन अधिकारीले नेतृत्व गर्नुभएको समूहसँग यस समूहको एकता सम्भव भयो । संवत् ०४२ सालमा बनारसको सारनाथमा सम्पन्न एकता सम्मेलनले ती दुई समूहलाई एक गऱ्यो र कमरेड मनमोहन अधिकारी सबैको एकस्वरबाट महासचिवमा निर्वाचित हुनुभयो । त्यसपछि नेपालको कम्युनिस्ट आन्दोलनलाई संयुक्त जनआन्दोलनको कार्यदिशामा अगाडि बढाउने काम सुगम हुँदै गयो । संवत् ०४५ सालतिर पुगेपछि विभिन्न कम्युनिस्ट समूहका बीचमा संयुक्त वाममोर्चाको निर्माण सम्भव भयो ।

संयुक्त वाममोर्चाको निर्माणले कम्युनिस्ट आन्दोलनमा एकअर्का समूहका बीचमा आपसी छलफल र आपसी समझदारी कायम गरेर सहकार्यलाई अगाडि बढाउने संस्कृतिको विकास हुँदै गयो । यस संस्कृतिको निर्माण एउटा दीर्घकालीन प्रक्रियाबाट भएको छ । यसको निर्माण गर्ने सन्दर्भमा बलराम उपाध्यायले खेल्नुभएको भूमिका आजको सन्दर्भमा पनि प्रासंगिक छ र साथै अनुकरणीय पनि । ❐

# राजनीतिक शब्द परिचय

**अखिल** (All) : 'अखिल'को शाब्दिक अर्थ हो- सम्पूर्ण । अन्य शब्दमा समग्र, सारा, सबैको वा सबैलाई समेट्ने भन्ने ढङ्गले पनि यो शब्दलाई अर्थ्याउन सकिन्छ । नेपालमा यो शब्दको प्रचलन बढी मात्रामा वामपन्थी तथा प्रगतिशील विचारका सङ्गठनहरूले गर्ने गरेका छन् । विशेषगरी कुनै सङ्गठनको नाममा सबैभन्दा अगाडि यो शब्द राख्ने गरिन्छ । जस्तै- अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन, अखिल नेपाल किसान महासङ्घ, अखिल नेपाल महिला सङ्घ आदि । यसरी नामको सबैभन्दा अगाडि 'अखिल' शब्दको प्रयोगले त्यो सङ्गठन सम्बन्धित पेसा-व्यवसायका सबैको भन्ने बुझिन्छ । जस्तो- सम्पूर्ण विद्यार्थी, सम्पूर्ण किसान, सम्पूर्ण महिला भन्ने अर्थलाई 'अखिल' शब्दले समेट्छ । यो शब्दले प्रगतिशील वा वामपन्थी विचारको सङ्गठन भन्ने मान्यता स्थापित गरे पनि यो शब्दको प्रयोग गैरवामपन्थी वा वामपन्थका विरोधीहरूले पनि यदाकदा गर्ने गरेको पाइन्छ ।

**जनता** (People) : 'जनता' भन्ने शब्दको अर्थ बुझाउने अर्को शब्द हो- 'लोक' । कुनै देशमा बस्ने मानवहरूको समष्टि नै जनता हो । 'जनता'लाई कुनै देशमा बस्ने वा बसोबास गरिरहेका मान्छेको समूह वा जनसमूहका रूपमा पनि लिन सकिन्छ । पुँजीवादले शोषक र शोषित दुवैलाई जनता मान्दछ । मार्क्सवादले शोषकवर्गलाई जनविरोधी शक्ति मान्दछ ।

**संविधि** (Statute) : संविधिको अर्थ कानुन हो । देशको व्यवस्थापिकाद्वारा पारित कानुनहरूलाई नै संविधि भनिन्छ ।

**जनजाति** (Nationality) : कुनै जनपद (जनसाधारणहरूको बसोबास भएको ठाउँ, गाउँ वा प्रान्त) को मानव-समुदाय नै जनजाति हो । पहिले, निरङ्कुश पञ्चायती शासनकालमा जनजातिको परिभाषा बेग्लै ढङ्गले गर्ने गरिएको थियो । त्यसबेला जङ्गल फाँडेर खनीखोस्री खाने नागा, कोचे, कुसुण्डाजस्ता सभ्यता र शिक्षा आदिमा पछाडि परेको र नजिकको परिवेशसँग पनि प्रभावित नभएको पछौटे जातिलाई नै जनजाति मान्ने गरिन्थ्यो । तर, प्रजातान्त्रिक कालमा जनजातिको अर्थ र परिभाषा फेरिएको छ ।

'जनजाति उत्थान प्रतिष्ठान' कार्यदलले जनजातिको परिभाषा गर्नेक्रममा आफ्नो मातृभाषा र परम्परागत रीतिरिवाज भएको तर चार वर्णको हिन्दू वर्णाश्रम व्यवस्थाभित्र नपर्ने समुदाय नै जनजाति भएको स्पष्ट गरेको छ । जसको आफ्नो छुट्टै सामूहिक सांस्कृतिक पहिचान छ, जसको परम्परागत भाषा, धर्म, रीतिरिवाज र संस्कृति छ, जसको परम्परागत सामाजिक संरचना समानतामा आधारित छ, जसको आफ्नो परम्परागत भौगोलिक क्षेत्र छ, जसको आफ्नो लिखित वा अलिखित इतिहास छ, जुन समुदायभित्र 'हामी' भावना छ, जुन समुदायहरूको आधुनिक नेपालको राजनीति एवम् राज्य सञ्चालनमा निर्णायक भूमिका छैन, जो नेपालको आदिवासी हो र जसले आफूलाई 'जनजाति' भन्दछ, त्यसैलाई जनजाति मान्नुपर्ने कुरा कार्यदलले प्रस्तुत गरेको थियो ।

'जनजाति' भनेको के हो र कसलाई जनजाति मान्ने भन्ने सन्दर्भमा आदिवासी-जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन- २०५८ मा आदिवासी जनजातिको परिभाषा यसरी दिइएको छ, 'आदिवासी-जनजाति भन्नाले आफ्नो मातृभाषा र परम्परागत रीतिरिवाज, छुट्टै सांस्कृतिक पहिचान, सामाजिक संरचना र लिखित वा अलिखित इतिहास भएको जाति वा समुदाय सम्झनुपर्छ । यस परिभाषाअनुसार निम्न विशेषताहरू भएको जाति वा समुदाय 'आदिवासी जनजाति' मानिन्छन्,

- नेपाली भाषाभन्दा भिन्न आफ्नै जातीय भाषा भएका,
- उच्च शासक जातका भन्दा बेग्लै आफ्नै परम्परागत रीतिरिवाज भएका,
- शासनसत्तामा हावी रहेको हिन्दू संस्कृतिभन्दा भिन्न संस्कृति भएका,
- उचनीचमा आधारित वर्ण वा जात व्यवस्थाभित्र नपर्ने छुट्टै सामाजिक संरचना भएका,
- नेपालको भौगोलिक एकीकरणपूर्वका प्रदेशका बासिन्दाहरूका वंशज ठहर्ने लिखित वा अलिखित इतिहास भएका ।

यसरी, ऐनअनुसार परिभाषित जनजातिको सङ्ख्या ५९ रहेको छ । रुस, चीन, बर्मालगायत युरोपेली मुलुकहरूमा विभिन्न जातिहरूलाई जनाउन 'नेसनालिटिज' भन्ने शब्द प्रयोग गर्ने गरिन्छ । आदिवासी र जनजाती शब्दलाई अचेल समानार्थी रूपमा या एकैसाथ प्रयोग गर्ने गरिएको भए पनि यी एकै अर्थ बुझाउने शब्द होइनन् ।

**आदिवासी** (Indigenous Peoples) : कुनै भूभाग, देश वा स्थानमा पहिलेदेखि नै बसोबास गरिआएको जातिलाई आदिवासी भनिन्छ । आदिवासीलाई आदिम निवासी वा आदिम जातिका रूपमा पनि बुझ्ने गरिएको छ । क्यानाडालगायतका केही मुलुकमा आदिबासीहरूलाई 'फस्ट नेसन' भन्ने गरिएको छ ।

**जननीति** (Peoples Policy) : जनताको इच्छा, आकाङ्क्षा र आवश्यकतालाई बुझेर लिइने नीति नै जननीति हो । छोटकरीमा भन्दा जनताको नीति नै जननीति हो । अर्को ढङ्गले भन्नुपर्दा- जनताको पक्षमा लिइने नीति नै जननीति हो । जननीतिको विकास चिनियाँ नौलो जनवादी क्रान्तिका नायक माओत्सेतुङले गरेका हुन् । जननीतिलाई खासगरी चिनियाँ कम्युनिस्ट पार्टीको कार्यशैलीका रूपमा परिभाषित गर्ने काम माओले गरेका हुन् । उनका अनुसार जनताका चाहना, विचार एवम् समस्याहरूलाई बुझेर सही कुरालाई ग्रहण गर्दै र गलत कुरामा सुधार गरी फेरि जनतामै प्रचार गर्ने कार्यशैलीलाई जननीति भनिन्छ ।

**जनआन्दोलन** (Mass Movement) : शाब्दिक अर्थमा जनताको आन्दोलन नै जनआन्दोलन हो । अलि स्पष्ट रूपमा भन्नुपर्दा- कुनै उद्देश्यले प्रेरित भएर वा आफ्ना मौलिक अधिकारको प्राप्तिका लागि जनताद्वारा चलाइने आन्दोलनलाई नै जनआन्दोलन भनिन्छ । जनताको हकअधिकारको पक्षमा वा जनताकै सहभागितामा गरिने आन्दोलन पनि जनआन्दोलन नै हो । नेपालमा ०४६ सालमा संयुक्त वाममोर्चा र नेपाली काङ्ग्रेसको नेतृत्वमा निरङ्कुश पञ्चायती व्यवस्थाका विरुद्ध जनआन्दोलन सञ्चालन भएको थियो । त्यसपछि, पनि कम्युनिस्ट र काङ्ग्रेसकै नेतृत्वमा ०६२/०६३ को जनआन्दोलन सफलतापूर्वक सम्पन्न भएको थियो, जसलाई दोस्रो जनआन्दोलन पनि भन्ने गरिएको छ । आम जनताको स्वेच्छिक र व्यापक सहभागिता जनआन्दोलनको मुख्य विशेषता हो ।

❑ **शार्दूल भट्टराई**

# 'अपूरणीय क्षति र रिक्तता'

*नेकपा (एमाले) का अध्यक्ष कमरेड झलनाथ खनालले शोक वक्तव्य प्रकाशित गरी २०६६ चैत ७ गते नेपाली काङ्ग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाको निधन भएकोमा गहिरो शोक व्यक्त गर्नुभएको छ । प्रस्तुत छ, वक्तव्यको पूर्णपाठ :*

'नेपाली काङ्ग्रेसका सभापति, उच्चस्तरीय राजनीतिक संयन्त्रका संयोजक एवम् भूतपूर्व प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको ८६ वर्षको उमेरमा आज १२:१० बजे काठमाडौंको मण्डिखाटारमा दुःखद् निधन भएको खबरले हाम्रो पार्टी स्तब्ध भएको छ । सङ्क्रमणकालीन जटिलतामा मुलुक अल्झिरहेको र राष्ट्रका निम्ति उहाँको आवश्यकता अझ बढिरहेको अवस्थामा लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्ने प्रक्रियामा जुटिरहेका तमाम परिवर्तनकामी जनसमुदायमा शोक छाएको छ र राष्ट्रले अपूरणीय क्षति ब्यहोर्नुपरेको छ ।

वि.सं. १९८१ साल असारमा जन्मिनुभएका गिरिजाप्रसाद कोइराला छ दशकभन्दा बढी नेपाली राजनीतिमा निरन्तर सक्रिय रहनुभयो । उहाँले ००७ को राणाविरोधी सशस्त्र सङ्घर्षमा 'पोलिटिकल कमिसार'को जिम्मेवारी बहन गर्नुभएको थियो । उहाँ पिता कृष्णप्रसाद कोइराला र माता दिव्या कोइरालाका कान्छा सुपुत्र हुनुहुन्थ्यो । आफ्ना दाजु बीपी कोइराला र मातृकाप्रसाद कोइरालापछि मुलुकको प्रधानमन्त्री बन्ने एकै परिवारका तेस्रो भाइका रूपमा समेत उहाँ विशेष चर्चित रहनुभयो भने कोइराला परिवारबाट ०४६ पश्चात पटकपटक र सबभन्दा धेरै अवधि प्रधानमन्त्री हुनुभयो ।

राणाविरोधी ऐतिहासिक परिवर्तनपछि उहाँ नेपाली काङ्ग्रेस, मोरङको सभापति हुनुभयो । ०१७ को तानाशाही 'कु'लगत्तै जेलमा ७ वर्ष र निर्वासनमा १२ वर्ष बिताउनुभएका उहाँले ०३४ देखि नेपाली काङ्ग्रेसको महामन्त्रीको जिम्मेवारी पाउनुभएको थियो । तत्पश्चात् उहाँले राष्ट्रिय राजनीतिमा आफ्नो उपस्थिति र हैसियत बढाउँदै लैजानुभएको थियो ।

जहानियाँ राणाशासन, तानाशाही पञ्चायती कालरात्रि र प्रतिगमनविरोधी जनआन्दोलनको नेतृत्वमा रहेर उहाँले महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएको तथ्य जगजाहेरै छ । तत्कालीन राजा ज्ञानेन्द्रले ०५९ असोज १८ को प्रतिगमनकारी कदम चालेलगत्तै विघटित प्रतिनिधिसभाको पुनःस्थापनाको पक्षमा अविचलित रहनुभएका उहाँले माओवादी हिंसाको शान्तिपूर्ण अवतरणका निम्ति राजतन्त्रविरुद्धका शक्तिहरूलाई एकजुट बनाउन महत्वपूर्ण भूमिका खेल्नुभयो । खासगरी, संवैधानिक राजतन्त्रको सीमाभित्र रहँदै आएको नेपाली काङ्ग्रेसलाई उहाँकै नेतृत्वमा लोकतान्त्रिक गणतन्त्रका निम्ति अग्रसर बनाउनुभएको थियो । फलतः राजतन्त्रको अन्त्य गर्न मुलुकका सम्पूर्ण लोकतान्त्रिक गणतन्त्रवादी शक्तिहरूबीच संयुक्त मोर्चाबन्दी कायम हुनसकेको थियो ।

०६२/६३ को ऐतिहासिक जनक्रान्तिका नेतृत्वकर्तामध्ये एक रहनुभएका उहाँ ०६३ वैशाख ११ गते तत्कालीन राजा ज्ञानेन्द्रले जनक्रान्तिको सामु घुँडा टेकेर प्रतिनिधिसभा पुनःस्थापना भएपश्चात् अन्तिमपटक प्रधानमन्त्री बन्नुभयो । त्यस क्रममा उहाँले प्रधानमन्त्रीको हैसियतमा मुलुकको अग्रगामी परिवर्तनमा महत्वपूर्ण नेतृत्व प्रदान गर्नुभयो । मूलतः विस्तृत शान्ति सम्झौता, अन्तरिम संविधानको निर्माण, अन्तरिम व्यवस्थापिका-संसद्को गठन, संविधानसभाको निर्वाचन र त्यसको

पहिलो बैठकबाट भएको सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको घोषणा कार्यान्वयनमा उहाँको योगदान विशेष स्मरणीय रहेको छ ।
पूर्वप्रधानमन्त्री एवम् मुलुकको लोकतान्त्रिक आन्दोलनका वरिष्ठ नेता गिरिजाप्रसाद कोइरालाको शान्ति प्रक्रियालाई पूर्णतामा टुङ्ग्याउन, खासगरी राष्ट्रिय सहमतिको नयाँ वातावरण बनाउन महत्वपूर्ण भूमिका अझ बढी अपेक्षित र जरुरत थियो । शान्ति प्रक्रिया र नयाँ संविधान निर्माणमा उहाँले निर्वाह गर्न बाँकी रहेको त्यही भूमिकाका कारण हामीले उहाँको निधनमा ठूलो रिक्तता महसुस गरेका छौं । शोकको यस घडीमा हाम्रो पार्टी दिवङ्गत नेता गिरिजाप्रसाद कोइरालाप्रति भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछ । र, शोकसन्तप्त परिवारजन र नेपाली काङ्ग्रेस पार्टीप्रति हार्दिक समवेदना व्यक्त गर्दछ । साथै, शान्ति प्रक्रियालाई पूर्णता दिएर निर्धारित समयमै नयाँ संविधान जारी गरी उहाँका अधुरा कार्य पूरा गर्न एकतबद्ध हुँदै संयमतापूर्वक अघि बढ्न हाम्रो पार्टी मुलुकका तमाम जिम्मेवार राजनीतिक शक्तिहरू र आम जनसमुदायमा हार्दिक आह्वानसमेत गर्दछ ।'❐

# रोल्पामा कम्युनिस्ट आन्दोलन

## ❐ गोकुल घर्तीमगर

रोल्पा मध्यपश्चिमको राप्ती अञ्चलअन्तर्गत रहेको एक पहाडी जिल्ला हो । ०१८ सालमा रोल्पा छुट्टै जिल्लाको रूपमा अस्तित्वमा आउनुभन्दा पहिले यसको अधिकांश भूभाग प्युठान जिल्लाअन्तर्गत पर्दथ्यो भने पश्चिमका केही भूभागहरू तत्कालीन सल्यान जिल्लामा पर्दथे । ०३८ को राजनीतिक विभाजनले रोल्पाको वर्तमान मानचित्र बनेको हो । आर्थिक, सामाजिक, शैक्षिक र विकासका सबै पूर्वाधारहरूका हिसाबले पछाडि पारिएको रोल्पा सोझो, इमानदार र साहसिक जातिका रूपमा छुट्टै पहिचान बनाउन सफल १२ मगर जातिहरूको सघन बसोबास भएको जिल्लाका रूपमा परिचित छ । ०५८ को जनगणनाअनुसार २ लाख १० हजार ४ मध्ये प्रमुख जातिका रूपमा परिचित मगरहरूको संख्या ४४ प्रतिशत जनसङ्ख्या रहेको छ । पूर्वमा प्यूठान र बाग्लुङ, उत्तरमा रुकुम, पश्चिममा सल्यान र दक्षिण सिमाना दाङसँग जोडिएको रोल्पा जिल्लालाई दुई निर्वाचन क्षेत्र, ११ इलाका र ५१ गाविसमा प्रशासनिक विभाजन गरिएको छ । दुईवटा सामुदायिक क्याम्पस रहेको रोल्पामा ९ वटा उच्चमावि, ५३ मावि, ७५ निमावि र दुई सय छ प्रावि गरी जम्मा तीन सय ४५ वटा शैक्षिक संस्थाहरू रहेका छन् । सरकारी सेवामा समेत सहभागिता कमजोर रहेका रोल्पालीहरू ३७ प्रतिशत साक्षर रहेको देखिन्छ ।

आर्थिक, सामाजिक, शैक्षिकलगायतका क्षेत्रमा पछाडि पारिएका रोल्पालीहरू राजनीतिक रूपले समेत उत्पीडनमा परेका छन् । यद्यपि, यो जिल्ला ११ वर्ष लामो सशस्त्र द्वन्द्वको उद्गममध्येको एक र प्रमुख आधारक्षेत्रका रूपमा रहेको थियो । जबकि, पञ्चायती व्यवस्थामा रोल्पा बालाराम घर्तीमगरको आधारभूमिका रूपमा थियो । ११ वर्ष लामो सशस्त्र द्वन्द्वको उद्गमस्थल भएका कारणले त्यही पृष्ठभूमिबाट आएका नेताहरू मुलुकको राष्ट्रिय राजनीतिमा एक खालको प्रभावसहित क्रियाशील छन् । तर, यो प्रभाव दीर्घकालीन हुन्छ वा हुँदैन, त्यसको फैसला गर्ने अधिकार भविष्यलाई नै छाडौं । तैपनि, सत्ता राजनीतिबाट प्रभावित हुनु रोल्पाको राजनीतिक वास्तविकता हो । यसो हुनुको मुख्य कारण भनेको राजनीतिक तथा सामाजिक चेतनाको कमी नै हो । समाजको प्राथमिक परिचालकको रूपमा भूमिका निर्वाह गर्दै आएका राजनीतिक दल र तिनीहरूले सञ्चालन गर्ने 'स्कुलिङ'मा रहेको कमजोरीका कारणले नै रोल्पाली जनताको सामाजिक तथा राजनीतिक चेतना उन्नत नभएको हो । एउटा स्वाभाविक प्रश्न उठ्नसक्छ, ११ वर्ष लामो सशस्त्र द्वन्द्वलाई महत्वपूर्ण आधार प्रदान गर्ने रोल्पाली जनतालाई कम आँक्न मिल्छ ? मिल्दैन । तर, त्यो चेतना-ज्ञानबाट अलग थियो, द्वन्द्ववादी विश्वदृष्टिकोणबाट अलग थियो । त्यो बदलाको भावना र 'इगो'बाट प्रभावित थियो । अर्थात् सशस्त्र द्वन्द्वकालमा मानिसहरूलाई पञ्चायतले झैं सङ्कीर्ण र निषेधकारी ज्ञान-सिद्धान्तबाट प्रशिक्षित गरिएको थियो । परिणाम यो भयो, जो प्रशिक्षित भए उनीहरूले नेपाली समाजमा सकारात्मक ढङ्गले राजनीतिक र सामाजिक जागरणको अभियानलाई अघि बढाउने सन्दर्भमा खासै भूमिका खेलेनन् ।

यस प्रकृतिको सामाजिक तथा राजनीतिक पृष्ठभूमि भएको रोल्पा जिल्लामा सुरुकै दिनमा कम्युनिस्ट पार्टीको गतिविधि अघि बढेको देखिन्छ । ००७ सालको राजनीतिक परिवर्तनपछि रोल्पामा राजनीतिक गतिविधि सामान्य ढङ्गले अघि बढ्यो । पहिले प्यूठान र हाल रोल्पामा पर्ने थवाङ्मा ०११-१२ सालदेखि नै पार्टीको दह्रो आधार थियो । त्यसको श्रेय मोहनविक्रम सिंहलाई दिनुपर्छ । तर कुनै उल्लेख्य राजनीतिक गतिविधि नभएका कारणले गर्दा ०१५ को संसदीय निर्वाचनमा नेपाली काङ्ग्रेस विजयी भयो । ०१७ को 'कु' पछि कम्युनिस्ट पार्टीको राजनीतिक गतिविधि अगाडि बढाउने उद्देश्यका साथ मोहनविक्रम सिंह, मोहन वैद्यलगायतका नेताहरू पटकपटक रोल्पा आउने गरेको इतिहासले देखाउँछ । ०१९ पछि नेपाली कम्युनिस्ट आन्दोलनमा भएको विभाजनपछि रोल्पामा खासै ध्रुवीकरणको स्थिति देखिएन । तत्कालीन

नेकपा (चौम)को राजनीतिक प्रभाव रहेको रोल्पामा ०४२ को मशालको विभाजनपछि भने चौमको धार तत्कालीन 'मशाल' समूहको पकडमा पुगेको थियो। त्यसैका नेताका रूपमा कृष्णबहादुर महरा, बर्मन बुढामगर आदि हुनुहुन्थ्यो। यो धार अहिले एकीकृत नेकपा (माओवादी)का रूपमा क्रियाशील रहेको छ। यस पार्टीको केन्द्रमा रोल्पामा जन्मे-हुर्के र बढेका कयौं नेताहरू क्रियाशील रहेका देखिन्छन्।

हाम्रो पार्टी नेकपा (एमाले) झापा विद्रोहको विरासतमा हुर्के-बढेको समूहका रूपमा परिचित छ। यसले नेकपा (माले)को नाममा गुटफुट र विभाजनको दुःखद् अध्यायबाट गुज्रिरहेको मुलुकको कम्युनिस्ट आन्दोलनलाई पछि नयाँ शिरा र एकताको सुखद् एवम् गौरवशाली उद्घोषसहित अगाडि बढायो। यो धार नै तत्कालीन अवस्थामा नेपाली कम्युनिस्ट आन्दोलनको सर्वाधिक चर्चित र आकर्षणको केन्द्र बन्नपुग्यो। नेकपा (एमाले)को विधिवत् गठनपश्चात् उच्चशिक्षा अध्ययनको सिलसिलामा दाङमा रहनुभएका मानबहादुर बाँठा, यामप्रसाद डीसी आदिको माध्यमबाट रोल्पामा तत्कालीन मालेको राजनीतिक विस्तारका निम्ति प्रयास भएको देखिन्छ। तर, प्रतिकूल राजनीतिक परिस्थितिका कारणले अपेक्षित ढङ्गले पार्टीले काम अघि बढाउन सकेको देखिदैन। कमरेड नेत्रलाल 'अभागी'ले चौम धारबाट गर्नुभएको विद्रोहपछि दङ्गाली सन्देश समूहले तत्कालीन मालेसँग पार्टी एकता गरेपछि पार्टी केन्द्रीय सदस्यका हैसियतले उहाँले राप्तीलाई कार्यक्षेत्र बनाउनुभयो। त्यसपछि मात्र रोल्पामा संस्थागत ढङ्गले पार्टीको काम अघि बढेको देखिन्छ। मालेको राजनीतिक प्रचार एवम् सङ्गठन विस्तारका निम्ति दुविडाँडा, नुवागाउँ, इरिवाङलगायतका गाउँहरूमा कमरेड 'अभागी' पुग्नुभएको थियो। दक्षिण-उत्तरलाई जोड्ने र दाङ जान-आउन सहज हुने सामरिक महत्वको गाउँ नुवागाउँलाई उहाँले पार्टीको आधार तथा प्रमुख 'सेल्टर'का रूपमा प्रयोग गर्नुभएको थियो। उहाँले पहिलोपटक त्यहाँ रैलबहादुर पुनमगर, हीरामणी बाँठामगरलगायत रहनुभएको पार्टीको गाउँ कमिटी बनाउनुभएको थियो। तत्कालीन अवस्थामा लोकप्रिय शिक्षक र चर्चित सांस्कृतिकर्मीको पहिचान बनाउनुभएका हीरामणि बाँठामगरको घरलाई उहाँले आफ्नो 'सेल्टर' बनाउनुभएको थियो। आदरणीय अग्रजहरू रैलबहादुर पुन र हीरामणी बाँठा अहिले हाम्रोबीचमा हुनुहुन्न। उहाँहरूका छोराहरू लक्ष्मीनारायण बाँठा नुवागाउँ गाउँ कमिटीको उपसचिव र डिल्लीबहादुर पुन सदस्यका रूपमा क्रियाशील हुनुहुन्छ। बाँठा परिवारका सदस्यहरू वीरेन्द्र बाँठा, देवा बाँठा, कञ्चन बाँठा आदिले विद्यार्थी र सांस्कृतिक आन्दोलनका माध्यमबाट रोल्पाको पार्टी निर्माणमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएको छ। उहाँहरू पार्टीमै क्रियाशील हुनुहुन्छ।

रोल्पामा पार्टी कामलाई व्यवस्थित गर्न पार्टीकेन्द्रले पूर्णकालीन कार्यकर्ता जीवन मगर (आलोक)लाई खटाएको थियो। तर, उहाँको पालामा व्यक्तिगत सम्पर्कबाहेक संस्थागत ढङ्गले पार्टी काम अघि बढ्न सकेन। जीवन मगर पार्टी सम्पर्क बढाउन जिल्ला सदरमुकाम लिवाङ पुगेको अवस्थामा प्रहरी घेरामा पर्नुभयो। उहाँ घेरा तोड्न त सफल हुनुभयो तर उहाँलाई सम्पर्क र सेल्टर दिएकै कारणले कमरेड मानबहादुर बाँठा तत्कालीन पञ्चायती शासकहरूको आँखाको कसिङ्गर बन्नुपरेको थियो। उहाँलाई सार्वजनिक मुद्दा लगाई वारेन्ट जारी गरिएको थियो। राष्ट्रियता, जनवाद र सामाजिक मुक्तिका निम्ति पार्टीको निर्देशनमा रोल्पामा पार्टी कामलाई अघि बढाउन सम्पर्क सूत्रको काम गर्ने पूर्वेली मगर ठिटो जीवन मगर उर्फ 'आलोक' अहिले पार्टी सम्पर्कमा हुनुहुन्न। इतिहासमा उहाँले जेजस्तो गल्ती गरेको भए पनि तत्कालीन परिस्थितिमा उहाँमा रहेको पार्टीभावनाको कदर गर्नैपर्दछ।

अनेरास्ववियु (एकताको पाँचौं)को पहिलो जिल्ला सम्मेलनले रोल्पाको पार्टी निर्माणमा निकै महत्व राख्दछ। ०३५/३६ को ऐतिहासिक विद्यार्थी आन्दोलनले नेपालको राजनीतिमा सिर्जना गरेको पुनर्जागरण कालकै क्रममा ०३८ चैत ३० गते आयोजित उक्त सम्मेलनमा व्यापक सरकारी दमन भएको थियो। सम्मेलन आयोजना गर्न मुख्य भूमिका खेल्नुहुने हरि बस्नेत, मित्रलाल घर्ती, लीला बाँठालगायतको पार्टीको विकास तथा विस्तारमा उल्लेख्य भूमिका रहेको छ। ०३९ भदौमा गैरीगाउँ गाविस- ५ बर्तिवाङमा पार्टीको निर्देशनमा गरिएको 'मनी एक्सन' पनि रोल्पाको सन्दर्भमा अर्को महत्वपूर्ण घटना थियो। विभिन्न कारणले उक्त कारबाही सफल नभएको भए पनि जिल्लाको पार्टी विस्तारका निम्ति ऐतिहासिक कदम थियो। उक्त घटनालाई लिएर छविलाल ओली, टेकबहादुर केसी, यामप्रसाद डीसी, यज्ञबहादुर बस्नेत, रत्नबहादुर बस्नेत, रेशम ओलीलगायत थुप्रैलाई डाँका मुद्दा लगाइएको थियो। सो तथाकथित अपराधमा दोषी करार गरी छविलाल ओली र यामप्रसाद डीसीलाई जेलसमेत चलान गरिएको थियो। अहिले छविलाल ओली दाङमा नेकपा (एमाले)को नेताका रूपमा क्रियाशील हुनुहुन्छ भने यामप्रसाद डीसी, टेकबहादुर केसीलगायतले शिक्षक फाँटबाटै महत्वपूर्ण सघाउ पुऱ्याइरहनुभएको छ।

राजाको हुकुमी नेतृत्वमा सञ्चालित पञ्चायती व्यवस्थामा तत्कालीन नेकपा (माले)ले मूलतः पार्टीका सम्पर्क सूत्रहरू विस्तार गर्ने कुरालाई नै प्राथमिकताका साथ अघि बढाएको देखिन्छ। त्यसका बाबजुद जिल्लाको दक्षिणी भेगमा केही पार्टी कमिटीहरू निर्माण गरी परिचालनसमेत गरेको देखिन्छ। त्यही सिलसिलामा ०३८ सालमै नुवागाउँमा टेकबहादुर केसीको नेतृत्वमा तीन सदस्यीय पार्टी सक्रिय दल गठन गरिएको थियो। ०३८ को बर्तिवाङ काण्डपछि उक्त कमिटीलाई निरन्तरता दिन प्रतिकूलता थपियो। ०४० को आसपासमा हरिप्रसाद बस्नेत सचिव र दण्डबहादुर नेपाली, दीलबहादुर बस्नेत, टेकबहादुर केसी सदस्य रहनुभएको १० नं. इलाका कमिटी निर्माण गरिएको थियो भने कमरेड रुद्रमणि सुवेदी सचिव र कमरेडहरू जुद्धबहादुर चन्द, गोपाल डीसी, प्रेम थापा, चित्रबहादुर घर्ती, शम्भु गौतम, चित्रबहादुर बस्नेत सदस्य रहेको ११

नं. इलाका कमिटी क्रियाशील थियो। पञ्चायती कालमा कतिपय इलाका र गाउँमा कमिटीहरू निर्माण गरी परिचालन गरिएको भए पनि प्रतिकूलताका कारणले पार्टीलाई जिल्लाव्यापी बनाउन भने सकिएको पाइँदैन। रोल्पामा पार्टीको राजनीति तथा सङ्गठन विस्तारका निम्ति केन्द्रबाट कमरेडहरू युवराज ज्ञवाली 'भुवन', देवेन्द्र घिमिरे 'सुगम' र यज्ञराज बास्तोला 'रवि' खट्नुभएको थियो।

**०४६ पछिको रोल्पामा हाम्रो पार्टी काम**

विभिन्न कारणले ०४६ पूर्व निर्माण गरिएको पार्टी संरचनालाई टिकाउन नसक्दा रोल्पामा ०४६ को जनआन्दोलनमा समेत सङ्गठित रूपमा कुनै भूमिका खेल्न नसकेको कुरा स्पष्टै छ। यति हुँदाहुँदै पनि त्यतिबेला यज्ञराज बास्तोला र टीकाराम खड्कालाई पार्टीले रोल्पामा खटाएको थियो। उहाँहरूले पार्टी निर्माणका निम्ति भूमिका खेलेको भए पनि ०४६ को जनआन्दोलनमा पार्टीले खासै उपस्थिति जनाउन सकेको चाहिँ देखिँदैन। यसै सन्दर्भमा ०४६ को जनआन्दोलनको सफलतापछि प्राप्त राजनीतिक स्वतन्त्रता र अधिकारको उपयोग गर्दै रोल्पामा राजनीतिक गतिविधि तीव्रतर गतिमा अघि बढ्नथाले। मूलतः विद्यार्थी सङ्गठनका गतिविधिहरू शैक्षिक संस्थाहरूमा सघन ढङ्गले अघि बढ्नथाले भने राजनीतिक दलहरू सांस्कृतिक कार्यक्रमहरूका साथ आआफ्ना राजनीतिक गतिविधिहरूलाई अघि बढाउन तल्लीन रहे। आन्दोलनले सिर्जना गरेको नयाँ राजनीतिक वातावरणको भरपूर उपयोग गर्दै तत्कालीन नेकपा (एमाले)ले पनि आफ्नो गतिविधिलाई अघि बढाउँदै लग्यो। त्यसरी अघि बढ्ने क्रममा ०४७ जेठ १० गते नुवागाउँमा तत्कालीन नेकपा (माले)ले पहिलोपटक आमसभाको आयोजना गऱ्यो। पार्टी केन्द्रीय सदस्य एवम् राप्ती अञ्चल इन्चार्ज कमरेड गोपाल शाक्यको प्रमुख आतिथ्यमा आयोजित उक्त सभाको समापनपछि सोही ठाउँमा जिल्लास्तरीय कार्यकर्ता भेलाको आयोजना भयो। उक्त भेलाले कमरेड यज्ञराज बास्तोला सचिव र कमरेडहरू टीकाराम खड्का, कुमार दसौंदी, मित्रलाल घर्ती, शान्तराज बोहरा, जुद्धबहादुर चन्द, हरिप्रसाद बस्नेत, देवेन्द्र रिजाल सदस्य रहनुभएको ९ सदस्यीय जिल्ला पार्टी सक्रिय दलको गठन गऱ्यो। यो नै रोल्पाका तत्कालीन नेकपा (माले)को पहिलो जिल्लास्तरीय सङ्गठन थियो। त्यसअघि यस प्रकृतिको सङ्गठन निर्माण गर्न सम्भव भएको थिएन। ०४७ पुस ११ गते तत्कालीन (माले) र मार्क्सवादीबीच पार्टी एकता सम्पन्न भई एकीकृत पार्टीको नाम नेकपा (एमाले) राखिएको थियो तर रोल्पा जिल्लामा तत्कालीन नेकपा (मार्क्सवादी)को कुनै प्रभाव नरहेका कारण नेकपा (माले)को जिल्ला पार्टी सक्रिय दललाई नै नेकपा (एमाले)को जिल्ला सङ्गठन कमिटीमा रूपान्तरण गरिएको थियो। ०४८ मा कमरेड मानबहादुर बाँठामगरसमेत सहभागी रहेको जिल्ला सङ्गठन कमिटी निर्माण गरिएको थियो। ०४९ माघमा आयोजित पार्टीको ऐतिहासिक पाँचौं राष्ट्रिय महाधिवेशनमा रोल्पाबाट यज्ञराज बास्तोला, रत्नबहादुर बस्नेत र सन्तोषी विकले भाग लिनुभएको थियो। ०४९ फागुनमा जिल्ला पार्टीको नेतृत्व गरिरहनुभएका सचिव यज्ञराज बास्तोलालाई उहाँकै चाहनाअनुसार औपचारिक रूपमा बिदाइ गरिएपछि रिक्त सचिवको जिम्मेवारी कमरेड टीकाराम खड्कालाई दिइएको थियो।

त्यस अवधिमा नेकपा (एमाले)ले जिल्लाव्यापी रूप ग्रहण गरिसकेको थियो। कतिपय गाउँमा व्यक्तिगत सम्पर्कको आधारमा पार्टी काम विस्तार गरिएको थियो भने कतिपय ठाउँमा गाउँ कमिटी तथा पार्टी सक्रिय दलको निर्माण गरी पार्टीको राजनीतिक तथा साङ्गठानिक कामलाई व्यवस्थित गर्ने प्रयत्न गरिएको थियो। त्यही अभियानअन्तर्गत ०५१ वैशाख १० गते नेकपा (एमाले) रोल्पाको प्रथम जिल्ला अधिवेशन होलेरीमा आयोजना गरियो। कुल ७६ जना प्रतिनिधि सहभागी रहेको उक्त अधिवेशनको तत्कालीन स्थायी कमिटी सदस्य कमरेड केपी ओलीले उद्घाटन गर्नुभएको थियो। कमरेड युवराज ज्ञवाली, बिन्दा पाण्डे, राधिका शाक्य आदि अतिथि रहनुभएको उक्त अधिवेशनको टीकाराम खड्का सचिव रहेको १९ सदस्यीय नयाँ जिल्ला कमिटी निर्माण गरेको थियो। जसमा कुमार दसौंदी उपसचिव रहनुभएको थियो भने सदस्यहरूमा मानबहादुर बाँठा, रुद्रमणि सुवेदी, गोविन्द शर्मा, मित्रलाल घर्ती, रत्नबहादुर बस्नेत, हरि बस्नेत, रीमा नेपाली, सन्तोषी विक, लीला बाँठा, विष्णुमणि आचार्य, हरिबहादुर घर्ती, मानसिंह डाँगी, खिमप्रसाद घर्ती शाह, हेमराज बुढाथाकी, भीम दशौंदी आदि रहनुभएको थियो। यही कमिटीको अगुवाइमा स्थानीय निर्वाचनमा ०५१ सालको मध्यावधि निर्वाचन र ०५४ को स्थानीय निर्वाचनमा भाग लिएको थियो। र, त्यस अवधिमा भएगरेका राजनीतिक साङ्गठनिक कामलाई सम्पादन गरेको थियो। पहिलो जिल्ला अधिवेशनबाट निर्वाचित कमिटीमा ०५२ जेठ २० देखि कमरेडहरू शान्तकुमार ओली र बागवीर घर्तीमगरलाई समावेश गरिएको थियो।

०५४ माघ १० देखि १४ सम्म नेपालगञ्जमा सम्पन्न पार्टीको छैटौं राष्ट्रिय महाधिवेशनमा कमरेडहरू टीकाराम खड्का, कुमार दशौंदी, हरिप्रसाद बस्नेत र रिमा नेपालीले रोल्पाबाट भाग लिनुभएको थियो। तर, ०५४ फागुन २१ गते पार्टीको संसदीय दलमा आएको विभाजनको असर रोल्पा जिल्ला कमिटीमा अत्यधिक रूपमा पऱ्यो। निर्वाचित कमिटीका सचिवसहित बहुमत सदस्यहरू नेकपा (माले)को पक्षमा लाग्नुभयो भने उपसचिवसहित कमरेडहरू शान्त वली, रुद्रमणि सुवेदी, हरि घर्ती र बागवीर घर्ती, नेकपा (एमाले) को पक्षमा उभिनुभयो। त्यही सिलसिलामा ०५४ चैत ३ गते कमरेड कुमार दशौंदी सचिव रहनुभएको १७ सदस्यीय जिल्ला सङ्गठन कमिटी निर्माण भयो भने तत्कालीन मालेले चैत २० गते कमरेड टीकाराम खड्का सचिव रहेको २० सदस्यीय जिल्ला सङ्गठन कमिटी गठन गऱ्यो। यसरी अधिकांश

कार्यकर्ताहरूको एउटै कमिटी निर्माण गर्ने उत्कट चाहना हुँदाहुँदै दुई पार्टीका दुईवटा कमिटी निर्माण हुनपुगे । त्यसैक्रममा भएको ०५६ को सम्पन्न संसदीय निर्वाचनमा एमाले-माले दुवै पार्टीले भाग लिए ।

पार्टी विभाजनकै दुःखद् अध्यायको बीचमा ०५६ माघ १३ र १४ गते नेकपा (एमाले) रोल्पाको दोस्रो जिल्ला अधिवेशन कमरेड राजेन्द्र पाण्डेको प्रमुख आतिथ्यमा सम्पन्न भयो । उक्त अधिवेशनले कमरेड कुमार दशौंदीको नेतृत्वमा २१ सदस्यीय जिल्ला कमिटी निर्वाचित गऱ्यो । कमरेड शान्तकुमार ओली उपसचिव रहनुभएको उक्त कमिटीमा रुद्रमणि सुवेदी, बालराम बुढा, बागवीर घर्ती, पृथ्वीप्रसाद रोका, पूर्णबहादुर ओली, हरि ओली, नेपबहादुर ओली, नेपबहादुर डाँगी, लोकबहादुर डाँगी, भीम दशौंदी, गोविन्द शर्मा, निमप्रसाद रोका, कर्णबहादुर बाँठा, पूर्णकला रोका, चन्द्रकुमारी पुन, हरि घर्ती, घनश्याम खड्का सदस्य रहनुभएको थियो । अर्कातिर नेकपा (माले)ले ०५७ वैशाखमा कमरेड मानबहादुर बाँठा सचिव रहेको ५ सदस्यीय रोल्पा जिल्ला सङ्गठन कमिटी बनायो । त्यतिञ्जेल टीका खड्का नै उक्त पार्टीको रोल्पा जिल्ला सचिव हुनुहुन्थ्यो । ०५८ फागुन २१ गते नेकपा (एमाले) र मालेबीच केन्द्रीय तहमा पार्टी एकीकरण भएपछि ०५८ चैतमा रोल्पामा कार्यरत दुई पार्टीका जिल्ला कमिटीहरूबीच एकीकरण भयो र ३० सदस्यीय एकीकृत जिल्ला कमिटी बन्यो । जसको सचिव र उपसचिव क्रमशः कुमार दशौंदी र शान्तकुमार ओली रहनुभएको थियो । त्यही अवधिमा आयोजित नेकपा (एमाले) को सातौं राष्ट्रिय महाधिवेशन- २०५९ माघ १७ देखि २१ जनकपुरमा भयो, जहाँ रोल्पाबाट कुमार दशौंदी, मानबहादुर बाँठा, लोकबहादुर डाँगी र रीमा नेपालीले भाग लिनुभयो ।

०५९ असोज १८ गते मुलुक प्रतिगमनको दुस्चक्रमा फसेको थियो भने रोल्पा सशस्त्र द्वन्द्वको चपेटामा छँदै थियो । चौतर्फी प्रतिकूलताको सामना गर्दै पार्टी कामलाई अघि बढाउने सन्दर्भमा तत्कालीन पार्टी सचिव कमरेड शान्तकुमार ओलीलाई ०६० भदौ ९ मा माओवादी समूहले अपहरण गरी मृत्युदण्डको फैसला सुनायो । तर, राती माओवादी लडाकुहरू सुतेको मौका छोपेर उहाँ उनीहरूको क्रुर पञ्जाबाट उम्कन सक्नुभयो र रातारात हिँडेर जिल्ला सदरमुकाम पुग्नुभयो । विभिन्न कारणले कुमार दशौंदी जिल्लामा बस्न नसक्ने राजनीतिक परिस्थिति निर्माण भएपछि ०६१ असार २२ गते बसेको जिल्ला कमिटीको बैठकले कमरेड शान्तकुमार ओलीलाई कमिटीको सचिव निर्वाचित गऱ्यो । उक्त कमिटीले सुरक्षा तरबारभित्र रहेर प्रतिगमनविरोधी आन्दोलनलाई अघि बढाउने र व्यक्तिगत सम्पर्कका माध्यमबाट गाउँमा पार्टीलाई जीवित राख्ने काम नै मुख्य रूपमा गऱ्यो । प्रतिगमनविरोधी आन्दोलनमा माओवादीसमेत सहभागी बन्ने राजनीतिक वातावरण बनिरहेको अवस्थामा ०६२ मंसिर ६ र ७ गते नेकपा (एमाले)को तेस्रो जिल्ला अधिवेशन स्थायी कमिटी सदस्य कमरेड युवराज ज्ञवालीको प्रमुख आतिथ्यमा सदरमुकाम लिवाङमा सम्पन्न भयो । अधिवेशनले शान्तकुमार ओली सचिव रहेको १५ सदस्यीय जिल्ला कमिटी निर्माण गऱ्यो । उक्त कमिटीमा मानबहादुर बाँठा, हरिप्रसाद घर्ती, लोकबहादुर डाँगी, कुमार दशौंदी, रुद्रमणि सुवेदी, गोपाल जीसी, कृष्ण डाँगी, बालाराम बुढा, मनसिंह डाँगी, भीम दशौंदी, निमप्रसाद रोका, बागवीर घर्ती, प्रेम घर्ती, नेवबहादुर डाँगी र कर्णबहादुर बाठा सदस्य रहनुभएको थियो । तेस्रो जिल्ला अधिवेशनबाट निर्वाचित कमिटीले नै जिल्लामा प्रतिगमनविरोधी आन्दोलनलाई नेतृत्व गर्ने काम गरेको थियो । ०६२/०६३ को जनआन्दोलनपछि ०६३ वैशाख २६ गते सम्पन्न जिल्ला कमिटीको बैठकले कमरेड हरिप्रसाद घर्तीलाई उपसचिव र हरिबहादुर घर्ती, चन्द्रकुमारी पुन, पृथ्वीप्रसाद रोका, राजेन्द्र बुढाथोकी र पूर्णबहादुर विकलाई सदस्यमा मनोनित गरेको थियो । सोही कमिटीको नेतृत्वमा ४ महिने अभियान, संविधानसभा निर्वाचन- ०६४ र उपनिर्वाचन ०६५ मा पार्टीले भाग लियो । ०६५ फागुन ५ देखि १० गतेसम्म बुटवलमा आयोजित पार्टीको ऐतिहासिक आठौं राष्ट्रिय महाधिवेशनमा रोल्पाबाट कमरेडहरू शान्तकुमार ओली, गोकुल घर्तीमगर, हरिप्रसाद घर्तीमगर, मानबहादुर बाँठामगर, सावित्रा बूढा, लोकबहादुर डाँगी र लीला आचार्यले भाग लिनुभएको थियो ।

०६२/०६३ को जनआन्दोलनको सफलतापश्चात् देशले राजतन्त्रको मध्ययुगीन बर्बरताबाट उन्मुक्ति पायो । अनि, मेची-महाकालीका जनता नयाँ राजनीतिक परिवर्तनको खुला आकाशमा रमाउँदै अघि बढ्न पाए । तर, रोल्पाली जनताले त्यसको कुनै अनुभूति गर्न पाएनन् । युद्धको 'ह्याङओभर'का कारणले आफूले चाहेको र मन पराएको पार्टीको सदस्य बन्ने अधिकारसमेत रोल्पाली जनताले निर्बाध ढङ्गले उपयोग गर्न पाएनन् । अनेकौं डर, त्रास र भयको जीवन बाँच्नुपर्ने बाध्यता नै त्यतिखेर रोल्पाको वस्तुगत यथार्थ बनेको थियो । 'गणतन्त्रको राजनीतिक पक्षपोषण'समेत रोल्पाली जनताले सही ढङ्गले गर्न पाएनन् । भन्दा आश्चर्य लाग्नसक्छ, माओवादी अतिवाद र त्यसबाट सिर्जित दबाब एवम् निरन्तरको धम्कीका कारणले रोल्पामा नेकपा (एमाले)को राजनीतिक तथा साङ्गठनिक कामलाई व्यवस्थित गर्न सहज हुन सकेन । यद्यपि, प्रयास आजपर्यन्त जारी छ र भोलि पनि जारी रहनेछ । यसरी अगाडि बढ्ने क्रममा नेकपा (एमाले) रोल्पाको चौथो जिल्ला अधिवेशन ०६६ फागुन १४ र १५ गते पार्टीका केन्द्रीय उपाध्यक्ष कमरेड अशोक राईको प्रमुख आतिथ्यमा सदरमुकाम लिवाङमा सम्पन्न भयो । ३ सय ६५ जना प्रतिनिधिहरूले भाग लिएको अधिवेशनले शान्तकुमार ओली अध्यक्ष रहेको ५३ सदस्यीय जिल्ला कमिटीको चयन गरेको छ । कमिटीको उपाध्यक्ष बालाराम बूढा, सचिव हरिप्रसाद घर्ती, उपसचिव रणबहादुर पुन र अन्य सदस्यहरूमा नन्दकुमार आचार्य, भरत अधिकारी, रितबहादुर आलेमगर, धर्मराज बुढाथोकी, मेघबहादुर रोका, रीमु खत्री, सतबहादुर पुनमगर, मनप्रसाद घर्तीमगर, हरिप्रसाद ओली, मनसिंह डाँगी, इन्द्रबहादुर घर्तीमगर, निमबहादुर डाँगी, यामबहादुर केसी, निमबहादुर बूढामगर, डिलबहादुर केसी, भानसिंह बुढामगर,

जुद्धबहादुर चन्द, रवीन्द्र डाँगी, नेवबहादुर ओली, कुशबहादुर पुनमगर, प्रेमबहादुर घर्तीमगर, दन्नबहादुर विक, रुद्रमणि सुवेदी, सूर्य घर्तीमगर, राजेन्द्र बुढाथोकी, चन्द्रकुमारी पुनमगर, अम्बिका डाँगी, तुलसी डाँगी, पूर्णबहादुर विश्वकर्मा, थमबहादुर सुनार, वसन्त घर्तीमगर र तावै पुनमगर रहनुभएको छ । त्यस्तै, वैकल्पिक सदस्यहरूमा दयाराम डाँगी, योगेन्द्र ओली, चन्द्रबहादुर खत्री, टङ्कबहादुर बिष्ट, जुनमाया रोकामगर, अमरसिंह बूढामगर, रोशनकुमार ओली, देवराज ओली, पार्वती पुनमगर, चन्द्रलाल विक, भक्तबहादुर घर्तीमगर, लीला क्रान्ति, तुले विक र नदीराम घर्तीमगर रहनुभएको छ ।

**संसदीय र स्थानीय निर्वाचनमा पार्टीको भूमिका**

भूमिगत कालमा उल्लेख्य गतिविधि नभएको तत्कालीन मालेले ०४६ सालको जनआन्दोलनपछि अपेक्षित रूपमा राजनीतिक तथा साङ्गठनिक काम अघि बढाउनसकेको थिएन । राष्ट्रिय अभियानका साथ रोल्पामा नेकपा (एमाले) को पक्षमा जनलहर सिर्जना गर्न ०४८ को संसदीय निर्वाचन एउटा उपयुक्त अवसर थियो । पार्टीको स्वतन्त्र पहिचान, नीति, कार्यक्रम र चुनाव चिह्नसहित जनताको बीचमा जाने अभियानले निश्चय नै पार्टीको पक्षमा सकारात्मक जनमत सिर्जना हुन्थ्यो र त्यसलाई पार्टी निर्माणमा उपयोग गर्न सकिन्थ्यो । तर, केन्द्रमा तत्कालीन नेकपा (एकताकेन्द्र)को चुनावी मोर्चा संयुक्त जनमोर्चा, नेपालसँगको चुनावी तालमेलका कारणले नेकपा (एमाले) रोल्पा पार्टीको स्वतन्त्र पहिचानसहित जनतामा जाने अवसरबाट बञ्चित रह्यो । रोल्पामा पार्टीले संजमोलाई सघाउनुपरेको कारणले त्यस ऐतिहासिक अवसरबाट चुक्यो र त्यसले एमालेलाई रोल्पामा पार्टी काम उठाउन दीर्घकालसम्मै असर पुऱ्याइरहेको छ । तर ०४९ मा सम्पन्न स्थानीय निर्वाचनमा एमालेले जिविस उपसभापति, १० नं. इलाका सदस्य र पाँच गाविस अध्यक्षमा विजय हासिल गरेको थियो । प्रतिकूल राजनीतिक अवस्थामा पार्टीले प्राप्त गरेको उक्त उपलब्धि महत्वपूर्ण नै थियो ।

०५१ सालमा मुलुक मध्यावधि निर्वाचनमा धकेलियो । नेपाली काङ्ग्रेसको चरम दमन जारी रहेको अवस्थामा भएको उक्त निर्वाचन संजमोले बहिस्कार गऱ्यो । हाम्रो पार्टीले रोल्पाका दुवै निर्वाचन क्षेत्रमा उम्मेदवारी त दियो तर चौतर्फी काङ्ग्रेसीकरण र प्रशासनले नाङ्गो ढङ्गले काङ्ग्रेसलाई समर्थन गर्दागर्दै पनि नेकपा (एमाले) संसद्मा सबैभन्दा ठूलो दलको रूपमा स्थापित भयो । तर, रोल्पाका दुवै निर्वाचन क्षेत्रमा भने पराजय व्यहोर्नुपऱ्यो । एमालेले कमरेड टीकाराम खड्का र कुमार दशौंदीलाई क्रमशः निर्वाचन क्षेत्र नं. १ र २ बाट उम्मेदवार बनाएको थियो । ०५४ मा सम्पन्न स्थानीय निर्वाचनमा एमाले रोल्पाको सबैभन्दा ठूलो दलका रूपमा स्थापित भयो । तर, कतिपय गाविसमा निर्वाचन हुन नसकेपछि जिविस निर्वाचन समयमै हुन सकेन । ०५५ माघ ३ गते आयोजित जिविस निर्वाचनमा एमालेले ४ जना इलाका सदस्य जित्नसक्यो । स्मरण रहोस्, उक्त निर्वाचनमा एमालेका विरुद्ध काङ्ग्रेस, माले र राप्रपाले मिलेर उम्मेदवारी दिएका थिए ।

०६२/०६३ सालको जनआन्दोलनको 'म्यान्डेट'अनुरूप ०६४ चैत २८ गते भएको संविधानसभाको निर्वाचनमा एमालेले दुवै निर्वाचन क्षेत्रमा उम्मेदवारी दियो । तर, माओवादीको उद्गमस्थलका रूपमा परिचित रोल्पामा त्यस पार्टीका अध्यक्ष प्रचण्ड स्वयम् उम्मेदवार बन्नपुगे । खासगरी, माओवादी दबाब र आतङ्कका बीच भएको उक्त निर्वाचनमा एमालेका उम्मेदवारले निर्वाचन क्षेत्र नं.- २ मा दोस्रो र १ मा तेस्रो स्थान हासिल गरे । पृथ्वीप्रसाद रोका र शान्तकुमार ओली क्रमशः १ र २ नं. क्षेत्रबाट उम्मेदवार बन्नुभएको थियो । ०६५ चैत २८ गते आयोजित निर्वाचन क्षेत्र नं.- २ को उपनिर्वाचनमा कमरेड हरिप्रसाद घर्ती उम्मेदवार बन्नुभएको थियो । उहाँले पनि दोस्रो स्थान नै प्राप्त गर्नुभयो । यसरी एमाले रोल्पामा प्रायः हार्दै र कहिले जित्दै पनि अघि बढिरहेको छ । मूलतः रोल्पाको सन्दर्भमा एमाले विकासवान गतिका साथ अघि बढ्दैछ । माओवादीमा बढ्दो निराशा र असन्तुष्टिले त्यस पार्टीको भविष्यका बारेमा अनेक खालका अड्कलहरू गर्न थालिएको छ । यसले सुदूर भविष्य एमालेकै हो र उज्ज्वल छ भन्ने कुरा इङ्गित गरिरहेको छ ।

**माओवादी ज्यादती**

रोल्पामा नेकपा (एमाले)लाई माओवादीले निरन्तर छिड्की हानिरहेको छ । उसले एमालेलाई न कम्युनिस्ट ठान्दछ न त यसको मूल्य र महत्वलाई स्वीकार्दछ । यो उसको राजनीतिक धर्म होला । तर, यसो गरेर उसले त्यही राजनीतिक धर्म पूरा गरिरहेको छ, जुन राजनीतिक, वैचारिक हिसाबले प्रहार गर्ने कुरालाई राजनीतिक रूपमा स्वाभाविक नै मानिन्छ । तर, भौतिक रूपले आक्रमण गर्ने कुरा अस्वाभाविक मात्रै होइन, जङ्गली व्यवहारसमेत हो । माओवादीले यही कुरा गर्दै विगतदेखि आजपर्यन्त जारी राखेको छ । माओवादीको पहिलो निशाना कमरेड कुमार दशौंदी बन्नुभएको थियो । पार्टी विभाजनको असरलाई कम गर्ने उद्देश्यसहित तीनमहिने जागरण अभियान लिएर जाँदा ०५५ जेठ ३ गते बूढागाउँको लिङदुङबाट माओवादीले उहाँलाई अपहरण गरी व्यापक शारीरिक-मानसिक यातना दिएर दुई हप्तापछि बल्ल रिहा गरेका थिए । उनीहरूले स्थानीय निकायमा निर्वाचित पदाधिकारी तथा सदस्यहरूलाई निरन्तर धम्की दिने र अपहरण गरी विभिन्न यातनासमेत दिएका थिए । सशस्त्र द्वन्द्वकालमा लोकबहादुर डाँगी, निमप्रसाद रोका, कर्णबहादुर बाँठालगायतका कमरेडहरूले विभिन्नखाले दमन व्यहोर्नुभएको थियो ।

माओवादीद्वारा सिर्जित तगाराहरूलाई चिर्दै अघि बढ्नेक्रममा माओवादीले रोल्पा जिल्लाको हारजङ गाविसमा हिटलरी दमनलाई बिर्साउने गरी एमालेलाई भोट हालेकै कारण १२ जना समर्थक र शुभेच्छुकहरूको बर्बरतापूर्वक हत्या गरे । खासगरी, कसैलाई आगोमा जलाएर, कसैलाई लाठीले हानेर र घरभित्रै आगोको ज्वालाभित्र निस्सासिने गरी थुनेर हत्या

गरे । घटना ०५५ फागुन २६ गतेको हो । त्यहाँ ढाटे पुन, पुष्टे गिरी, अमृत गिरीलगायत १२ जनाको नृशंस हत्या गरिएको थियो ।

आफूहरूलाई खाना खान नदिएको निहुँमा ०६० साउनमा भ्रेनाम- ४ निवासी निमलाल रोकाको माओवादीहरूले हत्या गरे । सामान्य गरिब परिवारका निमलाल रोकाको हत्याले माओवादीको काम र व्यवहारबीच गम्भीर प्रश्न उठेको थियो । त्यसैगरी, माओवादीले नेकपा (एमाले) रोल्पाका तत्कालीन उपसचिव शान्तकुमार ओलीलाई ०६० भदौ ९ गते अपहरण गरेर मृत्युदण्डको निर्णय सुनाएका थिए । तर, उहाँ माओवादीहरूको क्रुर पञ्जाबाट सकुशल उम्कन सफल हुनुभयो । उहाँलगायत जिल्ला कमिटी सदस्य रीम खत्रीलगायतका घरजग्गा माओवादीले कब्जा गरे । यसैगरी, ०५८ मंसिर ११ गते हाम्रो पार्टी सदस्य दलबहादुर घर्तीमगरको कोर्चावाङस्थित मिनाहीडाँडामा सरकारी सुरक्षाफौजले हत्या गऱ्यो । समग्र रूपमा नेकपा (एमाले)लाई कमजोर बनाउन अतिवादी शक्तिहरू शीरदेखि तिरसम्मको बल प्रयोग गरेर लागिरहे । पछिल्लो अवधिमा जिल्ला कमिटी सदस्य दन्नबहादुर विक माओवादीको तारो बन्नुभएको छ ।

**निष्कर्ष**

व्यक्तिगत सम्पर्कबाट सुरु भएको रोल्पाको कम्युनिस्ट आन्दोलन र नेकपा (एमाले)को विस्तार प्रक्रिया आज जिल्लाव्यापी हुन पुगेको छ । यसलाई आजको अवस्थामा ल्याउन खोपीराम भण्डारी, फर्सराम देवकोटा, दामोदर रेग्मी, रत्नबहादुर बस्नेत, शोभाराम बस्नेत, वीरबहादुर सिंह, टीकाराम रिजाल, रोबरसिंह बस्नेत, नवराज डाागी, टेकेन्द्र घर्ती, विष्णुमणि आचार्य आदिको भूमिका उल्लेखनीय रहेको छ । जिल्ला सदरमुकाममा नेकपा (एमाले)को आफ्नै दुईतले पार्टी कार्यालय भवन रहेको छ । सुन्दरकुमार शर्मा (आचार्य)द्वारा प्रदान गरिएको घडेरीमा निर्मित उक्त भवनको मूल्य करिब ६० लाख रुपियाँबराबर रहेको छ । नेपालको कम्युनिस्ट तथा प्रजातान्त्रिक आन्दोलनको सही धारका रूपमा स्थापित नेकपा (एमाले)को रोल्पामा प्रभाव बढ्दो अवस्थामा छ । र, अहिले माओवादीमा काम गरेका कयौं व्यक्तिहरू एमाले प्रवेशको तयारीले यही सत्यलाई उद्घाटित गरेको छ । हाम्रो पार्टी रोल्पाको सन्दर्भमा वाम र प्रजातान्त्रिक शक्तिहरूको आकर्षणको केन्द्र बनेको छ । यसलाई पार्टीले उपयुक्त ढङ्गले पार्टीको पक्षमा पुँजीकृत गर्न सक्नुपदर्छ । यसो गर्न सकेको खण्डमा मात्रै आम कार्यकर्ताहरूको भरोसायोग्य क्रान्तिकारी र शक्तिशाली पार्टी निर्माण गर्ने चाहना र न्यायप्रेमी जनसमुदायको सामाजिक परिवर्तनको तीव्र आकाङ्क्षालाई ठीक ढङ्गले सम्बोधन गर्न सकिनेछ । ❒

# धादिङका सहिदहरू सम्भ्रेर...

## ❒ गङ्गालाल तुलाधर

नेकपा (माओवादी)द्वारा सञ्चालित १० वर्ष लामो कथित जनयुद्धकालमा हाम्रो पार्टीका कैयौं होनहार कमरेडहरूले सहादत प्राप्त गर्नुभएको छ । उनीहरूको  दमन र ज्यादती भोगेका धेरै जिल्लामध्ये धादिङ त्यतिबेला बढी प्रभावित जिल्ला हो । र, धादिङमा हाम्रो पार्टीका १३ जना कमरेडहरूले माओवादीको निसाना बनेर सहादत गर्नुभयो । हाल सडकमा पोखिएका माओवादी क्रियाकलापहरूले अझै ती त्रासदीपूर्ण घटनाहरू दोहोऱ्याउने प्रयास गरिरहेजस्तो अनुभव हुन्छ । यदि यसै भयो भने कैयौं सर्वसाधारण पुनः सहिदको सूचीमा चढ्नुपर्ने हुनसक्छ । यतिबेला नै माओवादीलाई बिनासर्त सत्ता सुम्पिनुपर्ने जस्तो विडम्बनापूर्ण हठ पनि तरङ्गित भइरहेका छन् । लाग्छ, हामी सहिदहरूलाई अपमान गरिरहेका छौं, नेतृत्वका विभिन्न जिम्मेवारीमा बस्दा देख्नु र सङ्गत गर्नुपरेका दर्जनौं सहयोद्धाहरू अप्रत्यासित रूपमा सहिद बनिरहनुभएका ती दारुण क्षणहरू सम्भिँदा हामी आफ्नो कर्तव्यमा कतै चुकिरहेका त छैनौं भन्ने लाग्छ । धादिङका सहिदहरूलाई सम्भिँदा मलाई पनि त्यस्तै अनुभूति हुन्छ ।

२०५९ असोज ३ गते कमरेड **जयराम श्रेष्ठ**ले सहादत प्राप्त गर्नुभयो । धादिङ जिल्ला, त्रिपुरेश्वर गाविस सकौरामा ०१२ पुस सात गते जन्मिनुभएका उहाँ दुई छोरा र तीन छोरी गरी पाँचजना छोराछोरीका पिता हुनुहुन्थ्यो । उहाँ नेकपा (एमाले) इलाका कमिटीका सचिव एवम् प्ररायुसङ्घ नेपालका धादिङ जिल्ला कमिटी उपाध्यक्ष पनि हुनुहुन्थ्यो । घरमा सुतिरहेको अवस्थामा अपहरण गरी गुम्दी गाविसको रिङ्गने जङ्गलमा लगी उहाँलाई माओवादीले कुटीकुटी हत्या गरेका थिए । किसान परिवारका यी होनहार र लोकप्रिय नेतालाई उनीहरूले किन हत्या गरे ? कुनै जवाफ दिनसकेका छैनन् ।

क्रान्तिको नाममा सर्वसाधारणको हत्या गर्ने शृङ्खला बढिरहेको थियो, जतिबेला उनीहरू कमरेड **गोपीबहादुर थापा भुजेल**को हत्या गर्दै थिए । ०५९ असोज २१ गते अर्थात् जयराम श्रेष्ठको हत्या गरेको १८ दिनपछि गोपीबहादुर थापा भुजेलको हत्या भयो । धादिङ जिल्ला जीवनपुर- ९, बाह्रबीसे खैरेनीमा गरिब किसान परिवारमा जन्मिनुभएका भुजेललाई असोज २१ गते धार्केबजारबाट अपहरण गरी जीवनपुर- ९, पुरानो धार्केमा लगी आततायीहरूले गोली हानी हत्या गरे । यी निर्दोष कमरेडको किन हत्या गरेका थिए त माओवादीहरूले ? यसको कुनै जवाफ छैन । सेनाको गस्ती टोली त्यस ठाउँमा पुगेको र तिनको ध्यान आफूबाट अन्यत्रै मोड्न कमरेड गोपीको हत्या गरेको बताउँदै आएका उनीहरूले अनाहकमा गोपी थापाको अकारण हत्या गरेको स्पष्टै छ । तर, उनीहरूले यो कुरा सार्वजनिक रूपमा भन्न र गल्ती स्वीकार गर्नसमेत सकेका छैनन् ।

अनौठो सञ्जोग त्यही दिन धादिङकै कटुञ्जेमा कमरेड **रामचन्द्र श्रेष्ठ**को पनि माओवादीहरूले हत्या गरे। धादिङ कटुञ्जे- ३ भन्ज्याङमा ०१८ सालमा जन्मिनुभएका रामचन्द्र श्रेष्ठ नेकपा (एमाले) ५ नं. इलाका कमिटीको सचिव हुनुहुन्थ्यो। उहाँलाई घरमा सुतिरहेको अवस्थामा अपहरण गरी घरमाथिको दोबाटोमा लगी हातखुट्टा बाँधेर खकुरीले भुँडी, छाती र टाउको चिरी विभत्स रूपमा हत्या गरे। कथित सुराकीको मनगढन्ते आरोप लगाएर जनताका लोकप्रिय नेताको हत्या गर्न उनीहरूलाई कत्ति पनि अप्ठ्यारो लागेन।

हत्याको यो शृङ्खला यत्तिमै रोकिएन। ०५९ कात्तिक १ गते उनीहरूले कमरेड **नवराज सुवेदी**को कायरतापूर्वक हत्या गरे। धादिङ जिल्ला थाक्रे- २ मा पिता गमप्रसाद सुवेदी र माता भगवती सुवेदीबाट ०१६ जेठ १३ गते जन्मिनुभएका उहाँ नेकपा (एमाले) ११ नं. इलाका कमिटीको सदस्य एवम् सोही गाविसका निवर्तमान अध्यक्ष हुनुहुन्थ्यो। ०४९ र ०५४ मा दुईपटकसम्म पूर्ण बहुमतका साथ निर्वाचित गाविस अध्यक्ष सुवेदी अत्यन्त लोकप्रिय र स्थापित नेता हुनुहुन्थ्यो। दशैंको बेला टीकाका लागि सबै परिवार भेला भइरहेको अवस्थामा उहाँको अपहरण गरी लछारपछार पारेर कुट्दै-पिट्दै घरभन्दा केही तल अमले भन्ने स्थानमा पुऱ्याएर माओवादीहरूले खुकुरीले हानी हत्या गरे। हत्याको कारणबारे माओवादीहरू अझै चुप छन्।

जननिर्वाचित लोकप्रिय नेताहरूको हत्याकै अर्को निसाना बन्नुभयो, कमरेड **रामबहादुर पण्डित**। धादिङ जिल्ला किराञ्चोक- ७ कुपिण्डेमा ०२१ भदौ ६ गते जन्मिनुभएका पण्डितलाई माओवादीहरूले नृशंस रूपमा हत्या गरे। नेकपा (एमाले) १२ नं. इलाका कमिटीको सदस्य एवम् किराञ्चोक गाविसका निर्वाचित उपाध्यक्ष रहिसक्नुभएका पण्डित ०६० भदौ ३० गते राती खाना खाएर घरमै सुतिरहेका बखत अपहरण गरी सोही गाविसको डाँडागाउँ गणेशस्थान सामुदायिक वनमा लगी एउटा रुखमा बाँधेर शरीरमा बम पड्काई विभत्स ढङ्गले हत्या गरिएको थियो। त्यस्तो क्रूर जङ्गली हर्कत गर्न पछि नपर्ने माओवादीको कसरी विश्वास गर्ने ? धादिङका जनताले जवाफ पाइरहेका छैनन्।

०६० कात्तिक ४ गते माओवादीहरूले कमरेड **बच्चुराम अर्याल**को हत्या गरे। ०२३ वैशाख १८ गते धादिङ जिल्ला तसर्पु- ४ माझगाउँमा जन्मिनुभएका अर्याललाई नेकपा (एमाले)का कार्यकर्ता भएको, मागेजति चन्दा नदिएको र आफूले भनेअनुसार काम नगरेको भन्दै घरैबाट अपहरण गरी नजिकैको जङ्गलमा लगेर माओवादी जत्थाले ढुङ्गैढुङ्गाले हानी हत्या गऱ्यो र जमिनमुनि शव गाडी हिँड्यो। बच्चुराम साना किसान सहकारी आन्दोलनका लोकप्रिय नेता हुनुहुन्थ्यो। त्यसबाट प्रस्ट हुन्छ माओवादी कथित जनयुद्धमा कस्ता-कस्ता व्यक्ति उनीहरूको कथित शत्रुको परिभाषाभित्र थिए ?

त्यसको दुई महिनापछि फेरि अर्को घटना दोहोरियो तर अलि फरक खालको। धादिङ जिल्ला केबलपुर-२ बस्ने **गोमा कोइराला**लाई सुराकी गरेको आरोपमा माओवादीले घरबाटै अपहरण गरी बेपत्ता पारे। नेकपा (एमाले)का सक्रिय कार्यकर्ता एवम् अनेमसङ्घ गाउँ कमिटी सदस्य रहनुभएकी कोइराला ०६० साल पुस २८ गतेदेखि बेपत्ता हुनुहुन्छ। उहाँलाई माओवादीहरूले नै बेपत्ता पारेका थिए। शान्ति सम्झौतापश्चात माओवादी पार्टी खुला भएपछि उनीहरूले कोइरालाको हत्या गरेको स्वीकारेका छन् तर शव दिन वा देखाइदिनसम्म उचित ठानेका छैनन्।

०६० कै फागुन ३ गते धादिङ जिल्ला सल्यानकोट- ८ छापथोक निवासी **इच्छाविक्रम मल्ल**को माओवादीबाट हत्या भयो। नेकपा (एमाले) गाउँ कमिटीका सदस्य कमरेड इच्छाविक्रम-लाई उनीहरूले आफ्नोविरुद्ध कथित सुराकी गरेको आरोपमा घरबाटै अपहरण गरी नजिकैको दोबाटोमा पुऱ्याएर गोली हानी हत्या गरे। किसान आन्दोलनका लोकप्रिय नेता मल्लको हत्याबाट माओवादीको नियत र व्यवहार सहजै बुझ्न सकिन्छ। उनीहरूले क्रान्तिका विरोधीहरूको आडमा उहाँजस्ता असल जनसेवकको हत्या गरेर आफ्नो असली अनुहार प्रस्तुत गरे।

किसान नेता मल्लको हत्या गरेको एक महिनापछि माओवादीहरूले पुनः अर्का होनहार किसान नेताकै हत्या गरे। ०६० चैत १० गते धादिङ जिल्ला जीवनपुर- ६ निवासी **माधव सेढाईं**लाई माओवादीमा नलागेकै कारण बिहान सबेरै घरमा भैंसी दुहुँदादुहुँदै अपहरण गरे र गुरुजुको जङ्गलसँगै रहेको एउटा घरमा लगी कुटपिट गरे, त्यसैक्रममा उहाँको मृत्यु भयो। साना किसान सहकारी संस्थाका अध्यक्ष सेढाईं नेकपा (एमाले), जीवनपुर गाउँ कमिटीका सदस्यसमेत हुनुहुन्थ्यो। मार्नुअघि माओवादीले उहाँसँग ठूलो रकम चन्दा मागेका थिए तर नदिएपछि सुराकीको आरोप लगाई हत्या गरे। उहाँलाई पनि अरू किसान नेतालाई जस्तै घरबाट अपहरण गरी डोरीले खुट्टामा बाँधेर झुण्ड्याई लट्ठी र रडले टाउको, खुट्टा र शरीरमा हानी निर्घात रूपमा कुटेर हत्या गरे। यस्तो अपराधलाई एउटा कम्युनिस्टले अर्को कम्युनिस्टमाथि गरेको भनेर कसरी स्वीकार्न सकिन्छ ? यस्ता क्रियाकलापका कारण अनुमान गर्न गाह्रो छैन कि उनीहरू कम्युनिस्ट मूल्य-मान्यता र व्यवहारप्रति प्रतिबद्ध छैनन्।

एउटा बेग्लै तरिकाले हाम्रो पार्टीका एक समर्थकको ज्यान गुमेको छ। धादिङ फूलखर्कमा ०६१ असोज ५ गते माओवादी लडाकुहरूको एउटा टोली फूलखर्क- २ स्थित **लुरे कामी**को घरमा पुगेको थियो। तिनीहरूले ल्याएको सकेट बम आगोमा सेकाउँदै गर्दा विस्फोट हुँदा निहत्था लुरे कामीको ज्यान गयो। एउटा प्रयोग गर्न जान्दैन, अनि अर्को अनाहकमा मर्छ। कस्तो विडम्बना !

उल्लेखित माथिको दर्दनाक हत्याको पीडा सेलाउन पाएकै थिएन। फेरि अर्को भयानक हत्याकाण्ड भयो- ०६१ मंसिर २६ गते। त्यस दिन माओवादी जत्थाद्वारा धादिङ जिल्ला सलाङ- ६ मैदाननिवासी **खिनबहादुर थापा**को हत्या भयो। नेकपा (एमाले) जिल्ला कमिटी सदस्य, राष्ट्रिय जनसांस्कृतिक मञ्चका इन्चार्ज, नेपाल मगर सङ्घका जिल्ला अध्यक्ष कमरेड खिनबहादुर थापा मगरजातिको बाहुल्य रहेको सलाङका अत्यन्त प्रभावशाली नेता हुनुहुन्थ्यो। उहाँको लोकप्रियताबाट

त्रसित माओवादीले कथित सुराकी गरेको आरोप लगाई पूजाको बेला घरमा रहेको मौका छोपेर अपहरण गरी गाउँदेखि बेसीसम्म हिँडाउँदै, कुटपिट गर्दै सलाङ गाविसकै इँटपानी भन्ने ठाउँमा पुऱ्याएर टाउकोमा गोली हानी हत्या गरे। बिनाकारण, सुराकीको कपोलकल्पित आरोप लगाएर कमरेड खिनबहादुरको हत्या भयो। त्यसले धादिङ पार्टीलाई ठूलो क्षति हुनपुग्यो। तर विचित्रको संजोग ! सोही दिन अपहरणमा परेका एकजना दरबारिया उच्चपदस्थ कर्मचारी चेतबहादुर कुँवरलाई भने माओवादीले सकुशल रिहा गरेका थिए। तर, खिनबहादुरजस्ता कम्युनिस्ट योद्धाको भने कायरतापूर्ण हत्या गरे।

माओवादी हत्याको पछिल्लो निसाना बन्नुभयो- कमरेड **डम्बरबहादुर धरेल**। ०६१ माघ १० गते कमरेड धरेलको चितवन जिल्ला, रत्ननगर नगरपालिका-२ टाँडीमा हत्या गरियो। धादिङ जिल्ला त्रिपुरेश्वर- ४ मा घर भई नेकपा (एमाले) ४ नं. इलाका कमिटीको सदस्य समेत रहनुभएका उहाँ सोही गाविसका पूर्वअध्यक्ष हुनुहुन्थ्यो। अत्यन्त लोकप्रिय जनप्रतिनिधि धरेलको हत्या गर्नुको कारणबारे माओवादीले कुनै जवाफ दिनसकेका छैनन्। स्मरण रहोस्, कमरेड धरेललाई माओवादीहरूले आफ्नो कर्मभूमि त्रिपुरेश्वरमा बस्न नदिएर चितवनमा बसाइँ सर्न बाध्य पारेका थिए। तर, चितवन पुगेर पनि उहाँको ज्यान उनीहरूबाटै हरियो।

धादिङका सहिदहरूलाई सम्झिँदा कमरेड **रामशरण थापा**को सम्झना गर्नैपर्छ। उहाँले सहादत प्राप्त गर्नुभएको क्षण अझ भयावह र दुःखद् छ। जीवनपुर- ९, भुजेलगाउँका रामशरण थापालाई माओवादीको आरोपमा सेनाले घरबाट गिरफ्तार गरी नजिकैको खेतमा लगी गोली हानेर हत्या गरेको थियो। नेकपा (एमाले), जीवनपुर गाउँ कमिटीका सदस्य रहनुभएका उहाँ वडाध्यक्ष पनि हुनुहुन्थ्यो। दुईथरि बन्दुकको चेपुवामा परी अनाहकमा ज्यान गुमाउनुभएका रामशरण थापाको हत्याले धादिङमा पार्टीले निकै ठूलो क्षति भोग्नुपऱ्यो।

हत्याका यी केही घटनाहरूको सम्झना गर्दा र धादिङका अमर सहिदहरूलाई सम्झिँदा लाग्छ, देशैभरि उनीहरूबाट भएका हत्या र ज्यादतीका घटनाको प्रकृति एउटै खालको छ। प्रश्न उठ्छ, माओवादीको विश्लेषण, मूलतः नेकपा (एमाले)प्रति उसको हेराइ र बुझाइ कुन विचार र दृष्टिकोणमा आधारित थियो होला ? शत्रु र मित्र छुट्याउन नसक्ने तिनको बच्चापनमा अझै रूपान्तरण हुनसकेको छैन। तिनको यस्तो शैली हेर्दा तत्कालै कसरी विश्वास गर्न सम्भव छ ? ❐

# मानबहादुर जिसी

## अध्यक्ष, नेकपा (एमाले) कास्की

कम्युनिस्ट आन्दोलनको छ दशक लामो राजनीतिक कालखण्डलाई पछाडि फर्किएर नियाल्दा माछापुच्छ्रेमुनि कास्कीको राजनीतिक पहिचान विशिष्ट रहेको छ। दुनियाँका कम्युनिस्ट पार्टीभित्र लोकतान्त्रिक विधिको परीक्षण नहुँदै कास्कीमा त्यसले प्रवेश पाइसकेको थियो। तीव्र आन्तरिक प्रतिस्पर्धा र कतिपय स्थितिमा विवादको तहमा पनि फेवा र बेगनास तालजस्तै अटल रूपमा अघि बढेको छ- कास्कीको कम्युनिस्ट आन्दोलन। जित्दै, हार्दै, उठ्दै-पछारिँदै अघि बढ्ने क्रममा पार्टीको नेतृत्व गर्दै जिल्लाको प्रमुख नेतृत्वमा छानिनुभएको छ- मानबहादुर जीसी।

पार्टीको ऐतिहासिक आठौं राष्ट्रिय महाधिवेशनपश्चात् राष्ट्रव्यापी रूपमा पुनःगठित हुँदै नेकपा (एमाले) अगाडि बढ्नेक्रममा उहाँ कास्की जिल्ला अध्यक्षको जिम्मेवारीमा चुनिएर यतिबेला पार्टी हाँकिरहनुभएको छ। हुन त उहाँका निम्ति यो नौलो जिम्मेवारी होइन। यसअघि उहाँले पार्टीको जिल्ला सचिवको भूमिका दुई वर्षसम्म निर्वाह गर्नुभएको अनुभूति छँदैछ। सङ्क्रमणकालीन र चुनौतीपूर्ण परिस्थितिमा उहाँ कास्कीका एमालेजनहरूको नेतृत्वका निम्ति खोजिने र सम्झिने नाम हो। तर पद, प्रतिष्ठा एवम् राजकीय जिम्मेवारी दिने बेला भने उहाँलाई प्रायः पछाडि पार्ने गरिएको जस्तो देखिन्छ।

उहाँको जीवनमा तीनवटा महत्वपूर्ण घटना रहेका छन्। पहिले उहाँ ब्रिटिस लाहुरे बन्ने धुनमा खुबै लाग्नुभयो। गाउँमा गुरुङ समुदायका युवाहरू लाहुरे बनिरहेको माहोलले उहाँलाई त्यतातिर आकर्षण गऱ्यो। ०३५ मा दोस्रो श्रेणीमा एसएलसी भएपछि लाहुरे बन्ने प्रयासमा लाग्दालाग्दै एक वर्ष उहाँको खेर गयो। १९ दिन त छनोट प्रक्रियामासमेत सामेल भएर क्याम्पमै रहनुभयो। तर, उहाँ लाहुरे बन्न सक्नुभएन। दोस्रो, उहाँ एउटा अब्बल र असल शिक्षक बन्ने अठोटका साथ अध्ययनमा जुट्नुभयो। गणितको राम्रो विद्यार्थी भएकाले त्यसै विषयको राम्रो शिक्षक बन्ने मनसायले गणित र स्वास्थ्य विषय लिएर पढ्न लाग्नुभयो। त्यसरी गणितको शिक्षक बन्ने उहाँको रहर पनि पूरा भएन। तेस्रो, राजनीतिमा सक्रिय भई अघि बढ्नेक्रममा समयले राजनीतिको शिक्षक त बनायो तर राजनीतिक गणित चाहिँ कहिल्यै नबुझ्ने ! फलतः उहाँ गणितीय राजनीतिको खेलमा भने प्रायः सधैं पछाडि परिरहनुभएको छ।

कास्कीको कालिका- ५ देउमाण्डीमा मध्यम किसान परिवारमा जन्मिनुभएका उहाँ नरबहादुर जीसी र मानकुमारी जीसीको जेठो छोरा हुनुहुन्छ। जीसी अहिले ५० वर्षमा प्रवेश गर्नुभएको छ, अर्थात् सुवर्ण वर्षमा यात्रा गरिरहनुभएको छ।

गण्डकीका प्रायः नेताहरूजस्तै जीसीको राजनीतिक पृष्ठभूमि परिचित प्राज्ञिक र राजनीतिक थलो पृथ्वीनारायण क्याम्पसबाट भएको हो। ब्रिटिस लाहुरे बन्ने सपना पूरा नभएपछि उहाँ ०३७ मा पीएन क्याम्पसमा भर्ना हुनुभयो। क्याम्पसमा उहाँ शिक्षा संकायको विद्यार्थी हुनुहुन्थ्यो र पोखरामै बसेर पढ्नुहुन्थ्यो। जनमतसङ्ग्रहपछि मुलुकको परिवेश केही खुकुलो थियो। त्यसबेला जनआधारित कम्युनिस्ट पार्टीले भूमिगत रूपमा काम गरिरहेको स्थिति थियो। क्याम्पस पढ्दा गाउँकै विद्यार्थीहरू प्रेमनारायण पौडेल र नन्दलाल त्रिपाठीसँग उहाँ एउटै कोठामा बस्नुहुन्थ्यो। उहाँहरूमार्फत नै मानबहादुरको अनेरास्ववियुसँग सम्पर्क भयो। 'उहाँहरू त्यतिबेलै तत्कालीन नेकपा (माले)को सम्पर्कमा हुनुहुँदोरहेछ अनि म पनि अनेरास्ववियु र पार्टीको सम्पर्कमा पुगें', जीसी सम्झिँदै भन्नुहुन्छ। क्याम्पस प्रारम्भिक कमिटी अध्यक्ष मेघनाथ रिजाल हुँदै उहाँ स्ववियु सभापति हिमालराज भट्टराई र विद्यार्थी नेता खगराज अधिकारीको सम्पर्कमा पुग्नुभयो। उहाँहरूसँगको सम्पर्कपछि मालेको राजनीतिक उद्देश्य र मुद्दाहरूसँग सहमत र सक्रिय बन्नुभयो। 'कम्युनिस्टले समाज परिवर्तन गरेर शोषण-अत्याचार नभएको शासन व्यवस्था स्थापना गर्छन्', भन्ने बुझाइका आधारमा उहाँ राजनीतिमा हाम फाल्नुभयो।

त्यसपछि पढाइभन्दा राजनीतितिर नै उहाँले आफ्नो ध्यान बढाउन थाल्नुभयो। ०३८ मै उहाँ पृथ्वीनारायण क्याम्पसमा जित केसी र मेघनाथ रिजालपछि प्राकको तेस्रो अध्यक्ष बन्नुभयो। त्यसको अघिल्लो वर्ष नै उहाँ नगर युथलिगमा सङ्गठित हुनुभएको थियो। ०३९ मा उहाँ अनेरास्ववियु कास्कीको उपाध्यक्ष बन्नुभयो। यसरी नै उहाँको राजनीतिक यात्रा अघि बढ्नेक्रम देखिन्छ। तर, क्याम्पस छ महिना बन्द हुने फेरि खुल्ने, हड्ताल हुनेजस्ता कारणले ०४१ मा मात्रै उहाँको प्रमाणपत्र तहको पढाइ पूरा भयो र त्यसै वर्ष उहाँले पार्टी सदस्यता प्राप्त गर्नुभयो। उहाँ ०४० देखि नै कालिका गाउँ कमिटी हुँदै इलाका कमिटीमा सक्रिय हुनुभएको थियो।

पार्टी राजनीतिलाई ग्रामीण तहसम्म पुऱ्याउने उद्देश्यका साथ उहाँ ०४१ मै गाउँको बमचन्द्र कला प्राविमा पढाउन जानुभयो। तर, वामपन्थी राजनीतिक गतिविधिमा सामेल भएको आरोपमा पञ्चायतले उहाँलगायत थप दुई शिक्षकलाई हटाइदियो। त्यसपछि उहाँ पुनः पढाइ अगाडि बढाउन भन्दै पृथ्वीनारायण क्याम्पसमा स्नातक तह पढ्न भर्ना हुनुभयो। त्यसबीचमा उहाँले अखिल नेपाल किसान सङ्घ र पार्टी क्षेत्रीय समन्वय कमिटीमा रहेर जिम्मेवारी बहन गर्नुभयो।

०४९ को स्थानीय निर्वाचनमा उहाँ कालिका गाविसको अध्यक्षमा निर्वाचित हुनुभयो। ०५४ मा पुनः गाविस अध्यक्ष नै निर्वाचित बन्नुभयो। अरू उच्च पदमा उहाँ पुग्नुभएको छैन। किनभने उहाँ कुनै पनि पदका लागि उम्मेदवार बनाइनुभएन। कास्कीको राजनीतिक इतिहासमा पार्टीभित्रका 'शक्तिकेन्द्र'हरूलाई सन्तुलनमा राखेर काम गर्न निकै जटिल मानिन्छ। यो त्यहाँको पुरानै समस्या हो। उहाँ इमानको राजनीतिमा विश्वास गर्ने नेता भएकाले 'शक्तिकेन्द्र'को आडभरोसा प्राप्त गर्ने दौडमा कहिल्यै लाग्नुभएन। केवल इमानदार सिपाहीका रूपमा कहिले पार्टीको नेतृत्वमा रहनुभयो त कहिले सदस्यमात्रै भएर पनि चित्त बुझाएर काम गर्नुभयो। ०५४ को स्थानीय निर्वाचनताका कास्की जिविस सभापतिको उम्मेदवार छनोट गर्ने सिलसिलामा पार्टीभित्रै आन्तरिक चुनौती हुँदा उहाँ दुई मतले पराजित बन्नुभयो र कमरेड पुण्य पौडेल सभापति बन्ने बाटो खुला भयो। संसदीय संविधानसभाका चुनावमा भने उहाँले कहिल्यै उम्मेदवारी पाउनुभएन। कारण उही थियो- उहाँको गणितीय राजनीति नबुझ्ने समस्या !

कास्कीमा पार्टीलाई अगाडि बढाउन ०४९ को तेस्रो जिल्ला अधिवेशनदेखि उहाँ पूर्णकालीन रूपमा सक्रिय हुनुहुन्छ। ०५१ मा क्षेत्रीय समन्वय कमिटीको संयोजक र ०५२ मा पार्टी जिल्ला कमिटीको उपसचिव भएर उहाँले काम गर्नुभयो। ०५७ असोजदेखि ०५९ साउनसम्म पार्टीको जिल्ला सचिव भएर उहाँले कास्कीको नेतृत्व हाँक्नुभयो। अनि ०६२ सम्म जिल्ला सदस्य हुँदै उहाँ तीन वर्षसम्म अञ्चल समन्वय कमिटीको सदस्यको जिम्मेवारीमा रहनुभयो। पार्टी पुनःगठन अभियानअन्तर्गत उहाँलाई भर्खरै जिल्लाका कार्यकर्ताहरूले अध्यक्ष चयन गरेका छन्। उहाँ जिल्लामा पार्टीलाई व्यवस्थित गर्ने काममा निरन्तर जुट्नुभएको छ। नेकपा (एमाले)ले केन्द्रमा समेत गर्न नसकेको काम उहाँले जिल्लामा सुरुआत गर्नुभएको छ। खासगरी विगतमा जिम्मेवारी प्राप्त गर्न नसकेका योग्य कार्यकर्ताको कसरी व्यवस्थापन गर्न सकिन्छ भनेर उहाँ योजना बनाएर सक्रिय रहनुभएको छ। कास्कीमा इलाकादेखि क्षेत्र, जिल्ला हुँदै अञ्चल तहसम्म पुगेका तर हाल कुनै जिम्मेवारी नपाएका नेताकार्यकर्ताहरूको तथ्यांक सङ्कलन कार्य उहाँहरूले पूरा गर्नुभएको छ, जो २ सय ६५ को सङ्ख्यामा रहेको छ। 'उहाँलाई कहाँ र कसरी जिम्मेवारी दिएर अघि बढाउने भनी छुट्याएर हेरिरहेका छौं', उहाँ भन्नुहुन्छ, 'तर, त्यसका लागि पार्टीकेन्द्रले पनि ध्यान पुऱ्याउनुपर्छ।' पार्टीभित्र आन्तरिक प्रतिस्पर्धाको कारणले होस् वा अन्य कुनै कारणले कोही जिम्मेवारीविहीन हुनुहुँदैन। हिजो पार्टी निर्माण गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेको 'क्रिम' शक्तिलाई सङ्गठित र परिचालित गर्नैपर्छ भन्ने उहाँको जोड रहेको छ।

पछिल्लो समय पार्टीका नेताहरूमा देखापरेको बुर्जुवा चरित्र र व्यवहारका कारण उहाँ चिन्तित त हुनुहुन्छ तर आत्तिइहाल्नुभएको छैन। उहाँ पार्टीको कुनै महत्वपूर्ण काम हुँदा मात्रै राजधानी भित्रिनुहुन्छ, नत्र जिल्ला र कार्यक्षेत्रमा रहेरै जनताको सुखदुःखमा सँगसँगै रहन चाहनुहुन्छ। उहाँसँगै राजनीति गरेकाहरू र पछि राजनीतिमा प्रवेश गरेकाहरू विभिन्न पद र हैसियतमा पुगे। तर, उहाँले भने ग्रामीण उपभोक्ता समूहमा बसेर सर्वसाधारण जनतासँगै कहिले सडक खन्ने कामको नेतृत्व गर्नुभयो भने कहिले रेडक्रस उपशाखाको सभापति बनेर ग्रामीण जनताको सेवामा तत्पर बन्नुभयो।

उहाँलाई पहिले भूमिगत कालमा जस्तो पार्टीमा पवित्र भावनाले काम नभइरहेको प्रति चिन्ता लाग्ने गर्छ । साथै, त्यसो हुन सम्भव छैन भन्ने अनुभूति हुन्छ । 'जतिसुकै लखेटे पनि र घचेटे पनि म आफ्नै विवेकले यो राजनीतिमा लागेको हुँ, त्यसैले मलाई कुनै आत्मग्लानि र पश्चाताप छैन', उहाँ भन्नुहुन्छ । राजनीतिको कठीन यात्रा मेरो खुसीराजीले रोजेको हुँ । तसर्थ, कुनै सानो समस्या देखिंदा वा कहिलेकाहीं अप्ठ्यारो हुँदा आत्तिइहाल्नु जरुरी छैन, जे हो, त्यो भइछाड्छ ।'

लप्पन-छप्पन र चलखेलको बोलाबाला बढ्दै गर्दा नै मान्छेहरू आत्मकेन्द्रित भइरहेको जीसीको अनभुव छ । तर, उहाँ भन्नुहुन्छ, 'पार्टीले बोकेको विचार र सिद्धान्त सही र उपयुक्त छ । हामीले सही रूपमा त्यसलाई आत्मसात गर्न सक्नुपर्छ, हामीले गर्न नसक्दा अरू पो यो विचार बोकेर कार्यान्वयनमा जाने हुन् कि भन्ने चिन्ता लाग्छ ।' जनताको तहमा पार्टीका शुभचिन्तक र समर्थक जनताको साँच्चिकै कमी नरहेको स्पष्ट पार्दै उहाँ औंल्याउनुहुन्छ, 'पार्टीले आफूलाई सच्याउँदै र परिस्कृत गर्दै जान नसक्ने हो भने चाहिँ 'हामी पनि थियौं' भन्ने अवस्था आउनसक्छ । पार्टीको भविष्य उज्वल र सुनिश्चित गर्न आफूकेन्द्रित र गणितीय खेलमा नेताहरू नलगिदिए हुन्थ्यो भन्ने उहाँलाई लाग्छ । नेतृत्वले ठीक हिसाबले काम गर्नखोज्दा सहमति र एकताबद्ध अवस्था सिर्जना हुन्छ र एकढिक्का भएर काममा जुट्ने अवस्था बनाउन सकिन्छ भन्ने उहाँको दृढ विश्वास रहेको छ ।

सशस्त्र पार्टीसँग खाली हात र मुठी मात्रै लिएर चुनावमा होमिँदा र उपयुक्त व्यक्तिलाई उम्मेदवार बनाउन नसक्दा पार्टीले संविधानसभाको चुनावमा पराजय भोग्नुपरेको जीसीको मूल्याङ्कन रहेको छ । उहाँ भन्नुहुन्छ, 'त्यस्तो स्थितिमा पराजय भोग्नु अस्वाभाविक होइन ।' कार्यकर्ताभित्र बढ्दै गएको निराशा, कुण्ठा र हतासाले पार्टी बोधो बन्ने र प्रभावकारी भूमिका खेल्न नसक्ने अवस्था सिर्जना हुन्छ । यदि विचार र दृष्टिकोणमा विचलन आएको छैन भने एउटा चुनावमा पराजित हुँदैमा हतोत्साहित हुनु जरुरी छैन ।' आमूल परिवर्तनको प्रक्रियामा अघि बढ्दा लड्दैउठ्दै गर्नुपर्छ, साथै लडेको लड्यै गरेर त जीवन नै हुँदैन । त्यसैले एकचोटि दौडिएर सधैंका लागि विश्राम गर्नुहुन्न, निरन्तर लागिरहनुपर्छ र लडिरहनुपर्छ । पछारिए पनि उठ्दै धुलो टक्टक्याउँदै विजयको अभिलाषा बोकेर अघि बढिरहनुपर्छ ।

उहाँको विचारमा मुलुकमा एउटै विचार, मुद्दा र एजेन्डा बोकेका दुईवटा कम्युनिस्ट पार्टी समानान्तर रूपमा अघि बढ्नु सम्भव छैन र सक्दैनन् । 'माओवादी गलत होला तर जनताको बीचमा त छ । तसर्थ, हामीले कमीकमजोरी गर्दा उसले तान्ने भनेकै अन्ततः हाम्रै पार्टीपङ्क्ति र समर्थक जनतालाई हो' भन्दै उहाँ सम्झाउनुहुन्छ, 'पार्टीभित्र अनुशासन स्पातिलो नहुँदा पार्टी देखावटी रूपमा मोटाएको जस्तो देखिने तर काम चलाउन मात्र बन्ने समस्यामा फस्छ । कामचलाउ अवस्थामा परिवर्तनको नेतृत्व गर्न सम्भव हुँदैन । तसर्थ 'मुखपिच्छेका फरक-फरक बोलीले नेता मिल्न नसकेको सन्देश प्रवाह भइरहेको छ । यो नेताहरूलाई व्यवस्थापन गर्न नसकिरहेको समस्या हो । यसले एमालेको कुभलो गरिरहेको छ । यदि पार्टीमा बसेर पार्टीकै कुभलो गर्ने हो भने त्यो अनुचित हो । एमालेबाट अलग भएर त्यसो गर्नुपर्‍यो, उहाँ भन्नुहुन्छ, 'फेरि सबै नेता भएर पनि चल्दैन, नेताले नेता भएर नेतृत्व गर्नुपर्‍यो, सबै उस्तै भएर हुँदैन ।'

राष्ट्रिय राजनीतिमा एमालेका मुद्दाहरू सही भए पनि त्यसको जस पार्टीले नपाइरहेको स्थितिप्रति उहाँ दुःखी हुनुहुन्छ । 'पार्टीले विषयवस्तुको उठान एकदम सही ढङ्गले गर्छ तर बैठान गर्न सक्दैन, प्रमुख समस्या यही हो', उहाँको अनुभव छ । 'यदि निर्णय गर्दा दशचोटि निधार खुम्च्याएर सोच्ने हो र निर्णय गरिसकेपछि कार्यान्वयनमा जाँदा गलतै भए पनि बिनाहिच्किचाहट एकढिक्का भएर जाने हो भने समस्या हुँदैन । निर्णय गलत भए सच्याउँदा फेरि दशचोटि सोचेर सच्याउनपरे सच्याउन सकिन्छ', उहाँको सुझाव छ । यस्तो तरिका अपनाउँदा नै अहिले नेताहरूको साख गिरेको र त्यसमा जनता कार्यकर्ताको होइन, नेताहरूकै व्यवहार जिम्मेवार रहेको उहाँलाई लागेको छ ।

समकालीन राजनीतिक परिदृश्यमा हेर्दा राजनीति गर्ने प्रायः मान्छेको वर्गउत्थान भएको देखिन्छ तर मध्यमवर्गीय हैसियतको उहाँ राजनीतिमा लागेपछि हाल निम्नमध्यमवर्गीय हैसियतमा खस्केको बताउनुहुन्छ । मान्छेहरूले राजनीतिलाई कमाइखाने माध्यम बनाए तर उहाँ यसरी भाँडोमा भएको चिज रित्याउँदै-सक्दै हिँड्ने नेता बन्नुभयो ।

उहाँको परिवारमा श्रीमती, दुई छोरी र एक छोरा हुनुहुन्छ । एक छोरीको बिहे भइसकेको छ भने अर्की छोरी पीएन क्याम्पसमा स्नातकोत्तर तहको दोस्रो वर्षमा पढ्दैछिन् । छोरो पनि सोही क्याम्पसमा बीएस्सी पढिरहेका छन् । उहाँकी पत्नी शुद्ध गृहिणी हुनुहुन्छ । उहाँका माइलो भाइ कलेज पढाउनुहुन्छ भने साइँलोले अहिले गाउँमै खेती किसानी धान्नुभएको छ । कान्छो भाइ भने डीभी परेर अमेरिकामा हुनुहुन्छ । एकमात्र बहिनीको पनि विवाह भइसकेको छ । तर, सबै भाइ पार्टीका सदस्य र शुभेच्छुक रहनुभएको छ । बेलाबखत पार्टीभित्र देखिने विवादको जड सैद्धान्तिक-वैचारिक नरहेको बरु को नेता बन्ने भन्ने होडबाजी समस्या रहेको उहाँको विश्लेषण छ । यो विचार, नीति र सिद्धान्तको झगडा होइन भन्दै उहाँ औंल्याउनुहुन्छ, 'नेताहरू सहज विधि र पद्धतिको विकास गर्न नलाग्ने कुराले हाम्रो मन कुँड्किएको छ । यसरी आआफ्नै तरिकाले चल्नखोज्ने हो भने अन्ततः सबै भष्म अनिवार्य छ । तर, मेरो पवित्र इच्छा हाम्रो पार्टीको नेतृत्वमै मुलुकले काँचुली फेरोस् भन्ने हो, किनभने आफ्नो जीवन र जवानी यसैमा बितिसकेको छ ।' 'नवयुग'को अनुरोधमा अघिल्लो साँझ राजधानी आउनुभएका उहाँ पार्टी केन्द्रीय कार्यालय आई कुराकानी सकेर सोही दिन पोखरा फर्किनुभयो । तसर्थ, उहाँसँग यस प्रस्तुतकर्ताले समय लगाएर अन्तर्क्रिया गर्ने गरी भेट्नु र छलफल चलाउनु सम्भव भएन । उहाँको बुझाइमा 'केन्द्रीय

कार्यालय त नेताहरूलाई सलाम गर्ने ठाउँ हो । यहाँ धेरै किन बस्ने ? बरु जनताको बीचमा नै केन्द्रित भएर पार्टी र नेतृत्वलाई जनआधारित बनाउन हामीले सक्रिय भूमिका निर्वाह गर्नुपर्छ ।'

❒ **लोकेन्द्र केसी**

# त्रिदेशीय सम्बन्धको तथ्ययुक्त झलक

नेपाल र चीनबीच ऐतिहासिक कालदेखि राज्य, सरकार र जनस्तरमा रहँदै आएको मैत्रीपूर्ण सम्बन्धलाई अझ व्यापक, विस्तृत र प्रभावकारी बनाउने उद्देश्यले हालै एउटा संस्था स्थापना भएको छ, 'नेपाल-चाइना पिपुल्स फोरम' र त्यसको अध्यक्ष हुनुहुन्छ- सुरेश कार्की । नेपाल र चीन दुवै मुलुकका विज्ञहरूबाट अनुसन्धान र तथ्यमा आधारित कृतिहरू तयार गर्न लगाई समय-समयमा प्रकाशित गर्दै जाने योजनाअनुसार उक्त संस्थाले आफ्नो पहिलो प्रकाशनका रूपमा आफ्नै अध्यक्ष सुरेश कार्कीद्वारा लिखित 'बदलिंदो सन्दर्भमा नेपाल-चीन सम्बन्ध र भारत' शीर्षकको पुस्तक प्रकाशित गरेको छ । सुरेश कार्की नेपाल-भारत सम्बन्धका बारेमा राम्रो जानकारी राख्ने व्यक्तिको रूपमा पनि परिचित हुनुहुन्छ । नेपाल र चीनबीचको सम्बन्धका बारेमा चासो र सरोकार राख्ने सबै पाठकहरूका लागि यो पुस्तक निकै उपयोगी छ र यसले पाठकहरूलाई नेपाल-चीन सम्बन्धका विविध पक्षमा धेरै जानकारी दिनेछ । फोरमले भविष्यमा पनि यस्ता उपयोगी सामग्रीहरू प्रकाशित गर्दै जाओस्, मेरो हार्दिक शुभकामना !

सुरेश कार्की र म सँगसँगै नेपालको कम्युनिस्ट आन्दोलनमा संलग्न भएर मुलुकमा लोकतन्त्र स्थापनाका लागि लड्न थालेका हौं । भूमिगत राजनीतिक यात्राको प्रारम्भदेखि नै सुरेश कार्कीले छिटफुट रूपमा लेखन कार्यमा हात बढाउन थाल्नुभएको हो । अहिलेसम्म उहाँका 'बस्ती फेरिंदा' (नाटक), 'नेपाली महिलाहरूको भविष्य', 'तिब्बतः यथार्थ तथा चुनौती'हरूजस्ता कृतिहरू प्रकाशित छन् । पहिले विषयवस्तुको गहिरो अध्ययन-अनुसन्धान गर्ने र त्यसलाई आफ्नो रचनामा लिपिबद्ध गर्ने सुरेश कार्कीको लेखनका विशेषता हुन् ।

सुरेश कार्कीले पछिल्लो समयमा लेख्नुभएको 'बदलिंदो सन्दर्भमा नेपाल-चीन सम्बन्ध र भारत' नामक पुस्तकमा नेपाल, भारत र चीनबीचका बहुआयामिक सम्बन्धहरूको बारेमा विस्तृत चर्चा गर्नुभएको छ । उहाँले आफ्नो पुस्तकमा नेपाल एउटा स्वतन्त्र र सार्वभौम मुलुक हो, यसले उत्तर र दक्षिणका दुवै छिमेकी मुलुकसँग मित्रतापूर्ण सम्बन्ध राख्नुपर्दछ, दुवैका संवेदनशीलताहरूलाई राम्ररी ध्यान दिनुपर्दछ र आफ्नो भूमि कुनै पनि छिमेकीका विरुद्ध प्रयोग हुन दिनुहुँदैन भन्ने कुरामा जोड दिनुभएको छ ।

उहाँले आफ्नो पुस्तकमा तिब्बत चीनको अभिन्न अङ्ग हो, त्यससँग ऐतिहासिक कालदेखि हाम्रो सम्बन्ध रहँदै आएको छ र वर्तमान परिस्थितिमा त्यसलाई हामीले नयाँ उचाइमा उठाउनुपर्दछ भन्ने कुरामा जोड दिनुभएको छ ।

चीन उत्तरी सिमाना रहेको हाम्रो घनिष्ठ मित्रराष्ट्र मात्र होइन, यो एक्काईसौं शताब्दीको उदीयमान विश्वशक्ति पनि हो । सोभियत सङ्घको पतनलाई विश्वसमाजवादको समाप्तिका रूपमा परिभाषित गर्ने साम्राज्यवादी शक्तिहरूको दुष्प्रयासलाई चुनौती दिंदै समाजवादको श्रेष्ठतालाई अभूतपूर्व रूपले स्थापित गर्ने चीनको सफलताप्रति कर्के नजर लगाउने र त्यसलाई असफल पार्नखोज्ने शक्तिहरूको पनि संसारमा कमी छैन । अहिले बाह्य शक्तिहरूको इसारामा नेपालमा चलाइएका 'स्वतन्त्र तिब्बत'सम्बन्धी गतिविधि चीनलाई कमजोर बनाउने अभियानकै कडी हुन् । तिब्बतका धार्मिक नेता दलाई लामाले भारतको हिमाञ्चल प्रदेशको धर्मशालामा बसेर निर्वासित सरकार चलाइरहेको र तिब्बतमा विद्रोह भड्काउने जुन षड्यन्त्र गरिरहेका छन्, त्यसमा उनलाई संसारभरिका साम्राज्यवादी शक्तिहरूले उक्साइरहेका छन् । नेपालको उत्तरी सिमाना तिब्बतसँग जोडिएको हुनाले दलाई लामा र उनका अन्तर्राष्ट्रिय सहयोगीहरू नेपाललाई तिब्बतमा घुसपैठ गर्ने पृष्ठभागको रूपमा उपयोग गर्न चाहन्छन् । सुरेश कार्कीले आफ्नो पुस्तकमा तिब्बतबाट मानिसहरूलाई शरणार्थी बनाएर कसरी भगाइन्छ, नेपालका कुनकुन जिल्लामा कतिजना तिब्बती शरणार्थीहरू छन्, नेपालका गुम्बा र अन्य स्थानहरूमा कसरी 'स्वतन्त्र तिब्बत'सम्बन्धी गतिविधिहरू सञ्चालन गरिन्छ भन्नेबारेमा धेरै तथ्यहरूको खोजी गरेर बाहिर ल्याउनुभएको छ । 'एक चीन नीति' नेपालको परराष्ट्रनीतिको एउटा अभिन्न अङ्ग रहँदै आएको छ र भविष्यमा पनि रहनुपर्दछ भन्ने उहाँको जोड रहेको छ ।

नेपालले आफ्नो घनिष्ठ मित्रराष्ट्र चीनका विरुद्ध सञ्चालन गरिएका यस्ता सम्पूर्ण गतिविधिको दृढतापूर्वक विरोध गर्नुपर्दछ । सुरेश कार्कीले आफ्नो पुस्तकमा नेपाल र भारतमा चलाइएका चीनविरोधी गतिविधिका सम्पूर्ण तथ्याङ्कहरू प्रस्तुत गरेर त्यस्ता गतिविधि रोक्नका निम्ति एउटा बलियो आधार तयार गरिदिनुभएको छ । त्यसैगरी, नेपाल-भारत सम्बन्धका विभिन्न आयामहरूको बारेमा पनि निकै राम्रो चर्चा गर्नुभएको छ । नेपाल-भारत सम्बन्धका सकारात्मक र

नकारात्मक दुवै पक्षको बारेमा चर्चा गर्नुभएको छ । नेपाल र तिब्बतबीच सम्पन्न ऐतिहासिक सन्धि-सम्झौताहरू, 'एक मधेसः एक प्रदेश' तथा एक हिमाली प्रदेशको नाराको बीचमा रहेको अन्तरसम्बन्ध, दलाई लामा र पञ्चेन लामाको ऐतिहासिक पृष्ठभूमि, तिब्बतको विगत, वर्तमान र भविष्यजस्ता विषय पनि पुस्तकमा समेटिएका छन् । अन्त्यमा, प्रा. वाङले दिएको 'चीन चुप लागेर बस्दैन' भन्ने बहुचर्चित अन्तर्वार्ता, चीनका लागि नेपालका पूर्वराजदूत राजेश्वर आचार्यले दिनुभएको अन्तर्वार्ता, चिनियाँ राजदूत चाङ गिउ ह्वानले दिनुभएको अन्तर्वार्ता आदि सामग्री पनि पुस्तकमा समेटिएको छ । यस पुस्तकका बारेमा गोविन्द भट्ट र सूर्य थापाले लेख्नुभएका भूमिका मननयोग्य रहेका छन् ।

पुस्तक सङ्ग्रहणीय छ । साजसज्जा धेरै राम्रो छ । सुरेश कार्कीबाट अझ धेरै यस्तै प्रकारका कृतिहरूको आशा गर्दछु ।

**❒ युवराज कार्की**

# २०४६ अघिको महिला आन्दोलन

**❒ कमला पराजुली**

**अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको सुरुवात**

०३७ फागुनमा अनेमसङ्घको पुनःगठन भएपछि त्यसले तत्कालीन नेकपा (माले)को अवधारणाअनुसार महिला आन्दोलनको नेतृत्व लियो । भूमिगत रूपमा अनेमसङ्घको गठन र विस्तारको काम हुनथाल्यो । त्यसैक्रममा, अनेमसङ्घकै अगुवाइमा पहिलोपल्ट ०३७ सालमा देशव्यापी रूपमा अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस (आठ मार्च) मनाइयो । महिलालाई आफ्ना हक, हित र अधिकारबारे जागृत गराएर सङ्गठित बनाउन आठ मार्चको भूमिका विशेष महत्वपूर्ण रहेको छ । त्यसलाई उजागर गर्न पहिलोपटक काठमाडौं, मकवानपुर, मोरङ, झापा, पोखरालगायतका सहरहरूमा पनि विशेष रूपमा आठ मार्च मनाइयो । ०३७ फागुन २५ गते अनेमसङ्घ झापा जिल्ला कमिटीको नेतृत्वमा दमकमा आयोजना गरिएको आठ मार्च सभा नेपालमा अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको पहिलो खुला सभा थियो । त्यसले नेपालको महिला आन्दोलनमा महत्वपूर्ण भूमिका निर्वाह गरेको मानिन्छ । प्रदीप नेपालका अनुसार झापा जिल्लामा महिला राजनीतिक कार्यकर्ता उत्पादन र परिचालन गर्न त्यस खुला सभाले ठोस पहलकदमीको ढोका खोलेको थियो । त्यतिबेला अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस मनाउनु भनेको व्यवस्थाविरुद्धको आन्दोलन गर्नुजस्तै थियो । त्यसैले आठ मार्च प्रायः भूमिगत रूपमा नै मनाइन्थ्यो । आन्दोलनकै रूपमा प्रशासनिक दमनको प्रतिकार गर्दै मनाइएको खुला कार्यक्रममा धेरै महिला विद्यार्थीहरू घाइते भएका थिए। सुमित्रा कडरिया, पवित्रा निरौला, मेनका काफ्ले, द्रौपदा दाहाल, विष्णु खड्का, शारदा सापकोटालगायत धेरै विद्यार्थी महिलाहरू गिरफ्तार समेत हुनपुगेका थिए, जसले निर्मम यातनासमेत पाएका थिए । सोही आन्दोलनबाट निस्कएका महिला कार्यकर्ताहरू- मेनका काफ्ले, पवित्रा निरौला, विष्णु खड्का र द्रौपदा दाहाल मेचीका विभिन्न जिल्लामा अनेमसङ्घ र पार्टीको काम गर्ने पूर्णकालीन कार्यकर्ता बनेर खटिनुभयो । पूर्वदेखि पश्चिमसम्म स्थानीय, जिल्लास्तरीय, क्षेत्रीय र केन्द्रीय तहसम्म क्षमता र अवसरको आधारमा महिला कार्यकर्ताहरूले तोकिएको जिम्मेवारी बहन गर्दै अघि बढे ।

अम्बिका राजभण्डारी (ताप्लेजुङ), तिलकुमारी लिङ्देन (ताप्लेजुङ), झुमा देवान (इलाम), प्रेमकला सुब्बा (इलाम), यशोदा अधिकारी (तेह्रथुम/सङ्खुवासभा), गङ्गा डाँगी (मोरङ), विद्या पाण्डे (मोरङ), नैनकला ओझा (मोरङ), भागीरथा सिटौला (मोरङ), पद्मश्वरी राई (इलाम), जैमिला राई (इलाम), देवकला राई (इलाम), सरस्वती लिम्बू (इलाम), द्रौपदा भट्टराई (इलाम), मालती सुब्बा (मोरङ), जयन्ती राई (भोजपुर), वसन्ती न्यौपाने (भोजपुर), शकुन्तला बस्नेत (भोजपुर), निर्मला शिवाकोटी (झापा), कृष्णा राई (खोटाङ), देवीमाया ठकुरी (भोजपुर), मीना ताम्राकार (सुनसरी), चिनियादेवी श्रेष्ठ ( सुनसरी), सावित्रा श्रेष्ठ (सुनसरी), कुन्ता शर्मा (सुनसरी), इन्दु गौतम (सुनसरी), लीला सुब्बा (सुनसरी), निर्मला पोखरेल ( सिरहा), चुनु महत (सिरहा), रमिला राई (उदयपुर), गोमा देवकोटा (सिन्धुली), तुलसा दाहाल (धनुषा), नारायणी ढुङ्गाना ( सर्लाही), कल्याणी खड्का (रौतहट), लक्ष्मी ज्ञवाली (चितवन), सीता पौडेल (चितवन), गोमा तिमल्सिना (मकवानपुर), जुनेली श्रेष्ठ (मकवानपुर), विष्णु ओझा (मकवानपुर), कमला वदम (मकवानपुर), ममता गिरी (पर्सा), पवित्रा पौडेल ( पर्सा), राधा तिमिल्सिना, कमला अमात्य, देवी श्रेष्ठ, राधिका शाक्य, सन्ध्या श्रेष्ठ, शोभा ढुङ्गाना, विन्दवासिनी श्रेष्ठ र मञ्जु शर्मा (ललितपुर), चन्द्रा पुन (नवलपरासी), माया भण्डारी, सुमित्रा पाण्डे र रुक्मिणी कुँवर (कपिलवस्तु), मैया भट्टराई (रूपन्देही), कविता पौडेल र पवित्रा पौडेल (अर्घाखाँची), सरस्वती ज्ञवाली, मैना भण्डारी, दिलशोभा पुन, हरिकला ज्ञवाली ( गुल्मी) इन्दु ज्ञवाली (दाङ), मेनका पोखरेल (दाङ), सुजिता शाक्य, बिन्दा पाण्डे, लक्ष्मी अर्याल, प्रतिमा श्रेष्ठ, शान्ति श्रेष्ठ, कमला पराजुली, शिवमाया तुम्बाहाम्फे, कल्पना रिजाल र निरा खनाल (काठमाडौं), तुलसी थापा (बर्दिया), पद्मा अर्याल ( स्याङ्जा), गङ्गा कसजू र बलकुमारी आचार्य (पाल्पा), गौरा प्रसाईं र राधा महत (बाँके), बिना ज्ञवाली (बर्दिया), सुमित्रा बीसी र अनिता कोइराला (सुर्खेत), शारदा भट्ट (कैलाली), उर्मिला राई र शारदा निरौला (कैलाली), अम्बु भवानी कार्की, शिला कतिला (काभ्रे), स्नेहलता श्रेष्ठ (पाटन, ललितपुर), माधुरी दीक्षित (काठमाडौं), ओमकुमारी अधिकारी, हरिमाया खतिवडा (मोरङ), तुलसी थापा (बर्दिया), नीलम केसी (सीता खड्का), सविता भट्टराई, बालमञ्जरी शर्मा, राधा थपलिया,

गीता अधिकारी, इन्दु आचार्य, शोभा खनाल, इन्दिरा फुयाल, कमला श्रेष्ठ, पद्मा मानन्धर, बिणा श्रेष्ठ, पेम्बा लामा (काठमाडौं), विशेश्वरा दाहाल, जीवन घिमिरे (झापा), लगायत सयौं कार्यकर्ताले महिला आन्दोलनलाई अगाडि बढाउने क्रममा ०३६-०४६ को दशकमा आआफ्नो तहबाट निरङ्कुशताविरोधी आन्दोलनमा क्रियाशील रहे र आफूसक्दो भूमिका निर्वाह गरे। प्रस्तुत नामहरू महिला आन्दोलनका प्रतिनिधिमूलक नाम हुन्। जसको अभिलेख उपलब्ध रहेको छ। तर, कैयौं यस्ता नामहरू छन्, जसको नाम र भूमिकालाई उजागर गर्न सकिएको छैन। अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको आयोजनाले महिला आन्दोलनमा धेरै महिला कार्यकर्ता उत्पादन र विकास गरेको तथ्यलाई स्वीकार गर्नुपर्छ।

**छिन्ताङ हत्याकाण्ड**

०३६ सालमा धनकुटाको छिन्ताङमा तत्कालीन निरङ्कुश पञ्चायती व्यवस्थाविरुद्ध सङ्घर्षको क्रमा एउटा दुःखद् घटना भयो- छिन्ताङ हत्याकाण्ड। ०३७ जेठ १० गते जनमतसङ्ग्रह गर्ने घोषणा भएपछिको खुकुलो वातावरणलाई उपयोग गरी राजनीतिक गतिविधिहरू बढिरहेका थिए। त्यसैक्रममा ०३६ कात्तिकमा गाउँलाई चारै तर्फबाट घेरा हाली 'गुरिल्ला सखाप पार्ने' योजनाअनुरूप छिन्ताङमा बर्बर दमन अभियानकै रूपमा चलाइयो र छानीछानी १५ जना निहत्था जनताको हत्या गरियो। स्थानीय पञ्च, प्रहरी र प्रशासनको बर्बर दमनको सिलसिलामा मारिएका ती १५ जना योद्धामध्ये हाखिमा राई र रामकुमारी राई दुईजना महिलाहरू हुनुहुन्थ्यो। उक्त हत्याकाण्डको प्रतिरोध गर्दै दर्जनौं महिलाहरूले प्रहरीसँग मुठभेडसमेत गरेका थिए। त्यस ढङ्गले भिड्नेक्रममा धेरै महिलाहरू अमानुषिक यातनाबाट पीडित भए। कसैका छोरा मारिए, कसैका पति। प्रहरीले मृतकका आमा, पत्नी, दिदी-बहिनी र छिमेकी केही नभनी छिन्ताङका महिलामाथि बर्बर दमनचक्र मच्चायो। सुखमाया राई (सहिद रणध्वज राईकी पत्नी), गङ्गादेवी राई (सहिद झगेन्द्र राईकी आमा), भजन दमाई (सहिदपत्नी), तारादेवी राई, मीनाकुमारी राई, इन्द्रदेवी राई, शन्तकुमारी राई, पञ्चकुमारी राई, लाखश्वरी राईलगायत दर्जनौं महिलाहरू प्रहरी प्रशासनको दुर्व्यवहार र यातनाको सिकार हुन पुगेका थिए।

**पिस्कर हत्याकाण्ड**

०४० को माघेसङ्क्रान्तिका दिन सिन्धुपाल्चोकको पिस्करमा जनताले महादेवस्थानस्थित विद्यालयमा आफ्नो परम्परागत चाड मनाएर सांस्कृतिक कार्यक्रम गरिरहेका थिए। मध्यरातमा एक्कासी चारैतर्फबाट सयौंको सङ्ख्यामा आएका सशस्त्र प्रहरीले अन्धाधुन्ध पचासौं राउन्ड गोली प्रहार गरे। गोली लागेर इले थामी र वीरबहादुर थामीको घटनास्थलमै निधन भयो। सयौं निहत्था पिस्करबासीहरू घाइते भए। सशस्त्र प्रहरी र निहत्था जनतामाझ घण्टौंसम्म दोहोरो भीडन्त भयो। त्यसबेला बालिका, वृद्धा, गर्भवती र सुत्केरी केही नभनी पुरुषहरूसँगै महिलाहरू समेत प्रतिरोधमा ओर्लिए। उक्त गोलीकाण्डपश्चात्को चरम दमनको चपेटामा १५ दिनकी सुत्केरी कान्छी थामी र उनका छोरा, चन्द्रबहादुर भण्डारीका छोरा, लालमान थामी र मानबहादुर थामीकी वृद्ध आमाको मृत्यु भयो। पाकमाया थामी, बेत्रावती पौडेल र सुशीला बोहरा गोली प्रहारबाट घाइते हुनुभयो। बेत्रावती पौडेल, सावित्री बोहोरा, कर्णकुमारी बोहोरालगायतका दर्जनौं महिला-पुरुषलाई गिरफ्तार गरी लामो समयसम्म अमानवीय यातनाका साथ कारागारमा बन्दी बनाइएको थियो। तत्कालीन अवस्थामा सामन्तको थिचोमिचो, महिलामाथि भएको शोषण, दमन र अत्याचारले पिस्करबासी महिलालाई आन्दोलित गराएको थियो। मीरा थामी, पूर्णमाया थामी, पल्कमाया थामी, आइतमाया थामी, चुनमाया थामी, रीता श्रेष्ठ, उमा थामी, कर्णकुमारी बोहरालगायतका दर्जनौं महिलाहरूले राजनीतिक काममा जुट्दै सिन्धुपाल्चोकमा महिला आन्दोलनलाई समेत अगाडि बढाएको देखिन्छ।

**साहित्यिक-सांस्कृतिक आन्दोलन**

महिलालाई आन्दोलनमा आकर्षित गर्न र सङ्गठनमा आबद्ध हुन जनसाहित्य र सांस्कृतिक अभियानको पनि ठूलो भूमिका रहेको छ। मूलतः जनपक्षीय साहित्य र सङ्गीतले महिलाका दुःख दर्द, कथाव्यथालाई मार्मिक ढङ्गले अभिव्यक्ति दिँदै हकअधिकार प्राप्तिका लागि सङ्घर्षशील र जुझारु हुनसमेत प्रेरित गरेको थियो। मोदनाथ प्रश्रितका 'नारी बन्धन र मुक्ति', 'देवासुर सङ्ग्राम', 'झाँसीकी रानी लक्ष्मी बाई', अग्निशिखाका नाटकहरू 'इज्जत', 'ऊ फेरि आउनेहरू', 'सहिदकी आमा' र सञ्जय थापाको 'पार्टीकी आमा' तथा 'सङ्कल्प', 'झिसमिसे'जस्ता पत्रिका तथा म्याक्सिम गोर्कीको 'आमा', याङ्मोको 'युवाहरूको गीत'जस्ता अन्तर्राष्ट्रिय साहित्यिक कृतिले नारी चेतना जागृत गर्न र महिलाहरूलाई आन्दोलित हुन प्रेरित र सहयोग नै पुऱ्याएको पाइन्छ।

महिलाका दुःख, पीर र व्यथालाई अत्यन्त मार्मिक ढङ्गले प्रस्तुत गरिएका गीतसङ्गीतहरू 'आमा दिदी बहिनी हो ! कति बस्छौ दासी भई...', 'नउठी भएन नेपालका दिदीबहिनी हो ...', 'उठ-उठ नारी हो अब डर छैन', 'एउटा माइती दूर देश....'लगायतको अभियानले मेचीदेखि महाकालीसम्मका महिलाको संवेदनालाई छोएर आन्दोलित गरेको थियो। रामेश, मञ्जुल, जेबी टुहुरे, शम्भु राई, लोचन भट्टराई, प्रतिमा तुलाधर, सीमा पोखरेल, निलिमा राई, रोलिना अमात्य, वेदना थुलुङ, उषा सुब्बालगायत संलग्न सांस्कृतिक टोलीले जागरणको अभियान नै चलाएका थिए। झन्डै एक दशक (०३६-०४६) को त्यस अवधिमा आन्दोलनलाई सशक्त बनाउन र जनताको चेतना जागृत गराउन तत्कालीन परिवेशमा सांस्कृतिक अभियानको विशेष महत्व रहेको थियो।

**०४६ को जनआन्दोलन र महिला**

३० वर्ष लामो पञ्चायती निरङ्कुशताविरुद्ध ०४६ फागुन ७ देखि देशव्यापी रूपमा जनआन्दोलन चर्कियो। हामी महिलाका लागि ०४६ को जनआन्दोलनको ऐतिहासिक महत्व रहेको छ। उक्त आन्दोलनको नेतृत्व संयुक्त वाममोर्चाको अध्यक्षका हैसियतले कमरेड साहना प्रधानले गर्नुभएको थियो। अर्थात् उहाँ आन्दोलनको प्रमुख आह्वानकर्तामध्ये एक

हुनुहुन्थ्यो । आन्दोलनको प्रारम्भदेखि नै पञ्चायती सरकारले हिंसात्मक दमन गरेको थियो । तीव्र दमनका बाबजुद आन्दोलन झन्झन् चर्कंदै गयो । काठमाडौं, भक्तपुर, पाटन, चितवन, झापा, पोखरालगायत देशका विभिन्न ठाउँमा चरम दमन र हिंसात्मक मुठभेड पनि भए । आन्दोलनलाई गति दिने क्रममा महिलाहरूको सक्रियता र प्रत्यक्ष सहभागिता पनि त्यत्तिकै रह्यो । आन्दोलनको आन्तरिक तयारीदेखि अग्रमोर्चामा उभिएर मुठभेडको सामना गर्नसमेत महिलाहरू हिच्किचाएनन् । त्यस आन्दोलनका दौरान धनुषाको जदुकहामा सोनावती यादव, मुनेश्वरीदेवी यादव र जानकीदेवी यादवको गोली हानी हत्या भयो । काठमाडौंमा पम्फा खड्गी, ज्ञानशोभा बज्राचार्य र रेखा रिजालले सहादत प्राप्त गर्नुभयो । निरङ्कुश पञ्चायती व्यवस्थाको अन्त्य गर्ने त्यस निर्णायक जनआन्दोलनमा पनि आधा दर्जन महिलाहरूले सहादत प्राप्त गरे भने देशका विभिन्न भागमा दर्जनौं महिलाहरूले गिरफ्तारीमा परी चरम यातना र दुर्व्यवहारको समेत सामना गरे । जनआन्दोलनका क्रममा गिरफ्तार भई निर्मम यातना भोगेकी विद्यार्थी नेतृ लक्ष्मी कार्कीको चर्चा राष्ट्रिय-अन्तर्राष्ट्रिय रूपमै अग्रपङ्क्तिमा रह्यो भने नीरा खनालले काठमाडौंमा गिरफ्तार भई प्रहरी हिरासतमा चर्को यातना भोग्नुभयो ।

यसरी विभिन्न क्षेत्र, समुदाय, तह र तप्काका महिलाहरू आन्दोलनमा सहभागी हुँदै आए । कैयौंले आफैं प्रत्यक्ष आन्दोलनको मोर्चामा उभिएर र आन्दोलनको नेतृत्व गरेर अगाडि बढे भने कयौंले साङ्गठनिक व्यवस्थापन र नेतृत्वको काममा सहयोग गरे । कतिपयले आन्दोलनमा सहभागी परिवारजन (पति, छोराछोरी, बाबुआमा र आफन्त)लाई मानसिक-भौतिक रूपमा सहयोग गरी अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याए । परिणामस्वरूप ३० वर्ष लामो निरङ्कुश तानाशाही पञ्चायती व्यवस्थाको अन्त्य भयो र देशमा सीमित अधिकारसहितको संसदीय बहुदलीय व्यवस्थाको पुनःस्थापना गऱ्यो । तत्पश्चात् नेपाली जनताले राजनीतिक स्वतन्त्रता, प्रेस स्वतन्त्रता, वाक स्वतन्त्रतालगायतका प्रजातान्त्रिक हकअधिकारको उपयोग गर्ने अवसर पाए । त्यसपछि नयाँ परिवेशमा महिला आन्दोलन पनि फस्टाउँदै अगाडि बढ्ने नयाँ स्थितिको सिर्जना भयो ।

**सन्दर्भस्रोत**


१. *राजनीतिक महिला परिचय, अनौपचारिक क्षेत्र सेवा केन्द्र इन्सेक, २०६५*
२. *राजनीतिमा महिला सहभागिता, २०५२, अनौपचारिक क्षेत्र सेवा केन्द्र इन्सेक, २०५२*
३. *दोस्रो उत्पीडित महिला मञ्च, अनौपचारिक क्षेत्र सेवा केन्द्र इन्सेक, २०५१*
४. *मानवअधिकार वर्षपुस्तक, अनौपचारिक क्षेत्र सेवा केन्द्र इन्सेक, १९९५*
५. *'आजका युवा विद्यार्थी, भोलिका सक्षम जनशक्ति', बिन्दा पाण्डे*
६. *'मातृत्व', विष्णु प्रभात*
७. *नेपालमा महिला आन्दोलन, शिवामाया तुम्बाहाम्फे*
८. *प्रेरणादायी व्यक्तित्व, कमला पराजुली*
९. *झापाली आवाज, वर्ष ७, अङ्क १, फागुन ०६६*
१०. *अन्तर्वार्ता तथा कुराकानी : अष्टलक्ष्मी शाक्य, प्रदीप नेपाल, प्रदीप ज्ञवाली, माधव पौडेल, मीरा ध्वजू, गायत्री आचार्य र राधिका शाक्य ।*


# जनक्रान्तिसामु राजाले घुँडा टेकेको क्षण


## ❐ योगेश भट्टराई


२०४६ सालको ऐतिहासिक जनआन्दोलनबाट स्थापित बहुदलीय व्यवस्थाले प्रारम्भदेखि नै दुईवटा कोणबाट चुनौतीको सामना गर्नुपऱ्यो । पहिलो, परिवर्तनबाट असन्तुष्ट बनेको राजतन्त्रवादी शक्ति जसको सत्ता, शक्ति र हैसियत गुमेको थियो, त्यो शक्ति जुनसुकै बहानामा पनि आफूलाई पुनःस्थापित गर्न चाहन्थ्यो । दोस्रो, ०५२ देखि सुरु भएको माओवादी युद्ध जो मूलतः बहुदलीय व्यवस्था र संसदीय प्रणालीका विरुद्ध लक्षित थियो । बहुदलीय प्रतिस्पर्धामा सामेल भएका राजनीतिक पार्टीहरू मूलतः नेपाली काङ्ग्रेसले बोकेका गलत राजनीतिक, सामाजिक तथा आर्थिक एजेन्डाका कारण नेपाली जनतामा सिङ्गो व्यवस्थाप्रति नै चरम अविश्वास र असन्तुष्टि जन्माइदियो । नेकपा (एमाले) स्वयम्ले पनि जनताको बहुदलीय जनवादले निर्दिष्ट गरेको दिशाअनुरूप जनताको शक्तिमा आधारित भएर आफूलाई प्रगतिशील विकल्पका रूपमा प्रस्तुत गर्नेभन्दा पनि मूलतः ०५२ पछि सत्ताका लागि संसदीय अस्वस्थ खेलमा आफूलाई सामेल गरेका कारण क्रान्तिकारी जनसमुदायमा ठूलो निराशा उत्पन्न हुनपुग्यो । उल्लिखित परिस्थितिका कारण राजनीतिक दलहरू तथा व्यवस्थाले आफूले गरेका सकारात्मक कदमबाट जनतालाई आकर्षण गर्न सकेनन् । सत्तासङ्घर्षकै कारण प्रमुख दलहरू एकपछि अर्को गरी विभाजित बन्नपुगे । ०५९ मा गरिएको संसद्को विघटन र स्थानीय निकायको म्याद नथप्ने निर्णयका कारण प्रजातन्त्रका पक्षमा कुनै पनि जनप्रतिनिधिमूलक संस्था बाँकी रहेनन् । यस्तो अवस्थामा प्रजातन्त्रका पक्षधरहरू कमजोर हुनु र विरोधीहरू बलियो बन्दै जानु स्वाभाविकै थियो । दिन प्रतिदिन तीव्र रूपमा बढ्दै गएको माओवादी युद्ध र त्यसले निम्त्याएको हिंसा र प्रतिहिंसाका कारण मानिसहरूमा शान्तिको चाहना

अनपेक्षित रूपमा बढ्दै गयो । काङ्ग्रेस र एमालेजस्ता पार्टीले जनताको त्यस मागलाई नेतृत्व गर्नसक्ने प्रभावकारी कदम चाल्न सकेनन् । त्यस्तो अवस्थामा सहरिया माथिल्लो वर्ग र मध्यमवर्गको असन्तुष्टिलाई राजा ज्ञानेन्द्रले आफ्नो पक्षमा उपयोग गरे भने ग्रामीण क्षेत्रका मध्यम तथा गरिब जनताको असन्तुष्टि र विद्रोहलाई उपयोग गर्दै माओवादीले आफ्नो उग्रवादको उर्वरभूमिमा परिणत गऱ्यो । यही पृष्ठभूमिमा तत्कालीन राजा ज्ञानेन्द्रले 'असोज १८' र 'माघ १९' जस्ता प्रतिगामी र प्रतिक्रान्तिकारी कदम चाल्नपुगे । आफैं कमजोर बनेका मूलधारका पार्टीहरूले तत्काल प्रभावकारी प्रतिरोध गर्न सकेनन् । परिणाम उग्रवाद र प्रतिगमनविरुद्धको आन्दोलनका लागि एकैपटक चौतर्फी तयारी गर्नुपर्ने स्थिति उत्पन्न हुनपुग्यो ।

**आन्दोलको नारा र नेतृत्व**

मूल नारा भनेको आन्दोलनमा फहराइरहेको झण्डा हो, जसलाई देखेर लाखौं मानिसहरूले आफूलाई त्यसवरिपरि नै समाहित गर्दछन् । त्यसैले, आन्दोलनको सफलता र असफलताको मुख्य कडी नारा ठीक वा बेठीक हुनु हो । ०५९ असोज १८ को राजाको प्रतिगामी कदमका बारेमा सुरुमा हामीले ठीक ढङ्गले विश्लेषण गर्न सकेनौं । प्रजातन्त्रका सम्पूर्ण अवयवहरूलाई समाप्त पार्ने र आफ्नो एकदलीय हुकुमी शासन लाद्ने उद्देश्यका साथ अघि बढेका तत्कालीन राजा ज्ञानेन्द्रसँग फेरि पनि सुलह-सम्झौताको बाटो रोजियो । त्यसैको उत्कर्ष थियो- आधा सच्चियो भन्दै प्रतिगामी सरकारमा सामेल हुने निर्णय । आन्दोलनमा नारा सही हुनुपर्छ र त्यसलाई नेतृत्व गर्ने पार्टी पनि त्यत्तिकै सही हुनुपर्छ । 'असोज १८' पछि पनि राजासँग संवाद, सहमति र सहकार्यको नीति लिएर सर्वदलीय सरकारको नारा दिनु हाम्रो ठूलो कमजोरी थियो । त्यो नारा तत्कालीन अवस्थामा सुधारवादको उद्देश्यसम्म पनि पुग्ने थिएन बरु त्यसले यथास्थितिकै सार बोकेको थियो । एमालेजस्तो क्रान्तिकारी पार्टीले सर्वदलीय सरकारको नारा अघि साऱ्यो, जुन नाराका पक्षमा जनताले आफ्नो समर्थन व्यक्त गरेनन् । तत्कालीन अवस्थामा विघटित संसद्को पुनःस्थापनाको नारा सही र क्रान्तिकारी थियो तर त्यो नारा अघि सार्ने पार्टी नेपाली काङ्ग्रेस यथास्थितिवादी चरित्रको थियो । यसरी आन्दोलनको मुख्य नारा चयन गर्ने सवालमा देखिएको अलमलले लामो समयसम्म राजाको प्रतिगमनलाई ठाउँ दिने काम गऱ्यो भने त्यही कारणले तल्लो वर्ग र उत्पीडित समुदायलाई माओवादीले आफ्नो उग्रवादी मनसाय पूरा गर्ने काममा उपयोग गरी नै रह्यो ।

०६१ माघ १९ गते बिहानै जब तत्कालीन राजा ज्ञानेन्द्रले असोज १८ भन्दा पनि माथिल्लो प्रतिगामी कदम चाले र आफैं प्रतिक्रान्तिको अभियानमा अघि बढे तब मात्र राजनीतिक दल, माओवादी र त्यसका नेताहरूको चेत खुल्यो । माघ १९ लगत्तै हाम्रो पार्टी नेकपा (एमाले) केन्द्रीय कमिटीको बैठकले राजासँग संवाद र सहमतिको नीतिलाई परिवर्तन गरी सङ्घर्ष र निषेधको नीति लियो । सोही बैठकले निरङ्कुशतन्त्रको अन्त्य र पूर्ण प्रजातन्त्र स्थापनाको नारा अघि साऱ्यो र त्यस आधारमा संयुक्त सङ्घर्षको कार्यदिशा तय गऱ्यो । त्यही निर्णयबाट लामो समयदेखि अलमलमा रहेको नेकपा (एमाले) नीतिगतरूपमा सही ठाउँमा उभिन पुग्यो । त्यसबाट आन्दोलनलाई नयाँ वैचारिक उर्जा प्राप्त भयो । पार्टीको त्यही निर्णयका आधारमा संयुक्त आन्दोलनको परिस्थिति निर्माण गर्न नेपाली काङ्ग्रेसलगायतका दलहरूसँग छलफलको प्रक्रिया अघि बढायो । त्यसैको फलस्वरूप ०६२ वैशाख २५ गते बानेश्वरमा आयोजित संयुक्त आमसभामा हाम्रो पार्टीका वक्ताका रूपमा कमरेड झलनाथ खनालले अबको आन्दोलनको कार्यदिशा शान्ति र अग्रगमन हो, त्यसका लागि आन्दोलनरत सात दल एकताबद्ध भएर नेकपा (माओवादी)लाई समेत शान्तिपूर्ण आन्दोलनमा सामेल गर्नुपर्छ, त्यसका लागि पुनःस्थापित प्रतिनिधिसभा (संसद्) लाई प्रवेशद्वार र संविधानसभालाई निकासद्वार बनाउनुपर्छ भन्ने घोषणा गर्नुभयो । त्यसबाट प्रतिनिधिसभाको पुनःस्थापना र संविधानसभा एक अर्काका पूरक र आन्दोलनका साझा माग बन्नपुगे । त्यसै सिलसिलामा नै पार्टी केन्द्रीय कमिटीको नवौं बैठकले नयाँ कार्यनीतिक कार्यदिशा पारित गर्दै आन्दोलनलाई लोकतान्त्रिक गणतन्त्रको दिशामा अघि बढाउने निर्णय गऱ्यो । त्यसअघि नै अनेरास्ववियु तथा भूतपूर्व विद्यार्थी काउन्सिलले गणतन्त्रका पक्षमा जनमत निर्माण गर्ने काम गरे । त्यसैको जगमा ०६२ कात्तिकमा रोल्पामा नेकपा (एमाले) र नेकपा (माओवादी)का बीच ऐतिहासिक समझदारीपत्रमा हस्ताक्षर भयो । त्यसैको विकसित रूप ०६२ मंसिर ७ गते सात दल र नेकपा (माओवादी)का बीच १२ बुँदे समझदारी भयो । यसरी आन्दोलनको मूल नारा लोकतान्त्रिक गणतन्त्रको स्थापना बन्नपुग्यो र शान्तिपूर्ण ढङ्गले त्यसको कार्यान्वयनको प्रक्रिया अघि बढाउन सम्भव भयो ।

**१२ बुँदे समझदारी : ऐतिहासिक प्रक्रियाको कोसेढुङ्गा**

'असोज १८' र 'माघ १९' का प्रतिगामी कदमपछि नेपालको शक्तिसङ्घर्ष त्रिपक्षीय भिडन्तमा रूपान्तरित भएको थियो । राजा, राजनीतिक दल र नेकपा (माओवादी)का बीच रहेको त्यस त्रिपक्षीय सङ्घर्षलाई द्विपक्षीय बनाउनु नै सङ्घर्षमा विजय प्राप्त गर्ने पहिलो सर्त थियो । माओवादी हिंसाले राजाको प्रतिगमनलाई राजनीतिक वैधता प्रदान गरेको थियो भने राजाको प्रतिगमनले शान्तिपूर्ण आन्दोलनको औचित्यलाई कमजोर बनाउने र माओवादी उग्रवादलाई बलियो बनाउन सहयोग गरिरहेको थियो । त्यस्तो बेलामा राजतन्त्र र त्यसको नेतृत्वमा सञ्चालित प्रतिक्रान्तिलाई आन्दोलनको मुख्य शत्रु बनाउनु र त्यसका विरुद्ध गरेका सबै शक्ति र व्यक्तिहरूलाई शान्तिपूर्ण आन्दोलनमा गोलबन्द गर्नु अनिवार्य थियो । वास्तवमा हाम्रो पार्टीले माओवादीसँग रोल्पा बैठक गरेर त्यही जोखिमलाई आत्मसात् गऱ्यो र परिस्थितिलाई १२ बुँदे सम्झौताको तहमा पुऱ्यायो । १२ बुँदे सम्झौता राजनीतिक दलहरू र नेकपा (माओवादी)को रूपान्तरणको प्रस्थानबिन्दु बन्नपुग्यो । त्यसले एकातिर दलहरूलाई संविधानसभा स्वीकार गर्ने तहमा उठाउने कार्य गऱ्यो भने माओवादीलाई हिंसात्मक सङ्घर्ष छाडेर शान्तिपूर्ण सङ्घर्षमा आउन बाध्य बनायो । अर्कातिर सात दल र माओवादी एकातिर र राजतन्त्र अर्कोतिर बनेर सङ्घर्षलाई त्रिपक्षीयबाट द्वीपक्षीय रूपमा रूपान्तरणसमेत गऱ्यो । त्यसैको जगमा शान्तिपूर्ण सङ्घर्ष गणतन्त्र स्थापनासम्मको यात्रा पूरा गर्न सफल भयो ।

**देशव्यापी जनप्रदर्शन**

राजतन्त्रविरोधी आन्दोलनमा सबै राजनीतिक दल, विभिन्न सङ्घ/संस्था र नागरिक समाजलगायत नेपाली समाजका विभिन्न वर्ग र पेसाका जनताको सहभागिता थियो । त्यसकारण आन्दोलन शान्तिपूर्ण रूपमा भएको थियो । सङ्घर्षका कार्यक्रम

संयुक्त रूपमा तय गरिन्थ्यो र तिनको कार्यान्वयन पनि संयुक्त रूपमा हुन्थ्यो । त्यसका अलावा संयुक्त आन्दोलनलाई सहयोग पुग्नेगरी पार्टीहरूले अलगअलग रूपमा पनि सङ्घर्षका कार्यक्रमहरू तय गर्दै अघि बढेका थिए । त्यसै सिलसिलामा नेकपा (एमाले)ले देशका प्रमुख सहरहरूमा जनप्रदर्शन गर्ने र संयुक्त जनआन्दोलनलाई थप उचाइमा पुऱ्याउने निर्णय गऱ्यो । बुटवलबाट ०६२ मंसिर ४ गते सुरु भएको जनप्रदर्शन झापा, विराटनगर, राजविराज, जनकपुर, वीरगञ्ज, पोखरा, बाग्लुङ, नेपालगञ्ज, दाङ, धनगढी, महेन्द्रनगर हुँदै राजधानी काठमाडौंसम्म आई विशाल जनसागरमा परिणत हुनपुगेको थियो । काठमाडौंको जनसभाकै दिन पहिलोपटक नेपालको राजपरिवारका उत्तराधिकारी (पारस शाह) जनताको आक्रमणको निसाना बने । पार्टीले अगुवाइ गरेको राष्ट्रव्यापी जनप्रदर्शन संयुक्त आन्दोलनमा नेकपा (एमाले)को नीतिगत उपस्थिति मात्र होइन, जनपरिचालनमा पनि मुख्य र निर्णायक हैसियत रहेको तथ्य स्पष्ट पाऱ्यो । जनस्तरमा पार्टीका बारेमा उठेका प्रश्न तथा भ्रमहरूलाई चिर्ने र आन्दोलनमा आउन जनतालाई विश्वासिलो वातावरण बनाउने काममा समेत ती प्रदर्शनले उल्लेख्य भूमिका खेलेको वास्तविकतालाई आत्मसात गर्नैपर्छ ।

**मेची-काली-मुस्ताङ-मर्चवार सबैतिर आन्दोलन**

१२ बुँदे सम्झौतापश्चात् माओवादीसमेत शान्तिपूर्ण आन्दोलनमा सामेल हुने र हिंसात्मक कारबाहीहरू बन्द गर्ने सहमति भएको थियो । सात दल र माओवादीबीच भएको उक्त सम्झौताले प्रतिक्रियावादी वर्ग र त्यसको सत्ता सबैभन्दा बढी आतङ्कित बन्नपुग्नु स्वाभाविकै थियो । 'दलको आन्दोलन माओवादीको कब्जामा', 'आन्दोलनमा माओवादी घुसपैठ', 'सरकारद्वारा सशक्त र सशस्त्र प्रतिकार गरिने' लगायतका प्रचारबाजी शाही सत्ताबाट भइरहेको थियो । तर, १२ बुँदे सम्झौताले एकातिर आमजनतालाई आन्दोलनका पक्षमा आउन हौसला प्रदान गरेको थियो भने अर्कातिर सरकारी प्रचारबाजी तथा माओवादीप्रतिको आशङ्काले सहरिया मध्यम वर्ग डराई पनि रहेको थियो । सशस्त्र सङ्घर्ष ग्रामीण इलाका अर्थात् सत्ताको कमजोर उपस्थिति रहेको इलाकाबाट सुरु हुँदै सहर र राजधानीतिर अघि बढ्छ भने शान्तिपूर्ण सङ्घर्ष राजधानी, सचेत मानिसहरू बस्ने सहरबजार र केन्द्रबाट सुरु हुँदै देशका ग्रामीण इलाकासम्म विस्तार हुन्छ र सफल हुन्छ । हाम्रो देशमा ००७ साल, ०३६ साल र ०४६ सालका जनआन्दोलनमा यस्तै प्रकृतिका थिए । ०६२/०६३ मा पनि त्यही कुरा लागू भयो । त्यसको मतलब शान्तिपूर्ण आन्दोलनलाई कुनै एक स्थानमा केन्द्रित गर्नेभन्दा पनि देशभरि एकैसाथ अघि बढाएर सत्तालाई हावाकावा खेलाउने रणनीति अनिवार्य थियो । तर, काङ्ग्रेस र माओवादी ०६२ चैतको चौथो हप्ता (चैत २४-२६)बाट सुरु भएको आन्दोलनलाई राजधानीमा केन्द्रित गर्न चाहन्थे भने नेकपा (एमाले) त्यसलाई राष्ट्रिय स्वरूप दिन चाहन्थ्यो । किनभने त्यस आन्दोलनमा काङ्ग्रेसको पुरानै ढर्रा थियो- सबैतिरबाट राजधानीमा मानिस जम्मा गर्ने सत्याग्रह गर्ने, आम गिरफ्तारी दिने, जेल भर्ने । त्यसले आन्दोलनलाई दीर्घजीवी बनाउन सक्दैनथ्यो । माओवादी चाहन्थ्यो- काठमाडौंबाहिरका अगुवा/परिचित एमाले र काङ्ग्रेसलाई काठमाडौंमा पठाइदिने अनि देशभरिको भूभागमा आन्दोलनको एकछत्र नेता आफू बन्ने । राजधानीको शान्तिपूर्ण आन्दोलनमा दमन भएपछि एकैसाथ देशभरि सशस्त्र कारबाहीहरू गर्ने र आफ्नो एकल नेतृत्व स्थापित गर्ने । त्यसैका लागि उसले 'ढाडमा टेकेर टाउकोमा हान्ने' भन्ने नीति अघि सारेको थियो । त्यसको मतलब दलहरूलाई उपयोग गरेर राजाका विरुद्ध निर्णायक लडाइँ गर्ने वा गण्डकी र नारायणीमा टेक्ने र राजधानीलाई हान्ने व्याख्या अलग-अलग थियो । काङ्ग्रेसले आफ्ना मानिसहरूलाई राजधानी बोलाउन थालेको थियो तर हामीले बोलाएनौं र आइरहेकालाई पनि आआफ्नो क्षेत्रमा फर्कन निर्देशित गऱ्यौं । यसरी हाम्रै पार्टीको नीति र अडानअनुरूप ०६२ चैत २४ बाट सुरु भएको राष्ट्रव्यापी आमहड्तालले क्रमशः देशभरि आफ्नो प्रभाव विस्तार गऱ्यो । काठमाडौंको सङ्घर्षले बाहिरलाई तातायो भने बाहिरको सङ्घर्षले काठमाडौं अझ बढी तातियो । मेची-काली, मुस्ताङ-मर्चवार सबैतिर एकैपटक र विशाल जनप्रदर्शनको ज्वार उठ्यो । हरेक दिन प्रतिक्रियावादी सत्ताको प्रभुत्व खुम्चिँदै गयो । तत्कालीन राजा ज्ञानेन्द्रको सत्ता 'अक्टोबर क्रान्ति' ताकाको 'केरेन्स्की' र आन्दोलनकारीहरू 'सोभियत'का रूपमा देखापरे । अन्ततः '१० दिनमे दुनियाँ हिल उठी' भनेझैं '१९ दिनको शान्तिपूर्ण जनक्रान्ति'ले दुई सय ४० वर्षदेखि चल्दै आएको शाहवंशीय राजतन्त्रका अन्तिम राजा ज्ञानेन्द्रलाई नारायणहिटीबाट नागार्जुन जङ्गलमा पुऱ्याउन र नेपालमा लोकतान्त्रिक गणतन्त्रको नयाँ युग सूत्रपात गर्ने नयाँ प्रक्रिया अघि बढायो ।

**चक्रपथ आधार: भित्र निशाना**

जब आन्दोलनको ज्वार उठ्दै जाँदा सरकारले केन्द्रीय सचिवालय (सिंहदरबार), राजदरबार, मन्त्रीनिवास, सैनिक र प्रहरी हेडक्वार्टरलाई सुरक्षित गर्ने मनसायले राजधानीको चक्रपथभित्र निषेधाज्ञा जारी गऱ्यो । त्यसपछि त हामीले पनि आफ्नो रणनीति बदल्नुपर्ने भयो । नेकपा (एमाले)ले उपत्यकामा आन्दोलन सञ्चालन गर्न निर्माण गरेको 'न्युकिल्यस'को बैठक भयो । त्यहाँ लामो छलफलपछि एउटा निष्कर्ष निकालियो- अब आन्दोलनको मुख्य केन्द्र चक्रपथलाई नै बनाउने । चक्रपथभित्र अवज्ञा गर्ने, चक्रपथमा प्रतिरोध र प्रदर्शन गर्ने । त्यसको कार्यान्वयनका लागि उपत्यकालाई १७ वटा कमान्डमा विभाजित गरियो । प्रत्येक कमान्डमा नेतृत्वको उचित विन्यास गरियो । कलङ्की, बालाजु, गोङ्गबु, महाराजगञ्ज, चाबहिल, कोटेश्वर, सातदोबाटो, कीर्तिपुर, असन/क्षेत्रपाटी, लगन/न्युरोड, मैतीदेवी, भक्तपुर, मङ्गलबजार आदिलाई त्यसका स्थानीय केन्द्रका रूपमा स्थापित गरियो । अनि त्यही कुरामा नेपाली काङ्ग्रेस र अन्य दललाई पनि सहमत गराइयो । केन्द्र-उपत्यका र स्थानीय कमान्डका बीचमा दोहोरो सम्पर्क स्थापित गरियो । हरेक दिन उपत्यकाका ग्रामीण इलाकाबाट जुलुससहित चक्रपथ नाकामा आउने र त्यहाँ प्रदर्शन गर्ने । चक्रपथभित्र छापामार शैलीमा प्रदर्शन गर्ने, 'ब्ल्याक आउट' गर्ने, घरघरका छतबाट थाल बजाउने, सिट्ठी फुक्नेलगायतका कार्यक्रमहरू प्रभावकारी रूपमा अघि बढाउन थालियो । प्रत्येक दिन आन्दोलनमा जनसहभागिता बढ्दै गयो । गोङ्गबु कमान्डमा जनताले प्रतिरोध नै गरे, त्यसको सनसनीपूर्ण समाचार राष्ट्रिय-अन्तर्राष्ट्रिय रूपमा फैलियो । आन्दोलनकारी झन् आक्रोसित र प्रतिरोधी बन्दै गए । क्रमशः चाबहिल, सातदोबाटो, कीर्तिपुर, कलङ्कीलगायतका स्थानमा समेत प्रतिरोध हुनथाल्यो । हाम्रो निशाना रत्नपार्क नै थियो तर त्यहाँसम्म पुग्न सजिलो थिएन । कोसिस गर्दै जाँदा गोङ्गबु-बालाजुको जुलुस भोटाहिटीसम्म आयो र त्यहाँ दमन भयो । भक्तपुर र ललितपुरका ग्रामीण भेगबाट आएका जुलुस माइतीघर हुँदै त्रिपुरेश्वरसम्म

पुगे । बानेश्वर क्षेत्र जुलुसै-जुलुसमय भयो । दमन र प्रतिरोधको प्रक्रिया जारी रह्यो । तर, आन्दोलनकारी हामी केही हदसम्म सफल भयौं । फेरि हामी त्यसैक्रममा बस्यौं र निर्णायक तहमा मानिसहरूलाई चक्रपथमा उतार्ने, अनि जनताको विशाल शक्तिको बलमा चक्रपथभित्र प्रवेश गर्ने नीति अख्तियार गरियो । बैशाख ८ गते करिब १५ लाख मानिसहरूले चक्रपथलाई पूरै घेराबन्दी गरे । अनि, शाही सत्ताले एकहदसम्म आत्मसमर्पण गऱ्यो । साँझ पर्दा नपर्दै तत्कालीन राजा ज्ञानेन्द्रले झेली शाही वक्तव्य सार्वजनिक गरे तर आन्दोलन थामिएन । वास्तवमा चक्रपथमा टेक्ने र नारायणहिटीतर्फ अघि बढ्ने हाम्रो राणनीति थियो, त्यो धेरै हदसम्म सफलताउन्मुख रह्यो ।

**अनि, वैशाख ११ आउनै पऱ्यो**

०६२ वैशाख ८ को तत्कालीन राजा ज्ञानेन्द्रको वक्तव्य आन्दोलनलाई निस्तेज गर्ने रणनीतिअन्तर्गत आएको थियो । त्यसले हामी सबै सशंकित भयौं- यो वक्तव्यप्रति जनता, पार्टी र नेताको प्रतिक्रिया कस्तो आउने हो ? तर, वक्तव्यको पाठ नसकिँदै मध्यरातसम्म राजधानीमा जनताले नारा र जुलुस लगाइरहे । राजाको त्यस घोषणालाई अस्वीकार गर्ने र नेताहरूलाई खबरदारी गर्ने पहल जनसमुदायबाट स्वतःस्फूर्त रूपमा भयो, देशभित्रका कुटनीतिक नियोगका प्रतिनिधिहरू नेताहरूका घरघरमा धाएर 'राजाले दिएको मौकालाई सदुपयोग गर्न उनीहरूले सल्लाह र दबाब' पनि दिए । साथै दलहरूका कार्यालयमा वैशाख ९ गते बिहानैदेखि कार्यकर्ताहरूको भीड लाग्यो । उनीहरूले नेताहरूलाई खबरदारी गरे र षड्यन्त्रमा नफस्न तथा आन्दोलनलाई जारी राख्न दबाब दिए । तर त्यो दबाब काम लागेनठ । नागरिक समाज, बौद्धिक समुदाय सबै आन्दोलनलाई जारी राख्नुपर्छ भन्ने पक्षमा थिए । त्यसैबीच दलहरूको संयुक्त बैठक बस्यो र आन्दोलन जारी रहने घोषणा गऱ्यो । त्यसले एकातिर प्रतिक्रियावादी शाही शक्तिलाई निर्णायक धक्का दियो भने अर्कातिर आन्दोलनकारीको मनोबल उठाएर सगरमाथाको चुचुरोमै पुऱ्याइदियो । अन्ततः पार्टीहरूले पठाएको वक्तव्य नै पढेर वैशाख ११ गते राती ११ बजे तत्कालीन राजा ज्ञानेन्द्रले घुँडा टेके । र, शान्तिपूर्ण राजनीतिक जनक्रान्ति सफल भयो । वास्तवमा जनताको बहुदलीय जनवादको कार्यदिशाले सार्थकता प्राप्त गऱ्यो ।

**जनक्रान्तिका उपलब्धिहरूलाई संस्थागत गरौं** !

हिंसात्मक बलको आधारमा स्थापित भएका राजतन्त्रहरू अर्को हिंसात्मक बलबाटै समाप्त भएको दुनियाँको राजतन्त्रको इतिहासलाई बदल्दै नेपालमा शान्तिपूर्ण रूपमै जनताका प्रतिनिधिको निर्णयले राजतन्त्रलाई बिदाइ गरियो । त्यसैले हाम्रो क्रान्तिलाई 'लालिगुराँस क्रान्ति' पनि भनियो । विश्वभरका विद्यार्थीका लागि नेपाली जनताले सङ्घर्ष र कीर्तिमानका अनुपम पाठ दिए । हाम्रो क्रान्तिले बेलायतको म्याग्नाकार्टा वा फ्रान्सको टेनिस-कोर्टलाई पछि पारिदियो । हिमाली देशका जनताले हिमालभन्दा पनि अग्लो इतिहास रचे । त्यसपछि ....! भनिन्छ, क्रान्ति गर्नुभन्दा त्यसका उपलब्धिलाई जोगाउन गाह्रो छ । आज हामीलाई त्यस्तै महसुस भइरहेको छ । साइबेरिया पुगेका प्रतिक्रान्तिकारीहरू श्वेतरक्षक बन्दै फेरि सल्बलाउन थालेका छन् । कालीबाबाको भेषमा धर्मभिरुहरू साम्प्रदायिक दङ्गा मच्चाउन षड्यन्त्रकारीहरूलाई उक्साइरहेका छन् । पार्टीभित्रका राजावादीहरू 'कृष्णप्रसाद'को भेषमा प्रकट हुँदैछन् । हाम्रो भूराजनीतिक अवस्थिति अत्यन्तै जोखिमपूर्ण अवस्थामा छ । किनभने हाम्रा छिमेकीहरूको नियत-दुर्नियत हामीलाई थाहा नभएको विषय छैन । आजको भूमण्डलीय साम्राज्यवाद के चाहन्छ भन्ने कुराको हामीलाई राम्रैसँग हेक्का छ । अस्थिरतामा अस्तित्व देख्ने उग्रवादले आफूलाई पूर्णरूपले रूपान्तरण गरिसकेको छैन । क्रान्तिका नायक पार्टीहरू स्वयम् चरम आन्तरिक सङ्कटबाट गुज्रिरहेका छन् । जनताका मागहरू असीमित छन् । 'बोस'हरू छन् तर नेता र राजनेताको सर्वथा अभाव छ । तर, हामीसँग नेपाली जनताको अपूर्व साहस, एकता र सङ्घर्षको इतिहास छ । जनताको त्यही शक्तिमाथि भरोसा गर्दै सडकमा उठेको क्रान्तिकारी आवाजलाई नयाँ संविधानका अक्षरहरूमा समेट्ने र नेपाल राष्ट्रलाई सबल, समृद्ध, एकताबद्ध, आधुनिक र विकसित राष्ट्रमा रूपान्तरण गर्ने ऐतिहासिक कार्यभार यतिखेर मुलुकको राष्ट्रिय कार्यभार बनेको छ । लालीगुराँस क्रान्तिका सामु तत्कालीन राजाले घुँडा टेकेको इतिहासको गौरवगाथाबाट प्रेरित हुँदै जनताको अजेय शक्तिलाई भरोसा गरेर जनउत्तरदायी एवम् दूरदर्शी कदम चाल्नु र क्रान्तिका उपलब्धिहरूलाई संस्थागत गर्ने प्रक्रियामै यतिबेला हामी सबैको अग्निपरीक्षा भइरहेको छ ।

❒